श्रीकृष्णप्रणामी धर्म

नेपाली परिवेश



लेखक

टहलदास शिवाकोटी "यात्री"

८
९४श्री

श्रीकृष्णप्रणामी धर्म नेपाली परिवेश

लेखक

टहलदास शिवाकोटी "यात्री"

प्रकाशक

स्वामी श्रीसदानन्दजी महाराज
श्रीकृष्णप्रणामी मन्दिर, वृन्दावन
✆ ४४३२७८

२९४.५
श्रि ६९४श्री

सम्पादनः-

श्रीप्रेमदास उप्रेती "पीडित"

हिक्मती रमण रेग्मी कल्याणी रेग्मी स्मारक पुस्तकालय
काठमाण्डौ, नेपाल
A ६८ M
२६१४८

प्रथम संस्करण २००० प्रति
श्रीकृष्णाष्टमी २०५५

सहयोग स्वरूप

सर्वाधिकार लेखकमा सुरक्षित

कम्प्युटर लेआउट :- लक्ष्मी अफसेट प्रेस
दमक-१३ झापा

कृष्णप्रणामी न पुनर्भवाय — श्रीमन्निजानन्दाय नमः — सत्यं परं धीमहि

Reg.No.A-191

श्रीमन्निजानन्द सम्प्रदाय आद्य धर्मपीठाधीश्वर श्रीकृष्ण प्रणामी धर्मचार्य
अनन्त श्रीविभूषित जगद्गुरु आचार्य श्रीकृष्णमणिजी महाराज गुरु श्रीधर्मदासजी महाराज

दूरभाष(०२८८)७२८२१
फैक्स(०२८८) ५५१३५३

श्री ५ नवतनपुरीधाम - खीजडा मन्दिर ट्रष्ट

Shree 5 Navatanpuri Dham-Khijada Mandir Trust

खीजडा मन्दिर रोड, जामनगर -३६१००१ सुख शीतल करुं संसार Khijada Mandir Road
Jamnagar -361001(India)

दिनाङ्-१-८-०७

शुभकामना

धेरै वर्षपूर्व नेपाल अधिराज्यमा श्रीकृष्णप्रणामी धर्मको प्रचार-प्रसार हुँदै आएकाले त्यहाँ सुन्दरसाथहरूका संख्यामा अभिवृद्धि हुनुका साथै एकतर्फ विभिन्न स्थानमा मन्दिर, आश्रम आदि संस्थाहरूको निर्माण हुँदै गयो भने अर्कातिर साहित्यको पनि रचना हुँदै गयो । यसरी सन्त-महात्मा तथा ब्रह्मात्माहरूका कृति (मन्दिर-आश्रम तथा साहित्य) निकै हुँदा हुँदै पनि तिनीहरूको विवरण संग्रहित नभएको हुँदा यस कार्यको अभाव प्रतीत भइरहेको थियो, जसको पूर्तिका लागि हाम्रै समाजका उत्साही नवयुवक श्रीटहलदास शिवाकोटी"यात्री"ले धेरै परिश्रम गरेर, विभिन्न स्थानमा स्वयं पुगी संत-महापुरुषका यी सवै कृतिहरू तथा उनीहरूको व्यक्तिगत परिचय पनि यथाशक्य रूपमा एकत्र गरी पुस्तकको रूप दिनुभएको रहेछ । यसलाई हेरेर धेरै खुशी लाग्यो । उहाँको परिश्रम एकदमै सार्थक छ ।

ठूलो परिश्रमद्वारा गरिएको संग्रह समाजका लागि उपयोगी होस् भन्ने शुभकामना गर्दै श्रीशिवाकोटीज्यूलाई यस्ता कार्यमा सधैं अगाडि बढ्ने शक्ति पूर्णव्रह्म परमात्मावाट प्राप्त भइरहोस् तथा श्री५नवतनपुरी धामको शुभाशीर्वाद पनि उहाँलाई सदैव प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

शुभाकांक्षी

आचार्य श्री १०८ कृष्णमणिजी महाराज

श्री ५ नवतनपुरीधाम, जामनगर

शुभ-कामना

नेपाल एक हिन्दू राष्ट्र है । वहाँ सनातन धर्मके अन्तर्गत श्रीकृष्णप्रणमी धर्मका प्रचार-प्रसार लगभग २५०वर्षसे होरहा है । सुन्दरसाथकी जागनी,साहित्यका प्रकाशन तथा मन्दिर ,आश्रम ,सत्सङ्ग भवन आदिका निर्माण भी दिन प्रतिदिन हो ही रहा है । लेकिन इन सबकी जानकारी सभी सुन्दरसाथको प्राप्त हो , ऐसी पुस्तक अभीतक नहीं छपी थी , सो इस कमीकी पूर्ति प्रणामी समाजके कर्मठ एवं उत्साही युवा लेखक श्रीटहलदास शिवाकोटी "यात्री" ने बहुत ही परिश्रम करके पुराने सन्त- महात्मा व सुन्दरसाथसे मिलकर विभिन्न स्थानोंसे सही जानकारी एकत्रित करके "सन्त, साहित्य और स्थान (मन्दिर-आश्रम)" यह त्रिवेणी सङ्गम रूपमें एक ग्रन्थका रूप दिया । उत्साही लेखककी इस महान् कृति (ग्रन्थ) को पढकर मैं अति प्रसन्नताका अनुभव कर रहा हूँ ।

श्रीराजजीसे प्रार्थना है कि इस उत्साही नवयुवकको दीर्घायु प्रदान करें तथा भविष्यमें भी ऐसे लेखन-कार्यमें आगे बढ्नेकी शक्ति दें । यही शुभ-कामना है ।

शुभचिन्तक
सदानन्द महाराज

श्रीकृष्णप्रणामी मन्दिर
वृन्दावन
फोन नं. ४४३२७८

दुइ शब्द

नेपाल विश्वको एक मात्र हिन्दूराष्ट्र हो । नेपालमा अनेक महापुरूषहरूले अवतरित भएर यस देशलाई आफ्नो लीलाभूमि बनाएका छन् । संसारको सृष्टीमा मिर्मिरे उज्यालो यसै देशबाट फैलिएको हो । यसमा सन्देह गर्ने आवश्यकता छैन । यस देशबाट कैयौं महापुरुष विदेशमा गएर चम्किएका छन् भने कैयौं आफ्नै देशमा चम्केका छन् । यी महापुरुषमध्ये आध्यात्मिक, धार्मिक, सामाजिक, साहित्यिक विधामा आ-आफ्ना क्षेत्रमा चम्केका छन् । सबै क्षेत्रमा सबै महापुरुषहरूले उत्तिकै देन दिएका छन् । यसमा 'ननुनच' र 'तलमाथि' भन्ने वा सोच्ने आवश्यकता छैन । परन्तु यहाँ विशेष गरेर साहित्यिक क्षेत्रका केही विधामा उत्साही युवक श्रीटहलदास शिवाकोटी 'यात्री'ले *श्रीकृष्णप्रणामी धर्म नेपाली परिवेशमा* भन्ने अनुसन्धानात्मक कृति शोधपूर्ण ढङ्गबाट आफ्नो कर्मठताका साथ लेख्ने स्तुत्य प्रयास गर्नुभएको छ र यो प्रयास टहलदासले प्रथमवार गर्नुभएको हो । यहाँ कृष्णप्रणामी धर्मको साथै मठमन्दिर, सन्त, साहित्यकारको विषयमा पनि विशद् रूपले चर्चा गर्नुभएको रहेछ । भविष्यका पुस्ताका लागि यो मार्गदर्शन नै भएको छ । विशेष गरेर प्रणामी धर्ममा नेपाली भाषामा ककसले ? कहाँ ? कति लेखे ? के के गरे ? भन्नेबारेमा टहलदास शिबाकोटीज्यूको मूल्याङ्कन अनुशरण गर्न योग्य छ । यद्यपि कैयौं विधामा अनुसन्धान गर्नु अवशेषै छ तथापि टहलदासजीले गरेको मङ्गलप्रद नै हुनेछ भन्ने विश्वास लिएको छु । निकै वर्षदेखि टहलदासजी मकहाँ आउँदै, जाँदै, सोध्दै गर्नुहुन्थ्यो । आज टहलदासजीको कृति ग्रन्थाकारको रूपमा आफ्नो कर्मठता प्रस्तुत भएको देखेर मलाई ज्यादै खुसी लागेको छ र प्रणामी समाजमा मात्रै नभई सबै समाजबाट यसको आदर र मूल्याङ्कन हुने नै छ भन्ने विश्वास लिएको छु । किनभने दोसज्ञ हुनु सजिलो हुन्छ गुणज्ञ हुनु कठिन हुन्छ । दोसज्ञले दोष मात्रै देखेर अगाडि बढ्छ । गुणज्ञले गुण र दोष दुवै जानेको हुन्छ तापनि उसले गुणलाई प्रधानता दिन्छ । दोष सानो थोप्ला हो गुण पूरै शरीर हो । पूरै सेतो भाँडोमा सानो कालो थोप्ला लाग्दा टाढैबाट देखिए जस्तो हो । टहलदासजीको रचना र प्रकाश सेतो भाडो भएको छ । दोसज्ञहरूले त्यसमा कालो थोपो देख्नु स्वाभाविकै हो । यसमा लेखकले आश्चर्य मान्नुपर्ने कुनै कारण देखिँदैन । अझ परिमार्जित रूपले अगाडि बढ्ने म सुझाव राख्दै उहाँलाई मुरीमुरी आशीर्वाद दिन्छु । यसको प्रचार होस् भन्ने कामना गर्दछु ।

डा. स्वामी प्रपन्नाचार्य
मृगस्थली, काठमाडौं ।

२०५४ चैत्र २३, श्रीरामनवमी

मन्तव्य

श्रीटहलदास शिवाकोटी "यात्री"ले विभिन्न क्षेत्रमा भ्रमण, सूचना सङ्कलन र अध्ययन निकै परिश्रमपूर्वक गरी तयार गरेको पाण्डुलिपि मैले सरसरती पढें। उहाँका सोधखोजका प्रवृत्ति र अनुसन्धानोन्मुख चेतनाका साथै लेखन-प्रकाशनप्रतिका जाँगर र लगन-धुनको प्रशंसा म गर्दछु र यस ग्रन्थलाई श्रीकृष्णप्रणामी धर्मको इतिवृत्त तथा नेपाली परिवेशबारे विस्तृत जानकारी दिने प्रथम नेपाली ग्रन्थका रूपमा म स्वागत पनि गर्दछु । आस्था जीवनको मूल मन्त्र हो र त्यसैले नै व्यक्ति र समाजलाई नधर्मराई सत् सङ्कल्पका पथमा अनेक वाधा व्यवधानका बीचमा पनि निरन्तर यात्रा गरी सीमाबद्ध मानवजीवनलाई असीमित सम्भावना र उच्च सार्थकता प्रदान गर्दछ । यहाँ आफ्ना धर्मप्रति आस्था र नेपाली भाषाप्रति भक्तिभावका साथै प्राज्ञिक र अनुसन्धानात्मक ध्येयप्रति निष्ठा राखी श्रीटहलदास शिवाकोटीजीले वस्तुतथ्य र वाणीका बीचको सञ्चार स्थापित गर्न ठूलो कलमी टहलसुरमा गर्नुभएको छ । यो ग्रन्थ उहाँको यात्राको एक देउराली हो र यसले उहाँलाई भविष्यमा अझ बृहत् प्राज्ञिक अनुष्ठानका निम्ति प्रेरणा दिने नै छ भन्ने म विश्वास गर्दछु । उहाँलाई सबै हिन्दू जनहरूले, सबै नेपाली भाषाप्रेमीहरूले र नेपाली धर्म र संस्कृतिको विराट् बहु -आयामिक स्वरूपप्रति जिज्ञासा राख्ने सबै सोधसचेत व्यक्तिहरूले स्नेह र आशीर्वादका साथै सही पथ प्रदर्शन दिई यस्तै पुनीत कार्यहरूतर्फ प्रोत्साहित गर्नु पर्दछ भन्ने म ठान्दछु । यो ग्रन्थ धर्मप्रेमी, जिज्ञासु र शोधशील सबै प्रकारका नेपाली पाठकहरूका निम्ति उपादेय र पठनीय छ भन्ने मेरो धारणा छ ।

प्रस्तुत ग्रन्थले हिन्दूधर्मको एक प्रसिद्ध वैष्णव सम्प्रदायको इतिवृत्त र वर्तमान स्वरूप तथा सन्दर्भलाई भारततर्फका र मुख्यतः नेपालतर्फका परिवेशमा खोज्ने-बटुल्ने र प्रस्तुत गर्ने दिशामा एक प्रथम मानक कार्य गरेको छ । यस प्रकारका प्रथम प्रयासमा केही मात्रामा छुटफुट र अपुग अनि नमिलेका र अधूरा तथ्यावली पनि हुने गर्दछन् र ती भविष्यमा सूचना र जानकारीद्वारा परिष्कृत र परिवर्द्धित हुँदै

जाने गर्दछन् । तसर्थ यहाँ श्रीटहलदासजीले आफ्ना विषयक्षेत्रसँग सम्वद्ध स्वनामधन्य अनेक सन्त र धार्मिक व्यक्तित्वहरूका साथै धर्मपराएण समाजसेवी र लेखक स्रष्टाहरूको जे जति जीवनी र सत्कार्यका साथै लेखन-रचना र प्रकाशनको जानकारी दिन सक्नुभएको छ त्यो सूचनाप्रद र उपादेय पनि छ भन्ने म ठान्दछु। यस ग्रन्थबाट श्रीकृष्णप्रणामी धार्मिक सम्प्रदायका अनेक महत्त्वपूर्ण र पवित्रस्थल तथा तिनका इतिवृत्त र वर्तमान अवस्थाका साथै श्रीकृष्णप्रणामी धर्मका अनेक आस्था-विश्वास तथा रीतिप्रथाको र जीवनमूल्यको केही झल्को पनि प्राप्त हुन आएकै छ। नेपालका श्रीकृष्णप्रणामी मार्गका धार्मिक व्यक्तित्व र मन्दिर एवं नेपाली साहित्यकार र तिनका सम्बन्धित रचनाका बारेमा यस ग्रन्थले दिएको जानकारी पर्याप्त सूचनाप्रद छ भन्ने मेरो ठहर छ। नेपालको विराट् वहु-आयामिक धार्मिक-सांस्कृतिक इतिहासको एक महत्त्वपूर्ण अंशलाई लिएर गरिएको यो खोज अरूका निम्ति पनि प्रेरणादायी सिद्ध होस् भन्ने भावना म व्यक्त गर्दछु। भविष्यमा नेपाली भाषाको बृहत् र सर्वाङ्ग प्रामाणिक साहित्येतिहासका लेखनका निम्ति पनि यस ग्रन्थले केही मात्रामा महत्त्वपूर्ण जानकारीहरू थपिदिएको छँदै छ। म यस ग्रन्थको शीघ्र प्रकाशनको कामनासहित अति परिश्रमी श्रीटहलदास शिवाकोटीज्यूको यो प्राज्ञिक यात्रा आजीवन गतिमय रहोस् र उत्तरोत्तर अझ उपलब्धिमय र परिमार्जित हुँदै जाओस् भन्ने पनि शुभेच्छा व्यक्त गर्दछु। यति परिश्रमपूर्ण यति दृढ लगनशीलतायुक्त खोज र ग्रन्थलेखनका निम्ति उहाँलाई स्याबासी दिँदै उहाँको यो सत्कार्यनिष्ठा जीवनध्येयको रूप लिई अझ फिँजारिन र गहिराइ लिन सक्षम होस् भन्ने स्नेहपूर्ण शुभाकांक्षा पनि म उहाँप्रति अभिव्यक्त गर्दछु।

डा.वासुदेव त्रिपाठी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यलाय
कीर्तिपुर,काठमाण्डौ

२०५५ जेष्ठ १४

शुभेच्छा

प्रतिभाशाली लेखक श्रीटहलदास शिवाकोटी "यात्री" जीले लेख्नुभएको "श्रीकृष्णप्रणमी धर्म: नेपाली परिवेश" नामक कृति सरसरती हेर्ने सौभाग्य प्राप्त भयो । ग्रन्थ मा लेखक ले श्रीकृष्णप्रणामी धर्म सँग सम्बन्धित मठ, मन्दिर र आश्रमहरू को संक्षिप्त चिनारी का साथै श्रीनिजानन्द सम्प्रदाय का श्रद्धेय आर्चाय, सन्तहरू को परिचय दिने सुन्दर प्रयास गर्नु भएको देख्न पाउँदा अपार खुशी लाग्यो । नेपाली पीरिवेश मा नेपाली भाषा मा एस प्रकार को ग्रन्थ अति नै आवश्यक थियो । हिन्दु संस्कृति का विविध विशेषताहरू को संरक्षण गर्ने कार्य मा श्रीकृष्णप्रणमी धर्म (श्री निजानन्द सम्प्रदाय)बाट अतीत काल मा भएका योगदानहरू अविस्मरणीय छन् । वर्तमान मा एस सम्प्रदायका सन्तहरू, विद्वान्हरू, भक्तहरू र श्रद्धालुहरू ले राष्ट्रव्यापी रूप मा जुन प्रयास गरिरहनु भएको छ त्यो स्तुत्य छ । संस्कृति र परम्परा का उदात्त पक्षहरू को जगेर्ना गरेर समाज लाई गति प्रदान गर्ने कार्य मा देश र काल को रहस्य बुझ्नु अत्यावश्यक हुन्छ । श्रद्धेय श्रीनिजानन्द स्वामी र उहाँ का स्वनामधन्य शिष्य तथा सहयोगी श्रीप्राणनाथज्यू ले त्यो कुरा बुझेर आफ्नो देश र काल अनुरूप अतुलनीय योगदान गर्नुभएको थियो । आज हाम्रा अगाडि नयाँ परिवेशहरू उपस्थित भएका छन् । हामीले ई परिवेशहरू चिनेर अनुकूल कार्य गर्न सक्नुपरेको छ । यदि परिवेश चिन्न सकेनौं र केवल परम्परा को मात्र जप गरिरह्यौं भने प्रात:स्मरणीय आर्चायहरू का सदिच्छा बुझेको ठहरिँदैन । मैले श्रीकृष्णप्रणामी धर्म सँग सम्वन्धित महानुभावहरू मध्ये जस-जस लाई देख्ने भेट्ने र सुन्ने सुअवसर पाएको छू उहाँहरू मा आफ्नो युगको परिवेशप्रति सचेतता भएको अनुभव गर्न पाएको छू । प्रस्तुत ग्रन्थ का लेखक श्रीशिवाकोटीजी ले पनि एस दिशा मा चिन्तन गरिरहँनुभएको छ र हिन्दु सनातन समूह का सबै सम्प्रदाय र विद्वद्वर्ग मा एकता तथा रचनात्मकता को संम्बर्धनका लागी प्रयत्न गरिरहनुभएको छ । प्रस्तुत ग्रन्थबाट पनि एस दिशा मा उहाँ ले उल्लेखनीय योगदान गर्नुभएको छ । ग्रन्थकार को उद्देश्य र प्रयास प्रशंसनीय मात्र होइन अनुकरणीय छ । अरू धर्म र सम्प्रदाय का विषय मा पनि एस्ता ग्रन्थहरू अपेक्षित छन् । एस अवसर मा म ग्रन्थकार का प्रयास को हार्दिक प्रशंसा गर्छू र उहाँ को लेखनी बाट उत्तरोत्तर एस्ता ग्रन्थहरू थपिँदै जाउन् भन्ने "शुभेच्छा" व्यक्त गदर्छू । धन्यवाद ।

२०५३ ६ २७
टंगाल, गहनापोखरी

मुकुन्द शरण उपाध्याय
अध्यक्ष
सनातन धर्म सेवा समिति (नेपाल)

यो "शुभेच्छा" विद्वान् लेखक महोदयका इच्छानुसार उहाँकै व्याकरण बमोजिम राखिएको छ ।

बधाई र शुभकामना

श्री कृष्णार्पित भक्त मन्दिरहरू, तथ्याङ्क खोज्दै अति ।
टण्टापूर्वक निस्किए भ्रमणमा, पाखा-पखेरा कति ॥
हप्काऊन् कति व्यक्ति किन्तु यिनले, केही नटेरीकन ।
लक्ष्य प्राप्त हुने सुनिश्चय गरी, खूबै लगाए मन ॥१॥
दाता नै पनि भेटिए कति जना , लेखेर टक्र्याउने ।
सद्भावै नहुने मिले कति जना , हेपेर कक्र्याउने ॥
सिङ्गो राष्ट्र घुमे तथापि "टहल", श्रीकृष्ण धर्मार्थमा ।
वाधा-विघ्न , नदी, पहाड-खहरे, तर्दै र बग्दै त्यहाँ ॥२॥
को गर्थ्यो यति दुःख अन्य जन भा?छोड्ने थियो वीचमा ।
टीपे मन्दिर ,नाउँ-गाउँ सब नै,नक्सा तिथि स्थापना ॥
यात्राकै क्रममा टिपे सब कुरा, नेपालको गौरव ।
त्रीवेणी[1] हुन गो नि मन्दिरहरू,औ सन्त, साहित्यिक ॥३॥
लामो यो मिहेनेतको फल भयो , त्यो पाँच वर्षे खटी ।
ईर्ष्या, द्वेष विना परिश्रम गरे, कर्तव्यमा नै डटी ॥
बस्ने ठाउँ र खान-सुत्न पनि लौ, "यात्री" हुँदा दुर्लभ ।
धाएरै कति पल्ट दौडिनुपर्‍यो , मान्छे नभेट्ता घर ॥४॥
ईप्सा छैन कुनै यहाँ टहलको , सेवा छ ठूलो कुरा ।
रक्षा, धर्म-प्रचारनिम्ति उनले , खोजी गरेको पुरा ॥
शुद्धात्मा जनका सुकार्य कति छन्? यो ग्रन्थले वुझ्दछौं ।
भद्राई[2] बहुतै खटे श्रम गरी , आभार टक्र्याउँछौं ॥५॥
कार्य श्रेष्ठ छ सर्व मन्दिरहरू, खोजेर नेपालका ।
मज्जाले सब चित्र छापिनगए, उत्कृष्ट यो ग्रन्थमा ॥
नाना झञ्झटमा मिल्यो सफलता, तस्मात् वधाई दिँदै ।
छन्दोबद्ध सुकामना रचिदिएँ, साफल्य पाऊन् सधैं ॥६॥

दिनाङ्क-२०५४।२।४७

- प्रेमदास उप्रेती

१.मन्दिर,सन्त र साहित्य तीन विषयको त्रिवेणी । २.भारद्वाज ।

आध्यात्मिक साहित्य-प्रकाशन समिति

इटहरी -४, सुनसरी

प.सं.

दिनाङ्क :- २०५५।३।२५
गुरुपूर्णिमा

सम्मति

यसै समितिको संस्थापक सदस्य श्रीटहलदास शिवाकोटी "यात्री" ले बडो परिश्रमपूर्वक देश विदेशको यात्रा गरी शोधपूर्ण कार्य गर्दै श्रीकृष्णप्रणामी धर्म (निजानन्द सम्प्रदाय) सँग समबन्धित अत्यन्त महत्त्वपूर्ण ग्रन्थ "श्रीकृष्णप्रणामी धर्म नेपाली परिवेश" प्रकाशनार्थ तयार गरी यस समितिमा सम्मतिका लागि प्रस्तुत गर्दा समिति हर्ष प्रकट गर्दछ ।

यस प्रकारको श्रीकृष्णप्रणामी समाजको एक उच्चकोटिको र अत्युपयोगी ग्रन्थलाई यस प्रकाशन समितिले आफ्ना प्रथम सूचिमा राखी प्रकाशित गरेर श्रेय प्राप्त गर्नुपर्ने हो तर यस शिशुसंस्थालाई त्यो सौभाग्य कसरी प्राप्त होस् र ? साधन र स्रोतका अभावले गर्दा अहिले यो सुअवसर हातबाट गुमेको छ । आगामी दिनहरूमा यस्ता सुअवसरहरू गुम्न नदिने प्रतिबद्धता व्यक्त गर्दै श्री "यात्री" को महान् परिश्रम सफल होस् भन्ने शुभकामनाका साथ सम्मति दिईएकोछ , प्रणाम ।

भीम शर्मा फुँयल
सचिव

प्राक्कथन

आदरणीय पाठकवर्ग ! मानव-जीवन एक संघार हो जहाँबाट देवत्त्व र दानवत्त्व दुवै प्राप्त गर्न सकिन्छ । जो बहुजनहिताय र बहुजनसुखायको उद्देश्य लिई आफ्नो सारा जीवन लोककल्यार्थ समर्पण गरी प्राणी मात्रा मा दया, विवेक, प्रेम, क्षमा आदि सद्‌गुणयुक्त विचार राखेर आध्यात्मिकताको आनन्द दिँदै र आफैं पनि लिँदै सदा सन्तुष्ट रहन्छ त्यो व्यक्ति नै देवता कहलाउछ, देवलोक प्राप्त गर्न सक्छ र जसमा हिंसा, कूरता, दुष्टता र नास्तिकता रहन्छ त्यो दानव बन्दछ । प्रस्तुत ग्रन्थमा देवलोक प्राप्त गर्ने तिनै समाज-सुधारक, चराचर जगत्‌को हरतरहले कल्याण चाहने, समाजको कल्याणार्थ नै जीवन समर्पण गर्ने महापुरुष, सन्त, साहित्यकार र उनका कृतिहरूका विषयमा प्रकाश पारी कलम चलाइएको छ ।

ग्रन्थ लेख्ने शुभ संकल्प हृदयमा दृढ भैसकेपछि यस क्रममा सोध-खोज गर्दैगरेकै अवस्थामा वि.स. २०४५ सालमा मैले एक पल्ट नेपाल अधिराज्यका पचहत्तरै जिल्लाको पैदल भ्रमण गर्ने अवसर पनि पाएँ । त्यसपछि २०४७ को पुनः नेपाल यात्राका क्रममा इलाम जिल्लान्तर्गत फिक्कल नजिकको “आहाले”मा पुगें । त्यहाँ श्रीमान् तेजधारीदास राई (तीर्थराज थुलुङ) का घरमा वास बस्न पुगेंछु । उहाँ बाल्यावस्थादेखि नै श्रीकृष्णप्रणामी धर्ममा दीक्षित हुनुभएको रहेछ । म आफु पनि जन्मैदेखिको श्रीकृष्णप्रणामी धर्मको अनुयायी परें । दुवैबीच वार्तालाप भयो, मलाई बूढा-पाका भेटेपछि पुराना कुराको खोज-तलास गर्ने बडो सोख लाग्ने हुँदा मैले धर्मको विषयमा सोधें । फिक्कलका श्रीकृष्णप्रणामी धर्मको इतिहास कोटयाउँदा उहाँले “यहाँको जागनी आजभन्दा डेढ दुई शय वर्ष पूर्व “सूरतबाई” नाम गरेकी एक महिलाले ताप्लेजुङबाट आई धर्म-प्रचार गरेकी हुन्” भन्दै कुरा उठाउनुभयो । वयोवृद्ध र दृढ सिद्धान्तवादी थुलुङजीले धर्मका विषयमा यहाँ दुष्ट (दानवी) विचारका केही छिमेकीका दुष्टचाईंले गर्दा राणाशासन-कालमा छः छः वर्षको जेल-जीवन विताएको कुरा पनि उहाँले बतउनुभयो । मेरा ग्रन्थ लेख्ने शुभ संकल्पलाई वयोवृद्ध थुलुङजीका भनाइले आगामा घिउ हाल्ने काम गर्‍यो र म झन दृढ निश्चयी भएर बिदावारी भएँ ।

यात्राका क्रममा मैले जहाँ पुग्दा पनि त्यस ठाँउका विषयमा सोध-खोज गरी लेख्न थालें । श्रीमंगलधाम-कालेबुङबाट श्रीमती गौरी कुमाईंले लेख्नुभएको “मन्दिर -दर्शन” नामक पुस्तकमा नेपाल-भारतका करीब एक शय श्रीकृष्णप्रणामी मन्दिरहरूका चित्रसहितको छोटो परिचयसाथ छापिएको रहेछ । परन्तु त्यसमा नेपालका भने साह्रै कम मन्दिरहरू मात्र परेछन् । अतएव त्यस कमीको पनि पूर्ति गरूँ भन्ने विचार आयो र नेपाल अधिराज्यका श्रीकृष्णप्रणामी मन्दिरहरू रहेका सबै ठाउँमा आफैं पुग्न कर लाग्यो । मन्दिरहरूको संक्षिप्त परिचयसहित चित्र राख्ने विचार लिई सम्बन्धित सबै ठाउँमा पुग्नुपर्दा म एकला मान्छेलाई निकै कठिनपर्‍यो र धेरै समय

र साधनको पनि व्यय भयो । यति गरेर संकलन गरेका सामग्रीहरू २०५१ साल असारमा पाल्पाको देवगिर मन्दिरको चित्र र विवरण लिन जाँदा तिलाउ नदीले झोला सहित मलाई बगायो । श्रीराजीका कृपाले कसो-कसो गरी आफू बाँचें तर लुगा-फाटा, कागजात, क्यामेरा आदि महत्त्वपूर्ण सामग्रीहरू बचाउन सकिनँ, सबै बगे । यस्तो दुर्घटना हुँदा-हुँदै पनि मैले उद्देश्य छोडिनँ र पुनः अघि बढी खोज-कार्यमा लागें । यस कार्यमा कतिपय साथीहरूबाट उत्साहजनक सद्भाव पाएँ भने कतिबाट चाहिँ हतोत्साहमूलक दुत्कार पनि सुन्नुपर्‍यो ।

जसरी-तसरी श्रीकृष्णपप्रणामी धर्मका इष्टदेव पूर्णब्रह्म परमात्मा श्रीकृष्ण,आद्य संस्थापक निजानन्दाचार्य श्रीदेवचन्द्रजी महाराज, महामति श्रीप्राणनाथजी महाराज र यस सम्प्रदायका प्रमुख तीर्थस्थलहरू तथा नेपाली उच्च कोटिका सन्तहरूको परिचय र नेपालका श्रीकृष्णप्रणामी मन्दिरहरूको खोज गरी पुस्तक लेखें । यसरी लेखेर पुस्तकको पाण्डुलिपि लिई म सम्माननीय डा.स्वामी प्रपन्नाचार्यज्यूकहाँ सम्मतिका लागि जाँदा उहाँले "अब यसमा यस धर्मका नेपाली लेखक-साहित्यकारहरूको पनि सोध-खोज गरी परिचय राख्नुभए राम्रो हुने थियो " भनी सल्लाह दिनुभयो । त्यसपछि म पुनः यस विषयमा शोध-कार्य गर्न लागें । यसले पनि निकै समय र साधन लिइदियो । सबै काम पूरा गरेर प्रातः स्मरणीय आचार्य श्री१०८ कृष्णमणिजी महाराजसमीप पुगी ग्रन्थको पाण्डुलिपि टक्र्याई आशीर्वचनका लागि प्रार्थना गर्दा महाराजश्रीले अति अभिरुचिपूर्वक नजर गर्न आफ्नो व्यस्तताको पनि वास्ता नगरी समय दिनुभई अक्षरशः अध्ययन गरिदिनुभएर संशोधन साथै आफ्नो अमूल्य सुझाव र प्रेरणाप्रद आशीर्वाद प्रदान गर्नुभएबापत म उहाँप्रति अत्यन्त कृतज्ञता अर्पण गर्दछु ।

त्यसपछि म सो पाण्डुलिपि बोकी कहिले सम्मति माग्न, कहिले प्रकाशकका खोजीमा र कहिले सुझाव-सरसल्लाह माग्न निकै ठाउँ घुमें । फलस्वरूप यस पाण्डुलिपिलाई मंगलधाम-कालेबुङका तर्फबाट सन्त श्रीमोहन प्रियाचार्यज्यूले सुझाव सहित आशीर्वाद प्रदान गर्नुभयो । त्यसै गरी श्री५महामंगलपुरी धाम,सूरतका तर्फबाट आचार्य श्री१०८सूर्यनारायणदासजी महाराज बाट र श्रीचेतनधाम,गंगापुर-विहारका तर्फबाट आचार्य श्री१०८नन्दकिशोरदासजी महाराजबाट पनि आशीर्वाद प्राप्त भएको छ । कालेबुङनिवासी श्रीमती गौरी कुमाईं र झापा-भद्रपुरनिवासी श्रीछत्रप्रसाद अधिकारीबाट पनि सुझाव-सहयोग प्राप्त भएको छ जसका लागि आभारी छु ।

आशीवर्चन र शुभकामना दिई ग्रन्थको गौरव बढाईदिनुभएकामा आचार्य श्री १०८ कृष्णमणिजी महाराज, स्वामी श्रीसदान्नदजी महाराज, डा.स्वामी प्रपन्नाचार्यजी महाराज, प्राध्यापक डा.वासुदेव त्रिपाठीज्यू, प्रा.मुकुन्दशरण उपाध्यायज्यू र कविवर श्रीप्रेमदास उप्रेती"पीडित"ज्यू प्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु । त्यसरी नै विभिन्न ठाउँबाट र व्यक्तिबाट तथा विभिन्न संघ-संस्थाबाट प्रत्यक्ष वा परोक्षरूपमा सहयोग गरिदिनुहुने सबै महानुभावहरूप्रति आभार व्यक्त गर्दछु ।

काव्यात्मक शुभ कामनाका अतिरिक्त यस ग्रन्थको भाषा-संशोधन र सम्पूर्ण सम्पादनको जटिल कार्यलाई आफ्ना कार्यव्यस्तताका बावजूद पुन रात-साँझ र बिदाका दिनमा समेत खटी पूरा गरिदिनुभएकामा कविज्यूप्रति धन्यवाद र आभार व्यक्त गर्दछु जसले मलाई साहित्यका क्षेत्रमा सदा अगाडि बढाइरहनुभएको छ अर्थात् प्रेरणा दिनुभएको छ । प्रेरणाकै कुरा गर्दा मैले मेरा अग्रज कविज्यू श्रीचन्द्रमणि प्रसाईंलाई पनि भुल्नुहुँदैन, उहाँवाट पनि प्रशस्त प्रेरणा पाएको छु । प्रस्तुत ग्रन्थको पूरै पाण्डुलिपि तयार गरिदिने रेडियो नेपालका उद्घोषक श्रीहेमन्तराज उप्रेती, आत्मज श्रीकेशवकुमार शिवाकोटी र श्रीकमल बज्गाई प्रति धन्यवाद अर्पण गर्दछु । मैले यहाँ धेरै साधु-सन्त र कवि-कलाकारहरूको नाम उल्लेख गर्नुपर्ने हो तर स्थानाभावले त्यसो गर्न सकिनँ जसका लागि म क्षमा-प्रार्थी छु । मन्दिर-परिचय लेख्ने कुरामा सोध-खोज गर्दा बुझिएबमोजिम अर्थात् स्थानीय सुन्दरसाथहरूको भनाइअनुसार लेखेको छु । यसमा नाम पर्नुपर्नेको नपरी अन्यथा भएको पनि हुनसक्छ । त्यस्तो भएको भए सुझावहरू आएमा पुनरावृत्तिमा सुधारी समावेश गर्ने विश्वास दिलाउँछु । यसमा पुज्यपाद सन्त-महात्माहरू र साहित्यकार महानुभावहरुको नामावली चाहि वर्णानुक्रम अनुसार राखेको छु ।

अन्त्यमा यस ग्रन्थ प्रकाशनको सम्पूर्ण भार लिइदिनुभएकामा स्वामी श्रीसदानन्दजी महाराजप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै ग्रन्थ-प्रकाशकका हैसियतले उहाँको छोटो परिचय पनि यसैसाथ प्रस्तुत गरेको छु । सम्पूर्ण ग्रन्थको कम्प्युटर-टाइप गरिदिएबापत झापा-दमकस्थित *लक्ष्मी अफसेट प्रेसका श्रीटंकप्रसाद दुलाल र श्रीचूडामणि ओझालाई* धन्यवाद दिँदै बिदा हुन्छु ।

प्रणाम !

टहलदास शिवाकोटी "यात्री"

महारानी-८,प्रणामीनगर
झापा
दिनाङ्क २०५५ आषाढ ८ गते

ग्रन्थका प्रकाशक
स्वामी सदानन्दजी महाराजको संक्षिप्त परिचय

वर्तमान भौतिकवादी युगमा श्रीमद्भागवत कथाका कसैबाट नछोइएका प्रसंगहरूका रहस्यपूर्ण व्याख्यानद्वारा आध्यामिकताको प्रेरणा दिने महान् सन्तहरूमा पूज्य महाराज श्रीसदानन्दज्यूको नाम अग्रगण्य छ । उहाँ श्रीमद्भागवतका गहन अध्येता र मर्मज्ञ हुनुहुन्छ । उहाँका प्रवचनहरूमा जीवनका अनुभूतिहरू हुन्छन् । उहाँ श्रोताहरूको अन्तस्करण चिहाएर शङ्काहरूको सरलतापूर्वक समाधान गर्न पारङ्गत हुनुहुन्छ । उहाँ जस्ता महान् एवं अद्वितीय सन्तमा आज न केवल समस्त भारत अपितु विश्वलाइ नै गौरव छ ।

उहाँको जन्म हरियाणाको जुई नामक ग्रामका नैसर्गिक धरातलमा धर्मानुरागी अंगिरा गोत्रीय खण्डेलवाल ब्राह्मण श्रीव्रजलालजीका घरमा भक्तिमती माता शिवबाईका कोखबाट १ अगस्त १९४५ का पावन दिनमा भएको हो । सूर्यका प्रथम रश्मिका साथ नवोदित सुन्दर बालकको नाम "भानु" राखियो । उहाँले समुन्नत दिवसतर्फ प्रवेश गर्नासाथ गाउँका सबै गोपालहरू एक विलक्षण प्रतिभाका प्रतीक मित्रलाई पाएर पुलकित भए । उहाँको झुकाव बाल्यकालदेखि नै अध्यात्म विद्या प्राप्त गर्नमा रहेको थियो । स्कूलका पढाइबाट निवृत्त भएर उहाँ घरछेउको "श्रीकृष्णप्रणामी मन्दिर"मा जाने गर्नुहुन्थ्यो । उहाँका जीवनमा शिक्षा-दीक्षाको प्रभाव परम पूजनीय गुरुजी श्रीमंगलदासजी महाराज र गुरुजी श्रीराधिकादासजी महाराजको रहेको छ ।

उच्च माध्यमिक शिक्षा पूरा गरेर उहाँले एक शिक्षकका रूपमा आफ्नो जीवन-यात्रा शुरू गर्नुभयो । त्यसपछि उहाँ भारतीय सेनामा नियुक्त हुनुभयो र ८ वर्ष- सम्म सैनिक सेवा गरिसकेपछि अवकाश लिने निर्णयमा पुग्नुभयो । बाल्यकालदेखि नै धार्मिक भावनाले ओतप्रोत भएका कारण सैनिक जीवनमा पनि उहाँले निरामिष भोजन गरेर राष्ट्रको सेवा गर्नुका साथै संयमित जीवन-चर्या अपनाउनुभयो ।

समाजसेवाको सङ्कल्प लिएर १९७२ का वसन्त पञ्चमीका तिथिमा सिलिगुडीमा उहाँले पूज्य गुरुजी "श्रीमंगलदास"जीका पावन करकमलबाट वैराग्य वेश धारण गर्नुभयो । त्यस्तै पुण्य घडीमा उहाँलाई "भानु"बाट "सदानन्द"को शोभा प्राप्त भयो । तदनन्तर उहाँ आनन्दपूर्वक रहँदै जन-जनमा आनन्द प्रस्फुटित गर्न लाग्नुभयो । त्यसपछि पूज्य गुरुदेव उहाँलाई ज्ञान, भक्ति र वैराग्यको शिक्षा दिन लाग्नुभयो । तत्पश्चात् उहाँलाई महामति



परम पूज्य सन्त श्री १०८ सदानन्द जी महाराज

श्रीप्राणनाथजीका वाणीदेखि लिएर गीता,भागवत आदिको संपूर्ण शिक्षा दिँदै सिलिगुडी श्रीकृष्णप्रणामी मन्दिर र श्रीप्रणनाथ ब्रह्मचर्याश्रमका संचालकका रूपमा नियुक्त गरियो ।

१९७१मा आयोजित श्री १०८ पारायणमा उहाँको अपूर्व कार्यक्षमता देखेर पूज्य गुरुजी प्रसन्न हुनुभयो र आशीर्वाद स्वरूप आफ्ना गलाको ठूलो तुलसीको माला प्रदान गरी उहाँलाई श्रीमद्भागवतको कथा गर्न आज्ञा दिनुभयो । यसलाई गुरु कृपा मानेर उहाँले कृष्ण-प्रेमप्रधान श्रीमद्भागवत-कथाको पावन प्रवाह प्रवाहित गर्ने संकल्प गर्नुभयो । उहाँ शुक्ल पक्षका बढ्दा जूनझैं पूर्णतातिर अग्रसर हुँदै जानुभयो । सानो गाउँदेखि लिएर महानगरसम्म तीर्थ स्थलहरू, सरिता-तट र विदेशहरूमा गएर उहाँले श्रीमद्भागवत-कथा गर्नुभयो । कठिनभन्दा कठिन प्रसंगहरूलाई सरल शब्दावलीद्वारा संगीतमय शैलीमा जब उहाँ भागवत-कथा सुनाउन थाल्नुहुन्छ तब श्रोतागण आनन्द-विभोर हुन्छन् र उनीहरूका जय-ध्वनिले विश्व गुञ्जिन्छ । अहिलेसम्म उहाँले ४५१ पल्ट श्रीमद्भागवत-कथाको रसास्वदन गराइसक्नुभएको छ । उहाँको कथास्थल जन-सागर बन्दछ । उहाँ कथाका बीच-बीचमा कीर्तन-धुन लगाउनुहुन्छ जुन भक्तहरूमा भक्तिभाव जगाएर उनीहरूलाई आनन्द-विभोर गर्ने मात्र होइन प्रभु-चरणमा श्रद्धा र विवेक पनि स्थायी गराउँदा मानव-समूह तनावबाट मुक्त भएर गाउँदछ *"राधे राधे राधे राधे गोविन्द, राधे गोविन्द बोलो राधे गोविन्द "*

गुरुजी श्रीमंगलदासजी र महाराज राधिकादासजीद्वारा संस्थापित मन्दिर, आश्रम, स्कूल आदिका सम्वर्द्धन का लागि श्रीसदानन्दजी महाराज प्राण-प्रणले जुट्नु भएको छ । आज उहाँ "गुरुजी प्रणामी मिशन ट्रष्ट", कालिम्पोङ एवं "श्रीकृष्णप्रणामी जनकल्याण ट्रष्ट" भिवानी जस्ता विशालकाय ट्रष्ट (गुठी) हरूको गुरुतर दायित्व सम्हालिरहनुभएको छ । उहाँले जीवनका हर क्षणलाई उपर्युक्त संस्थाहरूका विकाशमा र जनता जनार्दनका सेवामा लगाइरहनुभएको छ । उहाँको भनाइ छ " जबसम्म शरीरमा शक्ति रहन्छ, विश्राम किन ? हाम्रा सामु सेवा-सत्संगको विशाल क्षेत्र छँदैछ फेरी आलस्य किन ? " उहाँको मुख्य उद्देश्य भारतीय संस्कृति एवं हिन्दू धर्मको सवर्द्धन तथा महामति प्राणनाथजीका वाणीको प्रचार-प्रसार गर्नु हो ।

विषय सूची

क्र.सं	विवरण	पृष्ठ
१.	अनादि अक्षरातीत श्रीकृष्ण	१-८
२.	निजानन्दाचार्य स्वामी श्रीदेवचन्द्रजी महाराज	९-१५
३.	महामति श्रीप्राणनाथजी	१६-२७
४.	तीर्थ-परिचय	२८-४९
५.	नेपालमा जागनी गर्ने दुई महत्त्वपूर्ण मन्दिरहरू	५०-५२
६.	श्रीकृष्णप्रणामी समाजका केही उल्लेखनीय नेपाली सन्तहरू	५३-६९
७.	नेपालमा श्रीकृष्णप्रणामी धर्म	७०-७८
८.	नेपालका श्रीकृष्णप्रणामी मन्दिरहरू	७९-१७९
९.	नेपाली भाषासेवी कृष्णप्रणामी साहित्यकार र उनका कृतिहरू	१८०-२२०
१०.	श्रीकृष्णप्रणामी स्वतन्त्र साहित्यकार र उनका कृतिहरू	२२१-२२७
११.	अन्त्यमा मन्दिरको सांकेतिक चिन्ह सहित नेपालको नक्सा	

श्रीकृष्णाय नमः

श्रीकृष्णप्रणामी धर्म नेपाली परिवेश

अनादि अक्षरातीत श्रीकृष्ण

यस मर्त्यलोकमा सात द्वीप र नौ खण्ड छन् । सात द्वीपहरूमध्ये जम्बू द्वीप उत्तम र नौ खण्डहरूमध्ये भरत खण्ड उत्तम मानिन्छ । यो खण्ड उत्तम मानिनुको कारण के भने यहाँ भगवान्का अवतारहरू भइरहन्छन्, प्रजाको उद्धार भइरहन्छ, ऋषिमुनिहरू यहाँ असंख्य भए र भइरहन्छन्, त्यस्तै असंख्य तीर्थस्थानहरू छन् अनि तिनका प्रभावले मानिसको चिन्तन पनि उत्तम प्रकारको हुन्छ । यो आर्यावर्त क्षेत्र हो र यहाँ वैदिक वाङ्मयको विशेष प्रभाव रहेको छ । वैदिक धर्मानुयायी यहाँ मूल रूपमा रहेका छन्, जुन धर्मलाई "सनातन" अथवा हिन्दू धर्म भन्दछन् । हुन त यो भरतको खण्ड वर्तमान अवस्थामा राजनैतिक दृष्टिले टुक्रिएर इस्लाम धर्म र बौद्ध धर्म-प्रधान मान्ने देशका रूपमा पनि परिणत भएको छ । जस्तो पाकिस्तान र बङ्गलादेश इस्लाम धर्म-प्रधान र भूटान बौद्ध धर्म-प्रधान भएर अलगिगएका छन् भने नेपाल र भारत हिन्दू धर्म-प्रधान भएरै रहेका छन् । अझ नेपाल चाहिँ धर्म सापेक्ष तर धार्मिक स्वतन्त्रतायुक्त स्वतन्त्र हिन्दू राष्ट्र भएर समस्त भरत खण्डकै गौरव बचाइराख्न सकेको छ । यी दुई राष्ट्र राजनैतिक दृष्टिले भिन्ना भिन्नै भए तापनि धार्मिक र सांस्कृतिक दृष्टिले एउटै देखिन्छन् । अतएव "भारतवर्ष" भन्दा भारत अनि नेपाल दुवै बुझिन्छ । भारत वर्ष भगवान्को प्यारो देश हो, देवताहरूको देश हो । भगवान्ले गीतामा "संभवामि युगे युगे............" भन्ने वचन सार्थक पार्न यसै वर्षमा विभिन्न अवतार लिनुभएको छ । राम, कृष्ण, व्यास, बुद्ध, महावीर स्वामी, जगद्गुरु शंकराचार्य, निम्बार्काचार्य, रामानुजाचार्य, वल्लभाचार्य, चैतन्य महाप्रभु, रामानन्द स्वामी, कबीर साहेब, गुरु नानक, निजानन्द स्वामी, महामति प्राणनाथ, दयानन्द सरस्वती, स्वामी विवेकानन्द आदि ईश्वरीय विभूतिहरू यसै

भूमिमा अवतरित भई आ-आफ्ना लीलाहरूको संवरण गरी स्वधाममा फर्किनुभयो । यसै श्रृंखलामा निजानन्द स्वामी श्रीदेवचन्द्र महाराजले अहिंसा, प्रेमलक्षणा भक्तियुक्त अनन्य भावले पूर्णब्रह्म परमात्मा श्रीकृष्णको आराधना गर्ने निजानन्द सम्प्रदाय (श्रीकृष्णप्रणामी धर्म) स्वरूप एउटा मार्ग देखाएर जानुभयो । यसैमा सबै धर्मशास्त्रको सम्मति छ भन्नुभयो । नभन्दै हाम्रा प्रमुख धर्म ग्रन्थहरूमा पनि यसरी भनेको रहेछ -

एकोऽपि कृष्णस्य कृतः प्रणामो ।
दशाश्वमेधावभृथेन तुल्यः ॥
दशाश्वमेधी पुनरेति जन्म ।
कृष्णप्रणामी न पुनर्भवाय ॥
-(पाण्डव गीता)

एक पटक श्रीकृष्णलाई प्रणाम गर्नु र दश अश्वमेध यज्ञ गरी अवभृथ स्नान गर्नुमा बराबर फल मिल्छ, अझ दश अश्वमेध यज्ञ गर्नेले त फेरि जन्म लिनुपर्छ तर श्रीकृष्णलाई एक चोटि प्रणाम गर्नेले फेरि जन्म लिनुपर्दैन । यस्तो भनाइ हाम्रा धर्मशास्त्रमा हुँदा हामी प्रणामीहरू अनन्य भावले श्रीकृष्ण वा श्रीकृष्ण-भक्तहरूलाई प्रणाम गर्दछौं ।

यस जगत्मा श्रीकृष्ण नामको महिमा अपार र सर्वश्रेष्ठ पनि छ । त्यसैले हाम्रा पूज्य ग्रन्थ तारतम सागरमा महामति प्राणनाथजीले पनि श्रीकृष्णको महिमा गाउँदै भन्नुभएको छ :-

पर न आवे तोले एकने मुख श्रीकृष्ण कहन्त ।
प्रसिद्ध प्रगट पाधरी किवता किव करन्त ॥१॥
कोट करो नरमेध अश्वमेध अनन्त ।
अनेक धरम धराविषे तीरथ वास वसन्त ॥२॥
सिद्ध कारो साधना विप्र-मुख वेद वदन्त ।
सकल क्रिया सुधरम पालता दया करो जीवजन्त ॥३॥
व्रत करो विध विधना सती थाओ शीलवन्त ।
भेष धरो साधु संतना ज्ञानी ज्ञान कथन्त ॥४॥
तपसी बहु विध देह दमो सर्वा अंग दुःख सहन्त ।

पर तोले न आवे एकने मुख श्रीकृष्ण कहन्त ॥५॥
महेराज कहे मुख ए धन जो वली रुदे रमन्त ।
चौदे भुवन तें जीतियो धन धन ए कुलवन्त ॥६॥
- (किरंतन)

एकपल्ट मात्र श्रीकृष्णको नाम भित्री हृदयदेखि पुकारेको छ भने त्यसको पुण्य अनन्त हुन्छ । जसले गर्दा यस दु:खमय भवसागरबाट पार पाइन्छ । अर्थात् जन्ममरणबाट मुक्त भई दिव्याति दिव्य परमधाम प्राप्त हुन्छ ।

गाणपत्येषु शैवेषु तथा शाक्तेषु सुव्रत ।
सर्वेषु मंत्रवर्गेषु वैष्णवं श्रेष्ठमुच्यते ॥
वैष्णवेषु च मंत्रेषु कृष्णमंत्रा: फलाधिका: ॥
- (गौतम तन्त्र)

गणेश, शिव शक्ति इत्यादि देवी-देवताहरूको मंत्रभन्दा विष्णु भगवान्को मंत्र श्रेष्ठ हुन्छ । तर विष्णुको मंत्रभन्दा कृष्णमंत्र धेरै फलदायी हुन्छ ।

गृहाण मंत्र कृष्णोति कर्ममूलनिकृन्तनम् ।
सर्वेषामेव मंत्राणां सारात्सारं परात्परम् ॥
- (ब्र.वै.पु.कृ.खं. १३० - ८)

सम्पूर्ण कर्मबन्धनलाई काट्नका लागि श्रीकृष्णरूपी महामंत्र ग्रहण गर, किनभने यो परात्पर मंत्र सबै मंत्रको राजा, मंत्र-राज हो । त्यसैले हरिवंश पुराणमा पनि भनेको छ:

"तथा समस्त देवानां पूज्य एव च केशव:।"

सबै देवताहरूका पूज्य अथवा देवताका पनि देव श्रीकृष्ण नै हुन् । उनकै नामरूपी महामंत्रले नै यस संसाररूपी सागरबाट पार तार्दछ । अर्थात् श्रीकृष्णमंत्रले मात्र पूर्णब्रह्म परमात्मा आनन्दकन्द श्रीकृष्णका चरण-शरणमा पुऱ्याउँछ अथवा यस भवसागरबाट पारि तार्दछ ।

तावन्निबद्ध संसारे कारागारे विधेर्जन ।
न यावत् कृष्णमत्रं च प्राप्नोति गुरुवक्त्रत: ॥ -(ब्रह्मवैवर्त)

संसाररूपी कारागारबाट त्यही बेला मुक्ति मिल्ला जुन बेला यहाँका मानव आत्माहरूले गुरु-मुखबाट कृष्ण-नामको महामंत्र प्राप्त गर्लान् भनेर शास्त्रहरू प्रमाणित गर्दछन् । कस्ता प्रकारले श्रीकृष्ण-नाम जप्ने अथवा भक्ति गर्ने भन्ने बारेमा गर्गाचार्यजी भन्नुहुन्छ :-

प्रेमलक्षणयाभक्त्या सदा निष्कारणाः पराः ।
लोकानुलंघ्य तद्धामं यान्ति राजन् न संशयः।

निष्काम भावले प्रेमलक्षणा भक्तिद्वारा परमात्माको भजन गर्ने भक्तहरू नै यस संसाररूपी सागरबाट पार तरी उस पूर्णब्रह्म परमात्माको दिव्य परमधामलाई प्राप्त गर्दछन्,यसमा कुनै शङ्का छैन । त्यसैले माधुर्य भावले प्रेमलक्षणा भक्तिद्वारा परमात्माको आराधाना गर्नुपर्छ ।

तमीश्वराणां परमं महेश्वरं तं देंवतानां परमं च दैवतम् ।
पतिं पतीनां परमं परस्ताद्विदाम देवं भुवनेशमीड्यम् ॥
न तस्य कश्चित् पतिरस्ति लोके न चेशिता नैव च तस्य लिङ्गम् ।
स कारणं करणाधिपाधिपो न चास्य कश्चिज्जनिता न चाधिपः॥
(श्वेताश्वत्तरोपनिषद्)

परब्रह्म परमात्मा श्रीकृष्ण ईश्वरका पनि महाईश्वर हुन् सबै देवताका पनि परमदेव हुन् । सबै पतिका पनि पति हुन् जसका कोही मालिक छैनन् । न परमात्मा श्रीकृष्णका कोही शासक छन् । उनै सबैका मालिक हुन् सृष्टिकर्ता पनि उनै हुन् । उनैका इच्छाले यस जगत्को निर्माण हुन्छ ।

द्वे वाव ब्रह्मणो रूपे मूर्त्त चैवामूर्त्त च ।
मर्त्यं चामृतं च स्थितं च यच्च सच्च त्यच्च ॥ (वृहद्वा-२-३-१)

त्यसैले संसारका कारणरूप ब्रह्म नै संसारमा व्यापक बनेर साकार या निराकार रूपमा स्थित छन् । त्यसैले मानिसहरू परमात्मालाई कोही निराकार भन्छन् र कोही साकार, परमात्मा त साकार वा निराकार यी दुईभन्दा अलग शुद्ध साकार छन् ।

चिदादित्यं किशोराङ्गं परेधाम्नि विराजितम् ।
स्वरूपं सच्चिदानन्दं निर्विकारं सनातनम् ॥ (ब्रह्मवैवर्त पुराण)

परमधाममा निवास गर्ने पूर्णब्रह्म परमात्मा श्रीकृष्ण चैतन्यमय, तेजोमय, किशोरावस्थाका, सच्चिदानन्द स्वरूप, निर्विकार,सनातन र अखण्ड अविनाशी हुनुहुन्छ ।

सर्वे नित्याः शाश्वताश्च देहास्तस्य परात्मनः ।
हानोपादानरहिता नैव प्रकृतिजाःक्वचित् ॥

- (महाभारत)

उनै परमात्माको सच्चिदानन्दमय स्वरूप (विग्रह) सर्वदा अपरिवर्तनशील र अप्राकृतिक छ । उनै प्रभु परमात्माको मंगलकारक नाम जपेर मात्र आत्माले मुक्ति पाउँछ भनेर वेदव्यासजी भन्नुहुन्छ :-

मधुर मधुर गीतं मंगलं मंगलानम्
सकलनिगमवल्लीसत्फलं चित्स्वरूपम् ।
सकृदपि परिशीतं श्रद्धया हेलया वा
भृगु:वर नरमात्रं तारयेत् कृष्णनाम ॥

सबैका मंगल स्वरूप सबै वेद शास्त्रहरूले बताएअनुसार फलदायक चिद्घन स्वरूप श्रीकृष्ण परमात्माको नाम एकै चोटि मात्र श्रद्धासाथ पुकारेको छ भने यस भवसागरबाट मुक्त भई त्यो दिव्य परमपद प्राप्त गर्न सकिन्छ ।

ब्रह्माण्डानां चैव सर्वेषामीश्वरश्चैक एव सः ।
सर्वेषां परमात्मा च श्रीकृष्णःप्रकृते परः ।

- (ब्रह्म वै.)

सबै ब्रह्माण्डका मालिक अर्थात् ईश्वर प्रकृतिदेखि पनि परका परमात्मा श्रीकृष्ण नै हुन् । जसले श्रीकृष्णको भक्ति गर्छ अथवा उनको नाम स्मरण गर्दछ त्यसले परमपद प्राप्त गरी सायुज्य मुक्ति पाउँछ । यमराजका दूतले त्यसलाई छुन पनि सक्तैनन् । ती परभन्दा पनि पर रहने परब्रह्म पुरुषोत्तम परमात्मा सच्चिदानन्दघन श्रीकृष्णलाई श्रीमद्भगवद्गीताले यसरी परिचित गराएकोछ :-

द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ।
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥
उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः ।

-(गीता १५/१६)

लोकमा जम्मा दुई पुरुष छन् क्षर र अक्षर । सम्पूर्ण नाशवान् भूत-प्राणीहरू क्षर हुन् र अक्षर अविनाशी स्वरूप हुन् अनि उत्तम पुरुष यी दुईभन्दा पर फरकै छन् जसलाई परमात्मा भनिन्छ ।

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः ।
अतोऽस्मि लोके वेदे च प्रथितःपुरुषोत्तमः॥ - (गीता १५/१८)

म क्षरभन्दा पर छु अनि अक्षरभन्दा पनि पर उत्तम छु । यसैले लोक र वेदमा पुरुषोत्तम भनेर प्रसिद्ध छु । तिनै परमात्मा पुरुषोत्तम लाई चिन्नुपर्ने कुरा भगवान् श्रीकृष्ण यस प्रकार भन्नुहुन्छ :-

यो मामेवमसंमूढो जानाति पुरुषोत्तमम् ।
स सर्वविद्भजति मां सर्वभावेन भारत ॥ (गीता १५।१९)

हे अर्जुन ! जुन ज्ञानी पुरुषले मलाई यस प्रकार पुरुषोत्तम भनेर जान्दछ त्यसले सबै प्रकारले मलाई जान्दछ अनि उसले संपूर्ण रूपमा मलाई भज्दछ ! यस्ता श्रीकृष्णका महावाक्यहरू नै श्रीकृष्णप्रणामी धर्मका सारतत्त्व हुन् । चौधै भुवन लगायत सम्पूर्ण नाशवान् जगत् क्षर हो भने क्षरदेखि पर अविनाशी अक्षरब्रह्म रहेका छन् । ती अक्षरब्रह्मदेखि पनि पर पूर्णब्रह्म परमात्मा जहाँ रहनुहुन्छ त्यस धामलाई परमधाम भनिन्छ । जन्म, मृत्यु, जरा, व्याधिदेखि पर चिन्मय एवं आनन्दमय दिव्य धामको प्राप्ति अनन्य भक्तिद्वारा मात्र हुन सक्ने कुरा भगवान् श्रीकृष्णले यसरी भन्नुभएको छ :-

नाऽहं वेदैर्न तपसा न दानेन न चेज्यया ।
शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा ।
भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन । - (गीता-११/५३,५४)

हे अर्जुन ! तिमीले मेरो जुन प्रकारको रूप (विश्वरूप) देख्यौ त्यो वेद, तपस्या, दान, यज्ञ आदि केहीले पनि देख्न सकिँदैन केवल अनन्य भक्तिले मात्र देख्न सकिन्छ । यसो भन्दै आफ्नो दिव्य परमधामको वर्णन गीतामा यस प्रकारले गर्नुभयो :-

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥ - (गीता -१५)

त्यसलाई चन्द्र,सूर्य,अग्नि केहीले पनि उज्यालो पार्दैनन् र स्वयं प्रकाशमान् छ । अनि जहाँ गएपछि फर्किनु पर्दैन त्यही मेरो परमधाम हो । वेदमा पनि उत्तम पुरुषबारे यस प्रकार उल्लेख छ :-

वेदाहमेतं पुरुषं महान्तमादित्यवर्ण तमसःपरस्तात् ।
तमेव विदित्वातिमृत्युमेति नान्यःपन्था विद्यतेऽयनाय ॥

-(यजुर्वेद)

अन्धकारदेखि पर सूर्य जस्तो तेज भएका यी महान् पुरुषलाई म जान्दछु । तिनलाई जानेपछि मात्र जन्म-मरणको दुःखबाट मुक्त होइन्छ । यसबाहेक मोक्षप्राप्तिको अर्को उपाय छैन ।

यस प्रकार वेद तथा शास्त्रहरूद्वारा पुरुषोत्तम परमात्मा श्रीकृष्णको अनन्य भावले भक्ति गरे मात्र यस दुःखमय भवसागरबाट मुक्त भइन्छ,अन्यथा अर्को उपाय केही छैन भनी शास्त्रहरू भन्दछन् । यसमा श्रीकृष्णतत्त्व पूर्ण रूपमा जान्नका लागि श्रीकृष्णजीका त्रिधा लीला जान्नु पनि आवश्यक हुन्छ, किनभने पूर्णरूपमा चिनेर गरेको कार्य नै पूर्ण कार्य हुन्छ अथवा पूर्ण तप हुनसक्छ । यहाँ श्रीकृष्णका लीलालाई तीन पुरुषको शक्ति मानिन्छ । जस्तै :-

"कृष्ण कृष्ण सब कोई कहे,पर भेद नजाने कोय ।
नाम एक विध है सही,पर लीला तीन विध होय ॥
एक भेद वैकुण्ठका, दूजा है गोलोक ।
तीसरा धाम अखण्डका, कहत पुराण विवेक ॥"

श्रीकृष्णमा तीन पुरुषको शक्ति आयो । नाम एकै छ तर रूप भिन्नाभिन्नै अर्थात् कलेवर एकै तर शक्ति चाहिँ तीन पुरुषको आयो। जस्तै एघार वर्ष बाउन्न दिन अर्थात् बाललीलालगायत अखण्ड रास होइन्जेल पूर्णब्रह्म परमात्माको जोश वा शक्ति हो,त्यसपछि कंसवधलगाएत मथुराका राक्षसहरूको वध गरी पृथ्वीको भार हर्नुभयो, त्यो गोलोकको शक्तिद्वारा गरिएको लीला हो अनि उग्रसेनलाई राज्य दिलाएपछि जमुना नदीमा गई नुहाई-धुवाई गरेर जब श्रीकृष्णले शृङ्गार गर्नुभयो त्यहींदेखि श्रीकृष्णको जोश गोलोक फर्कियो । यसरी गोलोकको जोश गइसकेपछि मात्र श्रीकृष्ण शक्तिविहीन हुनुभयो र त्यसै बखतमा जरासन्धले मथुरा नगरीलाई घेरामा पाऱ्यो तब श्रीकृष्णले केही समय चिन्तित भएर वैकुण्ठवासी विष्णुको सम्झना गर्दा वैकुण्ठबाट भगवान् विष्णु आफ्ना

हतियार शंख,चक्र,गदा,पद्मसहित सारा शक्ति लिई श्रीकृष्णमा आई मिल्नुभयो । त्यसै समयदेखि श्रीकृण विष्णुमय हुनुभयो । महामति प्राणनाथजी आफ्ना वाणीमा यसरी भन्नुहुन्छ :-

"सारे अर्थ तब होवें सत, जो प्रकट लीला दोउ होवें इत ।
याही इण्डमें श्रीकृष्णजी भए,सो अग्यारे दिन व्रजमथुरा रहे ॥
दिन अग्यारे ग्वाला भेष, तिन पर नहीं धनीको आवेश ।
सात दिन गोकुलमें रहे, चार दिन मथुराके कहे ॥
गज मल्ल कंसको कारज कियो, उग्रसेनको टीका दियो ।
कारागृहमे दरशन दियो जिन, आए छुडाए बन्धसे तिन ॥
जब राजवागेको कियो सिनगार,तब बलप्राक्रम नरह्यो लगार ।
आए जरासन्ध मथुरा घेरीसही,तब कृष्णजीको अति चिंता भई ॥
यों याद करते आया बिचार ,तब कृष्ण विष्णुमय भए निरधार ।
तब वैकुण्ठमें विष्णु ना कहे, इत सोले कला सम्पूरन भए ।
या दिनथें भयो अवतार, ए प्रकट वचन देखियो विचार ॥ (तारतम सागर -प्रकाश)

सनत्कुमार संहिताले पनि यहाँ यसरी प्रष्ट्याएको छ :-

"कंसं जघान वासुदेवःश्रीकृष्णो नन्दसूर्नतु ।
द्वारिकायां ययौ विष्णुः कृष्णांशाद्यो जगत्प्रभुः ॥" -(सनत्कु.संहिता)

यहाँ के कुरा प्रष्ट हुन्छ भने, देवकीका गर्भबाट जन्म लिने र जरासन्धका साथमा युद्ध गरेदेखि द्वारिकाको लीला समाप्त गरी वैकुण्ठगमन गरेपर्यन्तका जो श्रीकृष्ण हुन्,ती विष्णु-कृष्ण मानिन्छन् । जुन श्रीकृष्णलाई वसुदेवले मथुरादेखि व्रजमण्डलमा ल्याए ती श्रीकृष्ण र मथुरामा गई कंस आदिको वध गर्ने कृष्ण गोलोकवासी श्रीकृष्ण हुन् । जुन श्रीकृष्णले व्रज र रासको प्रेममय लीला गरे ती कृष्ण भने अक्षरातीत पूर्णब्रह्म परमात्मको शक्ति (आवेश)युक्त श्रीकृष्ण हुन् । ती श्रीकृष्ण व्रजमण्डल छोडेर एकै पाइला पनि कहीँ गएनन् भनेर गर्गसंहिता यसो भन्दछ :-

"वृन्दावनं परित्यज्य पादमेकं न गच्छति"-(गर्ग सं.)

यस्ता प्रकारले जो प्रेममय लीला गरी ती दिव्य परमधामबाट आएका गोपीरूपी ब्रह्मात्माहरूलाई प्रेममय रसानन्दामृत पिलाउँदै प्रेमलीला समाप्त गर्ने पूर्णब्रह्म परमात्मा श्रीकृष्ण र उनका त्रिधा लीलालाई शास्त्रोक्त विधिले समेत प्रष्ट्याएर ती पूर्णब्रह्म परमात्मालाई श्रीकृष्णप्रणामी धर्म (निजानन्द सम्प्रदाय) मा इष्टदेव मानिन्छ ।

श्रीकृष्णप्रणामी धर्मका आद्य संस्थापक

निजानन्दाचार्य स्वामी श्रीदेवचन्द्रजी महाराज

निजानन्दाचार्य श्रीदेवचन्द्रजी महाराजको जन्म वि.सं. १६३८ आश्विन शुक्ल पक्ष चतुर्दशीका दिन तत्कालीन भारतकै मारवाड देशको उमरकोट भन्ने ग्राममा भएको हो । उहाँकी माताको नाम "कुँवरबाई" र पिताको नाम "मतु मेहता" हो मतु मेहता र कुँवरबाई अत्यन्त धर्मनिष्ठ दम्पति हुँदाहुँदै आधा उमेर बितिसक्ता पनि सन्तानको मुख देख्न नपाएर बडो चिन्तित हुनुहुन्थ्यो ।

एक दिन ध्यानावस्थामा कुँवरबाईले चन्द्रमा गोलो हुँदै नजिक आएर एउटा विम्ब भई आफ्ना मुखमा प्रवेश गरेको देख्नुभयो । ध्यान भंग भएपछि उहाँले यो घटनाको विवरण आफ्ना पतिदेवलाई सुनाउनुभयो । यो सुनेर मतु मेहताजीले जान्ने ज्योतिषीहरूलाई बोलाई त्यस घटनाको लक्षण र त्यसको अर्थ सोध्नुभयो ज्योतिषीहरूलें पनि राम्ररी हेर-केर गरेर "यो त बहुत उत्तम घटना रहेछ,अब तपाईंहरूले सन्तानको मुख हेर्न पाउनुहुनेभयो । त्यसमा पनि पूरै संसारलाई नै गति दिने महापुरुष तपाईंका पुत्रका रूपमा प्रकट हुने देखिन्छ, फरक प्रर्दैन"भने । नभन्दै दश महीनापछि त एक दिव्य पुरुषको जन्म भयो र मतु मेहताले अपार हर्षका साथ धेरै दान पुण्य गर्नुभयो । बालक शुक्ल पक्षका चन्द्रमाझैं बढ्दै जानुभयो । नामकरण–संस्कारमा पुरोहितले चन्द्र-विम्ब मुखमा प्रविष्ट भई गर्भ रहेको र चन्द्रमाले जस्तै संसारलाई शीतलता दिने बालक भनेर उहाँको नाम "देवचन्द्र" राखे ।

देवचन्द्र तीन चार वर्षका अवस्थामा वस्तु हेर्ने गोठाला केटाहरूसित खेल्न भनेर गौचरतिर जान्थे । गौचर छेउछाउ कति ठाउँ देवालयहरू र त्यहाँ विभिन्न देवता र देवीका मूर्तिहरू रहन्थे । त्यहाँ आश्चर्यजनक घटना के हुन्थ्यो

भने ती देव-देवीका मूर्तिहरू अन्य गोठाला बालकहरूले छुँदा केही हुँदैनथे तर देवचन्द्रले छुनासाथ जडबाट चेतन भई दिव्यरूपमा प्रकट भएर प्रणाम गरी अन्तर्ध्यान हुन्थे । यस्तो घटना देख्ने केटाकेटीहरू घर आएर आ-आफ्ना आमा-बाबुलाई सुनाउँथे तर कोही पत्याउँथे, कोही पत्याउँदैनथे, त्यस्तै हुने गर्दथ्यो । पाँच वर्षका उमेरमा देवचन्द्रलाई ब्रह्मजिज्ञासा हुन थाल्यो ।

(१) म को हुँ ? (२) कहाँबाट आएँ ? (३) यो संसार के हो ? (४) यो संसारलाई को बनाउँछ ? (५) संसारको नाश भएपछि आत्माको घर कुन रहन्छ ? (६) यो संसारलाई बनाउँने परमात्मासँग मेरो सम्बन्ध छ कि छैन ? इत्यादि जिज्ञासाले उहाँ दिनहुँ छटपटाउन थाल्नुभयो । पछि त्यस गाउँका मंत्रीका छोराको बिहेका बरियाँतका पछि लागेर आफ्ना आमा-बाबुका आँखा छली देवचन्द्र घर छोडेर कच्छ देशतिर लाग्नुभयो । बरियाँतका ऊँट घोडा इत्यादि सवारी थिए तर देवचन्द्र बालक पैदल.........। त्यसैले धेरै पछि पर्नुभयो र मरुभूमिबीच मध्य रातमा उहाँलाई हुनसम्मको आपत पऱ्यो । पेट पनि दुख्न थाल्यो र हिँडाइले गलेर पनि लखतरान हुनुभयो तैपनि हिँड्न छोड्नुभएन । त्यसवेला उहाँको उमेर सोह्र वर्ष सात महीनाको थियो ।

परमपिता परमात्मा, जसलाई खोज्न बालक त्यस्तो दुःख गरी हिँड्दै हुनुहुन्थ्यो, अकस्मात् त्यहीं प्रकट हुनुभयो । एउटा सिपाहीको रूप धारण गरी परमात्माले बालकको पीडा हरण गरेर पोको बोकिदिनुभयो र १४ कोस लामो बाटो एकै घण्टामा बात मार्दै हिँडाउनुभयो । पुरुष अन्तर्ध्यान भएपछि आफूले खोजेका परमात्मा भेटेर पनि न चिनेकामा देवचन्द्रलाई साह्रै पछुतो भयो ।

कायस्थ जातिका मतु मेहता एक व्यापारी पनि हुनुहुन्थ्यो र बराबर कच्छ देशको भोजनगर जानुहुन्थ्यो । एक पटक बालक देवचन्द्रजी पनि पितासित भोजनगर जानुभएको थियो र त्यहाँ महात्मा हरिदासलाई देख्नुभएको थियो । कच्छमा विभिन्न मत सम्प्रदायको अनुभव गर्दै र परमतत्त्व खोज्दै अन्त्यमा देवचन्द्र उनै महात्मा हरिदासका आश्रममा भोजनगर पुग्नुभयो । अन्यत्र कतै नअडिएको देवचन्द्रजीको मन श्रीहरिदासजीका सान्निध्यमा अडिन- सक्यो र त्यहीं सत्संग र सेवा गरी बस्न लाग्नुभयो । हरिदासजीले उहाँलाई दीक्षा-मंत्र प्रदान गरी शिष्य बनाउनुभयो । केही वर्षपछि सेवा अधिक गरे अब आफ्नै

घरमा बालमुकुन्दको मूर्ति लगेर सेवा गरी बसून् भन्ने सोची हरिदासजीले के मूर्ति निकालेर दिन खोज्नुभएको मात्र थियो मूर्ति नै गायब..........। मूर्ति हराएपछि महात्मा विचलित हुनुभयो र नभेटिञ्जेल उहाँले अन्न जल नै त्यागनुभयो । यो घटना देवचन्द्रजीले पनि थाहा पाउनुभयो र हरिदासजीलाई भन्नुभयो "मलाई नजुरेको होला ,तपाईंको यसमा केही दोष छैन ।" एक दिन राति अन्न जलविना दुर्बल भैसकेका हरिदासजी जब ध्यानमग्न हुनुहुन्थ्यो तव बालमुकुन्दजीले उहाँलाई दर्शन दिई भन्नुभयो-"हे हरिदासजी ! श्रीदेवचन्द्रद्वारा मेरो पूजा गराउनलाई तपाईं मूर्ति प्रदान गर्न खोज्दैहुनुहुन्छ तर यो हुनैनसक्ने कुरा हो । किनभने, देवचन्द्रजी त तपाईं हामी मात्र होइन, कूटस्थ अक्षरब्रह्मले पनि मान्नु र पुज्नुपर्ने, दर्शन पाएर कृतकृत्य हुनुपर्ने परब्रह्म,पूर्णपरमात्माकी सहजा शक्ति श्यामाजीका अवतार हुनुहुन्छ । उहाँबाट आफ्नो सेवा-पूजा गराउनु त होइन बरु हामीले उहाँको सेवा-पूजा गरेर जीवन सार्थक तुल्याउनुपर्छ । त्यसैले उहाँबाट पूजित हुन नपरोस् भनेर म अन्तर्ध्यान भएको हुँ । उहाँले नलिई मान्नुभएन भने श्रीबाँकेविहारीका वस्त्र दिएर मनाउनू ।" यसरी देवचन्द्रको वास्तविक परिचय पाएर हरिदासले देवचन्द्रलाई सम्पूर्ण विवरण बताउनुभयो र वस्त्रहरू दिई पूज्य भावले हेर्न थाल्नुभयो । अनि देवचन्द्रजी पनि आफ्नै घरमा बसी तिनै वस्त्रहरूको पूजामा तल्लीन रहन लाग्नुभयो । यतिञ्जेलमा देवचन्द्रका माता-पिता पनि भोजनगरमै बसाइँ सरिसक्नुभएको र माता-पिताका आग्रहले गर्दा उहाँको विवाह पनि लीलाबाई नामकी सुकन्यासित भैसकेको थिया।

प्रभुका सेवामा त्रुटि होला भनेर धर्म पत्नीलाई समेत सेवामा संमिलित हुन नदिई निष्ठापूर्वक सेवा-पूजा गर्दागर्दै एक दिन ध्यानावस्थामा श्रीदेवचन्द्रज्यू व्रजभूमिमा यशोदा माताका अगाडि पुग्नुभयो र "श्रीकृष्णजी कहाँ हुनुहुन्छ ?" भनेर सोध्न लाग्नुभयो । यशोदा माताले "बाच्छाहरू लिएर बनमा जानुभएको छ, भेट्न जाने भए अलिकति खाजा लिएर जानू र दुवै जना मिलेर खानू" भनी ढकने रुमालमा पोको पारेर दिनुभयो । देवचन्द्रलाई देख्ने बित्तिकै श्रीकृष्णले भन्नुभयो "अहो ! देवचन्द्रजी ! आउनुहोस्, दशौं कोससम्म गफ गर्दै पैदल हिँडेथ्यौं, हाम्रो आज फेरि भेट भयो, बसौं ।" देवचन्द्रजी आश्चर्यचकित भई "प्रणाम" गर्दै छेउमा गएर बस्नुभयो । त्यसपछि पोकाको ढकने सबैलाई बाँडेर आफूहरू पनि खान भनी पहिले मिष्टान्न श्रीकृष्णलाई दिनुभयो । ग्वालाहरूले

पनि त्यस्तै बनाएका थिए । श्रीकृष्णले दुई भाग मगाएर एक भाग स्वयंका लागि अनि अर्को श्रीदेवचन्द्रजीलाई दिनुभयो । त्यो मिष्टान्न खान लाग्दा यता श्रीदेवचन्द्रको ध्यान भंग भयो र आफ्नै घरमा ध्यानावस्थामा उहाँले आफूलाई पाउनुभयो तर आफूलाई भाग लगाएको ढकने भने आफ्नै अगाडि प्रत्यक्ष देख्नुभयो । त्यही प्रसाद महाप्रसादको रूपमा निजानन्द सम्प्रदायमा ग्रहण गर्ने चलन अद्यापि छँदैछ ।

कच्छ देशको भोजनगरमा यसरी केही वर्ष बसी श्रीदेवचन्द्रज्यू प्रत्यक्ष दर्शनको लालसा लिएर करीब १६६४ सालमा गुजरातको नवानगर (वर्तमान जामनगर) मा गई बसोवास गर्न लाग्नुभयो । गुजरात पनि एउटा धर्मक्षेत्र नै मानिन्थ्यो र त्यसवेला "श्यामजी" नामका एक मन्दिरमा विद्वान् भागवतवक्ता "कान्हजी" भट्टद्वारा वर्षौंदेखि नियमित श्रीमद्भागवतको कथा चलिरहेको थियो। श्रीदेजचन्द्रज्यूलाई आन्तरिक प्रेरणा भयो "तिमी पनि यस कथालाई निष्ठापूर्वक सुन ।" प्रेरणानुसार उहाँले दृढ भागवतव्रती बनी श्रवण-कार्य शुरु गर्नुभयो । नाना प्रकारका विघ्न-वाधा र संकटापन्न स्थिति आइलाग्दा पनि उहाँले नियमित श्रवणलाई खण्डित हुन दिनुभएन । एक दिन त के ? एकै श्लोकको पनि श्रवण छुटाउनुभएन । चौध वर्ष पूरा हुने बेलामा सन्निपातको बिमारीका कारणले उहाँ कतिसम्म कमजोर हुनुभयो भने कथा स्थलमा जान-आउन पनि हम्मे पर्नथाल्यो तैपनि लौरो टेकेर जाने-आउने क्रम जारी राख्नुभयो ।

यसरी निष्ठापूर्वक पूरा १४ वर्ष श्रीमद्भागवत तत्त्वसहित सुनेपछि १४ वर्ष पूर्ण भएकै दिन वि.सं. १६७८ मा कथामण्डपमै पूर्णब्रह्म परमात्मा अनादि अक्षरातीत धामधनीले श्रीकृष्णका रूपमा देवचन्द्रका अगाडि प्रार्दुभाव भई दर्शन दिनुभयो । दर्शन पाएर देवचन्द्र भावविभोर हुनुभयो र एकोहोरो हेरेको हेर्‍यै हुनुभयो । श्रीकृष्णंले केही प्रश्न राख्नुभयो "तिमी को हौ ? तिमी कहाँबाट र किन आएका हौ ? यो संसार के हो ? मलाई चिन्छौ ?" इत्यादि र देवचन्द्रले "हजुर मेरा स्वामी हुनुहुन्छ यति जान्दछु, अरू केही जान्दिनँ" भन्ने छोटो उत्तर दिनुभयो । त्यसपछि श्रीकृष्ण परमात्माले "तिमी परमधामकी आत्मा सुन्दरबाई हौ, मेरी सहजा शक्ति श्यामाजीको आवेश पनि तिमीमा छ, संसारमा खेल हेर्न आएका ब्रह्मात्माहरूलाई जगाई परमधाम फर्काउन मैले तिमीलाई यहाँ पठाएको हुँ । अब यस महामंत्रद्वारा तिमीले ती सारा आत्माहरूलाई जागृत गरी मूलघर-

परमधाममा फर्काउनुपर्नेछ ।" यसो भनी अत्यन्त दुर्लभ श्रीमत्तारतम महामंत्र प्रदान गर्नुभयो । यो अक्षरातीत परमधामको साक्षात्कार गराउने तारतम महामंत्र प्राप्त भएपछि श्रीदेवचन्द्रज्यूलाई साँच्चै दिव्य परमधामको साक्षत्कार हुनथाल्यो ।

श्रीदेवचन्द्रको दर्श दियो, जो है पूरण रूप ।
तारतमको तत्त्व कह्यो ,हिरदे बैठी स्वरूप ॥

यसप्रकार श्रीकृष्ण परमात्माको आज्ञानुसार श्रीदेवचन्द्रजी परमधामका ब्रह्मात्माहरूलाई जागृत गराउन थाल्नुभयो ।

तब श्रीमुख वचन कहें प्राणनाथ,ढूंढ काढना अपना साथ ।
माया मिने आई सृष्ट ब्रह्म, सो बुलावन आए हैं हम ॥
- (प्रकाश हि. ३७/७६)

श्रीदेवचन्द्रजीका प्रथम शिष्य बन्ने सौभाग्य जामगरकै गाँगजी भाइले पाउनुभयो । वार्ताका क्रममा गाँगजी भाइले "भागवत-श्रवणका समयमा हामी सँगै बस्थ्यौं, सुन्थ्यौं र मलाई त यस जागृत ज्ञानमा विश्वास भयो तर सर्वसाधारणलाई कसरी विश्वास होला ? जो घोर संसारी भएर काम, क्रोध, लोभ र मोहरूपी भवसागरमा चुर्लुम्म डुबेका छन्,कसरी तिनलाई परमधाम फर्काउन सकिएला ?" भनी प्रश्न गर्दा श्रीदेवचन्द्रजीले भन्नुभयो - "आत्माहरूलाई जागृत र प्रेरित गर्नका लागि स्वयं श्रीकृष्ण प्रकट हुनुहुन्छ अनि चारैतर्फ अलौकिक ज्ञानको प्रकाश फैलिनेछ । जो-जो आत्मालाई प्रियतम परमात्माको दर्शन हुन्छ उनीहरूले अरूलाई पनि परमात्मासँग साक्षात्कार गराउन सक्छन् । यसरी यी लीलाहरूबाट आकृष्ट भएका व्यक्तिहरू ब्रह्मज्ञान सुन्न लाग्नेछन् अनि जब अखण्ड परमधामको दर्शन गराउने ब्रह्मवाणीद्वारा शास्त्रका रहस्यहरू प्रकट हुन्छन् तब ती संकेतहरूलाई स्पष्ट र प्रत्यक्ष भएको थाहा पाएर ब्रह्मात्माहरू जागृत हुनेछन् ।"

जबश्रीदेवचन्द्रजी दिव्य परमधामको चर्चा-कथा गर्नुहुन्थ्यो तब सुन्दरसाथहरूलाई धामका महलहरू, वन, जमुनाजी आदिको अलौकिक दर्शन हुन्थ्यो । व्रजको वर्णनमा साक्षात् व्रजलीलाको दर्शन हुन्थ्यो । हजारौंका संख्यामा त्यहाँ मानिसहरू आउन थाले र तारतम ज्ञानद्वारा ब्रह्मानन्द-रहस्य संझिन थाले तारतम ज्ञानबाट मात्र आत्माको वास्तविक स्वरूप र परमात्मासँगको आफ्नो

सम्बन्धको ज्ञान हुन्छ र परमधामका सबै संकेतहरू स्मृतिमा आउँछन् भनेर वाणीमा यसरी भनिएको छ :-

तब बानीको करसी बिचार, सब माएने होसी निरवार ।
तब आवसी ब्रह्म सृष्ट, जाहेर निसान देखसी दृष्ट ॥
ए बंधेज कियो उत्तम, पर धामकी निध सो कही तारतम ।
जिन सेती होवे पेहेचान, नजरों आवे सब निसान ॥

- (प्र.हि.३७/८८/८९)

श्रीदेवचन्द्रका माता-पिता र धर्मपत्नीका अतिरिक्त एक पुत्र "विहारीजी" र पुत्री "जमुना" पनि भएका थिए । श्रीदेवचन्द्रजी आफ्नो शेषपछि जागनी अभियान अघि बढाउने उत्तराधिकारी को बन्ला ? भनेर चिन्तित हुनुहुन्थ्यो । श्रीदेवचन्द्रजीको शिष्य भएपछि गाँगजी भाइले आफ्नै घरमा ब्रह्म-चर्चाको व्यवस्था गरिदिए । त्यहाँ धेरै चामत्कारिक घटनाहरू हुन्थे जसले गर्दा सुन्दरसाथको संख्या बढ्न थाल्यो । सद्गुरुले विचार गर्नुभयो "ब्रह्मात्माको संख्या बढ्दै छ तर तिनीहरूलाई जागृत गराएर स्वतन्त्र परमधामको अनुभव गराउनका लागि तारतम ज्ञानद्वारा नै प्रचार गर्नुपर्छ । यसका लागि यो गृहस्थको घर सार्नुपर्नेछ । तसर्थ एउटा स्वतन्त्र धर्मपीठको स्थापना गर्नुपर्दछ ।" यसरी धर्मपीठको स्थापना गर्ने ठानेर उहाँले शहरका छेउमा एक बगैंचामा आफ्नै हातले मन्दिर बनाई वि.सं. १६८७ को कार्तिक महीनामा धर्मपीठको स्थापना गर्नुभयो । त्यही धर्मपीठ आज "श्रीकृष्णप्रणामी धर्मको आद्य धर्मपीठ, श्री५ नवतनपुरी धाम"का नामले प्रसिद्ध छ । यसको वर्णन मन्दिर प्रकरणमा आउनेछ । समय-क्रमसँगै उहाँबाट ३१३ आत्माहरू तारतम ज्ञान प्राप्त गरी जागृत भैसकेका थिए । जसमध्ये प्रमुख शिष्य हुनुहुन्थ्यो महामति प्राणनाथजी ।

श्रीदेवचन्द्र र श्रीप्राणनाथजीको पहिलो भेट वि.सं. १६८७ मंसीर शुक्ल नवमीका दिन भएको हो । प्राणनाथका दाइ गोवर्द्धनजीले पहिले नै सद्गुरुको शिष्यत्त्व ग्रहण गरिसक्नुभएको रहेछ र उपर्युक्त मितिमा सद्गुरुकै आज्ञानुसार आफ्ना भाइलाई लिएर सद्गुरुसामु उपस्थित गराउनुभएछ । महामति प्राणनाथको बाल्यकालको नाम "मेहेराज ठाकुर " थियो । बाह्र वर्षका मेहेराज ठाकुरले सद्गुरुलाई झुकेर प्रणाम गर्दा उहाँका गोजीबाट ६९ चिठ्ठीहरू भुइँमा

झरे । ती चिट्ठीहरू अघि श्रीदेवचन्द्रजीले आफ्ना उत्तराधिकारी को हुने ? भनेर सोचेका अवस्थामा बेला-बेला लेखेर सिरानीमुनि राख्दै आउनुभएको थियो । अन्य भक्तजन त्यसबेला छक्क परे भने श्रीदेवचन्द्रजीले चाहिँ मनमनै आफ्ना उत्तराधिकारी यिनै हुन् भनी ठहर गर्नुभयो र सहर्ष तारतम महामन्त्र-दीक्षा प्रदान गर्नुभयो ।

सद्गुरु श्रीदेवचन्द्रजी र महामति श्रीप्राणनाथजी २५ वर्षसम्म सहयात्रामा एउटै उद्देश्य लिएर अघि बढ्नुभयो । श्रीदेवचन्द्रजी श्रीप्राणनाथ (जो परमधामकी इन्द्रावती सखी हुनुहुन्थ्यो) लाई जागनीको सम्पूर्ण दायित्व सुम्पेर वि.सं. १७१२ मा स्वयं पनि आत्मारूपमा श्रीमेहेराजमै समाहित हुनुभयो ।

* * * *

महामति श्रीप्राणनाथजी

विक्रमको सत्रौं शताब्दीका उत्तरार्धमा महानतम विभूतिका रूपमा महामति श्रीप्राणनाथजी यस धराधाममा अवतरित हुनुभयो । मध्ययुगीन भारतीय इतिहासका प्रख्यात समाजसुधारक महामति प्राणनाथको व्यक्तित्व र कृतित्व सर्वतोभावेन पूजनीय र अनुकरणीय छ । उहाँको आविर्भावका समयमा समग्र भारतवर्ष पतनोन्मुख थियो । त्यो काल मुगल-शासनको उत्कर्षकाल थियो तत्कालीन मुगल-शासक औरंगजेबको कट्टर मुस्लिम धर्मान्धता तथा हिन्दूविरोधी नीतिले गर्दा त्यहाँ हिन्दू जनतासमक्ष आफ्नो धर्म, सांस्कृतिक गौरव तथा आफ्नो अस्मितामाथि नै ठूलो चुनौति उत्पन्न भएको थियो । हिन्दूहरू जबरजस्ती मुसलमान बनाइन्थे । हिन्दू धार्मिक स्थल र आस्था- केन्द्रहरूलाई सुनियोजित रूपमा विखण्डित र अपवित्र पारिन्थ्यो भने यता हिन्दू प्रजामा पनि साम्प्रदायिक र जातीय भेदभाव अनि रूढीयुक्त अधर्मलाई नै धर्म मान्ने चलनले एकताको ठूलो अभाव थियो । जब मानिसहरूका दुष्कर्मबाट मानवताकै स्वरूप विग्रिन्छ तब उसको सत् स्वरूपलाई पुनः प्रतिष्ठित गर्न कुनै समयमा ती शक्तिहरू भगवान् विष्णुको अवतारको रूपमा अवतरित भई गीताको “यदा यदा हि ......” वचनलाई पूरा गर्दछन् भने कुनै समयमा पूर्ण परमात्माका यी शक्तिहरू आवेशरूपमा सीधा भूतलमा प्रकट हुन्छन् । यसै सिलसिलामा पूर्णब्रह्म परमात्माका आवेशले यस धर्तीमा सद्‌गुरु श्रीदेवचन्द्रजी तथा महामति श्रीप्राणनाथजीका रूपमा आई परमधामको दिव्य सन्देश एवं परब्रह्मको स्वरूप चिनाउने महत्त्वपूर्ण कार्य गऱ्यो । तदनुसार नै ब्राह्मी शक्तिको अवतरण हुने गर्छ ।

वि.सं. १६७५ आश्विन कृष्ण चतुर्दशीका दिन श्रीप्राणनाथजीको जन्म गुजरातको नवानगर (वर्तमान जामनगर) मा भएको हो । उहाँकी माताको नाम

"धनबाई" र पिताको नाम "केशव राय ठाकुर" थियो । जन्मको लग्न हेरेर ज्योतिषीहरूले "सूर्यले संसारलाई उज्यालो पारेजस्तै यिनीद्वारा पनि संसारभरि ज्ञानको ज्योति फैलिने संयोग छ" भनी उनको नाम "मेहेराज" राखिदिएका थिए । तर पछि महान् बुद्धि भएका र कैयौं धर्मप्राण जनताको उद्धार गरी प्राणनाथ हुनुभएकाले उहाँ "महामति प्राणनाथ" नामले प्रख्यात हुनुभयो । पिता केशव राय तत्कालीन जामनगर राज्यका मंत्री हुनुहुन्थ्यो र उहाँका पाँच भाइ छोराहरूमध्ये मेहेराज काँइला हुनुहुन्थ्यो ।

साइँला दाजु गोवर्द्धन ठाकुर श्रीनिजानन्द स्वामी श्रीदेवचन्द्रजीको शिष्य भई दैनिक सत्संग चर्चामा जानुहुन्थ्यो । दाजुका सत्संग-चर्चाका कुरा सुनेर मेहेराज पनि आफूलाई त्यहाँ लैजान आग्रह गर्नुहुन्थ्यो । पछि भाइको प्रवल इच्छा देखेर दाजुले सद्‌गुरुजीसित दर्शनार्थ भाइलाई ल्याउने अनुमति मागदा सहर्ष पाउनुभयो र वि.सं. १६८७ मार्ग शुक्ल नवमीका दिन सद्‌गुरुसँग मेहेराजको भेट भयो । त्यस समय मेहेराजको उमेर बाह्र वर्षको थियो । महामति प्राणनाथ र सद्‌गुरु श्रीदेवचन्द्रजीको प्रथम मिलनका विषयमा स्वामी व्रजभूषणजीले लेख्नुभएको छ :-

उपर बारह वर्षके, दशदिन अरु द्वै मास ।
आइ धनीसों तब मिले, लखी वासना खास ॥
(वृत्तान्तमुक्तावली ३७-६१)

श्रीमेहेराजले सद्‌गुरुलाई दण्डवत् प्रणाम गर्दा उहाँका खोकिला बाट तिनै ६९ चिठीहरू भूइँमा झरेका थिए जुन श्रीदेवचन्द्रजीले आफ्ना कुशल उत्तराधिकारीका सम्बन्धमा बेलाबेला लेख्दै सिरानीमुनि राख्नुभएको थियो । यसरी सद्‌गुरु श्रीदेवचन्द्रले श्रीमेहेराजलाई परमधामकी इन्द्रावतीको आत्मा भएको पनि परख गर्नुभयो । जागनीलीलाको पूर्ण दायित्ववहन गर्ने सामर्थ्य श्रीमेहेराजमा भएको निश्चय गरी सद्‌गुरुले आफ्नो जीवनभरिको धर्म, दर्शन र आध्यात्मिक साधनाको पूँजी (कडी) श्रीमेहेराजलाई सुम्पनुभयो र तारतम ज्ञानद्वारा संसारमा फैलिएको सबै धर्मको शुद्धरूप हेर्ने दृष्टि समेत दिनुभयों ।

श्रीइन्द्रावतीकी वासना जागृत भइन् भनेर श्रीदेवचन्द्रलाई अपार आनन्द लाग्यो भने उता श्रीमेहेराजजीलाई सद्‌गुरुको साक्षात्कार र दीक्षा-प्राप्तिपछि

अपार वैराग्य प्राप्त हुनथाल्यो । त्यसपछि दाइ गोवर्द्धन र मेहेराज दुवै गुरु-सेवामा समर्पित भई सत्संग-चर्चामा मग्न हुनथाले ।

समयक्रममा वि.सं. १७०० मा दाइ गोवर्द्धनको देहान्त हुँदा । भ्रातृवियोगले खिन्न भएका महामतिलाई सान्त्वना दिँदै सद्गुरुले "तिम्रा काम संसारमा धेरै छन्, साकुण्डल र साकुमार सहित धेरै ब्रह्मात्माहरू लाई जगाई धामतिर फर्काउनु छ" भनी वि.सं. १७०३ मा केही लौकिक काम दिएर अरब देशमा पठाउनुभयो । सद्गुरुका प्रथम शिष्य गाँगजी भाइका दाजु खेताभाइ पहिलेदेखि नै व्यापारको क्रममा अरब गएका रहेछन् । चालीस दिनको यात्रापछि श्रीमेहेराज खेताभाइकहाँ पुग्नुभयो तर खेताभाइको वहाँ नै देहान्त भयो । खेताभाइको कारोबार धेरै फैलिएको थियो त्यसैले श्रीमेहेराज पाँच वर्षसम्म अरबमा रहनुभयो । खेताका व्यापारको दोषयुक्त सम्पत्तिले मेहेराज लाई कष्ट पनि दियो । सद्गुरुले मेहेराजलाई प्रत्यक्षरूपमा लौकिक काम दिएर अरब पठाउनुभए पनि परोक्षरूपमा पाँच वर्षसम्म अरबमा रहँदा उहाँ लाई इस्लाम धर्मदर्शन र अरबी संस्कृतिको बारेमा निकटतापूर्वक जान्ने अवसर प्राप्त भएको थियो । वि.सं. १७०८ मा मेहेराज अरबबाट फर्कनुभयो ।

श्रीमेहेराजले वि.सं. १७१० देखि जामनगरको नजिकै धरोल राज्यमा मन्त्री पद सम्हाल्नुभयो । वि.सं. १७१२ मा सद्गुरु देवचन्द्रजी धाम जाने तयारीमा लाग्नुभयो र उहाँले मेहेराजलाई बोलाउनुभयो । मेहेराज राजकाज छोडेर सद्गुरुसामु आइपुग्नुभयो र बाईस दिनसम्म सँगै रहनुभयो । श्रीदेवचन्द्रजी उहाँलाई तारतम ज्ञानद्वारा ब्रह्मात्माहरूलाई अज्ञान-अन्धकार बाट जगाउने कार्यभार सुम्पिएर वि.सं. १७१२ भाद्र शुक्ल चतुर्दशीका दिन देहत्याग गरी आत्मारूपमा उहाँमै समाहित हुनुभयो ।

सद्गुरुको देहत्यागपछि शून्यताको आभास भयो, त्यसैले श्रीमेहेराज र सबै सुन्दरसाथहरू गुरुपुत्र श्रीविहारीजीलाई चाकला मन्दिरमा गादी-आसीन गराई पुनःसत्संग-धर्मचर्चाद्वारा सुन्दरसाथको जागनी गर्ने कार्यमा अघि बढ्नु भयो । त्यसपछि श्रीमेहेराज राजकाजका साथै धर्मप्रचारमा समानान्तर रूपले लाग्नुभएको पाइन्छ ।

श्रीविहारीजी संकुचित र संसारी विचारका साथसाथै कठोर स्वभावका थिए भने श्रीमेहेराज शान्त, सरल, नम्र, सद्व्यवहारयुक्त, सहनशील र प्रखर तेजयुक्त हुनुहुन्थ्यो त्यसैले सबै सुन्दरसाथको प्रिय पात्र भई आफ्ना सद्गुरु श्रीनिजानन्द स्वामीले सुम्पिएको जागनीको कार्यभार कुशलतापूर्वक निर्वाह गर्दैरहनुभयो ।

श्रीमेहेराजजी सद्गुरुको वार्षिक तिथिमा मेला गर्ने उद्देश्यले आवश्यक सामग्री जम्मा गर्न थाल्नुभयो । वस्त्र-आभूषण आदि लगायतका सामग्रीहरू किन्नमा आफ्नो धेरै पूँजी समेत अन्य सुन्दरसाथहरूबाट पनि सहयोग प्राप्त भएको थियो तर यस पवित्र कार्यमा वाधा पऱ्यो । परमात्माले नै कुनै अर्कै ठूलो कार्य सम्पन्न गराउनु थियो होला । कुनै एक व्यक्तिका गलत सूचनाका कारण सावलिया र उद्धवजीसहित श्रीमेहेराजले नजरबन्द रहनुपऱ्यो । राजा युद्धका कारण बाहिर थिए, बिना पेशी र सुनुवाइ यो स्थिति लम्बियो ।

यस घटनाबाट श्रीमेहेराजले कटु अनुभव गर्नुभयो र श्रीराजजीसँग प्रार्थना गर्नुभयो "हे प्रियतम ! मैले त सुन्दरसाथका लागि एक शुभ कार्यको भार उठाएको थिएँ, आफ्नो परिश्रम र सुन्दरसाथहरूको सहयोगबाट गरिने यस कार्यमा विफलता किन ?" यसरी पुकार गर्दा गर्दै त्यही कारागारमा पूर्णब्रह्म परमात्मा, श्रीराजजीको शक्ति एवं स्वयं सद्गुरु महाराज उहाँका हृदयमा विराजमान हुनुभयो र परमधामका दिव्य वाणी श्रीमेहेराजजीका मुखारविन्दबाट कर्णप्रिय मधुर र आवेशपूर्ण स्वरले प्रकट गराउन थाल्नुभयो । उक्त अमृतमय जोशयुक्त वाणी अवतरणका समयमा चारै दिशा प्रकाशमय र गुञ्जायमान् भए । यो सुनी रानीहरू आश्चर्य-चकित भई हेर्न आउँदा उनीहरूलाई समेत प्रत्यक्ष त्यहाँको वाणी-अवतरणको लीला र साक्षात् परमात्माको लीला समेत अलौकिक-दर्शन प्राप्त भयो । धन्य ती रानीहरू ! राजा राजधानी फर्किएपछि एकातिर साधक र धर्मप्रचारकलाई कैद गरिएको र अर्कातिर एक वर्षसम्म त्यसको खबरसम्म नलिएकोमा रानीहरूले क्षोभ व्यक्त गरे । त्यसपछि राजाले श्रीमेहेराजसमक्ष क्षमा मागी "जूनागढमा गाउँ बसाई आनन्दपूर्वक रहनू" भनी ससम्मान बिदा गरे ।

श्रीमेहेराज नजरबन्द हुनुभएको जामनगरस्थित उक्त "हब्सा" को नाम त्यसपछि "प्रबोधपुरी" रहन गयो । त्यहाँ श्रीमेहेराजका मुखारवि न्दबाट कार्य-कारण मिलाई श्रीराजजीले श्रीरास, प्रकाश, षट्ऋतु र कलशका केही चौपाई अवतरिंत गर्नुभयो । ती वाणीलाई बन्दी गृहमा भाइ सावलियाजी एवं उद्धवजीले तत्कालै पहिले भित्तामा र पछि कागजमा अक्षरशः उतार्नुभयो ।

वि.सं. १७१५ मा श्रीमेहेराज जूनागढमा नयाँ गाउँ बसाएर करीब २ वर्ष सम्म रहनुभयो । त्यहाँ एउटा " कान्हजीभाइ " भन्ने साथी पनि रहन्थे जो त्यहाँका एक अद्भुत विद्वान् पण्डित हरजी व्यासका सेवक थिए । श्रीप्राणनाथजीका संपर्कमा आएपछि ती व्यास लगायत उनका सयकडौं शिष्यहरूको जागनी भयो ।

त्यसपछि वि.सं.१७२० मा श्रीमेहराजजी जाम राजाको आग्रहअनुसार पुनः मन्त्री-पद सम्हाल्दै छिमेकी राज्यसँग मध्यस्थता गर्न जानुभयो । केही समयपछि राजनीतिबाट खिन्न भई उहाँले पूर्णरूपेण बाँकी जीवन सद्गुरुद्वारा सुम्पिएका तारतम ज्ञानको प्रचार र जागनी-कार्यमा समर्पण गर्नुभयो ।

महामति श्रीप्राणनाथजी धर्म-प्रचारार्थ जामनगरबाट दीवबन्दर, लाठीबन्दर ,ठट्टानगर आवासीबन्दर आदि स्थानहरूमा जागनी-भ्रमण र मुसलमान्द्वारा बन्दी बनाएका धर्मप्राण आत्माहरूको उद्धार गर्दै ठट्टानगर आइपुग्नुभयो । यसै क्रममा विद्वान् लक्ष्मण सेठ (लालदासजी महाराज) समेतको जागनी भयो ।

महामति श्रीप्राणनाथका समकालीन श्रीलालदासजी महाराज महामतिका सबैभन्दा प्रिय शिष्य हुनुहुन्थ्यो । उहाँ महामतिका साथ धर्माभियानमा आजीवन साथै रहनुभयो । त्यसैले उहाँले महामतिको दिनचर्या र धर्माभियानका बारे तत्कालै (जीवनकालमै) एक जीवनवृत ग्रन्थ लिपिबद्ध गर्नुभयो । यसैले यो श्रीकृष्णप्रणामी-वीतक ग्रन्थ प्रामाणिकछ भनेर मानिन्छ । त्यसै ग्रन्थले महामतिको धर्माभियानका साथसाथै युगको समेत चित्रण गरेको छ । सबै महापुरुषहरूका वाणी र जीवनचरित्र-चित्रणका विषयमा यस्तो संयोग पाइँदैन ।

महामति श्रीप्राणनाथ त्यसपछि सूरत, अहमदाबाद, मेरता आदि हुँदै दिल्ली पुग्नुभयो । त्यहाँको मुगल-सत्ता मुस्लिम धर्मान्धताले ग्रस्त थियो । ऊ हिन्दू र हिन्दू-संस्कृतिका विरुद्ध कठोर रवैया अपनाउँदै थियो । स्वामी

श्रीप्राणनाथजीले मुगलद्वारा मन्दिर भत्काएका कुराको पनि उल्लेख गर्नुभएको छ। जस्तै :-

चित दे एक चुनावहीं, हिन्दू आदके आद ।
सो जोरावर ढहावहिं, कहे हमे होत सवाब ॥

हिन्दूहरू चित्त दिएर पूर्वजहरूको स्मृतिमा मन्दिर बनाउँथे । मुसलमानहरू त्यसलाई जोड लगाएर भत्काउँथे अनि भन्दथे हामीले पुण्य गर्यौं।

त्यहाँ महामतिले पुराण र कुरानको समेत व्याख्याद्वारा रूढीवाद, धर्मान्धता, हिंसा र अत्याचार छोडी सहिष्णु हुन बाद्शाहलाई डटेर चुनौति दिनुभयो ।

पशु हिंसा सब छोडिकै, गोबध नहिं कीजै ।
असुर दंड प्रचंड जे, शिक्षा तिन दीजै ॥
आपनो ग्रन्थ कुरान जो, शिक्षा तिन लीजै ।
जग जाहिर करि इस्कको, रस हिलिमिलि पीजै ॥

-(वृतान्त मु: ५१।४९,५०)

औरंगजेब प्रभावित त भयो तर राज्य सत्ताको मोह र डरले गर्दा मति फिराउन सकेन। त्यसपछि औरंगजेब दक्षिण भारत गएको पाइन्छ। यहाँ दिल्ली छोडेर दक्षिण भारत गएपछि त्यस विषयमा औरंगजेबले आफ्ना छोरालाई लेखेको चिठी उल्लेखनी छ :-

"साहब मेरे घर आए, लेकिन मेरी अन्धी आँखोंने उनके नूरको नदेखा ।"

(हिस्ट्री अफ औरगंजेब भाग ५)

त्यसै बीच हरिद्वारमा कुंभ मेलाको पर्व आयो । महमतिले संप्रदाय, वर्ण, वर्ग, जाति, छुवाछूत आदि रूढीवादमै अल्झिरहेका सबै हिन्दू-समाजलाई सत्य धर्मको वास्तविक मार्गमा ल्याएर एक सूत्रमा बाँध्ने अभियानका लागि यस्तो अवसर गुमाउन चाहनुभएन । धर्मका नाममा धाँधली भइरहेको अवस्था र एकेश्वर परब्रह्म परमात्माको उपासना छाडेर असंख्य देवी-देवता र मूर्तिपूजालाई नै धर्म ठानिरहेका र गूट-गूटमा बाँडिएर असक्त भइरहेका हिन्दू समाजलाई महामतिले एकेश्वर-उपसनाको मार्ग देखाएर एकत्रित र

संगठितरूपमा ल्याउने अभिप्रायले हरिद्वारको कुम्भ मेलामा सामेल हुन उचित सम्झनुभयो । हिन्दू समाजभित्र पनि एक अर्काको विरोध, रूढीग्रस्त जातीय भेदभाव र छुवाछूतको अमानवीय प्रथाका कारणले नै विदेशी सत्ता र विधर्मीहरू स्थापित हुन सकेको महामतिको ठहर थियो ।

वि.सं. १७३५ को हरिद्वारको कुम्भ मेला के कारणले पनि प्रसिद्ध छ भने ! त्यहाँ सबै धार्मिक संप्रदायहरू रामानुज, माध्व, निम्बार्क, विष्णुस्वामी, दशनामी सन्यासी, षट्दर्शनी आदि अनेक संप्रदायका आचार्यहरू एवं साधु-सन्तको उपस्थितिमा महामति प्राणनाथले अत्यन्त शान्त र प्रेमपूर्ण वातावरण बनाएर धर्म-दर्शन बारेमा धर्मचर्चा र शास्त्रार्थ गर्नुभयो । उहाँले एक ब्रह्म-उपासनाका बारेमा बताउँदै र "सुख शीतल करूँ संसार" को आह्वान गर्दै धार्मिक एकताको अनुपम मार्गतर्फ सारालाई चेतनशील बनाउनुभयो । अन्ततः उहाँको ब्रह्मज्ञान-चर्चाबाट प्रभावित भई विभिन्न धर्माचार्य साधु-सन्तको विशाल समाजले महामति प्राणनाथलाई "विजयाभिनन्द बुद्ध निष्कलंकावतार" पदले विभूषित गरो हरिद्वारको जुन स्थलमा उपर्युक्त उपाधिले विभूषित गरी महामतिलाई आरती गरियो, त्यो स्थल अहिले पनि "ब्रह्मचवूतरा"नामले प्रख्यात छ। त्यसै समयदेखि विजयाभिनन्दको शाकासम्बत पनि चलेको पाइन्छ । हरिद्वारको त्यस चवूतरामा महामतिका सम्मानमा निम्नानुसारका मतालम्बीहरूले आरती गरेको प्रसंग उल्लेख छ जस्तै :-

आए नवनाथ चौरासी सिध, बरस्या नूर सकल या विध ।
इत आए बुद्धजी ऐसी किध, भई नईं रे नव खण्डों आरती ॥
आए चारों सम्प्रदाके साधुजन, चार आश्रम और चार वरन ।
चारों खूटोंके गावते गुन, भई नईं रे नव खण्डों आरती ॥
आए गच्छ चौरासी जो अरहंती, दत्तजी दशनामी जो महंती ।
आए करमउपासनी वेदांती , भई नईं रे नव खण्डों आरती ॥
आए षट्दरशनी षट्शास्त्र भेदी,बहत्तर फिरके आए अर्थवन वेदी ।
आए सकल कैदी और बेकैदी, भई नईं रे नव खण्डों आरती ॥
बुद्धजीकी जोतें कियो प्रकाश, त्रैलोकीकी तिमरको कियो नाशा ।
लीला खेले अखण्ड रास विलास, भइ नईं रे नव खण्डों आरती ॥

यसरी आरती हुनुभन्दा अघि महामतिले शास्त्रार्थका समयमा आफ्नो सिद्धान्तको परिचय यस प्रकारले दिनुभएको उल्लेख छ । जसलाई सबैले मान्यता दिई स्वीकार गरेका थिए । सो सिद्धान्त यस प्रकार छ :-

सतगुरु ब्रह्मानन्द है, सूत्र है अक्षर रूप ।
शिखा सदा इनसे परे, चेतन चित जो अनूप ॥१॥
सेवन है पुरुषोत्तम, गोत्र चिदानन्द जान ।
परम किसोरी इष्ट है, पतिव्रता साधन मान ॥२॥
श्री जुगल किशोरको जाप है, मन्त्र तारतम सोय ।
ब्रह्मविद्या देवी सही, पुरी नवतन मम जोय ॥३॥
अठोत्तर सौ पख शाखा सही, शाला है गोलोक ।
सतगुरु चरणको क्षेत्र है, जहाँ जाय सब सोख ॥४॥
सुख विलास नित्य वृन्दावन, ऋषि महाविष्णु है जोय ।
वेद हमारो स्वसं है, तीरथ यमुना सोय ॥५॥
शास्त्र श्रवण श्रीभागवत, बुद्धि जागृतको ज्ञान ।
कूल मूल हमारो आनन्द है, फल नित्य विहार प्रमान ॥६॥
दिव्य ब्रह्मपुर धाम है, घर अक्षरातीत निवास ।
"निजानन्द" है सम्प्रदा, ये उत्तर प्रश्न प्रकाश ॥७॥
श्रीदेवचन्द्रजी निजानन्द, जिन प्रकट करी सम्प्रदा येह ।
तिनथें हम यह लखी हैं, हम द्वार पावें अब तेह ॥८॥

महामति श्रीप्राणनाथ यसरी "विजयाभिनन्द बुद्ध निष्कलंकावतार" को उपाधिले विभूषित भएपछि हजारौं साधु, सन्त-महन्त आदिले प्राणनाथको शिष्यत्व ग्रहण गरे जसमध्ये श्रीपुरुषोत्तमदास महात्मा, श्रीकमलदास महात्मा, श्रीलच्छीदास महात्मा आदि लगायत धेरै नेपाली सन्तहरूको पनि उहाँबाटै जागनी भएको पाइन्छ ।

महामतिको धर्मोपदेशमा के विषेशता थियो भने-जुन धर्म वा मतावलम्बी उहाँको उपदेशमा भाग लिन्थ्यो उसलाई उसैको धर्म-ग्रन्थद्वारा वास्तविक अर्थ बताएर धर्मको स्वरूप सम्झाउनुहुन्थ्यो । उहाँले मुसलमानलाई साँच्चो मुसलमान र हिन्दूलाई साँच्चो हिन्दूको परिभाषाद्वारा ईश्वरीय ज्ञान अवगत

गराउनुभयो । उहाँले असल मानिसको परिचय धर्म, जाति, वर्ण, रूप आदिबाट होइन, गुण, प्रेम, सद्भावना र निर्मलताबाट हुन्छ भन्नुभयो । उहाँले निष्पाप र निर्मल मन भए आचरणरहित ब्राह्मण र पण्डितभन्दा प्रभुप्रेमी शूद्र श्रेष्ट हुनसक्छ पनि भन्नुभयो -

चंडाल हिरदे निरमल ,संग खेले भगवान ।
देखावें नहीं काहूको , गोप राखे नाम ॥
ब्राह्मण भेष बाहेर दृष्टि,खट करम पालें वेद ।
स्याम खिन सुपने नहीं,जाने नही ब्रह्म-भेद ॥
अब कहो काके छुय ,अंग लागे छोत ।
अधमतम विप्र अंगे , चंडाल अंग उद्योत ॥
(सनंध १६।१९, २१, २३)

महामति श्रीप्राणनाथ मानव-जातिको धार्मिक, सामाजिक र आध्यात्मिक एकताको समर्थक हुनुहुन्थ्यो । उहाँले वेद, पुराण, उपनिषद्, गीता, भागवत, कुरान, अन्जील, तौरेत, जम्बूर आदिको आध्यात्मिक रहस्यमय विचारलाई स्पष्ट गर्नुभयो र तिनीहरूमा भएको मौलिक एकताको रहस्य पनि बताउनुभयो । यसरी धर्मका नाममा हुने वैमनस्य हटाउने प्रयास उहाँले धेरै गर्नुभयो :-

लोक चौदे कहें वेदने, सोई कतेब चौदे तबक ।
वेद कहे ब्रह्म एक है, कतेब कहे एक हक ॥
-(खुलासा १२।१९)

त्यसै एकेश्वरवादका सम्बन्धमा अरू हेरौं :-

जात एक खसम की, और न कोई जात ।
एक खसम एक दुनियां, और उडगई दूजी बात ॥
-(सनंध ३६।१७)

पारब्रह्म तो पूरण एक है, ए तो अनेक परमेश्वर कहावे ।
अनेक पथ सब शब्द जुदे जुदे, और सब कोई शास्त्र बोलावे ।
-(किरंतन ७७)

महामति प्राणनाथका विचारमा जाति-पाति उच्च-नीच छुवा-छूत आदि मानवनिर्मित कुरा हो, ईश्वरीय विधान होइन । सबैको आचरण राम्रो हुनु पर्छ । सम्पन्नले विपन्नप्रति शोषणात्मक प्रवृत्ति राख्नुहुँदैन । यति भए ईश्वरका दृष्टिमा सबै समान छन् । उहाँले धर्मका नाममा असत्य फैलाई धर्मको सत् स्वरूपलाई नप्रष्ट्याउने कथित धर्मप्रचारकलाई चेतावनी दिँदै यसरी भन्नुभयो :-

गोविन्द के गुन गाएके, तापर मागत दान ।
धिक धिक पडो रे मानवी, जो बेचत भगवान ॥
उदर कारण बेचे हरि, मूढो यही पायो रोजगार ।
मारते मुख ऊपर, वाको ले जासी जमद्वार ॥
-(किरंतन २७४,५)

महामति सामाजिक समानताको आदर्शलाई मान्नुहुन्छ र अछूत भनिएकाहरूलाई पनि समानरूपमा धार्मिक शिक्षा-दीक्षा दिनुहुन्छ । जातिपातिको भेदभाव र साप्रदायिक धृणाले नै विखण्डन ल्याउँछ भन्दै धर्माडम्बरीहरूलाई यसो भन्नुहुन्छ :-

ब्राह्मण कहे हम उत्तम, मुसलमान कहे हम पाक ।
दोऊ मुठी इक ठौरकी , एक राख दुजी खाक ॥
-(सनंध ४०।४२)

उहाँ जातीय भेदभाव र छुवाछूतलाई खण्डन गर्दै भन्नुहुन्छ । ब्राह्मण कुलमा जन्म लिँदैमा, गोरो हुँदैमा, माला-तिलक, धोती धारण गरी विष्णु-पूजा गर्दैमा कोही सच्चा वैष्णव हुँदैन, हृदय निर्मल हुनुपर्छ ।

महामति श्रीप्राणनाथले आफ्नो संप्रदायमा दीक्षित सबैलाई समानरूपले हेर्नुभयो, सबैमा समत्वको भाव रहोस् भनेर नै सबैलाई “सुन्दरसाथ” शब्दले सम्बोधन गर्नुभयो । त्यसैले श्रीकृष्णप्रणामी संप्रदायमा दीक्षित सबै व्यक्तिहरू सुन्दरसाथ भनिन्छन् । महामतिले समानताका लागि दिनुभएको सुन्दर उदाहरण हो यो ।

महामति श्रीप्राणनाथ हरिद्वार र दिल्लीको धर्म-प्रचारपछि अनेक ठाउँमा सुन्दरसाथहरूको जागनी गर्दै अगाडि बढनुभयो । उहाँले वि.सं. १७४० मा सुन्दरसाथ-समूहका साथ बुन्देलकेशरी राजा छत्रसालको राजधानी पन्ना

आउनुभयो त्यहाँ राजा छत्रसालसँग महामतिको प्रथम भेट भयो । त्यसअघि किलकिला नदीको बिषयुक्त जल महामतिले अमृततुल्य गराउनुभएको थियो । महामतिले पन्नामा महाराजा छत्रसालका माध्यमबाट आदर्श राजनीतिको स्वरूप प्रस्तुत गर्नुभयो । राजा छत्रसालले महामतिको शिष्यत्व ग्रहण गरेपश्चात् महामतिद्वारा प्रेरणास्पद "महाराजा" पद र तरवार पनि प्राप्त गर्नुभयो । श्रीमहामतिले औरंगजेबको अत्याचार विरुद्ध संघर्ष गर्ने राजा छत्रसाल र उनका सैन्यप्रति जनसहानुभूति र जनसहयोग जुटाउनमा ठूलो भूमिका निर्वाह गर्नुभयो।

श्रीमहामतिले धर्म-प्रचार र जन-जागृतिका क्रममा बुन्देल खण्ड र राजस्थानका धेरै स्थानको भ्रमण गर्नुभयो । महाराजा छत्रसाल महामतिको यो धार्मिक यात्रामा साथ साथै हुनुहुन्थ्यो । महामतिले छत्रसालका लागि दिनुभएको प्रेरणा बुन्देल खण्डकालागि मात्र नभएर समस्त भरत खण्डका राष्ट्रिय र सांस्कृतिक अखण्डताका लागि थियो ।-

त्रैलोकीमें उत्तम खण्ड भरतको, तामें उत्तम हिन्दू धरम ।
ताकी छत्रपतियों के सिर, आए रही इत सरम ॥
(किरंतम ५८।४)

श्रीमहामतिले राजनीतिमा मुगलहरूको धर्मान्धतापूर्ण नीति र अत्याचारका विरुद्ध संगठित भई लड्न यसरी आह्वान गर्नुभयो :-

राजा ने मलो रे राणे राए तणो, धरम जात रे कोई दौडो ।
जागो ने जोधा रे उठ खडे रहो, नींद निगोडी रे छोडो ॥
छूटत है रे खड्ग छत्रियों से, धरम जात हिन्दुआन ।
सत न छोडो रे सतवादियों, जोर बढ्यो तुरकान ॥
-(किरंतन १८।१, २)

महामति श्रीप्राणनाथजी वि.सं. १७४० देखि १७५१ सम्म पन्नामा रहनुभयो । वि.सं. १७४२ मा त्यहाँकै खिजडा मन्दिरमा महामतिले राजा छत्रसाललाई दशैं पर्वमा पानको बीणा (खिली) र तरवार भेट दिनुभयो । त्यसैको अलौकिक प्रेरणाले मुगलहरूका विरुद्धमा महाराजा छत्रसालले विजय प्राप्त गर्नुभएको थियो । पछि सुन्दरसाथहरूले त्यहाँ मन्दिर निर्माण गरे । आज पनि महाराजा छत्रसालका वंशजहरू विजयादशमीमा महामति श्रीप्राणनाथको

आशीर्वादस्वरूप पानको बीडा (खिली) र तरवार ग्रहण गर्न त्यसै मन्दिरमा आउँदछन् । यही स्थानमा महार्मतिले राजालाई राज्यमा हीरा प्राप्त हुने वरदान दिनुभयो :-

छत्ता ! तेरे राजमें धक धक धरती होय ।
जित जित घोडा पग धरे, तित तित फ़त्ते होय ॥

यसरी महान् बुद्धि भई "महामति" र धर्मप्राण जनताका उद्धारक, प्रेरणास्रोत र परमात्माको अंश भई "प्राणनाथ" नामले विख्यात हुनुभएका महामति प्राणनाथले समग्र समाजमा व्याप्त धर्म, वर्ण, भाषा र जातिबाट उत्पन्न सांप्रदायिक कटुतालाई आमूलरूपमा समाप्त गर्न अनुकरणीय प्रयास गर्नुभयो ।

उहाँले सामाजिक दृष्टिमा चैतन्य महाप्रभु, कबीर नानक आदि सन्तहरूले दिनुभएका सन्देशलाई विकसित रूप मात्र दिनुभएन अझै सर्व धर्मका मूल तत्त्वलाई संयोजन गरी अखण्ड अक्षरातीत श्रीपरमधाम प्राप्त गराउने १८,७५८ चौपाई (श्लोक) भएको महान धर्म-ग्रन्थ "श्रीतारतम सागर" मानव मात्रलाई दिनुभयो र उहाँ वि.सं. १७५१ श्रावण कृष्ण चतुर्थीका ब्राह्ममुहूर्त्तमा पन्ना धाममै ब्रह्मलीन हुनभयो ।

यसरी निजानन्दाचार्य सद्गुरु श्रीदेवचन्द्रजी महाराजद्वारा संस्थापित एवं महामति श्रीप्राणनाथजीद्वारा प्रचारित श्रीकृष्णप्रणामी धर्मको निरन्तर विस्तार हुनथाल्यो । सद्गुरुका करकमलद्वारा संस्थापित आद्य धर्मपीठ श्री ५ नवतनपुरी धाम जामनगर एवं महामतिद्वारा संस्थापित श्री५ महामंगलपुरि धाम-सूरत तथा श्रीप्राणनाथ प्रभुको ब्रह्मलीनस्थल (समाधिस्थल) श्री ५ पद्मावतीपुरी धाम-पन्ना सम्प्रदायका मुख्य तीर्थ धामहरूका अतिरिक्त समय समयमा विभिन्न स्थानमा विभिन्न सन्त-महात्माहरूद्वारा मन्दिर निर्माणहरू भए । ती सबैको संख्या आज लगभग ६०० पुगेको छ । तिनीहरूमध्ये तीर्थ धामका साथमा विश्वको एक मात्र हिन्दूराष्ट्र नेपालमा स्थापित भएका मन्दिरहरूको विवरण अब प्रस्तुत गर्दैछु ।

तीर्थ- परिचय

श्री ५ नवतनपुरी धाम जामनगर

पहले बीज उदय हुवा, पुरी जहाँ नौतन ।
सब पुरीयोंमे उत्तम, हुई सो धन धन ॥

भारतको गुजरात प्रान्त अन्तर्गतको जामनगर पहिले नवानगरका नामले प्रसिद्ध थियो । जाम राजाद्वारा वि.सं १५९६ मा त्यस नयाँ बस्तीको उद्घाटनपछि "नवानगर" भएको पाइन्छ । कालान्तरमा जाम राजाले नै नवानगरलाई "जामनगर" भनी नामाकरण गरेको भनिन्छ ।

जामनगर जिल्ला स्थित नवतनपुरीका सम्बन्धमा के भनाइ छ भने- निजानन्दाचार्य सद्‌गुरु श्रीदेवचन्द्र महाराजले तारतम महामन्त्रको प्रचार गरेको पहिलो ठाँउ र नयाँ ठाउँ त्यही भएकाले अनि पूर्णब्रह्म परमात्माले सद्‌गुरुलाई दर्शन दिई तारतम ज्ञान प्रदान गरेको पनि प्रथम स्थान भएकाले यो ठाउँलाई नवतनपुरी भनेको हो जुन स्वाभाविक छ । हाल यो क्षेत्र नवतनपुरी, जामनगर र नवानगर समेत भनेर चिनिन्छ ।

सद्‌गुरु श्रीदेवचन्द्रजी महाराज परमतत्त्वको गहिरो खोज गर्दै २६ वर्षको उमेरमा जामनगर आइपुग्नुभयो । यहाँ आफ्ना माता-पिताका साथ रहेर १४ वर्षसम्म निष्ठाका साथ श्रीमद्‌भागवत-कथा प्रकाण्ड विद्वान् कान्हजी भट्टका मुखारविन्दबाट श्रवण गरी यथा समयमा आइपरेका कष्ट-कठिनाइ सबै परीक्षामा उत्तीर्ण भएपछि परब्रह्म परमात्मा अनादि अक्षरातीत श्रीकृष्णले स्वयं श्रीदेवचन्द्र महाराजलाई दर्शन दिएर भन्नुभयो "तिमी दिव्य परमधामकी मेरी अभिन्न शक्ति श्यामाजीकी अंगस्वरूपा सुन्दरबाईकी आत्मा हौ, अरू पनि परमधामका आत्माहरू नश्वर खेल हेर्न यस संसारमा अवतरित भएका छन्, लौ यो लेऊ तारतम महामंत्र म तिमिलाई दिँदैछु । यसै तारतम ज्ञानद्वारा सबै भुले-भट्केका आत्माहरूलाई जगाएर परमधाम (निजधाम) मा लिएर आउनू" भनी जब अनादि अक्षरातीत श्रीकृष्ण परमात्मा निजानन्द स्वामी सद्‌गुरु श्रीदेवचन्द्र महाराजका मन-मन्दिरमा विराजमान हुनुभयो त्यसपछि सद्‌गुरुलाई अखण्ड परमधामको सम्पूर्ण कुरा साक्षात्कार हुन थाल्यो ।

श्रीदेवचन्द्रको दरश दियो, जो हैं पूरण रूप ।
तारतमको तत्त्व कह्यो, हिरदे बैठि स्वरूप ॥

जब सद्‌गुरुले परमधामको यर्थाथ पदार्थको वर्णन गर्न थाल्नुभयो तब दिन परदिन जागनीको अभिवृद्धि हुन थाल्यो । कच्छ-भुजनगरबाट आएर सद्‌गरु जुन घरमा रही कथा-श्रवण गर्नुहुन्थ्यो त्यो घर आज श्री "राज-मन्दिर"का नामले प्रसिद्ध छ ।

१. राज-मन्दिर

सद्‌गुरु श्रीदेवचन्द्रजी महाराज आफ्ना माता-पितासहित भुजनगरबाट सर्वप्रथम जामनगरमा आएर जुन घरमा रहनु-बस्नुभयो, त्यही घरको नाम "राज-मन्दिर"मा परिणत भयो । त्यहाँबाटै १४ वर्ष सम्म श्रीमद्‌भागत-कथामृतको पान गरेर श्रीमत्तारतम महामंत्र प्राप्त गरी जागनीको आरंभ भयो । जागनीको प्रारम्भमा यसै मन्दिरमा बसी श्रीदेवचन्द्र महाराजले पहिला गाँगजी भाइलाई दीक्षित बनाउनुभयो । यस मन्दिरलाई अद्यापि जामनगरमा "राज-मन्दिर" भनेर श्रद्धा गरिन्छ ।

२. चाकला मन्दिर

यो मन्दिर सद्‌गुरुका प्रथम शिष्य गाँगजी भाइको घर थियो । जब उनले सद्‌गुरुबाट दीक्षा-मन्त्र लिएर सद्‌गुरुलाई परमात्माकै स्वरूप भनेर चिने तब आफ्नो घर र सारा धन-सम्पत्ति गुरुका चरणमा समर्पण गरी आफू पनि समर्पित भएर सुन्दर गादी (पलङ) बनाई सदगुरुलाई त्यहाँ आसीन गराए । त्यसपछि देवचन्द्र महाराज आफ्नो घर छोडी त्यहीबाट चर्चा-कथा गर्दै धर्म-प्रचारमा लाग्नुभयो । चर्चाका साथसाथै त्यहाँ अनेक प्रकारका चमत्कारी लीला हुन थाले । स्वयं परमात्माको दर्शन प्राप्त हुन थाल्यो । भक्त जनहरूका लागि परमात्मा श्रीकृष्णले बनाएको भोजन (प्रसाद) लिइदिने र अभावमा पूर्ण समेत गरिदिने जस्ता लीलाहरू हुन्थे । यस्ता प्रकारका अद्‌भुत लीलाहरू हुन थालेपछि सद्‌गुरुलाई गाँगजी भाइ लगायत सबै सुन्दरसाथहरूले एक सुन्दर गादी बनाई सोही गादीमा विराजमान गएर पूजा-आरती गरे ।

"जय जय सतगुरु आरती तरी, निर्मल दृष्टि करी जिन मेरी ।
तारतम ज्ञान हाथ कर दीन्हो, क्षीर-नीरको निरणय कीन्हो ॥"

यसै दिनदेखि गाँगजी भाइको घर "चाकला मन्दिर" नामले प्रसिद्ध भयो र आजसम्म पनि दैनिक सेवा-पूजा आरती हुँदै आएको छ । त्यस्तै आज पनि त्यो सद्‌गुरुको गादी (पलङ) विद्यमान् छँदै छ । सुन्दरसाथहरूले सद्‌गुरुलाई गादीमा राखेको पहिलो गादी यही हो ।

३. श्यामजीको मन्दिर

यो मन्दिर धेरै पुरानो हो । यसमा श्याम बाँके-विहारीका मूर्तिको पूजा हुन्छ । सद्‌गुरु श्रीदेवचन्द्रजीले चौध वर्षसम्म अद्वितीय विद्वान् कान्हजी भट्टबाट श्रीभागवतको कथा यसै मन्दिरमा सुन्नुभएको हो । सद्‌गुरुले परमात्मा श्रीकृष्णको साक्षात् दर्शन यहीं पाउनुभएको हो अनि तारतम महामन्त्र पूर्णब्रह्म परमात्मा श्रीकृष्णले सद्‌गुरु महाराजलाई यसै ठाउँमा प्रदान गर्नुभएको हो । आज पनि यो पुण्य भूमिमा सद्‌गुरुका चरण चिन्ह र तस्वीर आदिको दर्शन गर्न सक्तछौं ।

४. खीजडा मन्दिर

आद्य धर्मपीठ श्री ५ नवतनपुरी धम (खिजडा मन्दिर)



निजानन्द सम्प्रदाय (श्रीकृष्णप्रणामी धर्म) का संस्थापक निजानन्दाचार्य सद्-गुरु श्रीदेवचन्द्रजी महाराजका करकमलद्वारा वि.सं. १६८७ मा स्थापित यो आद्य धर्मपीठ अपार महिमाले भरिएको छ ।

धेरै समयसम्म (लगभग ९ वर्ष) सद्‌गुरु महाराजले चर्चाकथा चाकला मन्दिरमा बसेर गर्नुभयो । त्यहाँ श्रद्धालु भक्तजनहरूको आवतजावत बढ्न थाल्यो । सद्‌गुरुले विचार गर्नुभयो तारतम ज्ञानका प्रचार-प्रसारका लागि धर्मपीठको स्थापना गर्नु अति आवश्यक छ । त्यसैले गाँगजी भाइकै एक सुमनोहर बगैंचामा स्वयं सद्‌गुरुले आफ्नै हातबाट पर्णकुटी तयार पारी धर्मपीठको स्थापना गर्नुभयो अनि उहाँ त्यहीँ वस्न थाल्नुभयो । पछि गएर त्यही कुटीले विशाल तीर्थको रूप लियो ।

यस सम्बन्धमा के भनाइ छ भने-सद्‌गुरुले त्यही बगैंचामा भएको खीजडा (शमी) को वृक्षबाट यौटा सानो हाँगो भाँचेर दतिवन गरिसकेपछि फालेको थियो । त्यही हाँगा भोलिपल्ट पालुवा हाली विरुवाको रूप लिन पुगेछ ।

सुन्दरसाथहरूले त्यही शमीका वृक्षलाई संरक्षित गरेपछि त्यसले विशाल वृक्षको रूप लिन पायो जुन आज पनि श्री ५ नवतनपुरीधामको मुख्य मन्दिरका आडैदेखि लागेर माथि छाना (चाँदनी)मा सुमनोहर चँदुवा बन्न पुगेको छ । रोगी र भक्तहरू लाखौंको संख्यामा आई यी वृक्षको दर्शन गरी (मनोकामना पूरा होस् भनी) नरिवल फल-फूल, नैवेद्य आदि चढाई इच्छा पूरा हुने पूर्ण आशा राख्तछन् "विश्वासं फलदायकम्" पूर्ण पनि भइरहेको छ । यिनै वृक्षका कारणले यो मन्दिर जामनगरमा खीजडा मन्दिरका नामले प्रख्यात छ ।

निजानन्द स्वामी देवचन्द्रजी महाराज समाधिस्थ भएपछि गुरुपुत्र विहरीजीलाई चाकला मन्दिरको गादीमा बसाइयो अनि श्री ५ नवतपुरी धाम खीजडा मन्दिरको निगरानी चाहिँ श्रीप्राणनाथजी गर्नुहुन्थ्यो । त्यो स्थान सद्गुरु महाराजद्वरा नै वि.सं. १६८७ कार्तिक महीनामा "श्री ५ नवतनपुरी धाम"का नामले अभिहित गरेर त्यहाँ निजानन्दीय झण्डा खडा गरी फहराइएको थियो । सद्गुरु महाराजको धामगमनका कैयौं वर्षपछि एक पल्ट एक अद्भुत योगिनी "केशरबाई" सारा तीर्थको भ्रमण र दर्शन गर्दै द्वारिकापुरीको दर्शनका लागि गइरहेकी थिइन् तर बीचैमा रात परेछ । वासको खोजी गर्दै उपयुक्त ठाउँ त्यही नवतनपुरीमा पुगिछन् । त्यस समय त्यहाँ सुन्दर बगैंचा, मन्दिर र पर्णकुटीहरू थिए । राति केशरबाईले त्यहाँ प्रत्यक्ष व्रज-रासको लीला देखिन् । त्यस घटनाबाट प्रभावित भएर भोलिपल्ट पनि त्यहीं वास बसिन् । त्यो रात पनि श्रीकृष्ण र गोपीबीच भएको व्रजलीलाको दर्शन पाइन् । यसरी नै दुई-तीन रात बितेपछि केशरबाईले "यस पवित्र भूमिको महिमा के रहेछ ? बुझ्नुपर्‍यो, किनभने यसैका कृपाले मैले दर्शन पाएँ" भन्ने विचार गरी बुझ्न लाग्दा एक जना वयोवृद्ध बाले यसको सार वृत्तान्त यसरी भने "यहाँ आजभन्दा धेरै वर्षपहिला एक ठूला सन्त बस्तथे ती तत्त्वदशी पुरुष अखण्ड ब्रह्मधामको चर्चा गर्दथे । उनी अहिले धाम चले, उनका चेलालाई यो स्थान सुम्पेको थियो, उनी धर्म-प्रचार गर्दै अहिले पन्नामा पुगेका छन् ।" यस्तो सुनेपछि केशरबाई द्वारिका नगई पन्नातिर लागिन् । पन्नामा महामति प्राणनाथजीसँग भेट भयो । उनले नवतनपुरीको सारा खबर भनी श्रीप्राणनाथजीका चरणमा प्रणाम गरिन् । श्रीप्राणनाथजी:ले केशरबाईलाई दीक्षा दिएर धर्मको आद्य पीठ मुख्य तीर्थ-भूमि श्री५नवतनपुरी धामको दायित्त्व सुम्पेर सद्गुरु महराजपछि द्वितीय गादीपतिको

रूपमा जामनगरमै पठाउनुभयो । यो वि.सं १७४६ को कुरो हो । त्यस समयदेखि आजसम्म श्री ५ नवतनपुरी धामको आचार्य-गादीको परम्परा सुचारुरूपले चलेर आएको छ । यसरी निजानन्द स्वामीपछि श्री ५ नवतनपुरी धामको गादी-परम्परामा केशरबाईको नाम उल्लेख छ । श्रीकृष्णप्रणामी धर्ममा मुख्य तीर्थका रूपमा स्थापित यो पुण्य भूमिमा आद्य सद्‌गुरु देवचन्द्र महाराजले पच्चीस वर्षसम्म यहीँ बसेर तारतम ज्ञानको प्रचार-प्रसार गर्नुभयो र महामति प्राणनाथजीलाई यसै स्थानबाट जागनीको कार्यभार सुम्पिनुभयो । यसै स्थानमा सद्‌गुरु महाराजले अद्वैत परमधामको वर्णन सुन्दरसाथहरूलाई सुनाउँदै गर्दा एक दिन जमुना नदीको प्रसङ्गमा बताउनु भयो "जमुनाजी हौजकोशर तलाउमा गएर मिल्दछिन् । जमुना नदीको पानी दूध जस्तो सेतो र मिश्री जस्तो मीठो छ ।" यस्तो सुन्दा सुन्दरसाथहरूले त्यो पानी पिउने र हेर्ने उत्कट अभिलाषा व्यक्त गरे । त्यसै अभिलाषालाई पूर्ण गर्नका लागि सद्‌गुरुले आफ्नै औंलाले कोट्याएर साक्षात् जमुनाजी प्रकट गराउनुभयो । सबै सुन्दरसाथहरूले जमुनाजीको पानी पिएर त्यही नुहाइ धुवाई गरी इच्छा पूर्ण गरे भन्ने इतिहासमा आउँछ । त्यहाँको जल आज पनि सुन्दरसाथहरू चरणामृतका रूपमा लिँदैछन् । यस पवित्र स्थानको जीवनमा कमसे कम एक पटक अवश्य दर्शन गरेर जीवन सार्थक पारौं । यस्ता पवित्र तीर्थको दर्शनले मात्र पनि सारा पाप नष्ट गरी मन पवित्र बनाउँदछ । यस्तो महा-महिमामण्डित भूमिप्रति कोटिशः वन्दना प्रणाम।

५. श्रीप्राणनाथजी (मेडि) मन्दिर

महामति प्राणनाथजीको जन्म १६७५ वि.सं. आश्विन कृष्ण चतुर्दशी तिथि आइतवारका दिन जामनगरका मन्त्री श्रीकेशव ठाकुर र माता धनबाईको कोख पवित्र पार्दै भएको हो । उहाँको बाल्यकालको नाम मेहेराज ठाकुर थियो । उहाँको जुन स्थानमा जन्म भयो त्यसै पुण्य भूमिलाई मेडी मन्दिरका नामले चिन्दछौं । महामति प्राणनाथजी धर्म-प्रचारमा निक्लिएपछि धेरै समयसम्म यो स्थान संरक्षणविहीन हुन पुग्यो । यो स्थान ठूलो थियो तर समय क्रममा हेरचाह गर्न नसक्ता विभिन्न व्यक्तिहरूले हस्तक्षेप गर्न थाले तर श्रीराजजीको कृपाले मूल स्थानमा जहाँ आज मन्दिर छ त्यहाँ विभिन्न चमत्कृत घटना आदि हुने भई कुनै पनि गृहस्थी रहन सकेनन् । धेरैवर्ष पछि श्री ५ नवतनपुरी धामले यस ऐतिहासिक स्थललाई आफ्नो संरक्षणमा लियो । त्यसपछि आजसम्म यो पवित्र भूमिमा दैनिक सेवा-पूजा आरती हुन्छ । वर्तमान समयमा वर्तमान पीठाधिश श्री१०८ कृष्णमणिजी महाराजद्वारा यसको जीर्णोद्वार भई उहाँ अति सुन्दर मन्दिर बनिएको छ । यस्तो महामति प्राणनाथजीको जन्मस्थान रहेको अति महत्त्वपूर्ण स्थान श्रीप्राणनाथजी (मेडी) मन्दिरका नामले प्रसिद्ध छ ।

६. सद्‌गुरुको समाधिस्थल



श्रीनिजानन्द संम्प्रदायका संस्थापक श्रीनिजानन्द स्वामी देवचन्द्रजी महाराजले यस धराधाममा ७४ वर्षसम्म रहेर आफ्नो दिव्य परमधाममा सूर्ता फिराउनुभयो अर्थात धाममा फर्कनुभयो । २५ वर्षसम्म श्री ५ नवतनपुरी धाम (खीजडा मन्दिर) मा रहेर अद्वैत ज्ञानको अखण्ड वर्षा गर्दै वि.स. १७१२ भाद्र शुक्ल चर्तुदशी बुधबारका दिन सद्‌गुरु महाराज यस नश्वर संसारलाई छोडेर अखण्ड दिव्य परमधाममा जानुभयो । उहाँका पार्थिव शरीरलाई जुन स्थानमा समाधिस्त गरियो त्यही स्थान "सद्‌गुरुको समाधि-मन्दिर" नामले प्रसिद्ध छ ।

श्रीप्राणनाथजी लगायत निजानन्द सम्प्रदायका सारा सन्तहरू निजानन्द स्वामी श्रीदेवचन्द्र महाराजका आलोकद्वाराआलोकित भए । तर आज उहाँको स्मृति स्वरूप बनाइएको समाधिस्थल खपडाको (झिँगटीको) छाना हुँदा खपडा फुटेर चुहिरहेको अवस्थामा देखिनु र यसको उचित संरक्षण नहुनु दुःखको कुरो हो ।

७. नव देहुरी

निजानन्द स्वामी सद्गुरु श्रीदेवचन्द्रजी महाराजकी माता कुँवरबाई र पिता मतु मेहताको जुन स्थानमा अन्तिम संस्कार गरियो त्यसै ठाउंलाइ “नव देहुरी” भनिन्छ । श्रीदेवचन्द्रजी महाराजकी माता कुँवरबाई एक सती नारी हुनुहुन्थ्यो ।आफ्ना पतिका धाम गमनका साथमा उहाँले पनि आफ्ना पार्थिक शरीरलाई पंचत्वमा मिलाइदिनुभयो । यो कलिकालमा पनि यस्तो अद्भुत त्याग गरेको देखी त्यो त्यागबाट प्रभावित भएर चिर स्मृतिका लागि केही गर्ने विचार गरी जाम नरेशले श्रीदेवचन्द्र महाराजसँग सल्लाह माग्दा उहाँले दिव्य परमधाममा हौजकाशर तलाउका नवदेहुरीको स्मरण गर्दै आफ्ना करकमलबाटै चित्र उतारेर जाम राजालाई दिनुभयो । राजाले पनि त्यसै चित्रअनुसार नव देहुरीको निर्माण गराए । यसरी नव देहुरीको निर्माण भयो ।   हामी पनि सबै एक पल्ट नव देहुरीको दर्शन गरी दिव्य परमधामका नव देहुरीको सम्भना गरौं

मंगपुरी महिमा बडी है, सबका गुरुद्वार ।
चले जगावन साथको, श्रीप्राणनाथ भरतार ॥

श्री ५ महामंगलपुरी धाम : सूरत

यस जागनी ब्रह्माण्डमा तारतमरूपी ज्ञानले भुले-भट्केका आत्माहरूलाई जगाउँदै महामति प्राणनाथजी श्री ५ नवतनपुरी धामबाट कच्छ दीव, नलिया, ठट्टा आवासी, लाठी, मस्कत बन्दर आदि हुँदै वि.सं १७२९ मा धेरैसुन्दरसाथहरूका साथ सूरत पुग्नुभयो । त्यस कालका सूरतका प्रकाण्ड विद्वान् श्याम भट्ट, भीम भट्ट, मुकुन्ददास लगायत धेरै विद्वान्हरू दिव्य परमधामका विषयमा गरिएको अद्वितीय ज्ञानको चर्चा सुनी महामति प्राणनाथबाट दीक्षित भए ।

जब देवचन्द्रजी महाराज धामजानुभयो र श्रीमेहेराज ठाकुर लगायत सबै सुन्दरसाथहरू मिली गुरुपुत्र विहारीलाई वि.सं.१७१५मा गुरु-गादी चाकला मन्दिरमा राखियो तब विहारीले धर्मलाई एकाधिकारमा राख्नका लागि प्राणनाथजी धर्म-प्रचारका क्रममा सूरत पुगेपछि यस्तो पत्र लेख्नुभयो जसले गर्दा धर्ममा सागुरोपना आउने भएकाले विराट् हृदय महामति प्राणनाथले पत्रको उत्तर दिँदै विनयपूर्वक भन्नु भयो "धर्ममा संकुचित भावना हटाउनुपर्छ ।" तर विहारीले उक्त पत्रको उदार भावनालाई अस्वीकार गरे । त्यसपछि धर्मप्रचारको बाटो अलग भयो ।

यसरी विहारीजीको संकुचित विचार र हठी स्वभाव बुझेर प्राणनाथजीका प्रमुख शिष्यहरूले "धर्म प्रचारको संपूण दायित्व तपाईं स्वयं बहन गर्नुहोस्" भनी प्रार्थना गर्दै प्राणनाथजीसँग आग्रह गरे । पहिले त उहाँले स्वीकार्नु भएन तर पछि आफ्ना प्रिय शिष्यगणका हृदयमा चोट लाग्ला भनी सुन्दरसाथ समाजको हितलाई ध्यान दिई अन्ततोगत्वा स्वीकार्नुभयो र सबै सुन्दरसाथहरूले उहाँलाई गादीमा बसाई आरती गरे । तर श्रीप्राणनाथजी आफू सो गादीमा नबसी उहाँले आफ्ना तारतम वाणीका चार ग्रन्थलाई त्यहाँ विराजमान गराई श्रीगोवर्द्धन भट्टलाई त्यहाँको महन्त्याइँ सुम्पिई आफू धर्म प्रचारार्थ अगाडि बढ्नुभयो । यस मंगल प्रसँगका कारणले यो स्थान श्री ५ मंगलपुरी धामका रूपमा प्रशिद्ध भयो । श्री मंगलपुरी धाम निजानन्द संप्रदायको नादमत शाखको प्रथम गादीका रूपमा रहेको छ ।

८. मोटा मन्दिर-सूरत



महामति प्राणनाथजी श्री ५ नवतनपुरी धामबाट धर्म-प्रचार गर्दै वि.सं.१७२९ मा सूरत पुगेपछि त्यहाँ धेरै विद्वान् सुन्दरसाथ-समूहको जागनी भयो र सुन्दरसाथ-समाजले महामति प्राणनाथजीलाई गुरु-गादीमा बसाएर आरती गऱ्यो । यस मांगलिक कार्यले गर्दा यो स्थल "मंगलपुरी" धामका नामले प्रसिद्ध भयो । यहाँ श्रीप्राणनाथजीद्वारा अवतरित वाणी रास , प्रकाश, षट्ऋतु र कलशको प्रथम पधरावनी गरी श्रीगोवर्द्धन भट्टलाई कार्यभार सुम्पिई प्राणनाथजी आफ्नो धर्म-प्रचार यात्रामा अघि बढनुभयो ।

यसरी प्राणनाथजीका मुखारविन्दबाट अवतरित वाणीको पधरावनी गरी पूजन-आरती गर्न थालेपछि यो मन्दिर मोटा मन्दिरका नामले सूरतमा प्रसिद्ध छ । सूरत शहरको वरीयाबी बजारस्थित यो मन्दिर सूरतमा सबैभन्दा ठूलो रहेकाले मोटा मन्दिर नामले प्रख्यात भएको हो ।

नवतनपुरीको तीर्थयात्रा गर्ने अधिकांश सुन्दरसाथ-समूह नवतनपुरी धामको दर्शन गरेपछि यस महामंगलपुरी धाम, मोटा मंदिरको दर्शनार्थ यहाँ आई पद्मावतीपुरी धाम पन्नातर्फ लाग्छन् ।

९. बहुचराजीको मन्दिर



हुन त बहुचराजी एक दैवी शक्तिको नाम हो । यसबारेमा पुराना सन्तहरू एक रहस्यमय घटना सुनाउँछन् । धेरै वर्ष पहिले समथल परेको निर्जन स्थलको एक टापुमा ती देवीको मन्दिर थियो । त्यहाँ धेरै मानिसहरू पशुबलि गर्ने गर्थे । एक चोटि एक नेपाली सन्तले श्री ५ नवनतनपुरी धामबाट श्रीमुखवाणी लिएर घुम्दै त्यहाँ पुग्दा त्यसै टापुमा बसेर एक हप्तासम्म कथा पाठ गर्ने इच्छा भई पाठ थाल्नुभयो । यसरी सन्तले पारायण गरेको बुझी धेरै मानिसहरू पारायण सुन्न आउन थाले । पारायण पूर्णाहुतिका दिन सात दिनसम्म नियमपूर्वक कथा सुनेकी एक कन्याले प्रसादका लागि हात बढाउँदा सन्तले उनको परिचय माग्नुभयो । परिचय दिँदै ती कन्याले भनिन्-"म बहुचराजी देवी हुँ,यहाँ नजिकैको मन्दिर मेरै हो ।"यसरी परिचय दिएपछि सन्तले भन्नुभयो-"त्यसो भए तिमीलाई यो प्रसाद दिन्न, यो पूर्णब्रह्म परमात्माको हो। तिमी त पशुहरूको बलि लिन्छयौ ।" त्यसपछि उनले भनिन्-"पशु पंछीहरूको बलि म कहिल्यै लिन्न र मेरा भक्तहरूलाई आफू बलि नलिने (हिंसा स्वीकार नगर्ने) कुराको जानकारी सपनाका माध्यमबाट दिनेछु, कृपया मलाई परमात्माको प्रसादबाट वञ्चित नगरी तारतम मन्त्रद्वारा दीक्षित गरेर श्रीकृष्ण परमात्माको भक्त बनाउनुहोस् ।"

त्यसपछि सन्तजीले देवीलाई तारतम महामन्त्र दिनुभयो र त्यसै स्थानमा जीवहिंसा रोकी सो मन्दिरमा श्रीराजश्यामाजीको सेवा-पूजा हुन थाल्यो जो आजसम्म कायम छ । उपर्युक्त सन्त नवतनपुरी धामबाट आउनुभएको हुनाले उक्त बहुचराजीको मन्दिर आजभोलि पनि श्री५ नवतनपुरी धामकै अधीनमा छ । त्यहाँ के प्रणामी के अप्रणामी सबै भक्तजनहरू दर्शनार्थ गई पूजा-आजा गरी मनोवाञ्छित फल प्राप्त गर्दछन् । यसै मन्दिर नजिकै सन्त श्रीतारतम ज्योतिद्वारा निर्मित श्रीमूलमिलावा मानव मन्दिर र श्रीप्राणनाथ चेरिटेवल हस्पिटल पनि रहेका छन् ।

१० गोपीपूरा



श्रीनवरंगस्वामी (मुकुन्ददासजी) ले जब श्रीप्राणनाथजीको शिष्य त्व ग्रहण गर्नुभयो त्यसै वेला देखि उहाँले तन,मन, धन सबै गुरुचरणमा समर्पण गर्नुभयो : त्यसै समयदेखि उहाँका वासस्थानमा मन्दिरको स्थापना भयो र सो स्थानमा सेवा-पूजा प्ररंभ भयो । सोही मन्दिर आज “श्रीकृष्णप्रणामी मन्दिर, “गोपीपुरा” का नामबाट चिनिन्छ । यो मन्दिर स्वामी मुकुन्ददास जीको निजी घर हो । स्वामी मुकुन्ददासजी उद्‌भट विद्वान् हुनहुन्थ्यो जसका छत्तीस हज्जार श्लोक(दोहा-चौपाई)हरू स्वर चित थिए । तीमध्ये वीतक “लीला प्रकाश” र सेवापूजाका धेरै प्रकरणहरू प्रकाशित छन् । आशा गरौं, उहाँका संपूर्ण कृतिहरू चाँडै प्रकाशित भै भावुक भक्तहरूलाई लाभान्वित तुल्याउने छन् ।

२९४.५
शि ६९४ मी
Acc No 26158

११. श्रीश्यामदास महाराजको देहुरी

श्री५ महामंगलपुरी धाम सूरतको गादी-परम्परामा श्रीश्यामदासजी एक महान् त्यागी तपस्वी महात्मा हुनुभयो । उहाँ सिद्ध पुरुष हुनुहुन्थ्यो र उहाँको गादी-अभिषेक वि. सं. १८८२मा मंगलपुरी धाम-सूरतमा भयो । पछि वि.सं. १९११ पौष कृष्ण तृतीयाका दिन यी तपस्वी सन्तको धामगमन भयो । धाम जानुभन्दा पहिले "मलाई मन्दिरका छेउमै समाधिस्थ गर्नू" भन्नुभएको रहेछ तर त्यस कुराको बेवास्ता गरी धामगमन भएपछि उहाँका पार्थिव शरीरलाई शहरका एक छेउमा, नदी किनारमा समाधिस्थ गरे । एक वर्षपछि अंग्रेजले रेलवे-लाइन (लिक) ओछ्याउँदा उक्त समाधि-स्थानमै परेछ । त्यहाँको लाइन बिहान हेर्दा उखेलिएको देखिन्थ्यो, धेरै दिनसम्म त्यो क्रम चल्यो र अंग्रेज अभियन्ताहरू दिक्क भए । अन्त्यमा त्यस स्थानमा खन्न लगाए र त्यहाँ खन्दै जाँदा रगत निस्क्यो । हेर्दा एक जीवित सन्त पलैंटी कसेर जप गर्दैरहेका भेटिए । खोज-तलास गर्दै जाँदा निजानन्दीय सन्त हुन् भन्ने थाहा पाएपछि अंग्रेज सरकारले त्यसै स्थानमा एउटा गुमटी निर्माण गराइदिएर पूजा-आजा सञ्चालनका लागि मासिक रू.४४।- दिने प्रबन्ध मिलाई ताम्रपत्र लेखाइदियो । आजपनि त्यहाँ रेलवे-लाइन घुमाएर लगेको देख्न सकिन्छ । त्यहाँ गएर याचना गरेका खण्डमा मनोकामना पूर्ण हुन्छ भन्ने विश्वास रहेको पाइन्छ । श्रद्धालु भक्तजन अहिले पनि लाभ उठाइरहेका छन् ।

श्री ५ पद्मावतीपुरीधाम

महामति श्रीप्राणनाथजी श्रीनिजानन्द सम्प्रदायको दिव्य संदेश र जागनीको अभियान लिएर आफ्ना शिष्यमण्डलका साथ वि.सं १७४० मा मध्यप्रदेशको पन्ना नगरीस्थित किलकिला नदीछेउ अमराई घाटमा पुग्नुभयो । त्यहाँ नुहाउन लाग्दा स्थानीय मानिसहरूले साधु-समुदाय देखेर भने-"हे महात्मा हो ! यस नदीको पानीको प्रयोग नगर्नुहोला, किनभने यो विषयुक्त छ । कैयौं जनावर-पशुपंछी आदि यो पानी पिएर मर्दछन् ।" यो कुरा सुनेर सन्त समुदायले महाप्रभु प्राणनाथजीका दिव्य चरण प्रक्षालन गरी चरणामृत नदीमा मिसाएर्पछि विषयुक्त नदीको पानी अमृततुल्य भयो । सुन्दरसाथहरूले त्यही नदीको पानीले खाने पिउने र त्यसैले नुवाइ-धुवाइ आदि कार्य गरे । यस्तो चमत्कारपूर्ण घटना देखेर स्थानीय मानिसहरू आपसमा भन्न थाले- "यी त स्वयं श्रीकृष्णले नै वैरागीको रूप लिएका होलान् ! जस्तो कालीदहलाई श्रीकृष्णले निर्मल पारेका थिए, त्यस्तै गरे ।" यही कुरालाई अमर सखीले यसरी भनेका छन् ।"विषकी नदिया अमृत कीन्हो, सुख सबन पहुँचाई" त्यही स्थानमा महामति प्राणनाथजीले जागनीको झण्डा फहराउने दृढ संकल्प लिनुभयो, जुन अमराई घाटका छेउमै एक सानो निर्जन टापु थियो । यस स्थानका सम्वन्धमा एक पौराणिक आख्यान पनि पाइन्छ-एक पटक भगवान् शंकर-पार्वती मृत्युलोकमा घुम्दै विन्ध्याचलका छेउमा पुगेपछि शंकरजीले त्यसै स्थानमा नमन गर्नुभयो । पार्वतीजीले यसको कारण जान्न चाहँदा उहाँले भन्नुभयो -"भविष्यमा यो स्थान एक महान् तीर्थका रूपमा प्रतिष्ठित हुनेछ ।"

"पद्मावती केनशरदे विन्ध्यपृष्ठे विराजिते ।
इन्दिरा नामसा देवी भविष्यति कलौ युगे "

जब महामति प्राणनाथजी पन्ना पुग्नुभयो । त्यसवेला नरवीर केशरी बुन्देला छत्रसाल मउमा थिए । मउको तिदुनी दरवाजामा दुवै पावन आत्माको दिव्य मिलन भयो । छत्र सालले शिष्यत्व ग्रहण गरी सर्वस्व समर्पण गर्दै भन्नुभयो -

पहले दाता हम भए , जो गुरुको दीन्हो शीश ।
पीछे दाता गुरु भए, जिन कियो सब ही बख्शीश ॥

त्यसपछि छत्रसालले आफ्नो आर्थिक र राजनैतिक समस्यासँग जुध्दै सफलता पाउने कुराको प्रसंग प्रस्तुत गर्दा श्रीप्राणनाथजीले यसरी आर्शीवाद दिनुभयो । -

छत्ता तेरे राजमे, धक धक धरती होय ।
जित जित घोडा पग धरे, तित तित फत्ते होय ॥

तदुपरान्त छत्रसाल महाराजले विभिन्न सफलता-प्राप्तिपछि पन्ना आएर आफ्नो चौपडा दरबारमा श्रीप्राणनाजीको पधरावनी (गादीमा प्रतिष्ठित) गरी *"पूरण ब्रह्म बह्मसे न्यारे, आनन्द अखण्ड अपारे "* आदि पदको गायन गर्दै आरती गर्नुभयो । महामति प्राणनाथका आशीर्वादका फलस्वरूप छत्रसालले क्रूर मुगल सत्तादेखि मुक्त एक स्वतन्त्र राज्यको स्थापना गर्नुभयो । श्रीप्राणनाथजीले छत्रसाललाई "महाराजा" को पदवीले विभूषित गर्नुभयो र आर्थिक संकटको निवारणार्थ पन्ना राज्यमा हीरा निस्किने वरदान दिनुभयो, जसअनुसार आज पनि पन्नामा हीरा निक्लिन्छ ।

यसरी श्री प्राणनाथजी आफ्नो अखण्ड ज्ञानको धारा प्रवाहित गर्दै १७५१ श्रावण कृष्ण चतुर्थीका दिन इहलीला समाप्त गरी गुमटजीमा समाधिस्थ हुनुभयो । त्यसैले यो स्थान "मुक्ति–पीठ" अथवा "पद्मावतीपुरी"का नामले पुकारिन्छ ।

१२ श्रीगुमटजी

श्रीगुमटजी मन्दिर पद्मावतीपुरी धामको महत्त्वपूर्ण गोलो भवन हो । यसका माथि नौ गजुर (गुमट)हरू शोभायमान छन् । आठ दिशामा आठ र बीचमा एक अर्को विशाल गजुर छ जसमाथि कलश र कलशमाथि पंजा छ जुन आशीर्वाद र पाँच स्वरूपको प्रतीक मानिन्छ । कस्तो प्रतीत हुन्छ भने -यो पाँच तत्त्वले बनेको चराचर जगत्प्रति महामति प्राणनाथको आशीर्वादको वर्षा भइरहेछ । प्रणामी सन्तहरूका भनाइअनुसार गुमटजीमाथि आठ गजुरहरू अखण्ड परमधामका आठ दिशाका आठ सागर र बीचको ठूलो गुमट चाहिँ रङ्गमहलको प्रतीक मानिन्छ । यसै मन्दिरमा महामति प्राणनाथजीलाई समाधिस्थ गराइएको छ । यी गुमटजीको स्थापना महामति श्रीप्राणनाथजीले आफ्नै समयमा आफैँ नक्शा तयार गरी वि.सं. १७४८ मा निर्माण गराउनुभएको हो र आफ्नो धामगमनपछि पार्थिव शरीरलाई यहीँ समाधिस्थ गराउनू भनी महाराजा छत्रसालजीलाई आज्ञा दिनुभएको थियो । आज्ञानुसार पछि छत्रसालजीले त्यहीँ समाधिस्थ गर्नुभयो ।

१३ बंगलाजी

महाराजा छत्रसालले आफ्ना सद्गुरु श्रीप्राणनाथजीलाई पन्नामा बस्ता एक विशाल भवनको निर्माण गरी सोही भवनमा एक सुन्दर सिंहासन राखी त्यसैमा विराजमान गराउनुभयो । आज पनि त्यो सिंहासन छँदैछ । महलको पूर्व भागमा सिंहासन र अगाडि सुन्दरसाथ बस्ने ठूलो हलका साथै बाहिर वरिपरि परिक्रमा गर्ने ठाउँ छ ।

रासलीलासहित विभिन्न चित्रकला-चित्रित यो भवन अति सुन्दर छ । यहाँ बसेर महामति प्राणनाथजी चर्चनीका साथ श्रीपरमधामको चर्चा गरी सुन्दरसाथहरूलाई जागृत गराउनुहुन्थ्यो । यसै भवनलाई "बंगलाजी" भन्दछन् । वि. सं. १७४० मा निर्मित यो महान् तीर्थमा आज पनि अष्ट प्रहर सेवा–पूजा हुन्छ । पछि श्रीबंगालाजीको जीर्णोद्धारसहित ताँबाको छानु लगाउने काम काठमाण्डौंका साहु भवानीदास र रामदास श्रेष्ठ दाजुभाइले गराउनुभएको हो । हाल आएर रासलीलाको चित्र पुनः चित्रित गर्ने काम मंगलधाम कालेबुङको तर्फबाट मोहनप्रियाचार्यजीले गर्नु भएको हो ।

१४ बाईजूराजजीको मन्दिर



यो मन्दिर बाईजीराजजीको समाधि-मन्दिर हो । दिव्य परमधामकी अमलावती सखीको सूरता यस संसारमा तेजकुँवरीका नामले अवतरित भयो । उहाँलाई पछि गएर सर्व सुन्दरसाथले "बाईजीराजजी"का संज्ञाले विभूषित गरे । श्रीप्राणनाथकी अभिन्न अंगस्वरूपा "बाईजूराज" आजीवन प्राणनाथजी एवं सुन्दरसाथको सेवा गर्दै वि.स.१७५० चैत्र शुक्ल पक्ष तृतीयाका दिन यस नश्वर शरीरलाई त्यागी परब्रह्म परमात्माका दिव्य परमधाममा जानुभयो ।

उहाँ(बाईजूराज)कै स्मृतिमा महामति प्राणनाथजीले वि.सं. १७५०मा निर्माण गराउनुभएको यो मन्दिर अति सुन्दर हुनुका साथै श्रद्धा भक्तिको केन्द्रविन्दु वन्न पुगेको छ । पछि यस मन्दिरलाई विशाल रूप दिने काम श्रीकुलभूषण महाराजद्वारा भएको थियो ।

१५. सद्‌गुरु मन्दिर



निजानन्दाचार्य सद्‌गुरु श्रीदेवचन्द्रजी महाराजले धर्म-प्रचारको जिम्मेवारी महामति प्राणनाथलाई सुम्पिएपछि स्वामी प्राणनाथजी निजानन्द सम्प्रदायको झण्डा फहराउँदै जागनीको कार्यमा हिँड्दा आफ्ना सद्‌गुरुको ठूलो महत्त्व सम्झाउनुहुन्थ्यो । जब महामति ब्रह्मात्माहरूलाई जगाउँदै श्री ५ पद्मावतीपुरी धाम आइपुग्नुभयो तब सद्‌गुरुको स्मृतिमा त्यहाँ आफ्नै हातले एक सुन्दर मन्दिरको निर्माण गर्नु-गराउनुभयो । आज सोही मन्दिर पन्ना नगरीमा "सद्‌गुरु-मन्दिर"का नामले प्रसिद्ध छ । महामति प्राणनाथजीले पूजा-प्रतिष्ठा शुरू गर्नुभएको यो मन्दिर ज्यादै महत्त्वपूर्ण छ । पछि गएर यस मन्दिरलाई विशाल रूप दिने काम श्रीकुलभूषण शर्माले गर्नुभयो ।

१६. चौपडा मन्दिर

महाराजा छत्रसालले सर्वप्रथम पन्नाको जुन स्थानमा आफ्नो फेटाको पाँवडा ओछ्याई श्रीप्राणनाथजीलाई पधरावनी गरी *"पूर्णब्रह्म ब्रह्मसे न्यारे "* एवं *"कन्चन थाली चौ मुख दिवला दीपक ज्योति प्रकाशी"* इत्यादि पदको गायन गर्दै आरती उतारी पूजा गर्नुभयो, त्यही मन्दिरलाई "चौपडा मन्दिर" भनिन्छ । चौपडा मन्दिर नजिकै दुईवटा कुवा छन् जसलाई गंगा र जमुना भनिन्छ र ती कुवाको उत्पत्ति बारे सन्तहरू भन्नुहुन्छ -

"महामतिजीले पानीको ज्यादै अभावमा आफ्नै हातले कोट्याई पानी निकाल्नुभएको हो ।" वि.सं. १७४० मा स्थापित यस मन्दिरका चारैतिर घना जंगल भएकाले यो स्थल प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ ।

१७. खिजडा मन्दिर

वि.सं. १७४२ मा विजया दशमीका मङ्गल मुहूर्त्तमा स्वामी श्रीप्राणनाथजीले आफ्ना अनन्य शिष्य राजा छत्रसाललाई हिन्दूधर्म रक्षार्थ "महाराजा"को सम्मानसाथ लौकिक-अलौकिक दुवै प्रकारको यौगिक खड्ग र पानको बिडा (खिली) प्रदान गर्दै विजयको आशीर्वाद दिनुभएको थियो । आज पनि सोही परम्परालाई कायम राख्दै महाराजा छत्रसालका सन्ततिहरू यस मन्दिरमा आई मन्दिरका महन्तबाट तरवार र पानको बिडा लिने गर्दछन् ।

१८. केशवदासजीको कुटी



चौपडा मन्दिरनजिक केशव-कुटी पनि छ जुन महामति प्राणनाथजीकै पालामा बनेको हो । स्वामी श्रीप्राणनाथजी धाम चल्ने बेलामा जब लालदास महाराजलाई "वीतक" लेख्न र केशवदास महाराजलाई पूरै "स्वरूप साहेब" को जिल्द बाँध्न भनी अह्राउनुभयो तब केशवदास महाराजले आज्ञालाई शिरोधार्य गरी यसै ठाउँमा बसेर सो कार्य पूरा गर्नुभयो । त्यसैले यस स्थानलाई "केशव-कुटी" भन्दछन् ।

१९.नेपाली ओडी

स्वामी श्रीप्राणनाथजी धर्मप्रचार्थ हिँड्दा सद्गुरुप्रति अगाध श्रद्धा राखी उहाँ सद्गुरुको गादी र खराउ लिएर हिँड्नुभएको थियो । जव वि.सं. १७४० मा स्वामीजी पन्ना आउनुभएको थियो तब उहाँले सो खराउ र गादीलाई राखी पूजा-प्रतिष्ठा गर्नुभयो । यही पूजा प्रतिष्ठा गरेको ठाउँ नै “नेपाली ओडी” हो । श्रीप्राणनाथजीकै आज्ञानुसार उहाँकै शिष्य इलाम (पाण्डाम) का कृष्णदास भँडारीलाई यहाँका पूजाआजाको कार्यभार सुम्पिइएको थियो तदनुसार आजसम्म पनि त्यहाँ नेपालीहरूले नै पूजाआजा गर्ने परम्परा रही आएको छ । यसै मन्दिरमा बसेर दैलेखका परमहंस दयालदासजी महाराजले २५ पक्ष परमधामको चित्र काठमा उतार्नुभएको छ ।

❀ ❀ ❀

नेपालमा जागनी गर्ने दुई महत्त्वपूर्ण मन्दिरहरू:-

१.श्रीकृष्णप्रणामी मन्दिर (चेतनधाम) गंगापुर विहार



श्री १०८ श्रीचेतनदासजी महाराजले वि.सं. १,७७५ मा गंगापुरमा श्रीकृष्णप्रणामी मन्दिरको स्थापना गर्नुभएको रहेछ जो आज पनि भव्य रूपमा रहेको छ । गादी परम्परा चली आएको यस चेतनधाममा हाल एघारौं गादीपति श्री १०८ नन्दकिशोरदासजी महाराज हुनुहुन्छ । कैयौं सन्तहरू यस ठाउँमा आउने -जाने गर्दछन् र अतिथि साधु-सन्तहरूको अखाडाकै रूपमा यो रहेको छ । यस विशाल मन्दिरका वरिपरि "अमरवाग" नामक बगैंचा छ र अगाडिको "सुन्दरसागर" नामक पोखरीले अति शोभा दिएको छ । यस मन्दिरका स्वामीत्त्वमा सयौं बिगाहा जग्गा रहेको छ । यात्री सुन्दरसाथहरूलाई मन्दिर दर्शनार्थ आउन-जान सुविधाका लागि झंझारपुर रेल्वे स्टेशननजिक अर्को एक सुन्दर मन्दिरको निर्माण भएको छ र सो पनि चेतन धामद्वारा नै सञ्चालित छ गंगापुर जाने रेल-यात्रीहरू पहिले झंझारपुर मन्दिरको दर्शन पाउँदछन् रत्यसपछि लगभग ९ कि.मी. दक्षिणको गंगापुरस्थित चेतनधामतर्फ प्रस्थान गर्दछन् ।

यही चेतनधाम (गंगापुर) बाटै तारतम वाणी लिएर नेपालको पूर्वी पहाड आठराईको इवा-सिम्लेमा गई श्रीमती लक्ष्मीबाई पाण्डेले वि.सं. १८०० सालमा मंदिरको स्थापना गर्नुभयो भन्ने भनाइ छ । कोशी पश्चिमको तराई भेगलगायत विहार र उत्तरप्रदेश आदि कैयौं ठाउँको जागनी यहींबाट हुँदै आइरहेको छ । अतः धेरै क्षेत्रको गुरुमन्दिर भनेर गंगापुरलाई भन्न सकिन्छ । वि.सं. २०५१ सालमा यहाँ १००८ पारायण भव्यताका साथ सम्पन्न भएको थियो ।

२. श्रीकृष्णप्रणामी मन्दिर-मंगलधाम, कालेबुङ



कालेबुङमा श्रीकृष्णप्रणामी धर्मको प्रवेश चाहिँ वि.सं. १९४० सालतिरै भएको थाहा हुन्छ । सन्त श्रीदयालदास महाराज[1] (तिम्सिना) र राजबाई माताले श्री ५ पद्मावतीपुरी धाम पन्नाबाटै श्रीतारतम सागर ल्याएर मन्दिर बनाई पधवरानी गरेको हो भन्ने भनाइ छ । यी दुई दम्पति नेपालको राजधानीदेखि पूर्व दुर्गमस्थान दुखर्कबाट श्री ५ पद्मावतीपुरी धाम (पन्ना) गई बसेका रहेछन् र त्यहाँबाट कालेबुङको इच्छे बस्तीमा आई मन्दिरको स्थापना गरेछन् । यस मन्दिरको स्थापनाका सम्बन्धमा श्रीजानकीदास सुब्बा र श्रीरामदास अधिकारी

उल्लेखनीय छन् । वि.सं १९८० तिर यस भूमिले गुरुजी श्रीमंगलदासजी महाराजको सक्रियता पायो, गुरुजी तीन वर्षसम्म यहाँ रहनुभयो ।

जागनीको महान् सन्देश लिएर आउनुभएका गुरुजीलाई कालेबुङ बजारमा मन्दिरको आवश्यकता महसूस भयो । त्यसैले वि.सं. १९९६ सालतिर श्रीगम्भीरदास मुखियाको अध्यक्षतामा श्रीअमरदास खरेल, श्रीडम्बरसिंह गुरुङ, श्रीनारददास खरेल र श्रीलालदास अधिकारी आदिको सहयोगमा गुरुजीले बजार मन्दिरको स्थापना गर्नुभयो । गुरुजीको ज्ञान, धर्म, चर्चा, शिक्षा र सेवायुक्त भावनाले धेरैलाई ज्ञान, भक्ति र सेवाप्रति समर्पित गरायो जसमध्ये गुरुङपरिवार र मारवाडी[२] परिवार उल्लेखनीय छन् । यसरी सत्कार्यमा प्रगति हुँदै गयो । जस्तै- बजारमन्दिर, बालिका विद्यालय, (हाई स्कूल) बालिका अनाथाश्रम, गौशाला आदि बनिए । गुरुजीद्वारा संस्थापित अन्य संस्थाहरूमा श्रीकृष्णप्रणामी मन्दिर ब्रह्मचर्याश्रम, गौशाला सिलीगुडी, गौशाला कालीझोडा, श्रीकृष्णप्रणामी मन्दिर, जुही र भिवानी (हरियाणा), श्रीमुक्तिधाम इटहरी (नेपाल) आदि हुन । श्रीगुरुजीद्वारा अभूतपूर्वक रूपमा सेवामूलक कार्यहरू भएका छन् । यी सबै सेवा जुट्नुमा गुरुजीकै प्रताप थियो ।

गुरुजी धाम चलेपछि सारा संसार शोकाकुल भयो । धेरै सुन्दरसाथको भावना अनुरूप श्री एल्.पी. तिवारीज्यूको अध्यक्षतामा श्रीगुरुजीको समाधिस्थलमा गुरुजी स्मृति-भवन (मंगल धाम) को निर्माण भई श्रीतिवारीकै अध्यक्षतामा १०८ पारायण अति भव्य रूपमा सम्पन्न भयो । त्यस बेलाको सुन्दरसाथ र विद्वान् धर्मगुरुहरूको उपस्थिति उल्लेखनीय मानिन्छ ।

यो स्मृति-भवन सम्पूर्ण पूर्व क्षेत्रकै उदाहरणीय र दर्शनीय भएको छ । कालेबुङबाट नै नेपालको पूर्वाञ्चल क्षेत्रमा धर्म-प्रचार र जागनी भएको छ । धेरै पुराना भई विस्मृत भएका ठाउँमा समेत सम्झना दिलाउँदै र नयाँ क्षेत्रमा प्रचार पुर्‍याउँदै ठूलो धार्मिक जागरण ल्याएको छ ।

---

१. दयालदास महाराजको जन्म उहाँको वंशावलीअनुसार वि.सं. १९१०-१५ सम्ममा भएको अनुमान गर्न सकिन्छ

२. श्रीगुरुजीकाप्रमुख त्यागी मारवाडी शिष्यमा श्रीराधिकादासजी र सदानन्दजी महाराज हुनुहुन्छ ।

श्रीकृष्णप्रणामी समाजका केही उल्लेखनीय नेपाली सन्तहरू

१.सन्त श्रीअमरब्रह्मावर्तीजी महाराजः

सन्त श्रीअमरब्रह्मावर्ती महाराजको जन्म पूर्व काभ्रे पलान्चोक जिल्लाको लाप्चे गाउँमा पिता श्रीजगन्नाथ घिमिरे र माता खेमुबाईको गृह पवित्र पार्दै जेष्ठ सुपुत्रका रूपमा वि.सं. १९५१मा भएको हो । उहाँ पछिका तीन भाइ अल्पायु भए । पिता एक मात्र पुत्रलाई शिक्षा-दीक्षाले सम्पन्न गराउन चाहनुहुन्थ्यो भने पुत्रलाई भने छिट्टै वैराग्य प्राप्त हुन थाल्यो ।

श्रीमहाराज घर छोडी कालेबुङतर्फ लाग्नु भयो र त्यसका केही वर्षपछि सन्त श्री १०८ रंगीदासजी महाराजसँग सौभाग्यवश उहाँको भेट भयो र पद्मावतीपुरीधाम, पन्ना पुग्नुभयो । त्यहाँ उहाँले श्री १०८ प्रसादीदासजी र अन्य विद्वान् गुरुहरूबाट श्रीमुखवाणी, चर्चनी, संस्कृत वाङ्मयका ग्रन्थहरू लगायत अनेक विषयहरूमा अध्ययन गरी उहाँ प्रकाण्ड विद्वान् हुनुभयो ।

सन्त श्रीमहाराजले पन्जाब (अमृतसर) बाट वि.सं. १९८० मा श्रीमुखवाणीयुक्त सेवा पूजाका रूपमा श्रीकृष्णप्रणामी वाङ्मयको प्रथम छापा प्रकाशित गर्नुभयो । त्यसअघि सबै ग्रन्थ र वाणीहरू हस्तलिखितरूपमा मात्र थिए । त्यसवेला यसरी वाणीका प्रकाशनका सम्बन्धमा समाजमा ठूलो मतभेद भयो, उहाँले अत्यन्त ठूलो चुनौतिको सामना गर्नुपर्‍यो । श्रीमहाराजले यो कार्य श्रीकृष्णप्रणामी धर्मको व्यापकताका निम्ति गर्नुभएको थियो जुन श्रीप्राणनाथ स्वामीका उद्देश्यको प्रतिकूल चाहिँ थिएन ।

कृष्णप्रणामी वाङ्मय-श्रीमुखवाणीको छापा प्रकाशनका क्रममा वि.सं. २०१३ सालमा श्रीकृष्णमणि महाराज (उप्रेती) र श्रीपूर्णब्रह्म शास्त्री महाराजद्वारा

अनुवादित "प्रेम-पाठ" ग्रन्थ श्रीअमरदास खरेल र श्रीवनमालीदास खरेलद्वारा प्रकाशित भई निःशुल्क वितरित भएको थियो । त्यस्तै २०२० सालमा कानपुरबाट श्रीकृष्णदत्त शास्त्रीद्वारा श्रीतारतम-सागरका सात ग्रन्थ प्रकाशित भए । त्यसपछि २०२२ सालमा इलाहाबादबाट सन्त श्रीमोहनमुकुन्दजी र श्रीछविलदासजी बाबाजीबाट "श्रीप्राणनाथ वचनामृत" नामले तारतम वाणीको पूर्ण संकलनको प्रकाशन भयो । यस पूर्ण प्रकाशनमा सन्त श्रीअमरब्रह्मावर्ती महाराजको अप्रत्यक्ष आर्थिक तथा विविध सहयोग थियो ।

श्रीसन्त अमरब्रह्मावर्ती महाराजले वि.सं. १९८०मा वाणीयुक्त सेवा-पूजाको गोटा (पुस्तक) प्रकाशित गरेपछि प्रणामी समाजबाट २० वर्ष अलप (भूमिगत) हुनुपरेको थियो । त्यस समयमा उहाँ पटना र त्यसपूर्वका क्षेत्रमा संगीतमय वाणीप्रचारमा लाग्नुभएको पाइन्छ । यसपछि वाणी चर्चनी र संगीतका प्रकाण्ड विद्वान् श्रीमहाराजले पश्चिम बंगाल, कटक, अगुल, गया लगायतका विविध क्षेत्रमा तारतम ज्ञानको प्रचार गर्नुभयो । यसरी बाङ्मय-प्रकाशनको ऐतिहासिक कार्य गर्ने सर्वगुणसम्पन्न ब्रह्मज्ञानी श्रीमहाराजको धामगमन २०३० सालमा पटनामा भयो ।

२.आचार्य श्री १०८ श्री कृष्णमणिजी महाराज

उहाँको जन्म वि.सं २०२० साल मंसीर शुक्ल द्वादशीका दिन इलामको जीतपुरमा माता श्रीमती लीलादेवी र पिता श्रीलोकनाथ बरालका कनिष्ठ सुपुत्रका रूपमा भएको हो । उहाँका सात दिदीबहिनी र एक दाजु हुनुहुन्छ । उहाँले जीतपुरकै विद्यालयबाट प्रारंभिक शिक्षा लिएर झापाको बुद्ध आदर्श मा.वि. बुधवारेबाट एस्.एल्.सी. मा उच्च अंक प्राप्त गर्नुभएको हो ।

श्रीकृष्णप्रणामी मन्दिर सिलिगुडीमा भएको २०३७ सालको १०८ श्रीतारतमसागर-पारायणका शुभ अवसरमा आचार्य श्री १०८ धर्मदासजी महाराजका करकमलबाट श्रीकृष्णप्रणामी धर्मको दीक्षा ग्रहण गर्नुभई उच्च शिक्षाका साथ-साथै धार्मिक शिक्षाको अभिलाषा लिई उहाँ भारततर्फ लाग्नुभयो । उहाँ गुरुजी श्रीमंगलदासजीका सत्प्रेरणाले श्रीजनकल्याण आश्रम भिवानी (हरियाणा) मा रही संस्कृतको अध्ययन गरेर साहित्याचार्यमा पञ्जाब विश्वविद्यालयबाट उच्चतम अंक प्राप्त गर्नुभएबापत स्वर्ण पदकद्वारा सम्मानित हुनुभयो । उहाँले हिन्दी विषयमा साहित्य-रत्न एवं दिल्ली विश्वविधालयबाट संस्कृतमा एम्.ए. को डिग्री पनि प्राप्त गर्नुभयो । भौतिक शिक्षाका साथसाथै आध्यात्मिक शिक्षा पनि गुरुजी श्रीमंगलदासजी महाराज, श्रीराधिकादासजी महाराज आदि सन्त महात्माहरूबाट यथेष्ट रूपमा प्राप्त गर्नुभयो । श्रीकृष्णप्रणामी उच्च शिक्षाद्वारा विभूषित सरल एवं मृदुल स्वभाव, उच्च विचारधारा तथा अलौकिक ज्ञानका धनी हुनुभएकाले उहाँलाई आचार्य श्री १०८ धर्मदासजी महाराजले श्रीकृष्णप्रणामी धर्म (निजानन्द सम्प्रदाय) को आद्य धर्मपीठाधीशका लागि योग्य सम्झिई २०४८ सालमा श्री ५ नवतनपुरी धामको उत्तराधिकारी नियुक्त गर्नुभयो ।

आचार्य श्री १०८ धर्मदासजी महाराजको धामगमन पछि श्रीकृष्णमणिजी महाराज पीठाधिश पदमा विराजित हुनुभयो । उहाँ पीठाधीश (गादीपति) भएपछि श्रीनिजानन्द सम्प्रदायको चौतर्फी उन्नति र प्रगतिमा सदा चिन्तित रहनुभएको छ, धेरै ठाउँमा धेरै प्रगति हुँदै आएको छ । उहाँले भारत र नेपालका विभिन्न धार्मिक स्थलको भ्रमण गर्नुका साथै काठमाण्डौं भ्रमणका सिलसिलामा नेपाल-नरेश श्री५महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारसित पनि २०५२ सालमा नारायणहिटी राजदरबारमा भेटवार्ता गरी ४५ मिनटसम्म यस धर्मका सिद्धान्तको बोध गराउनुभएको थियो जसबाट श्री ५ पनि अत्यन्त प्रसन्न होइबक्सेको थियो । धर्मप्रचारार्थ उहाँ अमेरिका, क्यानाडा, यु.के.(बेलायत) आदि पाश्चात्य देशमा पनि धर्मको ध्वजा बोकी बारम्बार गएर विशेष प्रगति गर्दैरहनुभएको छ ।

३. परमहंस श्रीदयालदासजी महाराज

परमहंस श्रीदयालदासजी महाराजको जन्म वि.सं. १९१९ साल कार्तिक शुक्ल द्वितीयाका दिन पोखराको फेवाताल नजिक वैदाममा पिता श्रीकुलप्रसाद तिम्सिनाका घरमा भएको हो । उहाँको परिवार पुस्तौं अघिदेखि यस श्रीकृष्णप्रणामी सम्प्रदायमा दीक्षित र संस्कारयुक्त थियो । त्यसैले श्रीदयालदासजीको जागनी सतनाकी गुरुमाता सेनबाईबाट बाल्यावस्थामै भयो ।

पहिले दाताराम ब्रह्मचारी नामले चिनिनुहुने श्रीदयालदासजी महाराजले धर्ममा दीक्षित भएपछि अध्ययनार्थ भारतको मध्यप्रदेशस्थित पन्ना र गुजरातको जामनगरस्थित श्री ५ नवतनपुरी धाममा रही वाणीविशारद सन्त श्रीरतनदास महाराजलगायत अन्य विभिन्न विद्वान् सन्त आचार्यहरूबाट यथेष्ट शिक्षा प्राप्त गर्नुभयो । धर्मप्रचार, समाजसुधार र साहित्यसेवामा उल्लेख्य रूपमा लाग्नुहुने श्रीमहाराजजीद्वारा लिखित भक्ष्याभक्ष्य दर्पण वि.सं. १९७६ को प्रकाशन नेपाली

कृष्णप्रणामी धार्मिक साहित्यमा सम्भवतः प्रथम हो । उहाँद्वारा लिखित अन्य नेपाली र हिन्दीका थुप्रै कृतिहरू प्रकाशित छन् ।

नेपाल र भारतका धेरै ठाउँमा धर्म प्रचारार्थ यात्रा गरी उहाँले असंख्य महान् आत्माहरूको जागनी गराउनुभयो । यसै क्रममा आचार्य श्रीधनीदासजी महाराज श्री ५ नवतनपुरी धाम, सन्त श्रीयुगलदासजी महाराज काठमाडौं, महन्त श्रीकृष्णमणिजी महाराज सतना र महन्त श्रीपूर्णब्रह्म शास्त्रीजी महाराज सतना र संन्त श्रीछविलाल महाराज (अधिकारी) समेत उहाँबाटै तारतम ज्ञानको ज्योतिद्वरा प्रज्ज्वलित हुनुभयो ।

बल्थुम लगायत अन्य श्रीकृष्णप्रणामी मन्दिरको स्थापना गर्नुहुने शिक्षाप्रेमी र धर्मप्रचारक श्रीमहाराजजीले तत्कालीन राणाशासनकालमा धार्मिक मुद्दामा समेत फँसी सात दिन कारागारमा पर्नुभई वर्षौं मुद्दा खेप्नुपरेको थियो । त्यसअघि उहाँले काठमाडौंको बाँसबारी चक्रपथमा विशाल मन्दिर निर्माण गर्ने परिकल्पनामा त्यतिखेर सात रोपनी जमीन खरीद गरी वि.सं. १९८५ मा स्थानीय कृष्णबहादुर पौडेल (खत्री) लाई सो जमीन, एक स्वरूपसाहेव र रू.दुई शय समेत मन्दिरको सेवा गर्दै गर्न जिम्मा दिएको कुरा सोही स्वरूप साहेबमा (साक्षीहरू समेत खडा गरी) श्रीमहाराजजीकै हस्ताक्षरमा उल्लेख छ । हाल यी स्वरूप सुरेन्द्र पौड्याल (बाँसबारी) कहाँ हेर्न सकिन्छ । तर आज करोडौं रूपैयाँ पर्ने सात रोपनी जमीनको केही पनि थाहा पत्तो लागेको छैन । यसरी सारा नेपाली र भारतीय समाजलाई धर्मको शिक्षा दिई तारतम ज्ञानको ज्योतिले धेरै आत्माहरू जागृत गर्नुहुने परमहंस श्रीमहाराज दयालदासजी आफ्नो जीवन धर्म-प्रचार, समाजसुधार र साहित्यसेवामा समर्पित गरी वि.सं. १९९९मा ब्रह्मलीन हुनुभयो ।



४. परमहंस श्रीदयालदासजी महाराज

परमहंस श्रीदयालदासजी महाराजको जन्म वि.सं. १९८६ मा पश्चिम नेपाल दैलेख जिल्लाको जरेबाज भन्ने ग्राममा माता श्रीमती पद्मावती र पिता श्रीपठेराम बूढा (क्षेत्री)का राइँला (छैटौं) सुपुत्रका रूपमा भएको हो । उहाँ विवाह पश्चात् दुई सन्तानको जन्म भएपछि गौतम बुद्धले राजपाट र पत्नी-पुत्रलाई त्यागेर हिँडेझैँ घर परिवार पत्नी-सन्तानलाई त्यागी ब्रह्मतत्व जिज्ञासामा ३० वर्षका अवस्थामा हिन्दुस्थान तिर लाग्नुभएछ । घुम्दैफिर्दै श्री ५ पद्मावति पुरी धाम पन्ना (मध्य प्रदेश) पुग्नुभई । त्यहाँ पुजारी श्रीकन्हैयालाल शर्माजीबाट यस सम्प्रदायको दीक्षा ग्रहण गरी त्यहीं रहेर अरू धार्मिक शिक्षा वीतक, वाणी, विराट् र चर्चनी समेतको गहिरो अध्ययन गर्नुभएछ ।

श्री५पद्मावती पुरीमा "नेपाली ओडी " नामको एक प्रसिद्ध स्थल (मन्दिर) छ । श्रीदयालदासजी महाराज यसै मन्दिरका पुजारीका रूपमा नियुक्त हुनुभै अनवरत सेवा-पूजा गर्नुहुन्थ्यो । सेवा-पूजाबाट बचेका समयमा उहाँले पन्नामा रहने विद्यार्थीहरूलाई धेरैलाई वाणी र चर्चनीको तालीम प्रदान गर्नुभयो । चर्चनी-विषयमा त उहाँ एक अद्वितीय विद्वान् (चर्चनीसम्राट्) नै मानिनुभएको थियो । चर्चनी र विराट्का विषयमा उहाँ आफैंले हिन्दीमा पद्य, गद्य दुवै विधामा एक ग्रन्थ "धाम रहस्य चितवन" तयार गरी वि.सं. २०५२ मा प्रकाशित गर्नुभएको छ । सबैभन्दा अद्भुत कार्य त उहाँले के गर्नुभएको छ भने- चर्चनी विषयको अर्थात् श्री परमधामको पच्चीसै पक्षका प्रत्येक क्षेत्र (अन्तर-कुन्तर) को स्वरूप देखाउन काठका टुक्रा-टुक्रा कुँदेर बडो मिहिनेतले जोड्दै पूरा नमूना तयार पार्नुभएको छ जुन नमूनाको श्री ५ पद्मावतीपुरी धाम, नेपाली ओडीमा हामी दर्शन पाउन सक्छौ । परिश्रम गरेबापत भक्तहरूले प्रदान गरेका जीवन

भरिका पारिश्रमिक रकमले चाँदीका दुई सिंहासन बनाई वंगलाजीमा चडाउनुभएको छ । ती दुवै सिंहासनमा "सेवक दयालदास बाबा, नेपाली गुम्टी प्रणाम" उल्लेख गरिएको छ । यसरी सारा जीवन धामका चितवन(चिन्तनमा)मा रही परमहंस दशामा पुगेका सन्त श्री दयालदासजीको धामगमन २०५३ सालमा भई समाजको अपूरणीय क्षति भएको छ ।

५. आचार्य श्री १०८ धनीदासजी महाराजः

आचार्य श्री १०८ धनीदासजी महाराजको जन्म वि.सं. १९३३ सालमा नेपालको लम्जुङ जिल्लाअन्तर्गत वलथुम गैरीगाउँमा पिता श्रीकमलदास राणा (कुँवर) का सुपुत्रका रूपमा भएको हो । उहाँ बाल्यकालमै परमहंस श्रीदयालदास महाराज द्वारा श्रीमत्तारतमको दीक्षा ग्रहण गरी दीक्षित भएर शिक्षाआर्जनका लागि गुरुजीसितै भारत तर्फ लाग्नुभयो । भारतका निजानन्दीय तीर्थस्थल श्री५ पद्मावतीपुरीधाम-पन्ना, श्री५ महामंगलपुरी धाम-सूरत र श्री ५ नवतनपुरी धाम-जामनगर आदि धर्मपीठ हरूमा रही स्वयं गुरु परमहंस दयालदासजी महाराज र अन्य विद्वान् सन्तहरू बाट उहाँले वीतक,विराट्,वाणी,चर्चनी र संस्कृतको यथेष्ट शिक्षा प्राप्तगर्नुभयो ।

अध्ययन पूरा गरिकसेपछि तत्कालीन आचार्य श्री१०८सुखलालदासजी महाराजका उत्तराधिकारीका रूपमा घोषित हुनुभई वि.सं. १९७३ सालदेखि निजानन्द सम्प्रदाय (श्रीकृष्णप्रणामी धर्म)का आद्य पीठाधीशको कार्यभार सम्हाल्न लाग्नुभएको हो । नेपाली धर्माचार्य (गादीपति)हरूमध्ये उहाँ प्रथम हुनुहुन्छ । गादीपति भएपछि उहाँले मन्दिरको जीर्णोद्धार, मरम्मत आदि र अन्य धेरै सुधार-कार्यहरूका साथै साहित्य-प्रकाशनको शुरुआत गर्नुभयो । जस्तै - वृत्तान्तमुक्तावली, आनन्दसागर, निजानन्द चरितामृत, विराट्पट दर्शन ब्रह्मविज्ञान-भास्कर आदि महत्त्वपूर्ण ग्रन्थहरू उहाँले नै सर्वप्रथम प्रकाशित गरी

सर्वसुलभ गराउनुभयो । उहाँ एक निर्भीक, दूरदर्शी, जोशिला, जाँगरिला र तेजस्वी सन्त हुनुहुन्थ्यो । साहित्यप्रेमी भएका नाताले वि.सं. १९८७ सालदेखि "प्रणामी धर्मपत्रिका"नामको मासिक पत्रिका पनि प्रकाशित गर्न आरंभ गर्नुभयो जो अद्यावधि चलिरहेकै छ । उहाँको परमधाम गमन वि.सं. २००१ सालमा भयो ।

६.आचार्य श्री १०८ धर्मदासजी महाराज:

आचार्य श्री १०८ धर्मदासजी महाराजको जन्म वि.सं. १९६४ साल माघ कृष्ण त्रयोदशीका दिन सिक्किमको बेन गाउँमा माता श्रीमती छायाँबाई र पिता श्रीलीलादास घिमिरेको गृह पवित्र पार्दै भएको थियो । आचार्यश्रीका बाजे श्रीभगीरथ घिमिरे नेपालको ताप्लेजुङ नाम्दु बिर्ताबाट सिक्किम गई बसोवास गर्न थाल्नुभएको रहेछ । आचार्यश्री ११ वर्ष उमेरको हुँदै पिता लीलादासजी धाम जानुभएपछि बाजे भगीरथको परिवारमा दु:खको भुँवरी चल्यो यद्यपि बाजेले सकेसम्म ती लाला-बालालाई शिक्षा-दीक्षा र पालन-पोषण गर्दै रहनुभयो । ताप्लेजुङ हुँदै बाजेकै पालामा श्रीपीताम्बरदास महाराजद्वारा श्रीकृष्णप्रणामी धर्ममा दीक्षित र संस्कारित यो परिवार सिक्किमको दुर्गम बेन गाउँमा सत्संगको अभाव हुँदा आसामतिर आफ्नो भविष्य खोज्न पुग्यो । श्रीमहाराजले त्यसपछि शिक्षार्जनका लागि श्री ५ नवतनपुरी धाम जामनगरतर्फको यात्रा थाल्नुभयो । हुने बिरुवाको चिल्लो पात भनेझैं छोटै समयमा श्रीमुखवाणी चर्चनीलगायत अन्य संस्कृत शास्त्रीय विषयमा पर्याप्त ज्ञान प्राप्त गर्नुभई उहाँ धर्मप्रचार, साहित्यसाधना र सामाजिक सेवामा लाग्नुभयो । उहाँ श्रीप्राणनाथको सन्देश लिएर भारतको विभिन्न ठाउँलगायत यता नेपाल र उता अफ्रिकासम्म पनि पुग्नुभयो ।

उच्च विचारयुक्त ज्ञानमूर्ति श्रीमहाराजजी वि.सं. २००१ सालमा आद्यधर्मपीठ श्री५नवतनपुरी धाम- जामनगरको श्रीकृष्णप्रणामी धर्माचार्य पदमा गादी-आसीन हुनुभयो । श्री १०८ आचार्य महाराजले श्रीकृष्णप्रणामी साहित्य-प्रकाशनमा धेरै रुचि राख्नुभयो । त्यसपछि उहाँका समयमा धेरै साहित्यहरू प्रकाशित भए ।

श्रीकृष्णप्रणामी धर्माचार्य श्री ५ नवतनपुरीधामको गादी-आसीन भई हालसम्मका आचार्यहरूमा उहाँले सबैभन्दा लामो समयसम्म सेवा पुऱ्याउनुभयो । श्रीमहाराजजी नश्वरशरीरलाई त्यागी वि.सं.२०४९ भाद्र शुक्ल पूर्णिमाका दिन धाम गई ब्रह्मलीन हुनुभयो । उहाँका दीक्षा-गुरु श्रीकेशवदासजी महाराज हुनुहुन्छ ।

७.आचार्य श्री १०८ पीताम्बरदासजी महाराज

आचार्य श्री १०८ पीताम्बरदासजी महाराजको जन्म वि.सं. १९१४ आश्विन वदी चौदश (कृष्ण-१४) मा रामेछाप जिल्लाको पकरबासमा भएको थियो । माता श्रीमती बालकुमारी र पिता श्रीभक्तिदास ढुङ्गेलको गृह पवित्र पार्दै आउनुहुने श्रीमहाराजजी सात भाइ छोरा र एक छोरीमध्येका हुनुहुन्थ्यो । तर नियतिले पिता श्रीभक्तिदासलाई यस संसारमा धेरै वर्ष रहन दिएन । परिवारमा स्वभावतः त्यसपछि केही दुःखभयो।श्रीमहाराजजी त्यसपछि काठमाण्डौं नरदेवीका भवानी सेठको संरक्षणमा रहनुभयो र उहाँले त्यहीं प्राथमिक शिक्षा प्राप्त गर्नुभयो ।

केही समयपछि श्रीमहाराजजी शिक्षाका लागि भारततर्फ लाग्नुभयो । उहाँले पन्नाका पुजारी गुलाबदासजी र अन्य विद्वान्द्वारा तारतम-सागर, चर्चनी

र संस्कृतको यथेष्ट ज्ञान आर्जन गर्नुभयो । धर्मप्रचार, समाजसेवा र जागनी-यात्राको क्रममा तेह्रथुमको इवा-सिम्ले, ताप्लेजुङ, सिक्किम र अन्य ठाउँ हुँदै वि.सं. १९५० मा आसाम पुग्नुभयो । आसाममा ठूलो जागनी फैलाउनुहुने श्रीमहाराजले वि.सं. १९५४ मा आसामको राङशाली साधुबस्तीमा श्रीकृष्णप्रणामी मन्दिरको स्थापना गर्नुभयो । जुन अहिले एक शताब्दी पूरा भएको छ र पीताम्बर पीठ शताब्दी समारोह पनि मनाईसकियो ।

आफ्नो जागनी-यात्रामा श्रीमहाराजले आचार्य श्री १०८ मंगलदासजी महाराज, श्री १०८ रंगीदासजी महाराज, गुरुजी श्री १०८ मंगलदासजी महाराजलगायत अन्य कैयौं महान् सन्तहरूको जागनी गर्नुभयो ।

यसरी नेपाल र भारतमा (आसामदेखि गुजरातसम्मको) धर्म-प्रचार र जागनी-यात्रा गर्नुहुने आचार्य श्री १०८ पीताम्बरदासजी महाराजले वि.सं. १९६० को शरद् पूर्णिमादेखि सूरतस्थित मोटामन्दिरको गादी सम्हाल्नुभयो र वि.सं. १९७४ श्रावण आमावास्या गुरुवारका दिन धामगमन गर्नुभयो । हाल सूरतको भव्य मन्दिरको पनि उहाँले आफ्नै कार्यकालमा जीर्णोद्धार गरी विशाल रूप दिने काम गर्नुभएको हो ।

८. आचार्य श्री १०८ मंगलदासजी महाराज

आचार्य श्री १०८ मंगलदासजी महाराजको जन्म वि.सं. १९६५मा आसामको दरङ्ग (हाल-षोणितपुर) जिल्लाअन्तर्गत बिहाली, राङशाली (साधुबस्ती) मा माता श्रीमती मानबाई र पिता श्रीनारायणदास रिमालका द्वितीय सुपुत्रका रूपमा भएको हो । उहाँको जागनी आफ्नै जन्मस्थल राङशालीमै महाराज श्रीपीताम्बरदासजीबाट बाल्यकाल मै भएको हो । दीक्षा प्राप्त गरिसकेउपरान्त धर्ममै बढी झुकाव भएर सत्सङ्ग र धार्मिक गतिविधिमै संलग्न हुनुभएको बुझिन्छ । साथै शिक्षा प्राप्त गर्नका लागि

श्री५पद्मावतीपुरी, श्री५महामंगलपुरी र श्री५नवचनपुरी यी तीनैपुरी धाममा रही वीतक, वाणी, विराट्, चर्चनी र संस्कृत भाषाको समेत यथेष्ट ज्ञान हासिल गर्नुभयो । चर्चनीको त उहाँ अद्वितीय विद्वान् (चर्चनीसम्राट्) नै हुनुहुन्थ्यो ।

चर्चनीविद्या (श्रीपरमधामको सचित्र वर्णन) मा उहाँका धेरै शिष्यहरू अद्यापि ठूल-ठूला विद्वान्का रूपमा प्रतिष्ठित छन् । यस विषयको शिक्षा दिनलाई उहाँले सर्वप्रथम श्रीलालदासजी महाराजको "छोटीवृत्त" को समेत प्रकाशन गर्नुभएको थियो । साथै साहित्यमा पनि उहाँको विशेष अभिरुचि भएको हुँदा "क्षराक्षराक्षरातीत परिचय" नेपाली भाषामा र "आत्म-परिचय" हिन्दि भाषामा पुस्तकहरूको रचना गरी समाजलाई गुन लगाउनुभएको छ । उहाँ वालव्रह्मचारी भएको र धर्मको प्रचारमै जीवन समर्पण गर्ने महान् त्यागी हुनुभएकाले वि.सं. २०१८मा श्री ५ महामंगलपुरी धाम, सूरतको गादीपति (आचार्य) समेत रहनुभयो । गादीपति रहँदारहँदै वि.सं २०२४मा उहाँको धामगमन भएको हो । उहाँको यसरी अल्पायुमै धामगमन हुँदा समाजमा अपूरणीय क्षति भएको छ ।

९.गुरुजी श्री १०८ मंगलदासजी महाराज

गुरुजी श्री १०८ मंगलदासजी महाराज यस संसारमा, इलाम जिल्लास्थित मेहेलबोटे गाउँमा माता श्रीमती नर्वदावाई र पिता श्रीकल्याणदास सापकोटाको घर-आँगन पवित्र पार्दै वि.सं. १९५३ आश्विन शुक्ल द्वादशी तिथिका दिन अवतरित हुनुभयो । यो परिवार पछि आसाम वसाइं सरेपछि पिता काल्याणदास सापकोटाले आफ्ना दुई सन्तान मंगलदास र जगन्नाथजीलाई वाल्यावस्थामै छाडी देहत्याग गर्नुभयो, यसरी माता नर्वदाका काँधमा ठूलो दायित्व आयो ।

आसाममा गुरु श्रीपीताम्बरदासजीको आगमन भएका अवसरमा माता नर्वदाले आफ्ना दुवै पुत्रलाई शिक्षा-दीक्षाका लागि जिम्मा दिनुभयो । श्रीगुरुजीले पद्मावतीपुरी धाम-पन्ना, महामंगलपुरी धाम सूरत र श्री५ नवतनपुरी धाम-जामनगरबाट यथेष्ट शिक्षा प्राप्त गर्नुभयो ।

समाज-सेवा र जागनी-यात्रा गर्न अवतरित हुनुभएका श्रीगुरुजी शिक्षार्जनपछि चार धाम र अन्य तीर्थस्थलहरूको पैदल भ्रमण गर्दै गर्दै पुन: पन्ना पुग्नुभयो । त्यसै क्रममा ब्रह्मज्ञानी श्रीगुरुदेवलाई पूर्वोत्तर क्षेत्रमा आई जागनी अभियानमा लाग्ने अलौकिक प्रेरणा प्राप्त भयो । परमात्माद्वारा सुम्पिएको सो कार्यलाई शिरोधार्य गर्दै श्रीगुरुदेवले वि.सं. १९८० मा प.बं. को पवित्र पहाडी भूखण्डमा पदार्पण गर्नुभयो । श्रीगुरुजीले प्रथमत: कालेबुङको इच्छे बस्तीमा नेपाल ढुङ्खर्कका एक दम्पति श्रीदयालदास र श्रीमती राजबाई तिम्सिनाद्वारा पन्नाबाट आई वाणी पधरावनी गरी स्थापना गरेको मन्दिरको जीर्णोद्धार गर्नुभयो ।

त्यस्तै उदारहृदय श्रीगुरुजीले धेरै गर्नु थियो, त्यसैले गम्भीरदास मुखियाका अध्यक्षतामा र अम्बरदास, नारददास खरेल आदिका सक्रिय सहयोगमा वि.सं. १९९६ तिर बजारमन्दिरको स्थापना गर्नुभयो । बजारमन्दिरको स्थापना गर्नुका साथसाथै ज्ञान, भक्ति र सेवाको प्रचार गर्नुभयो , ब्रह्मसृष्टि सुन्दरसाथहरू जागृत भए र गुरुजीको भावनाअनुकूल श्रीराजजीले सबैलाई प्रेरित गर्नुभयो र त्यहाँ ठूला-ठूला अनुकरणीय सेवामूलक कार्यहरू संचालित भए । जस्तै- बजारमन्दिर, श्रीकृष्णप्रणामी विद्यामन्दिर, तपोवन (कुटी), प्रणामी बालिका उच्च विद्यालय, प्रणामी बालिका आश्रम, गौशाला, औषधालय, सिलीगुडीमा श्रीकृष्णप्रणामी मन्दिर, श्रीप्राणनाथ संस्कृत महाविद्यालय, श्रीकृष्णप्रणामी विद्यालय आदि । यसरी नै श्रीगुरुजीकै प्रतापले श्रीकृष्णप्रणामी मन्दिर भिवानी,हरियाणा र जुही,श्रीकृष्णप्रणामी मन्दिर"मुक्तिधाम"इटहरी (नेपाल) आदि-आदि ठाउँमा मन्दिर र अन्य संस्थाहरूको स्थापना गर्नुभयो । त्यस्तै गुरुजीद्वारा नै अनेक ठाउँमा वृद्धाश्रम, अनाथाश्रम, औषधालयहरू आदि संस्थाहरू स्थापित गर्नुभयो । त्यसरी नै कालेबुङ प्रणामी धर्मसभा, गुरुजी प्रणामी-मिशन ट्रट, बम्बै र सिलिगुडीबाट नियमित प्रकाशित हुने "राजविद्या" मासिक पत्रिका पनि श्रीगुरुजीका उल्लेखनीय सेवा-कार्य हुन् । साहित्य सेवामा

पनि उहाँको उत्तिकै रुचि थियो । यसरी ज्ञान, भक्ति र सेवालाई समानान्तर रूपमा अघि बढाई श्रीकृष्णप्रणामी धर्म-प्रचारलाई व्यापकता र उदारता प्रदान गर्नुहुने महान् आत्मा श्रीगुरुदेवले नश्वर देह त्यागेर वि.सं. २०४२ साल वैशाख १९ गते शुक्ल द्वादशीका दिन परमधाम प्रस्थान गर्नुभयो ।

श्रीगुरुजीको धामगमनबाट सारा जगत् शोकाकुल भयो र गुरुजीको स्मृतिमा श्री एल्.पी.तिवारीका अध्यक्षतामा लगातार आठ वर्षसम्म निर्माणकार्य भै मंगलधामको सन् १९९३ मा उद्‌घाटन भई श्री १०८ पारायण भव्य रूपमा सम्पन्न भयो ।

१०. श्री युगलदासजी महाराजः

श्रीयुगलदास महाराजको जन्म वि.सं १९५३ आश्विन शुक्ल द्वितीयाको दिन कालेबुङको इच्छे वस्तीमा भएको थियो । उहाँका माता-पिता श्रीमती सुन्दरवाई र श्रीलक्ष्मणदास शर्मा (तिम्सिना) पहिलेनै ढुंखर्क-काभ्रेबाट पद्मावतीपुरी धाम गई ज्ञानार्जन गर्नुभई राजवाई मातासित कालेबुङको इच्छे प्रणामी मन्दिर पुगी बसोवास गर्न थाल्नुभएछ । यही इच्छेमा श्रीयुगलदासजीको जन्म भएछ । उहाँले बाल्यावस्थामा त्यहीं प्राथमिक शिक्षा आर्जन गरी पछि श्रीपरमहंस दयालदास महाराज बाट शिक्षा-दीक्षा प्राप्त गर्नुभएको बुझिन्छ । त्यसपछि श्रीपद्मावतीधाम-पन्ना पुगी श्रीगुरुजीबाटै विभिन्न विषयमा शिक्षाआर्जन गर्नुभयो ।

श्रीमहाराज शिक्षाआर्जनपछि भारतका विभिन्न स्थानमा धर्मप्रचार गर्दै नेपालआई काभ्रेमा लामो समयसम्म प्रचाररत रहनुभयो । उहाँले काभ्रेमा रहँदा नै धार्मिक विषयमा वर्षौं मुद्दा खेप्नुपरेको थियो । त्यस बेलाको आततायी

राणाशासन-कालमा अहिंसावादी निजानन्द सम्प्रदायको प्रचार गर्दा कतिलाई आश्चर्य भई उनीहरूले सो पोल गरेका होलान् । पछि धर्म र सम्प्रदायका बारे स्पष्ट परिचय दिएपछि तारीखमा छोडियो र पछि मुद्दा डिस्मिस् भयो ।

श्रीमहाराज २०१६ सालदेखि डिल्लिबजार मन्दिरमा रहन थाल्नुभयो । उक्त स्थान २०१२ सालमा रामगुठीका गुठियार श्रीचेतबहादुर बस्नेतसँग श्रीखड्गदास महाराज(तिवारी)ले मन्दिर-प्रयोजनको निम्ति खरीद गरी सेवा-पूजा सत्संग गर्ने गरेको थाहा हुन्छ । पछि २०१६ सालमा श्रीमहाराजले खड्गदासजीबाट पूर्णरूपमा सार्वजनिक प्रयोजनका लागि उक्त मन्दिर खरीद गरी धर्म-प्रचार गर्दै २०२२ सालसम्म रहनुभयो र फेरि सुन्दरसाथका आग्रहअनुसार धर्मशिक्षा दिन उहाँ पुल्चोकको दमकल अगाडिको मन्दिरमा रहन थाल्नुभयो । २०२३ सालमा श्रीमहाराजले आफ्नै अध्यक्षतामा “श्रीकृष्णप्रणामी सेवासमिति” को गठन गरी सुन्दरसाथहरू समेतको सहयोगबाट सो संस्था श्री ५ को सरकारमा दर्ता गराई डिल्लीबजार मन्दिर सो समितिलाई हस्तान्तरण गर्नुभयो । यस समितिको विधान मसौदा र सम्पादन समेत पं कमलकृष्ण बज्गाईले गर्नुभएको बुझिन्छ । हाल पनि श्रीमहाराजजी संस्थापक रहनुभएको सो समितिले नै विविध धार्मिक क्रियाकलाप र मन्दिरको संचालन गर्दै आइरहेको छ । उहाँले २०३७ सालमा पुल्चोकको दानागिरिमा निजानन्द आश्रमको पनि स्थापना गर्नुभयो ।

यसरी नेपालको मध्यमाञ्चल क्षेत्रको धर्मप्रचारमा उल्लेखनीय योगदान गर्नुहुने साहित्यप्रेमी श्रीयुगलदासजी महाराजले २०४४ साल भदौ ३१ गते भाद्रकृष्ण दशमीका दिन देहत्याग गरी परमधाम प्रवेश गर्नुभयो ।

११. परमहंस श्री १०८ रंगीदास महाराज[1]



परमहंस श्री १०८ रंगीदासजी महाराजको जन्म वि.सं. १९५८मा नेपालको काठमाण्डौं नजिक काभ्रेमा घिमिरे ब्राह्मणका कुलमा भएको हो । उहाँका विषयमा अरू विवरण थाहा नभए पनि जागनीका वारेमा वूढा-पाकाहरूको भनाइ के छ भने,उहाँ बडो प्रतापी,सिद्ध पुरुष हुनुहुन्थ्यो र हरिद्वारमा विरक्त दशामा रहने-बस्ने गर्नुहुन्थ्यो । कुनै एक दिन उहाँले गंगा-तटमा घुम्दै जाँदा नेपालवाटै गएका एक प्रणामी सन्त गंगा-तटमा बसी "नित्यपाठ" पाठ गर्दै गरेको देख्नुभएछ । पाठ अनौठो र उत्कृष्ट प्रकार को लागेर धेरै वेर बसी ध्यानपूर्वक सुन्दा उहाँको आत्मा जागृत भएछ र सोध-खोज गरीउनै सन्तवाट दीक्षालिई"तारतम"ग्रहण गरेर तीर्थाटनमा लाग्नुभएछ ।

उहाँ संस्कृतका प्रकाण्ड विद्वान् र सिद्ध योगी हुनुहुन्थ्यो । तीर्थयात्रा गर्दै गुजरातको अहमदावाद पुग्नुभएछ र तीर्थाटनकै क्रममा धर्म सम्वन्धी वीतक, वाणी, विराट्, चर्चनी आदिको पनि राम्ररी अध्ययन गर्नुभएछ । अहमदावादका श्रीकृष्णप्रणामी समाजले त्यहाँका पुराना मन्दिरको गादीपति पदमा आसीन गराई सम्पूर्ण जिम्मेवारी सौंपिदिएछ । उहाँमा वाक्सिद्धि थियो र उहाँ परमहंस दशामा पुग्नुभएको थियो । उहाँ बजार निस्किँदा बजारका व्यापारीहरू "मेरा पसलबाट लिनुहोस्" भनी सबै पसलेहरू खूब आग्रह गर्दथे । उहाँले पसल छोइदिँदैमा र (टेकिदिँदैमा) पसलहरू राम्ररी चल्ने गर्थे, धेरै फलीफाप हुन्थ्यो । उहाँले सबैलाई आशीर्वाद दिए आशीर्वाद र श्राप दिए श्राप लाग्थ्यो । त्यसकारण हिन्दू-मुसलमान सबै उहाँको श्रद्धापूर्वक पूजा र भक्ति गर्दथे । उहाँको धामगमन वि.सं. २०२८ कार्त्तिक शुक्ल नवमीका दिन अहमदावादमै भएको हो । हिन्दू-मुसलमान सबै अद्यापि उहाँका समाधिमा गई पूजा-आजा गर्छन् र मनोकामना प्राप्त गरिरहेका छन् ।

---

१. यी सन्त धिताल थरी र आसाममा जन्मिई आफ्नै दाजु वाणीशिक्षित श्रीछवीलदास सन्तका साथ तीर्थ गएको "निजानन्दपर्द्धति"मा श्रीपूर्णव्रह्म शास्त्रीज्यूले उल्लेख गर्नु भएको छ । सन्त श्रीछवीलदासजी अधिकारी थरी हुनुहुन्थ्यो । कतिपय सन्तवाट रंगीदासजी घिमिरे थरका हुनुहुन्थ्यो भन्ने वुझिएको हुँदा मतभेद देखियो । "धिताल" अधिकारी र "घिमिरे" मध्ये उहाँ के हुनुहुन्छ खोजको विषय रह्यो ।

१२. आचार्य श्री १०८ रंगीलदास महाराज

आचार्य श्री १०८ रंगीलदासजी महाराजको जन्म पूर्व नेपाल ताप्लेजुङमा वि.सं.१९०९मा पौडेल परिवारमा भएको हो । बाल्यकालमै पिता-मातासँग आसाम बसाइँ गई बुढाई नदीपारि आरीभाँगा भन्ने गाउँमा भैंसी गोठ राखी बस्नुभएछ । पछि माता-पिताबाट छुटेपछि वैराग्य प्राप्त भई घुम्दै-फिर्दै राङशाली (बिहाली) का श्रीकृष्णप्रणामी मन्दिर (हाल-पीताम्बर पीठ) मा आइपुग्दा आचार्य श्री १०८ पीताम्बरदास महाराजको सुसंगत पाएर उहाँबाट यस सम्प्रदायमा दीक्षित हुनुभएछ । त्यसपछि पीताम्बरदासजी महाराज सूरत जाँदा उहाँसगै रंगीलदासजी महाराज पनि जानुभएछ । सूरतमा आफ्ना गुरुजीबाट धार्मिक शिक्षा वीतक, वाणी, विराट्, चर्चनी आदि विषयमा पारंगत हुनुभएछ र संस्कृत भाषाको पनि अध्ययन गर्नुभएछ । पीताम्बरदासजी महाराजले योग्य पात्र तयार पारेर आफ्ना शेषपछि श्रीप्राणनाथजी महाराजको प्रथम गादी सूरत (महामंगलपुरी धाम) को आफू बसेको सिंहासनमा आसीन गराउन भनी उहाँलाई उत्तराधिकारी घोषित (नियुक्त) गर्नुभयो । श्रीपीताम्बरदासजीका शेषपछि वि.सं.१९७९मा रंगीलदासजी महाराज गादीपति भई आसीन हुनुभयो ।

यी श्री १०८ रंगीलदासजी महाराजले आफ्ना प्रातः स्मरणीय गुरुदेव श्री १०८ पीताम्बरदासजी महाराजका स्मृतिमा श्री५पद्मावतीपुरी धाम-पन्नाका श्रीगुम्मटजीमा चाँदीको मूलद्वारको निर्माण गराउनुभएको छ । तिनै द्वारका तल ठेलामा (पश्चिम दैलाका ठेलामा) "ये चाँदीना दरबाजा सुरतवाला महाराज रंगीलदासजीना तरफथी मन्दिरमा सेवा करेल सम्वत १९८३" लेखिएको छ र दैलामा श्री १०८ पीताम्वरदासजी महाराजको चित्र चित्रित गरिएको छ । यसरी समाजसेवा र धर्म-प्रचारमा सारा जीवन अर्पण गरी उहाँ वि.सं.१९८९ मा सूरतमै ब्रह्मलीन हुनुभयो । उहाँको समाधि अद्यापि सूरतकै नानी बहुचराजी मन्दिरअगाडि विद्यमान् छ जहाँ उहाँका गुरुजी आचार्य श्री १०८ पीताम्बरदासजी महाराजका र उहाँपछिका आचार्य श्री १०८ मंगलदासजी (रिमाल) महाराजका समाधिहरू रहेका छन् ।

१३. बाबाजी श्रीलक्ष्मीदास महाराज

उहाँको जन्म वि.सं. १९७१ मा सिक्किम राज्यको वेन ग्राममा माता छायाँबाई र पिता श्रीलीलादास घिमिरेको गृह पवित्र पार्दै उहाँहरूका कनिष्ठ पुत्रका रूपमा भएको हो । उहाँ बाल्यअवस्थामै आफ्ना पितामह, माता र दाजुहरूकासाथ जन्मभूमि छोडी आसामको सुक्लाई भन्ने ठाउँमा जानुभयो । यस निजानन्द सम्प्रदाय (श्रीकृष्णप्रणामी धर्म) द्वारा उहाँको परिवार पहिलेदेखि नै संस्कारित भएको हुँदा उहाँले पनि आसाम गएपछि यस धर्मको दीक्षा ग्रहण गर्नुभयो । त्यसपछि सत्संगका खोजीमा घरबाट निस्कनुभयो र श्री ५ पद्मावतीपुरी धाम, पन्ना हुँदै श्री ५ नौतनपुरी धाम पुग्नुभयो । त्यहाँ पुगेर उहाँले बडो लगनशील र मिहिनेती भई तत्कालीन धर्माचार्य श्री १०८ धनीदासजी महाराजबाट वीतक, वाणी, विराट् आदिको गहिरो अध्ययन गर्नुभयो । श्रीमत्तारतम वाणीका उहाँ एक प्रकाण्ड विद्वान् हुनुहुन्छ । उहाँका शिष्यहरू अहिले विशिष्ट विद्वान् मानिनुहुन्छ र कोही-कोही उच्च (महन्त) ओहदामा समेत आसीन हुनुहुन्छ ।

श्रीबाबाजी यस ८४ वर्षका उमेरमा पनि वाणी-वीतकको शिक्षा-तालीम दिने कार्यमा उत्तिकै सक्रिय देखिनुहुन्छ । उहाँ अत्यन्त शान्त र सौम्य देखिनुहुन्छ र श्री ५ नौतनपुरीधाममा श्री १०८ आचार्य महाराजपछि दोस्रा स्थानमा उहाँ नै मानिनुहुन्छ । उहाँको एउटा विशेषता के छ भने उहाँ आफैं भण्डार (भोजन कक्ष) मा गई भोजन बाँड्न लाग्दा भोजनको कमी कहिल्यै नहुने कुरा तीर्थवासीहरू बताउँछन् । उहाँका दीक्षा-गुरु श्री १०८ पीताम्बरदासजी महाराज हुनुहुन्छ ।

:- नेपालमा श्रीकृष्ण प्रणामी धर्म :-

नेपाल परापूर्वकालदेखि नै एक धार्मिक देशका रूपमा रहँदै आएको छ । हिन्दू धर्म र पूर्वीय दर्शनको उद्‌गम स्थल भरतखण्डको उत्तरतर्फ पर्ने नेपाल पूर्वीय दर्शनका प्रणेता कैयौं ऋृषि-मुनि तथा सन्तहरूको तपोभूमिको रूपमा रहेको छ ।

नेपाल भारत परापूर्वकालदेखि नै धार्मिक र सांस्कृतिक रूपले एक छन् र पूर्वीय दर्शनका समान आदर्शद्वारा अभिप्रेरित छन् । यसै कारण भारतमा जुन पनि ज्ञान वा भक्तिधारा प्रकट हुन्छ त्यो नेपाल र नेपाली जन-जीवनमा पनि सहज रूपमा प्रवाहित भइहाल्छ । प्राचीन धर्मग्रन्थहरूका आधारबाट पनि के प्रष्ट हुन्छ भने - बृहत् उत्तराखण्ड जम्बुद्वीपमा जुन धार्मिक र सांस्कृतिक परम्परा चलेर आएका छन् नेपाल र भारतका लागि ती परम्परा साझा रूपमा रहेका छन् । त्यसैले नेपाल र भारतका लागि ती नेपालमा जन्म लिएका गौतम बुद्ध हुन् वा भारतमै जन्म लिएका आदि शंकराचार्य, सन्त कबीर, गुरु नानक, चैतन्य महाप्रभु, दयानन्द सरस्वती, स्वामी विवेकानन्द, सद्‌गुरु देवचन्द, महामति प्राणनाथ वा अन्य धर्म सुधारक महान् आत्माहरू हुन् , उनीहरूको धार्मिक आध्यात्मिक र साहित्यिक अभिव्यक्ति सहज रूपमा नेपाल र भारतमा मात्र नभएर अन्यत्र पनि फैलिएको छ ।

यसै पृष्टभूमिमा श्रीकृष्णप्रणामी धर्मका आद्य संस्थापक सद्‌गुरु श्रीनिजानन्द स्वामी देवचन्द्रजी र उहाँका मुख्य शिष्य धर्मसुधारक हिन्दू धर्मरक्षक र श्रीकृष्णप्रणामी धर्मका आद्य प्रमुख प्रचारक महामति श्रीप्राणनाथको धर्म-सन्देशको प्रभाव पनि नेपाल र नेपालीमा पर्नु स्वाभाविकै हो ।

अहिंसा, धार्मिक सहिष्णुता अनि ज्ञान, भक्ति र सेवाका साथै सामाजिक समानताका आदर्शलाई मूर्त्तरूप दिँदै आएको यो समुदाय "प्रेमलक्षणा भक्ति"द्वारा पूर्णब्रह्म परमात्मा श्रीकृष्णको भक्ति गरी अखण्ड अनादी अक्षरातीत श्रीपरमधाममा आत्मा जागृत गर्ने लक्ष्य लिन्छ ।

वि.सं.१६७८ देखि गुजरातको जामनगरबाट सद्‌गुरु श्रीदेवचन्द्रजीले स्वयं पूर्णब्रह्म परमात्माद्वारा साक्षात् दर्शन पाई तारतम महामन्त्र सहितको आत्माहरू जागृत गर्ने संदेश पाएपछि प्रचारारम्भ भएका यस श्रीकृष्णप्रणामी धर्मका प्रमुख

आद्यप्रवक्ता श्रीमहामति प्राणनाथजी निजानन्दीय ध्वजा फहराउँदै वि.सं.१७३५ मा हरिद्वारको महाकुंभ मेलामा "एक ब्रह्म उपासना" र धर्म एकताको संदेश दिन सामेल हुनुभयो । यसै क्रममा त्यहाँ कैयौं धर्माचार्यहरूसँग शास्त्रार्थ भयो र अन्ततः उहाँ त्यहाँ सबै धर्माचार्य र विशिष्ट विद्वान्हरूद्वारा सम्मानित हुनुभयो । यसै दिनदेखि उहाँ "विजयाभिनन्द बुद्ध निष्कलङ्क" घोषित हुनुभयो अनि शाका (सम्वत) पनि चल्न थाल्यो ।

यसै समयको बृहत् जागनीको क्रममा त्यहाँ कैयौं नेपाली सन्तहरू पनि श्रीमहामति प्राणनाथद्वारा दीक्षित भएको इतिहास पाइन्छ जसमध्ये नेपालबाट गएका श्रीपुरुषोत्तमदास महात्मा, श्रीकृणदास महाराज, श्रीलच्छी(लक्ष्मी)दास महाराज आदि पनि हुनुहुन्थ्यो । हरिद्वारको कुम्भ मेलापछि सबै सन्तहरू श्रीप्राणनाथजी का दिव्यातिदिव्य श्रीपरमधामका अमृतमय वाणीको रसास्वादन गर्दै १७४० मा पन्ना पुग्नुभयो । पन्ना धाम पुगेका ५ वर्षपछि अर्थात् वि.सं.१७४५मा केही सन्तहरूलाई स्वमीजीले "सुख शीतल करूँ संसार" भन्ने आदर्शको संदेश दिएर धर्म-प्रचारमा हिँड्न आज्ञा दिनुभयो जसअनुसार सन्त विद्वान्हरू यत्रतत्र लाग्नुभयो ।

यसैक्रममा आजका नेपालको पशिचम दैलेख जिल्लान्तर्गत "पाँकोट" भन्ने ठाउँबाट महामतिको सन्देश लिएर हिँड्नुभएका श्रीपुरुषोत्तम दास महात्माले धर्मप्रचार शुरू गरेको पाइन्छ भने दुई शय पचास वर्ष अघि पोखरा बैदामका लक्ष्मीदास बराल दैलेख गएर आएपछि उहाँले पोखराको बैदाममा धर्म-प्रचार गरी जागनी गरेको पाइन्छ । यी लक्ष्मीदास बराल सम्भवतः पुरुषोत्तमदास महात्माका शिष्य हुन् । त्यही ऐतिहसिक ठाँउमा धर्मप्रचार शुरू भएको लगभग एक शय वर्षपछि वि.सं. १९१९ मा परमहंस दयालदास महाराजको जन्म भएको थियो ।

त्यस्तै पोखराको बैदाममा लगभग २०० वर्षअघि नै श्रीकृष्णप्रणमी मन्दिर स्थापित भएको थियो । यो कुरा त्यो बहुमाराको मन्दिरबाट लमजुङका बल्थुम मन्दिरमा ल्याइएका अन्य सामग्रीहरू सहितको स्वरूप साहेबको लिखित विवरणबाट बुझ्न सकिन्छ ।

त्यस्तै एक शय पन्ध्र वर्ष पूर्व श्रीदयालदास महाराजले लमजुङको बल्थुममा प्रणामी मन्दिरको स्थापना गर्नुभएको थियो । श्रीदयालदास महाराजले नै धेरै सन्त महात्माहरूलाई शिक्षा-दीक्षा दिई महान् आत्मा बनाउनुभयो । उहाँले नेपालको मध्य क्षेत्रबाट तारतम वाणीको व्यापक प्रचार-प्रसार र तालीम-इलमंको सुव्यवस्था गर्दै साहित्यमा पनि ठूलो सेवा पुऱ्याउनुभयो । उहाँद्वारा वि.सं. १९७६ सालतिरै छापिएको भक्ष्याभक्ष्य-दर्पणले ठूलो शिक्षा दिएको छ । उहाँका समयको नेपाल भारतको धर्म-प्रचारलाई हेर्दा उहाँको स्थान अग्रपंक्तिमा आउँछ ।

महामति श्रीप्राणनाथजी (वि.सं.१६७५-१७५१)का समयदेखि नै श्रीकृष्णप्रणामी धर्मका ठूला-ठूला सन्तहरू अधिकांश नेपाली नै रहेका छन् र उनीहरूले श्रीकृष्णप्रणामी धर्म-प्रचारमा ठूलो योगदान पुऱ्याएका छन् । श्रीलक्ष्मीदास महाराजले आफूसँग पारसमणि भएकाले पन्नामा सुनैसुनको गुम्मटजी बनाउन चाहेका थिए र पारसमणिबाट दुई शय ईंटा सुनकै बनाइसकेका रहेछन् । पछि श्रीप्राणनाथजीले सो कुरा थाहा पाएपछि रोक्तै भन्नुभयो “यस लोभानी-पापानीका जगत्मा यसरी बनाएको मन्दिर पछिसम्म रहँन सक्तैन, मानिसहरू सबैलाई पापले ग्रस्त पार्नेछ र एक-एक ईंटा झिकिनेछन् अनि मन्दिरको नाम-निशान समेत मेटिनसक्नेछ ।” त्यसपछि श्रीप्राणनाथजीले उक्त पारसमणि जल-कुण्डमा फालिदिनुभयो भन्ने किम्बदन्ती सुन्न पाइन्छ । यसबाट श्रीलक्ष्मीदासजी दुःखी हुनुभयो तर स्वामीजीले “हेर लक्ष्मीदासजी ! तिमी दुःखी नबन तिमीले कीर्ति राख्न खोजेको इच्छा म पूर्ण गरिदिउँला” भनी निर्माण सम्पन्न भएपछि श्रीगुम्मटका पूर्व दैलामा एउटा कडो (चुरो) राखिदिनुभयो । स्वामीजीको आशीर्वाद प्राप्त उक्त कडो धोएर पानी खाने चलन आजसम्म पनि छँदैछ । “विश्वासं फलदायकम्” श्रीराज्जीका कृपाले रोग-व्याधि हराउँछ ।

उक्त पद्मावतीपुरी-धामको बंगलाजीमा रहेको तामाको छानो काठमाण्डौंका भवानीदास र रामदास श्रेष्ठ दाजुभाइ मिलेर बनाई कीर्ति कायम गर्नुभएको छ । अर्का एक नेपाली सन्त पनि ठूला प्रतापी थिए, उनको नाम श्रीकृष्णदास भँडारी हो जो इलामको पाण्डाम निवासी थिए र जसका प्रतापले नेपालीहरू गौरवान्वित छन् । उनका नाममा पन्नामा एक नेपाली ओडीको

निर्माण भएको छ जहाँ नेपाली सन्तहरू रहने परम्परा छ । परम्परा अनुसार हाल ओखलढुङ्गाका श्रीभवानी लम्साल हुनुहुन्छ । यही ओडीमा रहेर दैलेखका परमहंस श्रीदयालदास महाराजले २५ पक्ष परमधामको चित्र काठमा उतार्नु भै अद्वितीय नमूना छोडी धामगमन गर्नुभएको छ ।

यी दयालदास बाबाले चाँदीका दुईटा सिंहासन वनाई बंगलाजीमा चढाएको ब्यहोरा पहिले उल्लेख भैसकेको छ । यी सिंहासनमा "सेवक दयालदास बाबा, नेपाली गुम्टी प्रणाम, आर्ट अनुप मण्डल" भनी लेखिएको छ । पन्नामै गुल्मीकी नेपाली साहसी विदूषी "तेजबाई" नामकी महिला पनि पुगेकी रहीछन् । यी तेजबाई माईले वि.सं. १९४२ ज्येष्ठ शुक्ल द्वितीयाका दिन आफ्नै हातले लेखेका स्वरूप साहेब चाँदीले मोढेर वि.सं. १९६३ मा गुम्मटजीमा चढाएका रहेछन् । आज पनि यिनै स्वरूप गुम्मटजीमा राखी पाठ एवं चर्चा-कथा गरिन्छ । यी महिलाले निर्माण गरेका बगैंचामा आज पनि मेलाहरूमा भण्डारा गर्ने चलन छ ।

साहित्यसेवामा जीवनको बाजी लगाई श्रीमुखवाणीयुक्त सेवा-पूजाको पुस्तक सर्वप्रथम प्रकाशित गर्ने श्रीअमरदत्त शर्मा (अमरब्रह्मावर्ती महाराज) चर्चनीविदका साथै संगीतका प्रकाण्ड विद्वान् हुनुहुन्थ्यो । श्री ५ महामंगलपुरी धामका आचार्य श्री १०८ पीताम्बरदासजी महाराजको जन्म नेपालके पूर्व पकरबासमा भएको हो । यीनै पीताम्बरदास महाराजका स्मृतिमा सूरत मोटा मन्दिरका आचार्य श्रीरंगीलदास महाराजले वि.सं. १९८३ मा पन्नाका बंगलाजीमा चाँदीको ढोका बनाई दिएका रहेछन् जुन कुरा पश्चिम दैलाका ठेलामा "ये चाँदीके दरबाजा सूरतवाला महराज रंगीलदासजीना तरफथी......" भनी लेखिएको छ र दैलामा पीताम्बरदासजी महाराजको चित्र पनि आङ्कित गरिएको छ । यी रंगीलदास महाराज नेपालको ताप्लेजुङमा जन्मी आसामको आरीभाँगा बुढाई नदीपारि बसोवास गर्दा राङशालीमा पीताम्बरदासजीबाट तारतम ग्रहण गरेको र पौडेल थर भएको कुरा रंगीलदासजीकै शिष्य श्रीटहलदास भारद्वाजजी बताउनुहुन्छ । यसरी नै सूरतका चर्चनीसम्राट् आचार्य श्री १०८ मंगलदासजी रिमालले चर्चनीको बृहत् प्रचार गर्नुभयो । त्यस्तै पोखराकी सेनबाई पनि बडो साहसी विदूषी महिला हुनुहँदोरहेछ । उहाँले सतना मन्दिरको निर्माण गरी सिद्ध परमहंस दयालदासजी महाराजको जागनी गर्नुभयो ।

त्यसैगरी अहमदाबादका रंगीदास महाराज काठमाण्डौं वर-परकै घिमिरे थर भएका वाक्‌सिद्धि प्राप्त गरेका सिद्ध पुरुष भएको बुझिन्छ । उहाँका समाधिमा अहमदाबादका हिन्दू-मुसलमान सबै पूजा गर्दछन् । यस प्रकार धेरै नेपाली सन्त महात्माहरूले भारत तथा नेपालमा श्रीकृष्णप्रणामी धर्मको प्रचारमा योगदान पुऱ्याएका छन् भने हाल श्री ५ नवतनपुरी धाम-जामनगरका धर्माचार्य श्री १०८ कृष्णमणिजी महाराजको जन्म पनि नेपालको इलाम जिल्लामा भएको हो ।

काठमाण्डौं उपत्यका भैमालका एक सञ्जेल ब्राह्मण वि.सं. १८३४ तिर बहादुर शाह बेतिया जाँदा सेवकका रूपमा गएका रहेछन् र उनी बेतियातिरै श्रीकृष्णप्रणामी धर्ममा दीक्षित भएर फर्किएपछि उनै सञ्जेलद्वारा काठमाण्डौं किलागल, नरदेवी, ढुंखर्क, टुंगुन, रामेछाप, काभ्रे र तराईका केही स्थानमा समेत जागनी भएको इतिहास पाइन्छ । सप्तरी जिल्लाका पातो गाउँमा रहेका श्रीकृष्णप्रणामी मन्दिरको स्थापना नेपालबाट विहार गएर धर्म प्राप्त गरी विहारको गंगापुरबाट आएका नेपाली सन्तद्वय श्रीकमलदास र श्रीमोहनदासले वि.सं. १८०६ सालमा गरेको पाइन्छ । सप्तरीको पातो गाउँबाट प्रचार-प्रसार भएपछि वि.सं. १८११ मा चकदह मन्दिरको स्थापना भयो ।

पूर्व क्षेत्रको श्रीकृष्णप्रणमी धर्म-प्रचारको ऐतिहासिक स्थिति पनि पश्चिम दैलेखको समकालीन छ । सर्वप्रथम वि.सं. १८०० भन्दा अघि नेपालबाट विहार गंगापुर गई प्रणामी धर्मको दीक्षा लिएर आएका श्रीमतीलक्ष्मीबाई पाण्डे र श्रीजगन्नाथ पाण्डे दम्पति झापाको सुरुङ्गा उत्तरको इलाम जिल्लामा पर्ने चुलाचुलीमा सानो मन्दिर बनाई बसेछन् । केही समयपछि त्यहीँ श्रीजगन्नाथ पाण्डेको देहान्त भएछ । आफ्ना स्वामीको देहान्त भएपछि शोकाकुल भई लक्ष्मीबाई पाण्डे "तारतम-सागर" शिरमा राखी मेलाका अवसरमा पूर्व क्षेत्रको प्रसिद्ध धार्मिक स्थल वाराहक्षेत्र पुग्नुभयो । सोही मेलामा तीर्थाटनमै आएका आठराई फुँगुवाका मैनाली (लक्ष्मीबाईका माइती) परिवारसँग सम्पर्क हुन पुग्यो । त्यसपछि लक्ष्मीबाई आफ्ना माइती परिवारसँगै इवा-सिम्ले पुग्नुभयो र धर्मको प्रचार गरी वि.सं. १८०० सालमा श्रीकृष्णप्राणामी मन्दिरको स्थापना गर्नुभयो । स्थापना कालदेखि अनवरत रूपमा सञ्चालित भैरहेको र नेपालका सम्पूर्ण प्रणामी मन्दिरहरूमध्ये यो सबैभन्दा पुरानो हो ।

पूर्व नेपालमा सर्वप्रथम जागनी भएका यस क्षेत्रमा विभिन्न सन्त महात्मा र धर्मप्रचारकहरूको आगमन हुन थाल्यो । यस सन्दर्भमा श्रीपीताम्बरदासजी महाराज उल्लेखनीय हुनुहुन्छ । उहाँले पूर्व क्षेत्रमा जागनी अभियान द्रुततर रूपमा अघि बढाउँदै आसामसम्म पनि पुऱ्याउनुभयो । त्यस समयमा यसरी पूर्व क्षेत्रको जागनी-मुहानको रूपमा तेह्रथुमको इवा-सिम्ले र त्यहाँको प्रणामी मन्दिर उल्लेखनीय रहेको छ ।

यसरी ३०० वर्ष अघिदेखि स्वयं श्रीप्राणनाथजीका शिष्य पुरुषोत्तमदास महात्माले वि.सं.१७४५मा प्रचार-प्रारम्भ गर्नुभएको श्रीकृष्णप्रणामी धर्मको प्रचार–प्रसार र जागनी कार्यमा सम्पूर्ण नेपालकै प्रगति र चेतनालाई एक शय वर्षभन्दा बढी स्थिर राख्ने राणाशासन-कालमा व्यवधान आइपऱ्यो ।

अहिंसाव्रती भई अनन्य भावले परमात्मा श्रीकृष्णको भक्ति गर्ने श्रीकृष्णप्रणमी धर्ममाथि राणाशासन-कालको उत्तर-मध्य समयमा तत्कालीन राणा शासकहरूको भ्रमपूर्ण कुदृष्टि परेको पाइन्छ । त्यतिखेर राजनैतिक, शैक्षिक र साहित्यिक क्रियाकलापमा लाग्नेहरू मात्र नभएर अहिंसा धर्मप्रचार गर्ने साधु-सन्तहरू पनि तिनीहरूको आँखामा बिझाए ।

"विनाश काले विपरीत बुद्धिः" भनेझैं हिंसा र जातीय भेदभावबाट मुक्त अहिंसक समाजको सिर्जना गर्ने र एकेश्वर उपासनाको मार्ग प्रशस्त गर्ने धर्मप्रचारमा लागिपरेका प्रणामी सन्त-समुदाय र अनुयायीहरूलाई समेत वि.सं. १९४५ मा वीरशमशेरका पालादेखि दुःख दिन थालियो । धर्म बचाउन समेत सन्तहरूलाई गाह्रो भयो र सार्वजनिक प्रचार-प्रसार लगभग बन्द भयो । तर पनि -

"चाहे काँटो पर भी चलना हो, चाहे अग्निमें भी जलना हो,
चाहे छोडके देश निकलना हो ,रहे ध्यान तुम्हारे चरणोमें ।"

भन्ने उक्ति अनुसार सन्तहरूले प्रचार-प्रसार गर्दै रहे भने कति सन्तहरू यो "निर्विवेकी शासनमा बस्नुभन्दा त अन्नैत्रै धर्म-जागनी गर्ने " भन्दै नेपालबाट भारततिर निर्वासित भएको पाइन्छ । नेपालमै रही धर्म-शिक्षा दिँदैगर्नुभएका श्रीयुगलदास महाराजले धार्मिक मुद्दा खेप्नु परेको थियो र त्यस समयमा धन-मालको समेत क्षति भएको थियो ।

त्यस्तै पूर्व इलामको शान्तिपुरको चैनपुरेस्थित पवित्रादेवी दहालका घरमा पारायण हुँदाहुँदै श्रीतेजधारीदास (तीर्थराज थुलुङ) र गंगादास सुवेदीले "हामी कृष्णप्रणमी हौं, स्वरूप साहेब हाम्रा पूजनीय ग्रन्थ हुन्" भन्दाभन्दै उक्त धर्मग्रन्थसहित सुन्दरसाथ- समूहलाई जेल पठाइयो जसमध्ये श्रीतेजधारीदास र गंगादास सुवेदीले कडा यातना सहित ६ वर्षको कठोर कारावास भोग्नु परेको कुरा जेलवासी श्रीतेजधारीदास र श्रीमाणिकदास सापकोटा बताउँछन् । उक्त २००० सालमा जफत गरिएको "स्वरूपसाहेब" हाल पनि राष्ट्रिय अभिलेखालय, सिंहदरबारमा सुरक्षित छ । हेर्न सकिन्छ । यो लेखकले २०५३ साउन ३० गते नजर गर्दा निम्नानुसारको विवरण पाएको छ ।

"कुलजम स्वरूप रिल नं. A ८९५।३ कुल नं. चल नं. ३१३ जम्मा पेज १५६५ "

प्रारम्भमा "निजनाम श्रीकृष्णजी"बाट शुरू भएको उक्त हस्तलिखित ग्रन्थको अन्तिम पातामा "यह श्री १०८ श्रीकुलजम स्वरूप साहेब पूर्व नेपालके रहनेवाले साथी भाई कामदार मोहनदासजी आहाले ग्रामवाले ओ भाई लालदासजी, दयालदासजी, निर्मलदासजी, तेजधारीदासजीको पु. किसुनदासने निछावर लेकर दिया अब इस सरूपमें इन सातों जनोंको सिवा और किसीका दावा नहीं है, अगर कोई दावा करे तो झूठा समझा जावे । मिति कार्तिक वदी ३ बुधवार सम्बत् १९९८ श्रीविजयाभिनन्दज्यूके शाके २६४ व कलमी चेतनदत्त शर्मा दा.पु. किसनदास धाम पन्ना । प्रणाम ।" यस मूल ग्रन्थका अतिरिक्त अन्य धेरै श्रीतारतम वाणीका ग्रन्थहरू र फुटकर चौपाई लेखिएका गोटाहरू वि.सं. २०२५ सालमा इलाम जिल्ला अदालतबाट तत्कालीन बिचारी श्रीभक्तिप्रसाद शिवाकोटीसित सम्पर्क राखी तत्कालीन भू.सु.का खरिदार श्रीप्रेमदास उप्रेतीले मुक्त गराउनुभयो ।

काठमाण्डौ-किलागलमा लामो समयसम्म धर्मप्रचार गरी बस्नुहुने दयालदासजी महाराजले बाँसबारी (चक्रपथ) मा ठूलो मन्दिर बनाउने आकांक्षा लिई सात रोपनी जमीन खरीद गर्नुभएको थियो तर उहाँले पनि तत्कालीन शासकहरूको कुदृष्टि परी केही दिन थुनामा बस्नुपऱ्यो भने तारीख समेत धाउनुपऱ्यो । त्यसपछि वि.सं. १९८५ मा श्रीमहाराज सात रोपनी जमीन एक स्थानीय सुन्दरसाथलाई संरक्षणार्थ दिई धर्मप्रचारार्थ भारततर्फ लाग्नुभएको

जानकारी पाइन्छ । त्यस समयमा वनेपाका भीमवहादुर साहुवाट पक्डाउ परेका सन्तहरूलाई छुटाउन धेरै प्रयत्न भएको थियो । त्यस दु:खद अवस्थामा पक्डाउ नपरेका ५० जना धर्मप्राण सुन्दरसाथहरू चाहिँ धर्मच्युत गराउला भन्ने आशंकाले "धर्म त्यागेर बाँच्नुभन्दा धर्म थामेरै मर्नु राम्रो " ठानी कोशी नदीमा हामफालेर देह विसर्जन गरी ब्रह्मलीन भएछन् । यस कुराको प्रमाण श्री३जुद्धशम्शेरका आज्ञानुसार जंनरल हरि शम्शेरले वि.सं.२००२ साल कार्तिक २९ गते गरेको फैसला छ ।

त्यस्तै ढुंखर्क, धुसाल, थापागाउँ, तेह्रथुम जिल्लाको इवा (सिम्ले), काभ्रे र नुवाकोट हैवारतिरका साथीहरूले पनि त्यस समय दु:ख पाएका थिए । काभ्रेका घटनामा श्रीयुगलदास महाराज लगायतका सुन्दसाथ-समूहलाई एउटै डोरीले बाँधेर सिंहदरबारसम्म नै मालेताँत गरी ल्याएको थाहा पाइन्छ । त्यसरी नै इलामका माणिकदास (मित्रलाल) सापकोटा तिलमान राई र लालबहादुर राईले पनि १ देखि २ वर्षसम्म जेल खटेर तत्कालीन यमदूती दण्ड र निर्दयताको नाच राम्ररी नै हेरेका रहेछन् । त्यसै अवस्थामा तीर्थको भेटी उठाउन आउनुभएका सन्त गोकुलदास (भेटिया) राई समेतले इलाम जेलमा बस्नुपरेको दु:खद कुरा पनि खोज-सोधका सिलसिलामा सुन्न पाइयो ।

इलामबाट तीर्थराज थुलुङ लगायतका चार जनालाई सजाय दिन धनकुटा जेल सारियो । धनकुटा जेलमा अति फोहोर, कहिल्यै घाम नलाग्ने ठाउँमा उहाँहरूले अति कष्ट भोग्नुपऱ्यो । सायद त्यो परमात्माको भक्तिको अग्निपरीक्षा नै थियो । त्यसैले अन्त्यमा सहारा दिनुभयो परमात्माले । जुनदिन जेलवासी सन्तहरूले सवा लाख निजनामको जप गरी मनैले पूर्णाहुति गरे त्यसै दिन राणाहरूले देश छोडी भाग्नुपऱ्यो । आखिरमा परमात्माका कृपाले भक्तहरू मुक्त भए ।

नेपालमा प्रजातन्त्रको प्रादुर्भावसँगै २००७ सालपछि श्रीकृष्ण प्रणमी धर्म प्रचारको अर्को अध्याय शुरू हुन्छ । यस कालमा धर्म-प्रचारले पूर्व मेचीदेखि मध्य-पश्चिमाञ्चलसम्म व्यापकता पाउन थाल्यो । कैयौं सन्त प्रचारकहरूले शहरका अतिरिक्त गाउँ-गाउँमा पुगी धर्मको वास्तविकता बारेमा सत्सङ्ग, पारायण आदि धार्मिक अनुष्ठानहरूकै माध्यमबाट प्रचार प्रसार थाल्नु भयो ।

यस क्रममा जताततै सुन्दरसाथहरूको जागनी भयो र श्रीकृष्णप्रणामी समुदायको सुन्दर रूपमा विकास भयो । २०२३ सालमा श्रीकृष्ण प्रणामी धर्मको केन्द्रीय स्तरमा प्रंचार-प्रसार र संरक्षण गर्न एक केन्द्रीय संगठनको आवश्यकता महसूस गरी सन्तश्रीयुगलदासजी महाराजले आफ्नै अध्यक्षतामा श्रीकृष्णप्रणामी सेवासमिति"को स्थापना गर्नुभयो । यस सेवासमितिका माध्यमबाट धेरै धार्मिक क्रियाकलापहरू भए र भैरहेका छन् ।

साथै२०४७सालमा श्रीकल्याणकुमार कार्कीका अध्यक्षतामा "कृष्णप्रणामी युवा परिषद्" को गठन भई हालसम्म अधिराज्यभरी १६० भन्दा बढी यसका शाखाहरू गठित भएका छन् । परिषद्को अध्यक्षता अहिले श्रीरामप्रसाद शर्माज्यूले गर्नुभएको छ । यस परिषद्ले युवावर्गलाई सँगेट्दै धार्मिक जागरणका साथसाथै सामाजिक सेवामूलक कार्यहरू गरी राष्ट्रमा ठूलो योगदान पुऱ्याएको छ । यसरी २००७ साल पछि धर्म-प्रचारको क्रमसँगै श्रीकृष्णप्रणामी मन्दिरहरूको स्थापना पनि हुँदै आयो, मन्दिरको संख्या पनि बढ्दै आयो ।



श्रीतेजधारीदास थुलुङ्ग



श्रीगंगादास सुवेदी

नेपालका श्रीकृष्णप्रणामी मन्दिरहरू

❁ मेची अञ्चल ❁

१. श्रीकृष्णप्रणामी मन्दिर-प्रणामीनगर (पाटागाडा)



झापा जिल्लाको महारानीझोडा गा.वि.स. वडा नं. ८ प्रणामीनगर (पाटागाडा)स्थित यो मन्दिर गुरुजी श्रीलक्ष्मीदासजी खतिवडाका अगुवाइ र श्रीभक्तिदास खरेलका अध्यक्षतामा वि.सं. २०२७ सालमा स्थापित भएको हो ।

यस मन्दिरका निर्माणमा श्रीभक्तिदास खरेल, श्रीनिर्मलदास तिवारी, श्रीरमणदास भट्टराई, श्रीप्रेमदास खरेल, श्रीप्रेमदास उप्रेती "पीडित", श्रीदाताराम कडरिया, श्रीगोविन्द पाण्डे लगायतका सुन्दरसाथहरूको सक्रिय योगदान रहेको छ । यो मन्दिर-निर्माणका लागि श्रीभक्तिदास खरेलले ४ कट्ठा र श्रीनिर्मलदास तिवारीले १ कट्ठा गरी ५ कट्ठा जग्गा प्रदान गर्नुभएको थियो । पछि श्रीकृष्णप्रसाद संग्रौलाले १ बिगहा १० कट्ठा जग्गा प्रदान गर्नुभएको छ जुन उल्लेखनीय र अनुकरणीय भएको छ ।यस क्षेत्रमा करीब सत्तरी घर सुन्दरसाथहरूको स्थायी बसोवास रहेको छ । गुरुजी श्रीलक्ष्मीदास खतिवडा, पं. श्रीकन्हैयादास अधिकारी, पं. श्रीकृणप्रसाद आचार्य, गुरुमाता श्रीमती टीकाबाई भट्टराई आदि स्थानीय प्रचारक हुनुहुन्छ । हाल मन्दिरको पुनर्निर्माण भैरहेको छ । यस मन्दिरको सेवा-पूजा श्रीमती इशकबाई बजगाईं गर्दैहुनुहुन्छ ।

२. श्रीकृष्णप्रणामी मन्दिर–बैंगुनधुरा



झापा जिल्लाको बैगुनधुरा गा.वि.स. वडा नं. ३ स्थित यस मन्दिरको स्थापना २०३६ सालतिर भएको हो । स्थापना-कालमा श्रीअग्निप्रसाद पराजुलीले तीन कट्ठा जग्गा प्रदान गर्नुभएको थियो । पं.श्रीहिमकरजी सापकोटाको प्रेरणा र श्रीजगत्‌बहादुर पौडेलका अध्यक्षतामा निर्मित यस मन्दिरमा श्रीहरिप्रसाद पोखरेल, श्रीधर्मानन्द पोखरेल, श्रीरामप्रसाद खरेल, पं. श्रीलोकनाथ पोखरेल, श्रीइन्द्रलाल खतिवडा लगायका अन्य सुन्दरसाथहरूको सक्रिय सहभागिता छ ।

हाल यस क्षेत्रमा ४५ घर जति सुन्दरसाथहरूको बसोवास रहेको छ । यस मन्दिरको सञ्चालन स्थानीय सुन्दरसाथका सहयोगमा श्रीशान्तिदास खतिवडा गर्दै आउनुभएको छ ।

☆ ☆ ☆ ☆

३. श्रीकृष्णप्रणामी मन्दिर–झाँटी

झापा जिल्लाकै श्रणामती गा.वि.स. वडा.नं. ८ झाँटीस्थित यो मन्दिर गुरुजी श्रीदयालदास पौडेलका सहयोगमा जिम्दार श्रीदेवीप्रसाद उप्रेतीले २०१५ सालमा स्थापित गर्नुभएको हो । २०२८ सालमा गुरुजी दयालदासजीको धामगमनपछि निकै समयसम्म यो मन्दिर सार्वजनिक प्रचारमा रहेन, तर फेरि पछि जिम्दार उप्रेतीज्यूले मन्दिरका नाउँमा चार बिगहा जग्गा प्रदान गर्नुभयो र चल्न थालेको छ ।

२०४३ सालमा श्रीरामचन्द्र सिटौला समेत स्थानीय सुन्दरसाथहरूका सक्रियतामा पुनः मन्दिरको निर्माण भई हाल सञ्चालनमा छ ।

४. श्रीकृष्णप्रणामी मन्दिर–बनियानी

झापा जिल्ला बनियानी गा.वि.स. वडा नं २ लाहुरेचोकस्थित यो मन्दिर श्रीचेतनाथ खनाल, श्रीविष्णुप्रसाद खरेल, श्रीरामप्रसाद खनाल लगायत स्थानीय सबै सुन्दरसाथहरूको सक्रियता र श्रीसदानन्द महाराजका प्रमुख आर्थिक लगानीमा वि.स. २०५० सालमा स्थापित भएको हो । यस नवनिर्मित मन्दिरनिर्माण-कार्यमा श्रीमंगलधाम कालिम्पोङ, मंगलधाम टी. इस्टेट (झापा) र श्रीभगीरथ सरिया (भद्रपुर) ले पनि यथाशक्य आर्थिक सहयोग पुऱ्याउनुभएको छ ।

जम्मा ३ कट्ठा जग्गा भएको सो मन्दिर क्षेत्रका प्रचारकहरू श्रीछविलदास भट्टराई, श्रीलक्ष्मीप्रसाद सुवेदी, श्रीमोमिनदास पोखरेल, श्रीचन्द्रप्रकाश नेउपाने श्रीभीमप्रसाद खतिवडा समेत हुनुहुन्छ । यस क्षेत्रमा लगभग ७० घर सुन्दरसाथहरूको बसोवास रहेको छ ।

५. श्रीकृष्णप्रणामी सत्संग भवन-सुकुनाडिगी–१

झापा जिल्ला पथरीया गा.वि.स. वड़ा नं. ८ स्थित यो सत्सङ्ग भवन २०३८ सालमा श्रीकपिलमुनि सिटौलाको अध्यक्षतामा निर्माण भएको हो । भवन-निर्माणका लागि श्रीमोहनदास खतिवडाज्यूले दुई कट्ठा जमीन प्रदान गर्नुभएको छ ।

लगभग ४० घर सुन्दरसाथहरूको बसोवास रहेका यस क्षेत्रमा श्रीयुगलदास शिवाकोटी र अन्य प्रचारकहरूद्वारा धार्मिक शिक्षा-दीक्षा भैरहेको थियो

६. श्रीकृष्णप्रणामी मन्दिर–सुकुनाडिगी -२

झापा जिल्ला पथरीया गा.वि.स. वडा नं. ८ स्थित यो मन्दिर २०२९ सालमा परमधामवासी गुरुजी श्रीयुगलदास शिवाकोटीद्वारा स्थापित भएको हो । हाल यो मन्दिर निजी स्रोतबाट सञ्चालित छ ।

* * * *

७. श्रीकृष्णप्रणामी मन्दिर–चन्द्रगढी (पुहातुबाडी)



झापा जिल्ला चन्द्रगढी गा.वि.स. वडा नं. ३ स्थित यस मन्दिरको बाबाजी श्रीलक्ष्मीदासजी घिमिरेद्वारा २०२७ सालमा शिलान्यास भई श्रीगोपीदास प्याकुरेल, श्रीलीलानाथ पौडेल, श्रीकपिलमुनि दहाल, श्रीरेवादास तिम्सिना, श्रीलालप्रसाद अधिकारी श्रीरामप्रसाद प्याकुरेल लगायत अन्य धेरै सुन्दरसाथका सहयोगमा स्थापना भयो ।

प्रायः आसामबाट आई बसोवास गर्नुहुने सुन्दरसाथहरूको राम्रो जमघट रहेका यस क्षेत्रमा लगभग २०० घर सुन्दरसाथहरू हुनुहुन्छ । यस मन्दिरको करीब ५ विगहा जमीन स्थायी कोषमा रहेको छ । टाढाका साथीहरू यसलाई "कृष्णप्रणामी मन्दिर, दुहागढी" नामले जान्दछन् । यस मन्दिरमा धर्माचार्य महाराजश्रीहरू र गुरुजी श्री १०८ मंगलदासजीको पनि पदार्पण भएको छ ।

यसै मन्दिर-क्षेत्रअन्तर्गत दक्षिणपट्टि भद्रपुर न.पा. वडा नं. ४ मा श्रीकृणप्रणामी सेवा-आश्रम नामक संस्था २०५४ सालमा श्रीलालप्रसाद अधिकारीका अध्यक्षतामा स्थापित भएको छ । मन्दिरको स्थापना र समाज-सेवा (अस्पताल, विद्यालय, अनाथालय र वृद्धाश्रम आदि) को भावना लिएर स्थापित गरेका यस संस्थाका नाममा श्रीलालप्रसाद अधिकारी, श्रीहरिप्रसाद प्याकुरेल, श्रीमदन अधिकारी आदि महानुभावहरूबाट जम्मा ०-१५-० पन्ध्र कठ्ठा जमीन कृष्णार्पित भएको छ ।

यस क्षेत्रमा करीब ६० घर सुन्दरसाथहरूको स्थायी बसोवास रहेको छ ।

८. श्रीकृष्णप्रणामी मन्दिर–ज्यामिरगढी

झापा जिल्ला ज्यामिरगढी गा.वि.स. वडा नं. ५ ज्यामिरगढीमा २०४२सालमा,श्रीजीवनदास र श्रीप्रेमदास शिवाकोटी- बाट प्राप्त १६ धुर जग्गामा गीता भवनका रूपमा स्थापित यस मन्दिरको पुनर्निर्माण हुँदैगरेको छ ।

सबै सुन्दरसाथको सहयोगमा अरू २ कठ्ठा ४ धुर जमीन खरीद गरी पुनः निर्माण सम्पन्न हुनलागेको यस मन्दिरको झण्डोत्तोलन र शिलान्यास क्रमशः पं. श्रीहिमकर शास्त्री र गा.वि.स. अध्यक्ष गजेन्द्र खवासले २०५२ सालमा गर्नुभएको थियो ।

श्रीरङ्गीदास उप्रेतीको अध्यक्षता र श्रीमुरलीधर कोइराला, श्रीचरणदास शिवाकोटी, श्रीदेवेन्द्र रिजाल लगायतका स्थानीय सुन्दरसाथका सक्रियतामा निर्माण हुने यस मन्दिर- क्षेत्रमा ४० घर स्थानीय सुन्दरसाथ-परिवारको वसोवास छ । स्थानीय प्रचारकमा श्रीचरणदास शिवाकोटी हुनुहुन्छ ।

❄ ❄ ❄

९. श्रीकृष्णप्रणामी मन्दिर–धुलाबारी

झापा जिल्ला धुलाबारी गा.वि.स. वडा नं. ९ स्थित धुलाबारी चोक उत्तरतर्फ रहेका यस सुन्दर मन्दिरको २०३८ सालमा गुरुजी श्री १०८ मंगलदासजी महाराजबाट शिलान्यास भई २०५० सालमा धर्माचार्य श्री १०८ कृष्णमणिजी महाराजबाट कलश अनावरण भएको हो ।

स्थापना-कालमा श्रीपशुपति भट्टराईको अध्यक्षतामा निर्माण प्ररम्भ भएको यस मन्दिरका लागि श्रीखड्गबहादुर खँड्काबाट ७ कट्ठा जमीन मन्दिरलाई प्राप्त भएको थियो र श्रीमाणिकदास सापकोटाले एक बिगहा गरी जम्मा १-७-० जमीन मन्दिरको छ ।

पचासौं घर स्थानीय सुन्दरसाथहरूको बसोवास रहेका यस क्षेत्रमा पं. श्रीमुक्तिनाथ खनाल लगायतका प्रचारकहरू हुनुहुन्छ । हाल यस मन्दिरको संरक्षण श्रीमाणिकदास सापकोटाज्यू गर्दैहुनुहुन्छ ।

१०. श्रीकृष्णप्रणामी मन्दिर–चारआली

झापा जिल्ला दुहागढी गा.वि.स. वडा नं. ४ चारआलीस्थित यस मन्दिरका लागि श्रीरुद्रप्रसाद अधिकारीले २ कट्ठा जग्गा अर्पण गरी निजी खर्च लगाई २०५२ सालमा मन्दिरको स्थापना गर्नुभएको हो । यसको संरक्षण सञ्चालन पनि श्रीअधिकारीजीबाटै भैरहेको छ ।

✿ ✿ ✿

११. श्रीकृष्णप्रणामी मन्दिर–हँडिया बुधबारे

झापा जिल्ला बुधबारे गा.वि.स वडा नं. ६ बुधबारेस्थित २०३९ सालमा स्थापित यस मन्दिरको शिलान्यास बाबाजी श्रीलक्ष्मीदासजीबाट भएको थियो । पछि सो मन्दिरको उद्घाटन वि.स. २०४२ साल फागुन १३ गते पं श्रीहिमकर शास्त्री,योगी श्रीनरहरिनाथ, तत्कालीन अञ्चलाधीश श्रीखड्गबहादुर जी.सी.लगायत अन्य व्यक्तिहरूका सामूहिक उपस्थितिमा भएको हो ।

श्रीतिलकदास बरालको अध्यक्षता र श्रीमेघनाथ ढकाल, श्रीसूर्यभक्त सापकोटा, श्रीलक्ष्मीप्रसाद कोइराला, श्रीप्रजापति कोइराला, कवि श्रीभीम शर्मा फुँयल, श्रीनुरप्रसाद सापकोटा, श्रीकेदार ढकाल, श्रीडम्बर कार्कीलगायत अन्य सुन्दरसाथहरूका सक्रियतामा निर्मित सो मन्दिरमा श्रीकृष्णलाल बाँस्तोला र श्रीमती मेनुका बाँस्तोलाले आफ्नो तर्फबाट लगभग ३०% खर्च लगानी गर्नुभएको छ । यस क्षेत्रमा लगभग १७५ घर सुन्दरसाथहरूको सुसंगठित बसोवास रहेको छ ।

❀ ❀ ❀

१२. श्रीकृष्णप्रणामी मन्दिर–शनिश्चरे

झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ९ प्रणामी टोलस्थित यो मन्दिर २०१८ सालमा गुरुजी श्री १०८ मगलदासजी महाराजका करकमलद्वारा शिलान्यास भई स्थापित भएको हो ।

जमीनदाता श्रीकपिलमुनि भट्टराईकै अध्यक्षतामा स्थापित भएका यस मन्दिरमा धर्माचार्य श्री १०८ धर्मदासजी महाराज, धर्माचार्य श्री १०८ ठाकुरदासजी महाराज र योगी श्रीनरहरिनाथको समेत पदार्पण भएको छ । यस मन्दिरका लागि श्रीकपिलमुनि भट्टराईले २ बिगहा १८ कट्ठा श्रीसोमकान्त भट्टराईले १ बिगहा, श्रीपशुपति भट्टराईले १ बिगहा, श्रीमानबहादुर नेपालले १८ कट्ठा र श्रीचेतनदास सापकोटाले १ कट्ठा जमीन अर्पण गर्नुभएको छ । हाल पुनः सुन्दर ढंगमा निर्माण भइरहेको उक्त मन्दिर क्षेत्रमा शयौं घर सुन्दरसाथहरूको बसोवास रहेको छ ।

❄ ❄ ❄

१३. श्रीकृष्णप्रणामी मन्दिर–चारपाने(लक्ष्मीपुर)

झापा जिल्लाको चारपाने गा.वि.स. वडा नं. २ महेन्द्र राजमार्ग छेवैमा उत्तरपट्टि घाग्रा खोलाका पूर्वी किनारमा अवस्थित र २०२८ सालमा स्थापित यस मन्दिरको स्थापना सन्त श्रीटहलदास भारद्वाज कट्टेलले साधुनी श्रीमती लक्ष्मीबाईका मुख्य सहयोगमा गर्नुभएको हो ।

मन्दिर निर्माणार्थ तत्कालीन माननीय रा.पं.स.श्रीखम्बसिंह बस्नेतद्वारा मन्दिर- भवनका लागि ५ कट्ठा र सञ्चालनका लागि दश कट्ठा गरी जम्मा १५ कट्ठा जग्गा प्राप्त भएको छ । मंदिर सञ्चालन र रेख-देख स्थानीय सुन्दरसाथ र लक्ष्मीबाई माताकै सहयोगमा पं.श्रीभारद्वाजजी गर्दै हुनुहुन्छ ।

❄ ❄ ❄

१४. श्रीकृष्णप्रणामी मन्दिर–चारपाने (बेलडाँगी)

झापा जिल्ला चारपाने गा.वि.स. वडा नं. ५ बेलडाँगीस्थित जिम्दार श्रीदेवीप्रसाद उप्रेतीद्वारा संरक्षित र सतनाका महन्त श्रीकृष्णमणि महाराजका नाममा रहेको ७ बिगहा १० कट्ठा जमीन बाबा श्रीगोपीदास महाराजलाई मन्दिर सञ्चालनार्थ प्राप्त भए पछि २०४९ सालमा सामान्य मन्दिरको निर्माण भएको छ ।

यहाँको बगैंचा मन्दिर र गाईहरूको सेवा, सञ्चालन र रेख-देख श्रीबाबाजीकै आज्ञांनुसार पुजारी श्रीयमनाथ कट्टेलजी गर्देहुनुहुन्छ ।

❄ ❄ ❄

१५. श्रीकृष्णप्रणामी मन्दिर–घैलाडुबा

झापा जिल्ला घैलाडुबा गा.वि.स. वडा नं. ६ घैलाडुबा बजारमा अवस्थित यो मन्दिर २०३६ सालमा जिम्दार श्रीदेवीप्रसाद उप्रेतीले २ कट्ठा १० धुर जग्गा अर्पण गरेपछि उहाँले नै निजी खर्चमा बनाउनुभएको हो । वि.सं. १९६९ बैशाख १ गते जि. तेह्रथुम इवा-सिमलेमा माता श्रीमती लीलाबाई र पिता श्रीरविलाल उप्रेतीका सुपुत्रका रुपमा जन्मिनु भएका जिम्दार देवीप्रसाद उप्रेतीज्यूले मठ-मन्दिर लगायत विभिन्न विद्यालय र संघ-संस्थाहरुलाई लगभग हजार विगहा भूमि र दहौं लाख नगद रकम प्रदान गर्नु भै समाजलाई अविस्मरणीय गुण लगाउनु भएको छ । उहाँ एक कवि, विशिष्ट साहित्यकार,, साँच्चा समाजसेवी र कुशल राजनीतिज्ञ पनि भएकोकुरा उहाँकै स्मृति ग्रन्थ "कृति र स्मृतिमा देवी प्रसाद उप्रेती " बाट प्रष्ट हुन्छ । जि. देवीप्रसाद कै अन्तिम इच्छानुसार उहाँकै जेष्ठ सुपुत्र श्रीमित्रप्रसाद उप्रेतीका अध्यक्षतामा द.नं. २३९ मिति २०५२।५।२ मा "निजानन्द आश्रम" नामक संस्थाको स्थापना गरी दुर्गापुर बजार क्षेत्रमा लगभग साढे पाँच विगाहा जमीन राखिएको छ । उहाँको धामगमन २०४९ साल असार ११ गते भयो र पार्थिव शरीरलाई यसै मन्दिर-परिसर अर्न्तगत समाधिस्थ गरिएको छ ।

श्रीदिलदास उप्रेती यस मन्दिरको रेख-देख र सेवा-पूजा गर्देहुनुहुन्छ । श्रीचन्द्रप्रसाद थपलियाको अध्यक्षतामा रहेको उक्त मन्दिर-क्षेत्रमा लगभग ३० घर सुन्दरसाथहरूको बसोवास छ ।

१६. श्रीकृष्णप्रणामी मन्दिर–सुरुङ्गा

झापा जिल्लाको सुरुङ्गा गा.वि.स. वडा नं. ४ अन्तर्गतको कन्काई धाम पूर्वाञ्चलको प्रमुख तीर्थस्थलहरूमध्यको एक हो । यो कन्काईकिनार रमणीय छ र यहाँ अन्य धेरै धर्म-सम्प्रदायका पनि मठ मन्दिरहरू रहेका छन् । यहाँ माईका सेवामा बलि दिने नामले पशु-हिंसा गरिने रूढीग्रस्त परम्परा भएको हुँदा अहिंसाको प्रचार गर्ने राम्रो स्थलको रूपमा चिनिएका यस स्थानमा केही सामाजिक कार्य गर्ने उद्देश्य लिई पथरी निवासी पं. श्रीबालकृष्ण निरौला र श्रीपरशुराम अधिकारीबाट २०५१सालमा एक विश्रामस्थलको निर्माण भएको छ । निर्मित स्थलको जमीन सुरुङ्गा ४ निवासी परमधामवासी साधु श्रीलक्ष्मीदास मैनालीले वि.सं. २०३४ सालदेखि सुरक्षित गर्नुभएको थियो र पछि उहाँले श्रीकृष्णप्रणामी सेवासमितिलाई हस्तान्तरण गरेपछि २०४७ देखि संस्थागत रूपमा रेख-देख गर्न थालिएको हो ।

२०४९ साल मंसीरमा कालेबुङ्का सन्त श्रीमोहनप्रियाचार्यजी, श्रीएल्.पी.तिवारी एवं सुन्दरसाथहरूका टोलीले मन्दिर निर्माण-स्थलको अवलोकन गरी हौसलापूर्ण रूपमा श्री एल्.पी.तिवारीज्यूले नगद रू. २४,०००।- प्रदान गर्नुभएको थियो । २०५० सालदेखि श्रीभक्तिप्रसाद संग्रौला, श्रीलीलाप्रसाद सापकोटा, श्रीनरेन्द्रप्रसाद मैनाली, श्रीचिरञ्जीवी उप्रेती, श्रीकृष्णप्रसाद उप्रेती, श्रीमती मनमाया मैनाली लगायत सबै स्थानीय सुन्दरसाथहरूको सक्रियतामा नगद रू. ५००१।-भन्दा माथि दिने १०८ संथापक सदस्यहरू बनाई मन्दिर निर्माण-कार्य धमाधम भइरहेको छ र एक बृहत् मातृसेवा-समूहले अनाथ-आश्रमको सेवा सञ्चालन गर्ने उद्देश्यले ९ पक्की भवन निर्माणको गरेको छ । यस भवनको समूहकी अध्यक्ष श्रीमती सविता उप्रेतीले निजी खर्चमा निर्माण गरिदिनु भएको हो ।

१७. श्रीकृष्णप्रणामी मन्दिर–झिलझिले



झापा जिल्ला सतासीधाम गा.वि.स. वडा नं. ४ झिलझिले बजार दक्षिणतर्फ रहेको यो पुरानो मन्दिर गुरुजी श्रीरतनदास नेउपाने, श्रीहरिप्रसाद रिजाल, श्रीप्रेमदास उप्रेती, श्रीविश्वराज ओझा पं.तुलसीदास कोइराला लगायतका स्थानीय सुन्दरसाथको सहयोग र श्रीसतीलाल धिमालका अध्यक्षतामा २०३१ सालमा स्थापित भएको हो । हाल यो मन्दिर केही दक्षिणतर्फ सारिएको छ । लगभग १२ कट्ठा जमीन रहेका यस मन्दिर-क्षेत्रमा ५० घर जति स्थानीय सुन्दरसाथहरू हुनुहुन्छ ।

१८.श्रीकृष्णप्रणामी मन्दिर–सतासीधाम (झिलझिले)

झापा जिल्ला सतासीधाम गा.वि.स. वडा नं. ९ महेन्द्र राजमार्ग उत्तरपट्टि छेवैमा दुधे र झिलझिलेका बीचमा रहेका यस मन्दिरको शिलान्यास २०५२ सालमा धर्माचार्य श्री १०८ कृष्णमणि महाराजज्यूबाट भएको हो ।

उपर्युक्त मन्दिरको निर्माणार्थ श्रद्धालु प्रभुभक्त स्थानीय श्रीपरशुराम अधिकारीज्यूले महेन्द्र राजमार्गमा नै जोडिएको ३ कट्ठा जमीन प्रदान गर्नुभएपछि । सो मन्दिरको सम्पूर्ण निर्माण-कार्य श्रीटहलकिशोर शास्त्रीजी महाराज स्थानीय सुन्दरसाथका सहयोगद्वारा गरिरहनुभएको छ ।

❄ ❄ ❄

१९. श्रीकृष्णप्रणामी मन्दिर–फिक्कल



इलाम जिल्लाको फिक्कल गा.वि.स. वडा नं. ६ फिक्कल बजारस्थित यस मन्दिरको २०३९ सालमा गुरुजी श्री १०८ मंगलदासजीका करकमलद्वारा शिलान्यास भई २०४७ सालमा वेदान्ताचार्य श्रीपूर्णब्रह्म शास्त्रीज्यूबाट उद्घाटन भएको हो । श्रीबलबहादुर नेपालको अध्यक्षतामा स्थापित भएको यस मन्दिरलाई श्रीचन्द्रबहादुर गदालले २ रोपनी जमीन प्रदान गर्नुभएको छ ।

सबै सुन्दरसाथहरूका सहयोगमा निर्मित यस मन्दिरको हाल श्रीउत्तमदास लामिछाने सेवा-पूजा र रेख-देख गर्दै हुनुहुन्छ । यस रमणीय क्षेत्रमा १०० घरभन्दा बढी सुन्दरसाथहरूको बसोवास छ ।

✽✽✽

२०. श्रीकृष्णप्रणामी मन्दिर–आरुबोटे



इलाम जिल्ला फिक्कल गा.वि.स. वडा नं. ७ आरुबोटेस्थित यस मन्दिरको २०४५सालमा श्रीराजकुमार कट्टेलका अध्यक्षतामा स्थापना भएको हो । एक सय वर्षभन्दा अघिदेखि जागनी-प्रारम्भ भएका यस क्षेत्रमा लगभग १५० घर सुन्दरसाथहरूको स्थायी बसोवास छ ।

श्रीभगीरथ भण्डारीद्वारा १ रोपनी जमीन प्राप्त गरी निर्माण गरिएका यस मन्दिर-क्षेत्रमा ऐतिहासिक पुरुष श्रीतेजधारीदास राई (तीर्थराज थुलुङ) को बसोवास थियो र हाल प्रचारकमा शास्त्री श्रीश्यामशरण ओस्ती हुनुहुन्छ ।

२१. श्रीकृष्णप्रणामी मंगल मन्दिर–मेहेलबोटे



इलाम जिल्ला पशुपतिनगर गा.वि.स. वडा नं. ६ मेहेलवोटेमा नवनिर्मित यो मन्दिर श्रद्धेय ब्रह्मलीन गुरुजी श्री १०८ मंगलदासजी महाराजका जन्मस्थान (१०१ वर्ष पूर्व जन्मिएका घर-घडेरी)मा वि.सं २०५४मा स्थापित भएको हुँदा यसको विशेष महत्त्व छ। मन्दिर-निर्माणार्थ तीन रोपनी भूमि स्थानीय श्रीछविलाल सापकोटाज्यूले प्रदान गर्नुभएको छ। श्रद्धेय गुरुदेवका स्मृतिका लागि यो मन्दिर तयार गर्न उहाँकै कर्मठ र त्यागी शिष्य सन्त श्रीकृष्णदास महाराज (दाहाल) ज्यूको भगीरथ प्रयास रहेको छ। उहाँले वर्षौं पूर्वदेखि यस बृहत् कार्यका लागि शुभ संकल्प र अथक परिश्रम गरी वीसौं लाख धनराशिका लागतमा निर्माण-कार्य गर्नुभयो।

वि.सं. २०५४ साल कार्त्तिक ८ गते धर्माचार्य जगद्गुरु श्री १०८ कृष्णमणि महाराजज्यूका वरद हस्तबाट यसको समुद्घाटन गराउनुभयो, जुन समुद्घाटन-समारोहमा राजपरिषद्का सम्माननीय सदस्य डा.स्वामी प्रपन्नाचार्यज्यू, डा.बुद्धिप्रकाश वाजपेयीज्यू, युवासन्त श्रीमोहनप्रियाचार्यज्यू, सन्त श्रीसदानन्द महाराजज्य सन्त श्रीराधिकादासजी महाराजज्यू, सन्त श्रीतारतमज्योति महाराजजी, शास्त्री श्री हमिकर सापकोटाजी, शास्त्री श्रीश्यामानन्दजी आदि धेरै सन्त-महन्त, कवि-कलाकार, पत्रकार लगायत दशौं हजार सुन्दरसाथ भक्तसमूहको उपस्थिति थियो। हाल यस क्षेत्रमा चालिस घर जति सुन्दरसाथको बसोवास छ।

२२. श्रीकृष्णप्रणामी मन्दिर–लासा

ताप्लेजुङ जिल्ला आमेगुदिन गा.वि.स. वडा नं. ७ लासास्थित यस मन्दिरका लागि परमधामवासी श्रीचन्द्रबहादुर भट्टराईले १२ रोपनी जमीन प्रदान गर्नुभई २०३५ सालमा मन्दिरको स्थापना गर्नुभएको हो ।

श्रीप्रेमदास र श्रीविहारीदास पौडेलले जागनी प्रारम्भ गर्नुभएका यस क्षेत्रमा पं. श्रीहिमकर शास्त्री, पं.श्रीसूर्यभक्त सापकोटा, कवि श्रीप्रेमदास उप्रेती, पं. श्रीशरणानन्द दाहाल पं. श्री कन्हैयादास अधिकारी लगायतका सन्त प्रचारकहरू प्रचार गर्दै आउनुभएको छ । यस क्षेत्रमा लगभग ८० घर सुन्दरसाथहरूको बसोवास रहेको छ ।

❁ कोशी अञ्चल ❁

२३. श्रीकृष्णप्रणामी मन्दिर–हरकपुर



मोरङ जिल्ला बयरवन गा.वि.स. वडा नं. १ हरकपुरस्थित, धर्माचार्य श्री १०८ कृष्णमणिजी महाराजका करकमलद्वारा २०५१फागुन १२ गते उद्घाटन भएको यस मन्दिरको शिलान्यास पं. श्रीहिमकर शास्त्रीज्यूले २०४७ चैत्र १ गते गर्नुभएको थियो ।

सुन्दरसाथहरूका सामूहिक सहयोगमा ५ कट्ठा जग्गा खरीद गरी श्रीहेमप्रसाद घिमिरेको अध्यक्षता र श्रीमहाप्रसाद ढकाल, श्रीहरिप्रसाद विमली, पं. श्रीडम्बरदास दाहाल लगायतका सुन्दरसाथहरूका सक्रिय सहयोगमा निर्मित यस मन्दिर-क्षेत्रमा प्रचारक पं.श्रीडम्बरदास दाहाल लगायतका ३५ घर जति सुन्दरसाथहरूको बसोवास रहेको छ ।

❁ ❁ ❁

२४. श्रीकृष्णप्रणामी मन्दिर–रमाइलो

मोरङ जिल्ला बयरवन गा.वि.स. वडा नं. ८ रमाइलोझोडास्थित यो मन्दिर उच्च स्थानमा माताजी श्रीमती श्यामबाई साधुनीले ५ कट्ठा जग्गा अर्पण गरी २०३५ सालमा परिश्रम पूर्वक स्थापित गर्नुभएको हो ।

यहाँ प्रचारक सन्त श्रीतुलसीदास कोइराला लगायतका श्रीमहेन्द्र ढकाल, श्रीगोपी खरेल, श्रीतिलक भट्टराई समेत करीब २० घर सुन्दरसाथहरूको बसोवास छ ।

❀ ❀ ❀

२५.श्रीकृष्णप्रणामी मन्दिर -सलकपुर

मोरङ जिल्ला इन्द्रपुर गा.वि.स. वडा नं. ५ सलकपुरमा रहेका यस मन्दिरको शिलान्यास २०३१ सालमा गुरुजी श्री १०८ मंगलदासजी महाराजका करकमलवाट भएको थियो । श्रीखगेन्द्रबहादुर कार्कीको अध्यक्षता र पं. श्रीहरिदास गजुरेल, श्रीटीकाप्रसाद ढकाल, श्रीनेत्रप्रसाद रिजाल, श्रीअञ्जनीप्रसाद रिजाल, श्रीपूर्णप्रसाद ढकाल, श्रीरामप्रसाद गजुरेल, श्रीकर्णाखर ढकाल, श्रीदुर्गाप्रसाद कट्टेल, श्रीलक्ष्मीप्रसाद प्रसाई, श्रीचन्द्रप्रसाद तिम्सिना, श्रीदेवीप्रसाद तिम्सिना, श्रीलक्ष्मीप्रसाद तिम्सिना, ,श्रीचिन्तामणि ढकाल,श्रीलक्ष्मीप्रसाद कट्टेल, श्रीकृष्णदास रैका माताजी श्रीमती सेवाबाई थापा लगायत स्थानीय सबै सुन्दरसाथहरूका सक्रियतामा मन्दिरको स्थापना भएको र २ बिगाहाभन्दा बढी जमीन भएको यसमन्दिरअर्न्तगत अनाथआश्रम,वृद्धआश्रम आदिको सञ्चालन शास्त्री श्रीहिमकर सापकोटाको सरक्षण र सक्रियतामा माताजी श्रीमती नर्वदा कार्की रेखदेख गर्दै आउनुभएको छ ।

गूरुजी श्री१०८ मंगलदासजीले पटक-पटक पदार्पण गर्नुभएका यस मन्दिरमा धर्माचार्य महाराजश्रीको पनि पदार्पण भएको छ । सयौं घर स्थानीय सुन्दरसाथहरूको बसोवास संगठित रूपमा भएका यस क्षेत्रमा शास्त्री श्रीमोहनानन्द सुवेदी, पं.श्रीनवलकिशोर आचार्य, पं.श्रीलोकनाथ पोखेल, शास्त्री श्रीदिनेशचन्द्र खनाल आदि प्रचारक हुनुहुन्छ । हाल श्रीउद्धवप्रसाद रिजालका अध्यक्षतामा यो मन्दिर सञ्चालित भइरहेको छ । यस मन्दिरको पूजाको जिम्मा श्रीयामनाथ कट्टेलजीले लिनुभएको छ ।

२६. श्रीकृष्णप्रणामी मन्दिर–विराटनगर

मोरङ जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. ४ पोखरियास्थित यो मन्दिर २०३५ सालमा श्रीनगेन्द्रमणि आचार्यको अध्यक्षता र श्रीकेशवप्रसाद आचार्य, श्रीइन्द्रमाया घिमिरे, श्रीखड्गप्रसाद दाहाल, श्रीशिवप्रसाद तिम्सिना, श्रीगंगाप्रसाद आचार्य लगायतका सम्पूर्ण स्थानीय सुन्दरसाथहरूका सक्रियतामा स्थापित भएको हो ।

यस मन्दिरका लागि श्रीमती गौरादेवी खँड्काले २ बिगहा १३ कट्ठा जमीन सञ्चालनार्थ प्रदान गर्नुभएको छ । धर्माचार्य श्री १०८ धर्मदास महाराजको र श्री १०८ ठाकुरदास महाराज समेतको पदार्पण भएका यस मन्दिर-क्षेत्रमा ४० घर जति सुन्दरसाथहरूको बसोवास रहेको छ । यो मन्दिर "श्रीराधाकृष्ण प्रणामी सनातन समिति" नामक संस्थाका नाममा दर्ता भई यसै अन्तर्गत सञ्चालित भइरहेको छ ।

२७. श्रीकृष्णप्रणामी मन्दिर–(भुक्तिधाम) इटहरी

सुनसरी जिल्ला इटहरी गा.वि.स. वडा न. ४ स्थित यो मन्दिर गुरुजी श्री १०८ मंगलदासजी महाराजले "मुक्तिधाम" तीर्थस्थलको रूपमा वि.सं. २०३५ सालमा स्थापित गर्नुभएको हो। राजमार्ग उत्तरपट्टि र जमुना नदीझैं वगेकी वूढी नदीका पश्चिमी किनारमा अवस्थित यो भव्य र सुन्दर मन्दिर पूर्वाञ्चलको प्रमुखरूपमा रहेको छ।

माताजी जमुनाबाई खतिवडा, मोहनबाई गौतम, ङम्वरु पौडेलवाट प्राप्त क्रमश १२ कठ्ठा ९ कठ्ठा र ८ कठ्ठा जमिन समेत ३ विगहा १५ कट्ठा क्षेत्रफलमा रहेको यो विकसित मन्दिरमा युवासन्त मोहनप्रियाचार्यज्यू, सन्त श्रीकृष्णदास महाराज एवं सन्त श्रीटीकादास महाराज लगायत सन्त- समूहको तत्वावधानमा वृद्धाश्रम र गौशाला समेतको सञ्चालन भइरहेको छ।

परमधामवासी गुरुजी श्री१०८मंगलदासजी महाराजको हिजोको सदिच्छानुसार २०५१ फागुनमा धर्माचार्य श्री १०८ कृष्णमणिजी महाराजद्वारा उद्घाटन भई १०८ पारायण पनि सुसम्पन्न भयो जुन नेपालका लागि अभूतपूर्व नै थियो।

२८. श्रीकृष्णप्रणामी मन्दिर–पानबारी

सुनसरी जिल्ला पञ्चकन्या गा.वि.स. वडा नं. २ पानबारीमा रहेका यस मन्दिरको श्रीखडानन्द घिमिरेका अध्यक्षतामा श्रीचन्द्रप्रसाद तिम्सिना सन्त श्री प्रभुदास खनाल, श्रीवृजदास तिम्सिना, श्रीरविप्रसाद गौतम लगायतका सबै स्थानीय सुन्दरसाथका सहयोगमा २०२५ सालमा स्थापना भएको हो ।

सोह्र कट्ठा जमीन भएका यस मन्दिर क्षेत्रमा लगभग तीस घर सुन्दरसाथहरूको बसोवास छ ।

२९. श्रीकृष्णप्रणामी मन्दिर–धरान (फुस्रे)



सुनसरी जिल्ला धरान नगरपालिका वडा नं. १३ फुस्रेस्थित यो मन्दिर पूर्वाञ्चलका पुराना मन्दिरहरूमध्येमा पर्दछ । २०२० साल साउन १७ गते स्थापित यस मन्दिरको उद्घाटन धर्माचार्य श्री १०८ धर्मदासजी महाराजका करक मलद्वारा २०३१ सालमा भएको हो ।

यो मन्दिर गुरुमाता श्रीमती पवित्राबाई ढकाल, गुरुमाता श्रीमती भक्ताबाई गुरागाईं, श्रीगोविन्दप्रसाद ढकाल,श्रीनगेन्द्रमणि आचार्य, श्रीकेशवप्रसाद आचार्य, श्रीशिवलाल आचार्य, श्रीमती नन्दकुमारी आचार्य (माइली आमै), श्रीजनार्दन ओझा लगायत सबै सुन्दरसाथहरूका सहयोगमा भएको हो । यस मन्दिरमा सन्त श्रीद्वारिकादास महाराज (कट्टेल), बाबा श्रीगोपीदास महाराज (खनाल) र सन्त श्रीदीनदयाल अधिकारीको पनि ठूलो योगदान रहेको छ ।

मन्दिर-स्थलमा ५ कट्ठा जमीन भएका यस मन्दिरको सञ्चालनका लागि श्रीगोविन्दप्रसाद ढकालले दुई बिगहा खेत प्रदान गर्नुभएको छ । हाल मन्दिरको संरक्षण र रेख-देख सन्त श्रीमुकुन्ददासजी महाराज (अधिकारी) गर्दै हुनुहुन्छ ।

३०. श्रीराधाकृष्ण प्रणामी मन्दिर– धरान (पुतलीबजार)



सुनसरी जिल्ला धरान नगरपालिका वडा नं. ८ भोटेपुल नजिक पश्चिमपट्टि स्थित यस मन्दिरको स्थापना बाबा श्रीगोपीदास महाराजका त्याग र तपस्याद्वारा वि.सं. २०३१ मा भएको हो । यो मन्दिर निर्माणका लागि श्रीशिवप्रसाद आचार्य, श्रीनगेन्द्रमणि आचार्य, श्रीकेशवप्रसाद आचार्य र श्रीमती कृष्णकुमारी प्रणामीको पनि ठूलो योगदान रहेको पाइन्छ ।

श्रीदुर्गाप्रसाद आचार्यको अध्यक्षतामा बाबा श्रीगोपीदासजीकै अथक प्रयासबाट निर्मित यो भव्य र मनोहर मन्दिरमा श्रीपूर्णप्रसाद खरेलका अध्यक्ष्यतामा श्रीमहाराज़जीकै भगीरथ प्रयासबाट २०४७ सालमा श्री ४०९ पारायण महोत्सव सम्पन्न भयो । सोही अवसरमा मन्दिरको समुद्घाटन आचार्य श्री १०८ कृष्णमणिजी महाराजका करकमलबाट भएको थियो जहाँ श्री ५ नवतनपुरी धाम, श्री ५ महामङ्गलपुरी धाम, श्री ५ पद्मावतीपुरी धाम, श्रीमङ्गलधाम लगायत नेपाल भारतका धेरै सन्त महात्मा र सुन्दरसाथहरूको सहभागिता रहेको थियो ।

मन्दिर-स्थल र अन्यत्र गरी १ बिगहा १० कट्ठा जमीन रहेको यस मन्दिरअन्तर्गत बाबा श्रीगोपीदास महाराजको छत्रछायाँमा रही उहाँकै आशीर्वादद्वारा माता श्रीमती सेवाबाई थापाको रेख-देखमा वृद्धाश्रम र अनाथआश्रमको सञ्चालन भैरहेको छ । हाल यस मन्दिरको सेवा-पूजाको काम पुजारी श्रीतुलसीदासजी तिम्सिना गर्दै हुनुहुन्छ ।

३१. श्रीकृष्णप्रणामी मन्दिर–इवा सिम्ले

तेह्रथुम जिल्ला इवा गा.वि.स. वडा नं. २ सिम्लेको यो कृष्णप्रणामी मन्दिर सम्भवत: नेपालको सबैभन्दा पुरानो हो । वि.सं. १८०० मा स्थापित भएको प्रष्ट बुझिने यस मन्दिरको स्थापना भारत-गंगापुर, विहारवाट तारतम सागर बोकी इलाम चुलाचूली, बाराहक्षेत्र हुँदै तीर्थाटन गर्दै फर्केकी श्रीमती लक्ष्मीबाई पाण्डेले गर्नुभएको हो । पूर्व क्षेत्रको जागनी-मुहान मानिने यस ऐतिहासिक मन्दिर क्षेत्रमा श्री १०८ पीताम्बरदासजी महाराजद्वारा बरोबर आगमन भै प्रचार-प्रसार र जागनी भएको पाइन्छ ।

लगभग ७० घर सुन्दरसाथहरूको बसोवास रहेका यस क्षेत्रमा जिम्दार श्रीदेवीप्रसाद उप्रेतीले मन्दिर सञ्चालनार्थ २५ रोपनी जग्गा प्रदान गर्नुभएको छ । सोही गाउँमा शिक्षाप्रेमी श्रीउप्रेतीजीले "प्रणामी" नामको प्राथमिक विद्यालय- स्थापना गरी सञ्चालनार्थ पर्याप्त जमीन राखिदिनुभएको छ । अहिले त्यो माध्यमिक विद्यालय भै "प्रणामी मा.वि." नामले प्रसिद्ध भएको छ ।

३२. श्रीकृष्णप्रणामी मन्दिर–मादी



सङ्खुवासभा जिल्ला मादी राम्बेनी गा.वि.स. वडा नं. ९ ओभांङस्थित यस मन्दिरको स्थापना २०२५ सालमा गुरुमाता श्रीमती टीकाबाई भट्टराईको नेतृत्व र श्रीमोहनप्रसाद दाहाल, श्रीडिल्लीप्रसाद दाहाल, श्रीखगेश्वर दाहाल, श्रीगुणनिधि दाहाल लगायत अन्य सबै सुन्दरसाथहरूको सहयोगमा भएको हो ।

मन्दिरको दुई रोपनी जमीन भएका यस क्षेत्रमा प्रचारक श्रीनिर्मलदास धिताल लगायत २० घर जति स्थानीय सुन्दरसाथहरूको बसोवास रहेको छ ।

सगरमाथा अञ्चल

३३. श्रीकृष्णप्रणामी मन्दिर–तरही



सप्तरी जिल्ला पातो गा.वि.स. वडा नं. ८ पातोको यस मन्दिरको वि.सं.१८०६ मा विहारको गंगापुरबाट आएका, तपस्वी सन्त श्रीकमलदास आचार्य महात्माले स्थापना गर्नुभएको रहेछ । नेपालकै पुराना मन्दिरहरूमध्येको एक हुनपुगेको यो मन्दिरस्थल पहिले साधु-सन्तहरूको अखाडा रहेको बुझिन्छ ।

विगत कालमा शयौं बिगाहा जमीन भएका यस मन्दिरको उचित संरक्षण, र अनुशासनको अभाव तथा महन्त्याईं-परम्पराका मनोमानीले उन्नति हुन सकेनछ । हालसम्ममा यस मन्दिरको जग्गा ६ बिगहामा झरेको छ । पहिले भव्यरूपमा निर्माण गरिएजस्तो लाग्ने यस मन्दिरको अवस्था जीर्ण हुनपुगेको छ । तराईको दुर्गम स्थलमा रहेका यस क्षेत्रमा वास्तविक प्रचार-प्रसारको अभाव भएका कारणले सुन्दरसाथहरूको संख्या न्यून रहेको छ ।

३४. श्रीकृष्णप्रणामी मन्दिर–चकदह



सप्तरी जिल्ला हरिपुर गा.वि.स. वडा नं. ७ चकदहको यस मन्दिरको तपस्वी सन्त श्रीकमलदास आचार्य महाराजले नै १८११सालमा स्थापना गर्नुभएको रहेछ । त्यसै समयतिर "कालीप्रसाद" नाम गरेका सिद्ध तपस्वी महात्माप्रति प्रभावित भएर शिकार खेल्न आएका तत्कालीन राजा श्री ५ पृथ्वीनायण शाहद्वारा शयौं बिगहा जग्गा कुटी र बगैंचाका लागि बकस भएको कुरा स्थानीय बूढापाका बताउँदछन् । तर श्रीकमलदास महाराजको शेषपछि महन्त्याईं-परम्पराका अरू कतिपय महन्तहरूको मनोमानीले गर्दा हाल ४५ बिगहा जति मात्र जमीन रहेको बुझिन्छ ।

नेपालका पुराना मन्दिरहरूमध्येको एक मानिने यस मन्दिरस्थलमा बगैंचा र पोखरी सुविधाजनकरूपमा रहेका छन् । यस मन्दिरमा आजकल साधु-सन्त र प्रचारकहरूको आवत-जावत अत्यन्त कम भएको हुँदा प्रचार-प्रसारको पनि साह्रै कमी देखिन्छ ।

३५. श्रीकृष्णप्रणामी मन्दिर–बस्तीपुर

सिरहा जिल्ला बस्तीपुर गा.वि.स. वडा नं. ८ बस्तीपुरस्थित यस मन्दिरको श्रीरामेश्वरदास प्रणामीले २ बिगहा १० कट्ठा जमीन अर्पण गरी २०४१ सालमा स्थापना गर्नुभएको हो ।

गंगापुरबाट प्रचार–प्रसार हुँदै रहेका यस मन्दिर-क्षेत्रमा लगभग २५ घर सुन्दरसाथहरूको बसोवास रहेको छ । श्रीरामेश्वरजीले आफ्ना माता-पिताका स्मृतिमा बनाइएका यस मन्दिरको सेवा-पूजा र रेख-देख आफैं निजीरूपमा गर्दै आउनुभएको छ ।

३६. श्रीकृष्णप्रणामी मन्दिर–सरस्वती टोल



सिराहा जिल्ला गोवीन्दपुर गा.वि.स वार्ड नं. ८ सरस्वती देवन टोलमा अवस्थित निर्माणाधीन यस श्रीकृष्णप्रणामी मन्दिरको २०४५ सालमा श्रीबिल्टुमहतोले आफ्ना माता-पिताका स्मृतिमा २ बिगहा १० कट्ठा जग्गा अर्पण गरी स्थापना गर्नुभएको छ ।

गंगापुरबाट प्रचार-प्रसार हुँदै आएका यस मन्दिर-क्षेत्रमा लगभग ७० घर सुन्दरसाथहरूको स्थायी बसोवास रहेको छ

३७. श्रीकृष्णप्रणामी मन्दिर–परिहारपुर

सिराहा जिल्ला महादेवापोर्ताहा गा.वि.स. वडा नं. ५ स्थित यस पुरानो मन्दिरको स्थापना १९६० तिर सन्त श्रीसेवादासले १ बिगहा १७ कट्ठा जग्गा अर्पण गरी लक्ष्मीबाई साधुनीका सक्रियतामा गर्नुभएको रहेछ ।

पछि श्रीगनपतदासले मन्दिर सञ्चालनार्थ ३ बिगहा ३ कट्ठा जग्गा अर्पण गरेपछि पुरानो मन्दिरभन्दा केही दक्षिणमा बस्तीभित्र सन्त श्रीदेवनारायणजी (सूरदास) र श्रीबुटाइदासका सक्रियतामा २०४९ सालमा नयाँ मन्दिरको स्थापना भई सञ्चालित अवस्थामा छ । यसको सेवा-पूजा र रेख-देख सन्त सूरदासजी नै गर्दैहुनुहुन्छ । तर सयौं वर्ष पुरानो मन्दिर चाहिँ बन्द अवस्थामा छ । गंगापुरबाट प्रचार-प्रसार भएका यस क्षेत्रमा १५० घर जति सुन्दरसाथहरूको बसोवास छ ।

३८. श्रीकृष्णप्रणामी मन्दिर–साल्पु



ओखलढुङ्गा जिल्ला रगनी गा.वि.स. वडा नं. ५ साल्पुमा २०१० सालमा स्थापित यो पुरानो मन्दिरको निर्माण समाजसेवी श्रीधर्मदास सुनुवारले ५ रोपनी जमीन अर्पण गरी गर्नुभएको रहेछ। वि.सं. १९८० देखि श्रीप्रेमदासजीले प्रचार-प्रसार थाल्नुभएका यस क्षेत्रमा गुरु श्रीचतुरदास सुनुवारले जागनी बढाउनुभएको थियो।

हाल वर-पर गरी ३० घर जति सुन्दरसाथहरू रहेका यस क्षेत्रमा प्रचारकहरूको अभाव खड्किएको छ। यसै मन्दिरका नजिक "वाच्पु" भन्ने ठाउँमा श्रीवेदबहादुर रूपचाले पनि निजी मन्दिर बनाई सञ्चालन गर्नुभएको छ।

❋ ❋ ❋

३९. श्रीकृष्णप्रणामी मन्दिर–कुवापानी

ओखलढुङ्गा जिल्ला सिंहदेवी गा.वि.स. वडा नं. ३ कुवापानीमा रहेको यो मन्दिर २०२६ सालमा श्रीहर्कबहादुर खँड्काद्वारा अर्पित १ रोपनी जमीनमा पं. श्रीरत्नप्रसाद का.फ्ले (नयाँबाजे) ले स्थापना गर्नु भएको रहेछ ।

विकट ठाउँमा रहेका यस मन्दिर-क्षेत्रमा आठ-दश घर सुन्दरसाथहरूको बसोवास छ । यहाँ प्रचार-प्रसार -कार्यमां श्रीरत्नप्रसाद काफ्ले नै सक्रिय रहनुभएको छ ।

४०.श्रीकृणप्रणामी मन्दिर - कटुञ्जे

ओखलढुङ्गा जिल्लान्तर्गत कटुञ्जे गा.वि.स. वडा नं. ७ कटुञ्जे स्थित यो मन्दिर श्रीरामप्रसाद गजुरेलका अगुवाइ र स्थानीय सुन्दरसाथ श्रीभक्तिलाल गिरी, श्रीथीरलाल धमला, श्रीदण्डीप्रसाद अधिकारी आदिका सक्रियतामा वि.सं. २०५३ सालमा स्थापित भएको हो ।

तीन रोपनी जमीनमा स्थापित यस मन्दिर-क्षेत्रमा २० घर जति सुन्दरसाथहरूको स्थायी बसोवास रहेको छ । दुर्गम स्थनाका यस मन्दिर-क्षेत्रमा जागनी-अभियानको आरम्भ श्रीरामप्रसाद गुरु (गजुरेल) जीबाटै भएको हो ।

❀❀❀

❀ जनकपुर अञ्चल ❀

४१. श्रीकृष्णप्रणामी मन्दिर– हथमुण्डा

धनुषा जिल्लाको सिंहाईमराइन् गा.वि.स. वडा नं. ४ हथमुण्डास्थित यस मन्दिरको श्रीशंकरदास महात्माले वि.सं. १८६७ सालमा स्थापना गर्नुभएको बुझिन्छ । दुई बिगहा जग्गा रहेको यस मन्दिरका पाँचौं महन्तका रूपमा हाल श्रीसेवादास महाराज हुनुहुन्छ । महन्त-परम्परा चलिआएका यस मन्दिरमा तेस्रा महन्त परमधामवासी श्रीबुधरामजीदेखि यता हालसम्म जग्गाको नामसारी भएको छैन ।

पहिले गंगापुरबाट जागनी भएको भनिने २५ घर जति सुन्दरसाथहरू भएका यस दुर्गम क्षेत्रमा हाल प्रचार-प्रसार र जागनी प्रायः ठप्प छ र घच्घच्याउनु जरूरी देखिन्छ ।

४२. श्रीकृष्णप्रणामी मन्दिर–ढल्केबर

धनुषा जिल्ला ढल्केबर गा.वि.स. वडा नं ८ लक्ष्मीनिवास स्थित यस मन्दिरको स्थापना सन्त श्रीखिलावनदास महाराजले ५ बिगहा जग्गा अर्पण गरी २०१६ सालमा गर्नुभएको हो ।

गंगापुरबाट जागनी भएका यस क्षेत्रमा (धनुषा जिल्लाभरि) ५०० घरभन्दा बढी सुन्दरसाथहरूको बसोवास रहेको छ । श्रीरामकृपाल महतोको सक्रियतामा पुनर्निर्माण हुनलागेको यस मन्दिरको सेवा-पूजा र रेख-देख श्रीशरणदासजी गर्दै हुनुहुन्छ । प्रचारक हाल पुजारी श्रीधनेश्वरदासजी हुनुहुन्छ । यसैको नजिक ऐतिहासिक नगर जनकपुरधाममा श्रीकृष्णप्रणमी मन्दिर निर्माणार्थ श्रीमती राधा गजुरेल र श्रीरामकृपाल महतोका सक्रियतामा गुठीबाट ३-१०-० साढे तीन बिगाहा जमीन प्राप्त भएको छ ।

✪ ✪ ✪ ✪

४३. श्रीकृष्णप्रणामी मन्दिर–हरकटुवा

सर्लाही जिल्ला गौरीशंकर गा.वि.स. वडा नं.४ हरकटुवास्थित यो मन्दिर श्रीहरिलाल महतोले डेढ कट्ठा जग्गा अर्पण गरी २०४० सालमा स्थापित गर्नुभएको हो ।

हाल श्रीगोसाईं महतोले सेवा-पूजा र रेख-देख गर्दै यसको संचालन गर्नुभएको छ । पचासौं घर सुन्दरसाथहरूको बसोवास रहेका यस क्षेत्रको जागनी गंगापुर र हाल पटनाबाट (श्रीराजकिशोरदासजीबाट) भैरहेछ ।

४४. श्रीकृष्णप्रणामी मन्दिर–बरहथवा



सर्लाही जिल्ला बरहथवा गा.वि.स. वडा नं. ४ हाथीडंडास्थित यो मन्दिर सन्त श्रीराजकिशोरदासजीले ४ बिगहा जग्गा मन्दिरलाई अर्पित गरी वि.सं. २०३३ सालमा स्थापित गर्नुभएको हो ।

श्रीराजकिशोरदासजीका सक्रियता र सुन्दरसाथहरूका सहयोगमा निर्मित यस मन्दिर-क्षेत्रमा पचासौं घर सुन्दरसाथहरूको बसोवास रहेको छ । हाल यस मन्दिरको रेख-देख र पूजा-आजा श्रीमुन्नाजी गर्दै हुनुहुन्छ । यसै क्षेत्रमा सन्त श्रीरामलखनदासजीले पनि १० कठ्ठा जमीन अर्पण गरी छुट्टै अर्को मन्दिर निर्माण गर्न लाग्नुभएको छ ।

४५. श्रीकृष्णप्रणामी मन्दिर–राजघाट

सलाही जिल्ला राजघाट गा.वि.स. वडा नं. ८ लक्ष्मीपुरस्थित यस मन्दिरको २०४२ सालमा श्रीमती तप्तकुमारी पौडेलले प्रदान गर्नुभएका ५ कट्ठा जमीनमा स्थापना भएको छ ।

श्रीटीकावल्लभ ढुंगेल, श्रीबलबहादुर खँड्का, श्रीरामजी उप्रेती लगायत अन्य धेरै सुन्दरसाथहरूको सहयोगमा अरू ४ कट्ठा जमीन खरीद गरी मन्दिर-निर्माण भएका यस क्षेत्रमा २० घर जति सुन्दरसाथहरूको बसोवास छ ।

* * * *

४६. श्रीकृष्णप्रणामी मन्दिर–धुसाल

रामेछाप जिल्ला मझुवा गा.वि.स. वडा नं. १ धुसालस्थित यो मन्दिर वि.सं. १९५५ सालमा काठमाडौका श्रीचरणदास श्रेष्ठको सहयोग र सक्रियतामा स्थापित भएको हो ।

श्रीनरबहादुर श्रेष्ठ र श्रीकृष्णबहादुर श्रेष्ठले मन्दिर सञ्चालनार्थ ३० रोपनी जग्गा प्रदान गर्नुभएको छ र यो स्थान प्रणामी समाजको पुरानो ठाँउहरूमध्येको एक हुन पगेको छ । परमहंस श्रीदयालदास महाराजले जागनी-क्रमलाई विस्तृत पार्नुभएका यस क्षेत्रमा आचार्य श्री १०८ पीताम्बरदासजी महाराजको जन्मस्थान (पकरब्रासं) समेत नजिकै पर्दछ । यस क्षेत्रमा वरपर गरी १०० घर जति सुन्दरसाथहरूको बसोवास रहेको छ ।

४७ श्रीकृष्णप्रणामी मन्दिर–किराँत छाप



दोलखा जिल्ला माटी गा.वि.स. वडा नं..... किराँतछापका यस मन्दिरको निर्माण वि.सं. २०३६ सालमा श्रीकृष्णबहादुर कुँवरले आठआना जमीन घडेरी र बाह्र माना बीउ जाने खेत अर्पण गरी गर्नुभएको रहेछ।

प्रचारकहरूको आवत-जावत कम भएका यस क्षेत्रमा ८-१० घर सुन्दरसाथहरूको बसोवास रहेको छ। प्रचार-प्रसारको अभियान अघि बढाउनु जरूरी देखिन्छ।

****

नारायणी अञ्चल

४८. श्रीकृष्णप्रणामी मन्दिर–नजरपुर

रौतहट जिल्ला डुमरिया गा.वि.स. वडा नं २ मा रहेको यो मन्दिर वि.सं. २०२२ सालमा श्रीहेमलाल बजगाईज्यूको अध्यक्षता र स्थानीय सबै सुन्दरसाथ हरूका सक्रियताबाट श्रीसूर्यनाथ दाहालले प्रदान गर्नुभएका दुई कट्ठा जमीनमा स्थापित भएको छ ।

२०० घरभन्दा बंढी सुन्दरसाथहरूको बसोवास रहेका यस क्षेत्रमा पछि पुनः सबै सुन्दरसाथहरूका सहयोगद्वारा मन्दिर-सञ्चालनार्थ तेह्र कट्ठा जमीन खरीद गरिएको छ । पं.श्रीभोलानाथ सापकोटा, गुरुजी श्रीरमणदास अधिकारी, पं.श्रीडिल्लीप्रसाद देवकोटा, पं.श्रीकृष्णप्रसाद सापकोटा, पं.श्रीहेमप्रसाद दाहाल आदि प्रचारकहरू रहनुभएका यस क्षेत्रमा राम्रो प्रचार-प्रसार हुँदै आएको छ ।

◆

४९. श्रीकृष्णप्रणामी मन्दिर–विश्रामपुर

रौतहट जिल्ला विश्रामपुर गा.वि.स. वार्ड नं. ८ वृन्दावनस्थित श्रीकृष्णप्रणामी मन्दिरको वि.सं २०५३ सालमा श्रीगोपालवहादुर तिम्सिनाका अध्यक्षतामा र श्रीभीमप्रसाद तिम्सिना, श्रीगणेशबहादुर तिम्सिना, श्रीभरत धिताल आदि सुन्दरसाथहरूका सहयोगमा स्थापना भएको हो । उक्त मन्दिरलाई श्रीचन्द्रप्रसाद सिग्देलले १ कट्ठा जमीन अर्पण गर्नुभएको छ ।

लगभग ३५ घर सुन्दरसाथहरूको स्थायी बसोवास रहेका यस क्षेत्रमा प्रमुखरूपले श्रीइन्द्रप्रसाद गौतम तथा श्रीभजनदास गौतम आदि प्रचारकहरू प्रचार-प्रसार गर्दै आउनुभएको छ ।

५०. श्रीकृष्णप्रणामी मन्दिर–सन्तपुर

रौतहट जिल्ला मटिवन गा.वि.स. वार्ड नं. ३ सन्तपुरमा अवस्थित श्रीकृष्णप्रणामी मन्दिरको वि.सं.२०४८ सालमा श्रीप्रेमप्रसाद दुलालका अध्यक्षता तथा श्रीआनन्द सापकोटा र श्रीलालबहादुर सापकोटा लगायत सम्पूर्ण स्थानीय सुन्दरसाथहरूका सक्रियतामा निर्माण भएको हो ।

यस मन्दिरलाई श्रीशिवप्रसाद तिम्सिनाले १९ धुर र श्रीश्यामप्रसाद दाहालले १० धुर जग्गा अर्पण गर्नुभएको छ । यस क्षेत्रमा प्रमुख रूपले श्रीधनीदास सापकोटा (साधुब्रा) र श्रीचेतनदास कार्की लगायतका प्रचारकहरू प्रचार गर्दै आउनुभएको छ । उक्त क्षेत्रमा लगभग ८० घर सुन्दरसाथहरूको स्थायी बसोवास रहेको छ ।

*

५१. श्रीकृष्णप्रणामी मन्दिर–मिठुअवा

रौतहट जिल्ला मिठुअवा गा.वि.स. वडा नं. ६ स्थित यस मन्दिरको वि.सं. १९८० सालतिर श्रीपूरणदास महाराजले स्थापना गर्नुभएको हो । उहाँले मन्दिर स्थापना र सञ्चालनका लागि खैंजडी बजाएर कीर्तन गर्दै गाउँ घुमेर जोडेका रकमले १ बिगहा १० कट्ठा जमीन खरीद गरी अर्पण गर्नुभएको रहेछ ।

श्रीरामदास साधुले सेवा-पूजा गर्दै आउनुभएका यस मन्दिरको रेख-देख स्थानीय सुन्दरसाथ श्रीरामस्वरूप शाह गर्दैहुनुहुन्छ । निकै पुरानो जागनी भएका यस क्षेत्रमा १०० घरभन्दा बढी सुन्दरसाथहरूको बसोवास छ ।

*

५२. श्रीकृष्णप्रणामी मनिदर - नयाँबस्ती

रौतहट जिल्ला रंगपुर गा.वि.स. वडा नं. ५ नयाँबस्तीस्थित यो मन्दिर वि.सं २०५४ सालमा स्थापित भएको हो । सामूहिक सहयोगद्वारा ३ कठ्ठा जमीन खरीद गरी निर्माण हुन लागेका यस मन्दिरको शिलान्यास पं. श्रीभोलानाथ सापकोटाले गर्नुभएको हो । उक्त मन्दिर निर्माणका लागि संस्थापक अध्यक्ष श्रीदेवीप्रसाद अधिकारी, श्रीरामशरण लामिछाने, श्रीश्यामप्रसाद काफ्ले र श्रीभीमप्रसाद सापकोटा लगायत सबै सुन्दरसाथहरूको सक्रियता रहेको देखिन्छ । लगभग ६० घर सुन्दरसाथहरूको बसोवास रहेका यस क्षेत्रमा सन्त श्रीधनीदास सापकोटा र पं. श्रीभोलानाथ सापकोटा आदिले प्रचार-प्रसार गर्दै आउनुभएको छ ।

५३. श्रीकृष्णप्रणामी मन्दिर- गौँडाटार

रौतहट जिल्ला चन्द्रनिगाहापुर गा.वि.स. वडा नं. ४ गैडाटारस्थित यो मन्दिर वि.सं. २०५४ सालमा स्थापित भएको हो । श्रीलीलाधर तिम्सिनाको अध्यक्षता र श्रीशम्भुप्रसाद तिम्सिना, श्रीटुकबहादुर राउत, श्रीतृणप्रसाद दुलाल आदिका सक्रियतामा निर्माणाधीन उक्त मन्दिरको शिलान्यास श्रीकृष्णप्रणामी युवा परिषद् रौतहट जिल्लाका अध्यक्ष श्रीसुदर्शन सापकोटाबाट भएको थियो ।

यस मन्दिर-निर्माणका लागि सन्त श्रीधनीदास सापकोटा र श्रीरेवतीप्रसाद अधिकारीद्वारा दश-दश धूर गरी जम्मा १ कठ्ठा जमीन अर्पण गर्नुभएको रहेछ । करीब ७० घर सुन्दरसाथहरूको बसोवास रहेका यस क्षेत्रमा सन्त श्रीधनीदास सापकोटा आदिले नै प्रचार-प्रसार गर्दै आउनुभएको छ ।

५४ श्रीकृष्णप्रणामी मन्दिर–निजगढ

बारा जिल्ला निजगढ गा.वि.स. सडकचोकमा रहेका यस मन्दिरको वि.सं.२०४३ सालमा श्रीटीकाप्रसाद तिम्सिनाको अध्यक्षता र श्री गोपालप्रसाद सापकोटा, श्रीहरिप्रसाद सापकोटा आदि स्थानीय सबै सुन्दरसाथहरूको सहयोगमा स्थापना भएको हो ।

श्रीतीर्थराज तिम्सिना, श्रीमती हरिमाया दाहाल र सबै सुन्दरसाथहरूका सहयोगमा मन्दिरका लागि १० कट्ठा जति जमीन जोडिएको छ । लगभग १०० घर सुन्दरसाथहरूको बसोवास भएका क्षेत्रअर्न्तगत यस मन्दिरमा पुजारी श्रीटुकराज लामिछाने सेवा-पूजा र रेख-देख गर्दै हुनुहुन्छ ।

✷

५५. श्रीकृष्णप्रणामी मन्दिर–औदहापुर

बारा जिल्ला कलैया नगरपालिका वडा नं. २ औदहापुरस्थित यस मन्दिरको स्थापना वि.सं. १८७० सालतिर काठमाडौका सञ्जेल परिवारकी चेली श्रीमती सुलक्षणाबाईले बाह्र बिगहा जमीनको समेत व्यवस्था गरी गर्नुभएको रहेछ ।

२५ घर जति सुन्दरसाथहरू भएका यस क्षेत्रको जागनी पहिले गंगापुरतिरबाट भएको र हाल प्रचार-प्रसार र जागनीको कार्य प्राय: ठप्प भएको बुझिन्छ । अब पुन: यहाँका जागनी- क्रममा समाजका सचेतकवर्गले कम्मर कस्नुपर्ने देखिन्छ ।

५६ श्रीकृष्णप्रणामी मन्दिर–सिमरा

बारा जिल्ला सिमरा गा.वि.स. वडा नं. ६ औराहामा रहेको यो मन्दिर वि.सं २०४० सालमा श्रीवंशीदास थेबेको अध्यक्षता र श्रीमधुकर खनाल, श्रीकृष्ण लाल श्रेष्ठ, श्रीभवानीशंकर भट्ट, श्रीपञ्चमदास श्रेष्ठ, श्रीप्रेमदास अधिकारी, श्रीकृष्ण गोपाल श्रेष्ठ, श्रीविन्दबहादुर सिम्खडा, श्रीमाणिकदास प्रणामी, श्रीश्यामकृष्ण श्रेष्ठ लगायतका सबै सुन्दरसाथ-हरूको सहयोगमा स्थापित भएको हो ।

धर्माचार्य महाराज श्री १०८धर्मदासजी महाराज़, श्री १०८ कृष्णमणिजी महाराज र अन्य कैयौं सन्त-महात्माहरूको समेत पदार्पण भएका यस क्षेत्रमा ९० घर जति सुन्दरसाथहरूको बसोवास रहेको छ । यहाँका प्रचारकमा पं. श्रीमधुकर खनाल, पं.श्रीहरिहर शास्त्री पन्त र हजूरी श्रीश्यामदास भट्टराई रहनुभएको छ ।

**

५७. श्रीकृष्णप्रणामी मन्दिर–नयाँबस्ती

पर्सा जिल्ला सुवर्णपुर गा.वि.स.वडा नं. १ कृष्णपुरस्थित यो मन्दिरको स्थापना वि.सं २०४९ सालमा श्रीलीलानाथ साधुले गर्नुभएको हो । श्रीबमबहादुर सिलवालको अध्यक्षता र श्री ऋषिराम सापकोटा, श्रीतेजदास सुनुवार, श्रीबुद्धिबहादुर लामिछाने, श्रीशिव सिलवाल, श्रीवीरेन्द्रबहादुर सिम्खडा, पं. श्रीभोलानाथ सापकोटा लगायतका सुन्दरसाथहरूका सक्रियतामा निर्मित यस मन्दिरका लागि सबै स्थानीय सुन्दरसाथहरूका सहयोगमा १४ कट्ठा जग्गा प्राप्त छ ।

लगभग २५ घर सुन्दरसाथहरू रहनुभएका यस क्षेत्रमा पं. श्रीभोलानाथ सापकोटा, श्रीगोविन्द धिताल, श्रीरत्नप्रसाद काफ्ले (नयाँबाजे) आदि प्रचारकहरू ले प्रचार-प्रसार गर्दै आउनुभएको छ ।

**

५८. श्रीकृष्णप्रणामी मन्दिर–हेटौंडा बजार

मकवानपुर जिल्ला, हेटौंडा नगरपालिका वडा नं. ४ भी.आई.पी. रोडस्थित यो मन्दिर श्रीमती सुन्दरबाई माताका त्याग र तपस्याबाट वि.सं. २०३१ सालमा स्थापित भएको हो ।

श्रीगोपालदास (धनपति) आचार्यको अध्यक्षता र सबै सुन्दरसाथको सक्रियतामा निर्मित यस मन्दिरका लागि श्री ५ अधिराजकुमारी शान्ति सिंहबाट १० धुर जग्गा बक्स भई अरू सुन्दरसाथहरूका सामूहिक प्रयासबाट १ कट्ठा जमीन जोडिएको छ । १कट्ठा १० धुर जग्गामा रहेको यो मन्दिर मकवानपुर जिल्लाको प्रमुख मन्दिर हुनपुगेको छ र यस मन्दिरको सेवा-पूजा र रेख-देख गुरुमाता सुन्दरबाईज्यू नै गर्दै हुनुहुन्थ्यो भर्खरै उहाँको धामगमन भैसकेको छ । ४-५ जना वृद्धाहरू रहनुभएका यस मन्दिरले वृद्धाश्रमकैंझैं सेवा पुऱ्याउँदै आएको छ । गौरीटार, गुर्दुमडाँडा लगायतका २५० घरभन्दा बढी सुन्दरसाथहरूको केन्द्रस्थल यही मन्दिर हुनपुगेकोछ ।

मंदिर सञ्चालनका लागि सन्त श्रीयुगलदासजी महाराज, श्रीतिलकप्रसाद दुलाल,श्रीकृष्णप्रसाद डोटेल,श्रीकुलप्रसाद खतिवडा, श्रीउमानाथ ढकाल, श्री सुन्दरवाई माता आदिबाट जम्मा लगभग ७ बिगहा जमीन प्राप्त भएको छ । हाल यस मन्दिरको पूजा-आजा सन्त श्रीरंगीदास पौडेलज्यू गर्दैहुनुहुन्छ ।

५९. श्रीकृष्णप्रणामी मन्दिर–सामरी (१)



मकवानपुर जिल्ला आमभञ्ज्याङ गा.वि.स. वडा नं. ५ सामरी (कोशीभञ्ज्याङ) स्थित यस मन्दिरको स्थापना वि.सं. २०३५ सालमा भएको हो ।

श्रीतिलकप्रसाद घिमिरेको अध्यक्षता र स्थानीय सुन्दरसाथ श्रीभूमिप्रसाद बन्जारा, श्रीइन्द्रप्रसाद तिम्सिना लगायत सबै सुन्दरसाथहरूका सक्रियताबाट निर्मित यस मन्दिर-क्षेत्रमा लगभग ४५ घर सुन्दरसाथहरूको बसोवास रहेको छ ।

**

६० श्रीकृष्णप्रणामी मन्दिर–सामरी (२)

जिल्ला मकवानपुर गा.वि.स. आमभञ्ज्याङ वडा नं. ५ सामरीस्थित यस मन्दिरको स्थापना वि.सं. २०४२ सालमा स्थानीय श्रीतिलकप्रसाद घिमिरेको अध्यक्षता र सबैसुन्दरसाथहरूका सहयोगमा भएको छ ।

श्रीनीलकण्ठ घिमिरेबाट मन्दिरका लागि प्राप्त केही र स्थानीय सुन्दरसाथहरूका सामूहिक खरीदबाट प्राप्त केही गरी ४ कट्ठा जमीन मन्दिरको छ । यस क्षेत्रमा ४० घर जति सुन्दरसाथहरूको बसोवास रहेको छ ।

**

६१ श्रीकृष्णप्रणामी मन्दिर–गुर्दुमडाँडा



मकवानपुर जिल्ला हटिया गा.वि.स.वडा नं. ७ गुर्दुमडाँडास्थित प्रणामीनगरको यो मन्दिर वि.सं. २०४७ सालमा श्रीमती राधाबाई चौंलागाईंबाट अर्पण गरिएका २ कट्ठा जमीनमा स्थापित भएको हो ।

श्रीबालकृष्ण बस्ताकोटीको अध्यक्षता र स्थानीय सुन्दरसाथहरूका सक्रियतामा निर्मित यस मन्दिर-क्षेत्रमा प्रचारकहरू पं.श्रीतिलचन्द्र ढकाल, श्रीखडानन्द तिवारी लगायतका सुन्दरसाथहरूको स्थायी बसोवास छ । यस मन्दिरको सेवा-पूजा र रेख-देख श्रीकुलप्रसाद अधिकारी गर्दै हुनुहुन्छ ।

**

६२ श्रीकृष्णप्रणामी मन्दिर गौरीटार



मकवानपुर जिल्लान्तर्गत हेटौंडा न.पा. वडा नं. ६ को गौरीटारमा निर्मित यो श्रीकृष्णप्रणामी मन्दिर २०४५ साल माघ १ गते गुरुजी श्रीरमणदास अधिकारीज्यूका करकमलबाट शिलान्यास भई करीब रू.१२ लाखको लागतमा पूरा भएको छ । २०४७ मा निर्माण-कार्य सम्पन्न भएको यो मन्दिर-निर्माणार्थ श्रीमती डिल्लीमायाँ खतिवडा , श्रीशुकप्रसाद दुलाल, श्रीहेमलाल ढकाल, श्रीरामप्रसाद खतिवडा, श्रीमती शान्ति लम्साल, श्रीउमाकान्त खतिवडा,. श्रीईश्वरमान श्रेष्ठ, श्रीविष्णुप्रसाद खतिवडा, श्रीकुलप्रसाद खतिवडा, श्रीबद्रीप्रसाद चौंलागाई, श्रीनन्दलाल खतिवडा, श्रीतिलकप्रसाद दुलाल आदि मन्दिर- वरिपरिका सम्पूर्ण सुन्दरसाथहरू र विभिन्न संघ् संस्थाहरूबाट जमीन र नगद दान प्राप्त भएको छ ।

यस मन्दिर-क्षेत्रमा ८५ घर सुन्दरसाथहरूको स्थायी बसोवास छ र धर्म-प्रचारकमा पण्डित श्रीकृष्णप्रसाद घिमिरे र श्रीगोपालकृष्ण तिम्सिना हुनुहुन्छ । यस जिल्लाका श्रीकृष्णप्रणामी युवापरिषद् जिल्ला कार्य समितिका अध्यक्ष श्रीबद्रीप्रसाद चौंलागाईका अध्यक्षतामा हेटौंडा अस्पतालमा करीब १०० जना अटाउने विश्राम-कक्ष र बिरामी कुरुवा प्रतीक्षालयको करीब २ लाख रूपैयाँको लागतमा २०५२ सालमा निर्माण गरिएको छ ।

उपर्युक्त श्रीकृ.प्र.यु.परिषद्ले जिल्लामा धर्म-प्रचार-प्रसार सामाजिक कार्य, विश्व वातावरण दिवस, साइकल र्‍याली, अन्तर्क्रिया कार्यक्रम, वृक्षारोपण, रक्तदान, बाढीपीडित-उद्धार आदि सेवामूलक कार्यहरू गर्दै आएको छ ।

६३. श्रीकृष्णप्रणामी मन्दिर–बुढौली

चितवन जिल्ला खैरेनी गा.वि.स. वडा नं. ६ बुढौलीस्थित यस मन्दिरको स्थापना वि.सं. २०३२ सालमा भएको हो । धर्माचार्य श्री १०८ धर्मदासजी महाराजका करकमलबाट उद्घाटित यो मन्दिरको शिलान्यास सन्त श्रीराजकिशोरदास महाराजबाट भएको थियो ।

श्रीतिलकदास के.सी.को अध्यक्षता र अन्य सुन्दरसाथहरूका सहयोगमा निर्मित यस मन्दिरका लागि स्थानीय ७ घर सुन्दरसाथले १४कट्ठा जमीन अर्पण गर्नुभएको छ । यस क्षेत्रमा वर-पर गरी लगभग ५० घर सुन्दरसाथहरूको बसोवास रहेको छ ।

**

६४. श्रीकृष्णप्रणामी मन्दिर- टिकौली

चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. ८ मा २०२६ सालमा आचार्य श्री १०८ धर्मदासजी महाराजका करकमलबाट शिलान्यास भई महात्मा श्रीवृजदास साधु श्रीमती हीराबाई र श्रीमती ज्ञानबाई सुवेदी समेतले प्रदान गर्नुभएको ०-१२-० बाह्र कठ्ठा क्षेत्रफलमा यस मन्दिरको स्थापना भएको हो । यस मन्दिरलाई संस्थागत रूप दिन तत् कालीन सञ्चालक समितिका अध्यक्ष पं. श्रीकमलकृष्ण शर्मा (बज्गाई)को अध्यक्षतामा ब्रह्मचारी श्रीमोहनमुकुन्द महाराजका अर्थपूर्ण सहयोगमा शास्त्री श्रीधर्मराज अधिकारी, श्रीदेवीदास सुवेदी, श्रीताराप्रसाद अधिकारी, पं. श्रीकमलदास सुवेदी, श्रीरामनाथ अधिकारी, श्रीचन्द्रदास बराल लगायत स्थानीय सुन्दरसाथज्यूहरूको सक्रियतामा निर्माण भएको हो ।

महेन्द्रराजमार्गका नजिक पर्ने यस मन्दिरमा हाल करीब ९० घर सुन्दरसाथहरूको संलग्नता रहेको छ र यस मन्दिरको पुनर्निमाण-कार्य आचार्य श्री१०८ कृष्णमणि महाराजज्यूको कर-कमलबाट शिलान्यास भएको हो । श्रीश्यामकृष्ण शर्मा अध्यक्ष रहनु भएको कार्य समितिका अन्य पदाधिकारीहरू श्रीलीलाराज सुवेदी,श्रीपुष्पराज खतिवडा, पं.श्रीकुशलदास शर्मा बरालज्यूहरूका सक्रियतामा र स्थानीय सुन्दरसाथहरूका लगनशीलतामा मन्दिरको पुनर्निमाण-कार्य सुसम्पन्न हुन गइरहेको छ । यस मन्दिर-अर्न्तगत श्रीकृष्णप्रणामी वृद्धाश्रम र अनाथाश्रम समेत सञ्चालित छन् ।

६५. श्रीकृष्णप्रणमी मन्दिर - जिरौना (चितवन)

यो श्रीकृष्णप्रणाम्मी मन्दिर-जिरौना रत्ननगर नगरपालिका वाड नं. १० मा स्थापित भएको छ । यसको स्थापना २०३१ सालमा धर्माचार्य श्री १०८ धर्मदास महाराजज्यूको समुपस्थितिमा भएको हो र मन्दिरको समुद्घाटन बाबाजी श्रीलक्ष्मीदासजी महाराजबाट भएको हो । यसको स्थापना पं.श्रीवृन्दावन सुवेदीका अध्यक्षतामा श्रीढुण्डीराज ढकाल, पं.श्रीचन्द्रकिशोर ढकाल, पं. श्रीटहलदास नेउपाने, सन्त श्रीज्ञानदास खतिवडा , परमधामबासी श्रीदेवीदास अधिकारी पाल्पाली आमै, ,श्रीतिलकबहादुर बस्नेत, श्रीतिलकराज शर्मा पौडेल, श्रीलालचन्द्र ढकाल र यस क्षेत्रका करीब २५० धुरी सुन्दरसाथहरूको सक्रियतामा भएको हो ।

मन्दिरलाई स्थायीत्व दिन र विकास गर्न जग्गा-दान गर्नेहरूमा श्रीदुर्गादत्त रेग्मी, श्रीऋषेश्वर घिमिरे, श्रीमती चन्द्रकला ढकाल, श्रीमती भक्तकुमारी नेउपाने, पाल्पाली आमै, सुभद्रा आमै आदि हुनुहुन्छ । यस मन्दिरको करीब ३ बिगाह जग्गा, अतिथिगृह, पानी-बत्तीको सुविधा आदि भएको कुरा वर्तमान मन्दिर-संचालक समितिका अध्यक्ष श्रीतिलकराज शर्मा पौडेल बताउनु हुन्छ ।

❀ वागमती अञ्चल ❀

६६. श्रीकृष्णप्रणामी मन्दिर–ढोडेनी

काभ्रे पलाञ्चोक जिल्ला डोढेनी गा.वि.स. वडा नं. १ डोढेनीस्थित यस मन्दिरको वि.सं. २०३६ सालमा श्रीलल्लुकुमार शाहीले स्थापना गर्नुभएको हो ।

स्थापनाकालमै संस्थापक श्रीशाही र श्रीधनकुमार गुरागाईंबाट ३५ रोपनी जमीन मन्दिर-संञ्चालनार्थ अर्पण गर्नुभएको छ । यस मन्दिर-क्षेत्रमा लगभग १० घर सुन्दरसाथहरूको बसोवास छ ।

६७. श्रीकृष्णप्रणामी सत्संग भवन–चाखोला



जि. काभ्रे पलाञ्चोकको जैसीथोक गा.वि.स. वडा नं. ४ चाखोला राम्चेस्थित यो मन्दिर वि.सं. २०५२ सालमा श्रीरेवतीरमण सापकोटाबाट अर्पित ७ आना जमीनमा स्थापित छ ।

श्रीरेवतीरमणकै अध्यक्षतामा सम्पूर्ण स्थानीय सुन्दरसाथहरूको सक्रियताबाट निर्मित र पं. श्रीकृष्णप्रसाद सापकोटाद्वारा प्रचारित यस मन्दिर-क्षेत्रमा लगभग २२ घर सुन्दरसााथहरू हुनुहुन्छ ।

६८. श्रीकृष्णप्रणामी मन्दिर – होक्से

काभ्रे जिल्ला होक्से गा. वि. स. वडा नं. ६ स्थित यस पुराना मन्दिरको स्थापना वि. स. १९४८ सालमा सन्त श्रीप्रेमदासजी महाराजले पचासौं रोपनी जमीन अर्पण गरी गर्नुभएको रहेछ । परमहंस श्रीदयालदास महाराज र सन्त श्रीयुगलदास महाराजले समेत बरोबर प्रचार गर्नुभएका यस क्षेत्रका सुन्दरसाथहरूले राणाशासन-कालमा तत्कालीन राणा प्रशासनको ज्यादती समेत भोग्नु परेको थियो । हालं लगभग ६० घर सुन्दरसाथहरूको बसोवास रहेको यस मन्दिरको बनेपा न.पा.को समेत सहयोगमा पुनर्निर्माण सम्पन्न हुन लागेको छ ।

६९. श्रीकृष्णप्रणामी मन्दिर – बनेपा



काभ्रे पलाञ्चोक जिल्ला बनेपा नगरपालिका वार्ड नं. ३ कृष्णनगर (नयाँ बस्ती) मा वि. सं. २०५२ सालमा श्रीतुतुकाजीको अध्यक्षता र श्रीदेवहरि नेपाल, श्रीकृष्ण पराजुली, श्रीगोपाल दास बादे, श्रीबद्रीप्रसाद फुँयल, श्रीउद्धव नेपाल लगायत सम्पूर्ण सुन्दरसाथहरूको सक्रियतामा आठ आना जग्गा खरीद गरी यस मन्दिरको निर्माण भएको हो ।

यस मन्दिरलाई नगरपालिकाका तत्कालीन प्रमुख (मेयर) श्रीरामभक्त कोषले बनेपा नगरपालिकाको आफ्नो कोषबाट रु. [illegible] लाख मन्दिर-निर्माणका लागि उपलब्ध गराउनुभएको छ । यस क्षेत्रमा लगभग ४५ घर सुन्दरसाथहरूको स्थायी बसोवास रहेको छ ।

७०. श्रीकृष्णप्रणामी मन्दिर–दुवाकोट

भक्तपुर जिल्ला दुवाकोट गा.वि.स. वडा नं. १ दुवाकोटस्थित यस मन्दिरको वि.सं. २०२७ सालमा श्रीमंगलदास श्रेष्ठले आफ्नो ४ आना जग्गा अर्पण गरी स्थापना गर्नुभएको हो ।

२० घर जति सुन्दरसाथहरूको बसोवास रहेका यस मन्दिरको सेवा-पूजा र रेख-देख श्रीमंगलदास श्रेष्ठकै परिवारद्वारा भैरहेछ ।

७१. श्रीकृष्णप्रणामी मन्दिर–इमाडोल

ललितपुर जिल्ला इमाडोल गा. वि. स. वडा नं: ६ (मोतीटार) स्थित यस मन्दिरको वि.सं. २०१९ सालमा प्रचारक श्रीपद्मबहादुर लप्टनकी धर्मपत्नी श्रीमती जमुनाबाईका बाहुलीबाट शिलान्यास भई धर्माचार्य श्री १०८ धर्मदासजी महाराजका करकमलबाट वि.सं.२०२८सालमा उद्घाटन भएको हो । यो मन्दिर श्रीवीरबहादुर खत्रीद्वारा समर्पित लगभग १ रोपनी र अन्य सुन्दरसाथहरूको सहयोगद्वारा जोडिएको ८ आना गरी जम्मा डेढ रोपनी जमीनमा प्रतिष्ठित छ । पं.श्रीकमलकृष्ण बज्राईंको अध्यक्षता र अन्य सम्पूर्ण सुन्दरसाथहरूको सहयोगमा निर्मित यो मन्दिर उपत्यकाको मूल मन्दिरका रूपमा मानिन्छ । परमधामवासी श्री नानीकाजी बस्नेतले जीवनका अन्तिम घडीसम्म यस मन्दिरको अध्यक्ष-पदमा रही यसलाई संरक्षण दिने काम गर्नु भएको थियो ।

गुरुमाता श्रीमती सुरतबाई साधुनीले १९९० देखि जागनी-प्रारम्भ गर्नुभएका यस क्षेत्रमा लगभग ३० घर स्थानीय सुन्दरसाथहरूको बसोवास रहेको छ । पुजारी श्रीदेवकृष्ण शर्मा तिम्सिनाले सेवा-पूजा र रेख-देख गर्दै आउनुभएका यस मन्दिरको पुनर्निर्माण “सेवा समिति”का अध्यक्ष श्रीकृष्णप्रसाद खतिवडाका अध्यक्षतामा भव्य रूपमा सम्पन्न हुँदै छ ।

७२.श्रीकृष्ण(प्रणामी)सामुदायिंक सेवासमाज मन्दिर– लुभु

ललितपुर जिल्ला लुभु गा. वि. स. वडा नं. ७ गोदावरी पुल ब खुस्थित यस सेवा-समाज मन्दिरको स्थापना २०४६सालमा श्रीरामगोविन्द महर्जनले गर्नुभएको हो ।

करीब दुई रोपनी सार्वजानिक जमीनमा स्थापित यो संस्था समाजकल्याण परिषद् र विभिन्न संघ-संस्थाको सहयोगमा चलेको छ र २०-२५ जना असहाय बाल-बालिका र केही वृद्धहरूमा समेत सेवा पुर्‍याउँदै आएको छ । यस संस्थाले सन्त श्रीमोहनमुकुन्द महाराज र श्रीकमलदास आचार्यद्वारा नेपालीमा अनूदित र डा.श्रीछविलाल गजुरेलको संयोजकत्वमा ‘तारतमवाणी’का रास, प्रकाश, षट्ऋतु र कलश लगायतका पुस्तकहरू विगतमै प्रकाशित गरिसकेको छ ।

श्रीरामगोविन्द महर्जन स्वयं नै सेवा-पूजा र संरक्षण गर्दै आउनुभएका यस मन्दिर-क्षेत्रमा ३० घर जति स्थानीय सुन्दरसाथहरूको बसोवास छ ।

७३. श्रीनिजानन्द आश्रम–पुल्चोक

ललितपुर जिल्लाकै ललितपुर उपमहानगरपालिका वडा नं. ३ दनागिरिमा रहेको यस आश्रम सन्त श्रीयुगलदास महाराजका त्याग तपस्या र सम्पूर्ण सुन्दरसाथहरूका सहयोगमा ललितपुर नगरपालिकाबाट प्राप्त १२ आना सार्वजनिक जमीनमा २०३२ सालमा स्थापना भएको हो ।

धर्माचार्य श्री १०८ धर्मदासजी महाराजका करकमलबाट शिलान्यास भई उहाँबाटै २०३७ सालमा उद्घाटन भएको यो आश्रम श्रीकृष्णप्रणामी सेवा समितिबाट सञ्चालित छ र असहाय वृद्ध-वृद्धाहरूमा सेवा पुऱ्याउँदै आएको छ ।

श्रीकृष्णप्रणामी समाजका केन्द्रीय स्तरका विविध कार्यक्रम सम्पन्न भैरहने यस आश्रममा श्रीकृष्णप्रणामी युवा परिषद्को केन्द्रीय कार्यालय समेत रहेकोछ ।

७४ श्रीकृष्णप्रणामी मन्दिर–पुल्चोक (दमकल अगाडि)

ललितपुर उपमहानगरपालिका वडा नं. ३ दमकलअगाडि रहेका यस मन्दिरमा २०२२ सालतिर श्रीइन्द्रबहादुर श्रेष्ठ र श्रीमती रुक्मिणी श्रेष्ठले आफ्ना घरमा सन्त श्रीयुगलदास महाराजलाई डिल्लीबजारबाट ल्याई सेवा पुऱ्याउँदै शिक्षा-दीक्षा लिन थाल्नुभयो । श्रीमहाराजले त्यसपछि यहीँबाट सत्संग प्रचार-प्रसार गर्न थाल्नुभयो जुन आज पनि कायम छ । हरिसिद्धि, लुभु, सुनाकोठी लगायत उपत्यकाका अन्य कतिपय क्षेत्रको जागनी यहीँबाट भयो । सुन्दरसाथहरू यस मन्दिरलाई "जागनी-मन्दिर" पनि भन्दछन् ।

धर्माचार्य श्री १०८ धर्मदासजी महाराजको पटक-पटक पदार्पण भएका यस मन्दिरबाटै सन्त श्रीयुगलदास महाराजले निजानन्द आश्रम पुल्चोकको स्थापना गर्नुभयो । पछि उहाँको धामगमन पनि यहीँबाट भएको थियो । हाल सत्संग-कार्यक्रम र मन्दिर-सञ्चालन श्रीगजेन्द्रबहादुर अमात्य र श्रीमती रुक्मिणी श्रेष्ठले निजी रूपमा गर्दै हुनुहुन्छ ।

७५ श्रीकृष्णप्रणामी मन्दिर–चुनीखेल

ललितपुर जिल्ला बुङ्मती गा.वि.स. वडा नं. ८ चुनीखेलस्थित यो मन्दिर २०३९ सालमा स्थापित भएको हो । श्रीहिक्मतबहादुर के.सी. को अध्यक्षता र सन्त श्रीमोहनमुकुन्द महाराज तथा वाणीविद पं. श्रीकमलदास महाराज लगायतका सुन्दरसाथहरूको सक्रियता र सहयोगमा लगभग डेढ रोपनी सार्वजनिक जमीनमा निर्मित यस मन्दिर-क्षेत्रमा लगभग ५० घर सुन्दरसाथहरूको बसोवास रहेको छ ।

७६ श्रीकृष्णप्रणामी मन्दिर–हरिसिद्धि



ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. ८ हरिसिद्धिस्थित यस मन्दिरको २०४५ सालमा स्थापना भएको हो ।

श्रीगोविन्दराज महर्जनको अध्यक्षता र श्रीपुण्यराज महर्जन लगायत सबै सुन्दरसाथहरूका सहयोगमा निर्मित यस मन्दिरका लागि श्रीमती रत्नबाई महर्जनले आधा रोपनी जमीन प्रदान गर्नुभएको छ । हाल यस क्षेत्रमा ३० घर जति सुन्दरसाथहरूको बसोवास रहेको छ ।

७७ श्रीनिजानन्द सत्सङ्गसेवा भजनाश्रम, सुनाकोठी



ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं. १ ठूलोचौरमा अवस्थित यो आश्रम २०४३ सालमा स्थापित भएको हो । स्थानीय श्रीसुन्दरसाथ गोपालदास महर्जनको सक्रिय नेतृत्व र श्रीकेशव अधिकारीका अध्यक्षतामा लगभग दुई रोपनी सार्वजनिक जग्गामा निर्माणाधीन यस मन्दिरका आस-पासमा लगभग ६० घर सुन्दरसाथहरूको बसोवास रहेको छ । यस क्षेत्रका स्थानीय प्रचारकहरूमा श्रीबलिदास बस्नेत , श्रीकेशवप्रसाद अधिकारी , श्रीगोपालदास महर्जन आदि हुनुहुन्छ ।

७८. श्रीकृष्णप्रणामी मन्दिर–किलागल



काठमाण्डौ जिल्ला , काठमाण्डौ म.न.पा वडा नं.१८ किलागलस्थित यो मन्दिर उपत्यका भित्रको सबैं भन्दा पुरानो मानिन्छ । श्रीरामदास श्रेष्ठ र श्रीभवानी दास श्रेष्ठले आफू श्रीकृष्ण प्रणामी धर्ममा दीक्षित भए पछि वि.सं.१८३७ देखि नै आफ्नो (निजी) घरलाई सार्वजानिक मन्दिर को रूप दिनुभयो । परमहंस दयाल दास महाराजले यहीँ बाट मध्यमाञ्चलमा व्यापक जागनी गर्नुभएको थियो । आचार्य श्री१०८ पीताम्बरदासजी महाराजको बाल्य जीवन पनि यहीँ बितेको थियो ।

मन्दिर-सञ्चालनको प्रारम्भतिरै श्रीभवानीदस सेठले शयौं रोपनी जमीनको व्यवस्था गर्नुभएको रहेछ । तर कालान्तरमा संस्थागत संरक्षण हुन नसक्दा जमीनको कुरा किम्बदन्तीमा परिणत भएको व्यहोरा जानकारहरू बताउँछन् । रामदासकै पनातिनीबुहारी श्रीमती विद्यादेवी श्रेष्ठ हाल यस मन्दिरको सेवा-पूजा, रेख-देख र सञ्चालन निजी रूपमा गर्दै आउनुभएको छ । यहाँ नजिकै नरदेवीको पुरानो तथा ऐतिहासिक श्रीकृष्णप्रणामी मन्दिर श्रीभवानीदास श्रेष्ठले स्थापित गरेको थियो तर अहिले सो मन्दिर भग्नावशेषका रूपमा मात्र भेटिन्छ ।

७९ श्रीकृष्णप्रणामी मन्दिर–डिल्लीबजार



काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. ३२ डिल्लीबजार चोकका व्यस्त ठाउँमा रहेको यो मन्दिर २०१६ सालदेखि सन्त श्रीयुगलदासजी महाराजले एक घर खरीद गरी बस्न थाल्नुभएपछि सार्वजनिक मन्दिरका रूपमा विकसित भएको हो । तर त्यसअघि २०१२ सालदेखि नै श्रीखड्गदास महाराज (तिवारी)ले पनि सो घर मन्दिरकै रूपमा सञ्चालित गर्दै आउनुभएको बुझिन्छ जुन कुरा तिनताका नजिकै दक्षिणपट्टि घर भएका महाकवि लक्ष्मीप्रसाद देवकोटाले आफ्नो "लूनी" खण्डकाव्यमा, त्यही बाटो आउँदा-जाँदा प्रणामीहरूले त्यस मन्दिरमा घुँडा टेकेर प्रणाम गरेको देखी "घुँडा प्रणामी" उल्लेख गरेबाट पनि प्रष्ट हुन्छ)

श्रीयुगलदास महाराजले २०२३ सालदेखि आफ्नै अध्यक्षतामा श्रीकृष्णप्रणामी सेवा-समितिको गठन गरी यसै मन्दिरमा केन्द्रीय कार्यालय रहने गरी सोही समितिद्वारा सञ्चालन गराउन थाल्नुभयो जुन आज पनि कायम छ र यही सेवा-समितिले स्थापना-कालदेखि मुख्यरूपमा श्रीकृष्णप्रणामीय विविध मन्दिर आश्रम आदि स्थापना र अन्य सेवामूलक कार्य तथा प्रचार-प्रसारका कार्य गर्दै आएको छ ।

श्रीकृष्णप्रणामी सेवासमितिद्वारा नेपालमा यौटा केन्द्रीय स्तरको मन्दिरको विकास गरी विभिन्न सेवामूलक कार्य गर्नका लागि गोठाटारमा फराकिलो ठाउँ लिई आचार्य श्री १०८ कृष्णमणिजी महाराजको बारम्बार पदार्पण भई सक्रिय नेतृत्व प्राप्त भएको छ । यस

कार्यमा श्रीकृष्णप्रसाद खतिवडाका अध्यक्षतामा श्रीहरिकेशव फुँयल, श्रीभुवनमान प्रधान, श्रीमाणिकदास प्रणामी, श्रीमती राधादेवी अधिकारी, श्रीसूर्यबहादुर थापा, श्रीमदनकृष्ण शर्मा, श्रीपी.पी. अधिकारी, श्रीईश्वरदास सुब्बा आदि सुंदरसाथको सक्रियता रहँदै आएको छ र यसमा सम्पूर्ण प्रणामी समाजको सहयोग रहने गरेकोछ ।

८० श्रीकृष्णप्रणामी मन्दिर–सिनामंगल

काठमाडौ जिल्ला का.म.न.पा. वडा न. ९ वागमती टोल सिनामंगलस्थित यस मन्दिरको स्थापना २०४१मा श्रीअक्कलबहादुर दुलालको अध्यक्षता तथा श्रीपतिराम प्रणामी, श्रीमती पार्वती प्रणामी, श्रीबलराम बोगटी, श्रीभक्तदास प्रणामी र श्रीश्यामदास (सूरदास) प्रणामी लगायतका सुन्दरसाथहरूको सहयोगमा भएको हो । श्रीमती पार्वती प्रणामीले मन्दिरका लागि अर्पण गर्नुभएको ४ आना जमीनमा निर्मित यस मन्दिरका लागि पचासौं घर सुन्दसाथको सेवा प्राप्त हुन्छ ।

भक्त कलाकार श्रीश्यामदास (सूरदास) प्रणामीद्वारा संगीतमय वातावरण भइरहने यस मन्दिरमा केही वृद्धाहरूको पनि संरक्षण भैरहेछ । वि.सं.२०४९ सालमा श्रीटहलदास शिवाकोटीको अध्यक्षतामा समाजकल्याण परिषद्मा आवद्ध भई सदस्यता प्राप्त गरेको यस निजानन्द अनुसरण गृह-मन्दिरको सेवा-पूजा, रेख-देख सुन्दरसाथहरूका सहयोगमा श्रीपतिराम प्रणामी गर्दै हुनुहुन्छ ।

८१ श्रीकृष्णप्रणामी मन्दिर–दहचोक



काठमाडौ जिल्ला दहचोक गा.वि.स. वडा नं. १ चौकेटारस्थित यो मन्दिर वि.सं. २०५२ सालमा श्रीरामकाजी गिरिको अध्यक्षता लगायत श्रीबेलबहादुर थापा, श्रीकर्णबहादुर थापा, श्रीरामहरि थापा, श्रीवासु थापा, श्रीरामशरण गिरि , श्रीदुर्गालाल महर्जन, श्रीरमेशनाथ पाण्डे, श्रीशमशेरबहादुर खत्री र स्थानीय समस्त सुन्दरसाथहरूको सक्रियतामा निर्माण भएको रहेछ ।

यस मन्दिरलाई श्रीमती पुतली खत्रीले ४ आना र श्रीबेलबहादुर थापाले २ आना जमीन अर्पण गरेका भूमिमा भेटिया गुरुजी श्रीज्ञानदास खतिवडाले शिलान्यास गर्नुभएको हो । यस क्षेत्रमा लगभग ३० घर सुन्दरसाथहरूको स्थायी बसोवास रहेको छ । उक्त क्षेत्रमा हाल पण्डित श्रीछविल दाहाल प्रचार गर्दै आउनुभएको छ ।

८२. श्रीकृष्णप्रणामी मन्दिर–भैमाल

काठमाडौ जिल्ला गोठाटार गा.वि. स. वडा नं ९ भैमालस्थित यो मन्दिर (दिव्य धाम) वि.सं. २०५२ सालमा स्थापित भएको हो जसको शिलान्यास र उद्घाटन पं. श्रीकृष्णप्रसाद सापकोटाले गर्नुभएको हो । श्रीशिवप्रसाद सन्जेलको अध्यक्षता र श्रीमोहनप्रसाद सन्जेल, श्रीलीलानाथ सन्जेल, श्रीलक्ष्मीदास वाग्ले श्रीभवनाथ सन्जेल, श्रीश्यामकृष्ण सन्जेल लगायत आदि स्थानीय सबै सुन्दरसाथहरूका सक्रियतामा निर्मित यस मन्दिर-क्षेत्रमा १२५ घर जति सुन्दरसाथको सुसंगठित बसोवास छ । यहाँको प्रणामी समाज मध्यमाञ्चलको सबैभन्दा पुरानो मानिन्छ ।

राजा बहादुर शाहका साथ बेतिया गएका एक सन्जेल उतै कृष्णप्रणामी धर्ममा दीक्षित भएर आएपछि यहाँको जागनी भएको हो भन्ने भनाइ छ ।

८३ श्रीकृष्णप्रणामी मन्दिर–तीगाउँ

नुवाकोट जिल्ला बेलकोट गा.वि.स.वडा नं. ६ तीगाउँस्थित आचार्य श्री १०८ धर्मदासजी महाराजका करकमलद्वारा उद्घाटित यो मन्दिर वि.सं. २०४० सालमा स्थापित भएको हो ।

श्रीभुवनप्रसाद गजुरेलको अध्यक्षता र श्रीमुरलीधर गजुरेल, श्रीबुद्धिप्रसाद मुड्भरी लगायतका सबै सुन्दरसाथहरूका सहयोगमा निर्मित यो मन्दिर-निर्माणका लागि श्रीबुद्धिप्रसाद मुड्भरीले ५ रोपनी जमीन प्रदान गर्नुभएको छ ।

लगभग दुई शय वर्षअघि जागनी भएका यस क्षेत्रमा प्रचारक पं.श्रीमुरलीधर गजुरेल लगायत ३० घर जति सुन्दरसाथहरूको बसोवास रहेको छ । हाल यस मन्दिरमा श्रीमती भुवनेश्वरी माताजी सेवा-पूजा गर्दै हुनुहुन्छ ।

८४ श्रीकृष्णप्रणामी मन्दिर–इनारपाटीं

नुवाकोट जिल्ला विदुर नगरपालिका वडा नं. ६ इनारपाटीस्थित यस मन्दिरको वि.सं.२०४० सालमा स्थापना भई श्रीधनबहादुर मुड्भरीको अध्यक्षता र स्थानीय श्रीमीनबहादु न्यौपाने लगायत सबै सुन्दरसाथहरूका सहयोगमा निर्माण भएको हो ।

धर्माचार्य श्री १०८ धर्मदासजी महाराजका करकमलद्वारा उद्घाटित यो मन्दिर-स्थापनाका लागि श्रीधनबहादुर मुड्भरी र श्रीकृष्णबहादुर मुड्भरीबाट १ रोपनी १२ आना र श्रीहेंमबहादुर थपलियाबाट १४ आना गरी जम्मा २ रोपनी १० आना जमीन प्राप्त भएको छ । करीब बीस घर सुन्दरसाथहरूको बसोवास रहेको यस क्षेत्रका मन्दिरको सेवा-पूजा र रेख-देख श्रीमती पद्मावती खँड्का गर्दै हुनुहुन्छ ।

८५ श्रीकृष्णप्रणामी मन्दिर–दाङ्मै



नुवाकोट जिल्ला मदानपुर गा.वि.स वडा नं. ६ दाङ्मैस्थित यस मन्दिरको स्थापना वि.सं. २०४७ सालमा सार्वजनिक जमीनमा गरिएको हो ।

श्रीहीराप्रसाद त्रिपाठीको अध्यक्ष्यता र श्रीटंकनाथ पाण्डे, श्रीकेशवप्रसाद पाण्डे, श्रीधनबहादुर तिम्सिना (पाखुरे) लगायतका सुन्दरसाथहरूका सहयोगमा निर्मित यस मन्दिर-क्षेत्रमा ८–१० घर सुन्दरसाथहरूको बसोवास छ । यस क्षेत्रमा पं.श्रीहरिहर शास्त्री पन्त स्थानीय प्रचारक हुनुहुन्छ ।

८६ श्रीकृष्णप्रणामी सत्संग भवन – आँबुटार

नुवाकोट जिल्ला विदुर न.पा. वडा नं. आँबुटारस्थित यो मन्दिर श्रीलालगोविन्द श्रेष्ठद्वारा अर्पित ५ आना जमीनमा वि.सं. २०५१ सालमा स्थापित भएको हो ।

श्रीलालगोविन्द श्रेष्ठकै अध्यक्षतामा श्रीतिलकबहादुर बस्नेत, श्रीगोविन्द श्रेष्ठ, श्रीज्ञानु खँड्का, श्रीगोपाल खँड्का लगायतका सुन्दरसाथहरूको सक्रियतामा निर्मित यस मन्दिर-क्षेत्रमा लगभग १८ घर सुन्दरसाथहरूको बसोवास छ । यहाँका प्रचार-प्रसार र जागनी–अभियानमा श्रीमती अमृता अधिकारी सक्रियरूपले लाग्नुभएको छ ।

❀❀❀

गण्डकी अञ्चल

८७. श्रीकृष्णप्रणामी मन्दिर–फिनाम



गोरखा जिल्ला फिनाम गा.वि.स. वडा नं. ७ फिनामस्थित यस मन्दिरको श्रीललितबहादुर थापाले आफ्नो चार आना जग्गा अर्पण गरी वि.सं. २०४८ सालमा स्थापना गर्नुभएको हो ।

पं. श्रीवृन्दावन सुवेदीद्वारा जागनी भएका यस मन्दिर-क्षेत्रमा ७ घर जति सुन्दरसाथहरूको बसोवास रहेको छ । यो मन्दिरको सेवा सञ्चालन र रेख-देख श्रीललितबहादुर थापाद्वारा नै भैरहेको छ ।

८८ श्रीकृष्णप्रणामी मन्दिर–जलवीरे

गोरखा जिल्ला तारानगर गा.वि.स वडा नं. १ स्थित यो मन्दिर श्रीनरबहादुर खत्रीले प्रदान गर्नुभएका ३ रोपनी जमीनमा वि.सं. २०३६ सालतिर स्थापित भएको हो ।

श्रीवृन्दावन सुवेदीको प्रमुख सक्रियता र श्रीनरबहादुर खत्री, श्रीइन्द्रबहादुर अर्याल, श्रीज्ञानबहादुर खत्री, श्रीरामजी खत्री लगायत सबै सुन्दरसाथका सहयोगमा निर्मित यस मन्दिर-क्षेत्रमा २५-३० घर सुन्दरसाथहरू हुनुहुन्छ ।

८९ श्रीकृष्णप्रणामी मन्दिर–बाँझगरा



गोरखा जिल्ला बक्राङ गा.वि.स. वडा नं.२ बाँझगरा स्थित यस मन्दिरको वि.सं. २०४४ सालमा स्थापना भएको हो ।

मन्दिर-निर्माणार्थ आठ आना जमीन अर्पण गर्ने श्रीमती दिलकुमारी गुरुङकै अध्यक्षतामा निर्मित यस मन्दिर-क्षेत्रमा श्रीवृन्दावन सुवेदीले जागनी गर्नुभएको थियो । १० घर जति सुन्दरसाथहरू रहनुभएका यस क्षेत्रमा हाल श्रीज्ञानदास श्रेष्ठ प्रचार-प्रसार गर्दै हुनुहुन्छ ।

९० श्रीनिजानन्द प्रणामी मन्दिर–रिकथोक



गोरखा जिल्ला धुवाकोट गा.वि.स. वडा नं. ९ स्थित यस मन्दिरको वि.सं. २०२८ सालमा स्थापना भएको हो । श्रीमती रामकुमारी गुरुङका अध्यक्षतामा निर्मित र सञ्चालित यस मन्दिरको ४ आना जमीन रहेको छ ।

श्रीवृन्दावन सुवेदीद्वारा जागनी भएका यस क्षेत्रमा हाल श्रीज्ञानदास श्रेष्ठ प्रचार-प्रचार गर्दै हुनुहुन्छ । यस क्षेत्रमा १३ घर जति सुन्दरसाथहरूको बसोवास रहेको छ ।

९१ श्रीकृष्णप्रणामी (ब्रह्मज्ञान)मन्दिर–आँबुखैरेनी

तनहुँ जिल्ला आँबुखैरेनी गा.वि.स. वडा नं. ६ खैरेनीस्थित यस व्रह्मज्ञान-मन्दिरको वि.सं. २०४९ सालमा स्थापना भएको हो । श्रीरत्नमान श्रेष्ठको अध्यक्षता र पं.श्रीवृन्दावन सुवेदी, पं.श्रीहेमप्रसाद दाहाल, ज.श्रीसुभान गुरुङ्ग, श्रीरामजी खत्री श्रीढलकवहादुर अधिकारी, श्रीज्ञानवहादुर खत्री लगायत सुन्दरसाथहरूका सक्रिय सहयोगमा स्थापित मनमोहक स्थानमा अवस्थित यस मन्दिरका लागि श्रीसुभान गुरुङ र श्रीमती यज्ञकुमारी श्रेष्ठले ३ रोपनी जमीन प्रदान गर्नुभएको छ ।

पचासौं घर सुन्दरसाथहरूको सेवा प्राप्त हुने यो मन्दिर गण्डकी अञ्चलकै प्रमुख मन्दिरका रूपमा रहेको छ ।

९२ श्रीकृष्णप्रणामी मन्दिर - दोभानडाँडा

तनहुँ जिल्ला भोर्लेटार गा.वि.स. वडा नं. ६ दोभानडाँडास्थित यस मन्दिरको २०३० सालमा श्रीबल्लभदास अधिकारीका अध्यक्षतामा निर्माण भएको हो । यस मन्दिरको स्थापना र सञ्चालनका लागि, श्रीमती शान्तबाई खनाल, श्रीमती नन्दबाई भट्टराई, श्रीमती शोभा पौडेल, श्रीमती रेणुबांई खनाल आदि लगायत सुन्दरसाथहरूका सहयोगमा ९ रोपनी जमीन जोडिएको छ ।

स्थानीय १५ घर सुन्दरसाथहरूका सक्रियतामा निर्मित यस मन्दिरले केही असहाय वृद्धहरूमा पनि सेवा पुऱ्याउँदै आएको छ ।

१३ श्रीकृष्णप्रणामी मन्दिर–बल्थुम



लम्जुङ जिल्ला उदीपुर गा.वि.स. वडा नं. ९ बल्थुम नयाँगाउँस्थित यस मन्दिरको वि.सं. १९३९ मा परमहंस श्रीदयालदास महाराजले सञ्चालनार्थ १३ रोपनी जमीन प्रदान गरी स्थापना गर्नुभएको हो ।

यो मन्दिर नेपालको पश्चिमी भेकका संचालित भैआएका मन्दिरहरूमध्ये सबैभन्दा पुरानो गुरु-मन्दिरका रूपमा रहेको छ । धर्माचार्य श्री १०८ धनीदासजी महाराज, वेदान्ताचार्य श्रीपूर्णब्रह्म शास्त्रीजी महाराज आदि महान् सन्तहरूको जन्मभूमि रहेका यस ठाउँमा हाल २५ घर जति सुन्दरसाथहरूको बसोवास छ ।

९४ श्रीकृष्णप्रणामी मन्दिर–सूर्यपाल

लम्जुङ जिल्ला सूर्यपाल गा.वि.स. वडा नं. ९ सूर्यपालस्थित यस मन्दिरको स्थापना श्रीमती (न्याउकुरी) शान्तबाई रिमालद्वारा भएको हो । मन्दिर सञ्चालनार्थ उहाँले ३० मुरी धान हुने खेत र ७ मुरी मकै हुने बारी प्रदान गरी वि.सं. २०२१ सालमा निर्माण गर्नुभएको रहेछ ।

पं.श्रीवृन्दावन सुवेदीद्वारा प्रचार-प्रसार तथा जागनी हुँदै गरेका यस क्षेत्रमा ५-७ घर सुन्दरसाथहरू हुनुहुन्छ ।

९५ श्रीकृष्णप्रणामी मन्दिर–सिसुवा



कास्की जिल्ला लेखनाथ गा.वि.स. वडा नं. १ सयँलेपाखामा रहेका यस मन्दिरको वि.सं. २०३८ सालमा स्थापना भएको छ । स्थापना-कालमा श्रीमती कुशलबाई ओझाको सक्रियता र श्रीदुर्गाप्रसाद गौतम, श्रीदयानिधि खनाल लगायत सबै सुन्दरसाथका सहयोगमा मन्दिर-निर्माण भएको हो ।

सुन्दर प्राकृतिक पर्यटकीय क्षेत्र रहेका यस मन्दिरस्थलमा गा.वि.स बाट ३५-४० रोपनी सार्वजनिक जमीन उपलब्ध छ । तर यसको उचित उपयोग र संरक्षण हुन सकेको देखिँदैन, हुनु अनिवार्य र अत्यावश्यक छ । कालेबुङबाट जानुभएकी माता श्रीमती८ लक्ष्मीबाई [. र उहाँकी छोरी सुश्री रत्नवाई गुरूङ द्वारा सेवा-पूजा, रेख-देख र संरक्षण हुँदै आएको तर प्रचार-प्रसारको कमी रहेको छ । यस क्षेत्रमा वर-पर गरी १०-१२ घर सुन्दरसाथहरू हुनुहुन्छ ।

९६. श्रीकृष्णप्रणामी मन्दिर–रत्नचोक पोखरा

कास्की जिल्ला पोखरा नगरपालिका वडा नं.८ रत्नचोकस्थित यो मन्दिर श्रीटीकाराम बरालको अध्यक्षता र श्रीमती कलावती गुरुङ लगायतका सुन्दरसाथहरूको सक्रियतामा वि.सं. २०४८ सालमा स्थापित भएको हो ।

नगरपालिकाद्वारा प्रदान गरिएको लगभग १ रोपनी सार्वजनिक जमीनमा निर्मित यस मन्दिर-क्षेत्रमा प्रचारक श्रीकमलकृष्ण शास्त्रीज्यू लगायत स्थानीय १५ घर जति सुन्दरसाथहरू हुनुहुन्छ ।

लुम्बिनी अञ्चल

९७ श्रीकृष्णप्रणामी मन्दिर–देवगिरि

पाल्पा जिल्ला झडेवा गा.वि.स वडा नं. ९ देवगिरिस्थित यस मन्दिरको श्रीढालबहादुर घर्ती क्षेत्रीले ७ रोपनी जमीन मन्दिरका लागि अर्पण गरी वि.सं. २०१८ सालमा स्थापना गर्नु भएको रहेछ ।

परमहंस श्रीदयालदास महाराजले जागनी-विस्तार गर्नुभएका यस क्षेत्रमा श्रीपूर्णब्रह्म शास्त्रीज्यूको प्रेरणाप्रद सहयोग प्राप्त भई निर्माण र प्रचार-प्रसारका कार्यहरू भएका हुन् । लगभग १०   घर सुन्दरसाथहरू रहेका यस क्षेत्रमा हाल प्रचार–प्रसार प्रायः ठप्प छ । अब पुनः जागनी-विस्तारमा प्रचारकहरू जुट्नु आवश्यक देखिन्छ ।

९८ श्रीकृष्णप्रणामी मन्दिर–बुटवल

रूपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. ५ रामफेदी (चिडिया खोला) स्थित यस मन्दिरको वि.सं. २०४६ सालमा श्रीलेखबहादुर खातीको अध्यक्षता र स्थानीय सबै सुन्दरसाथहरूका सहयोगमा स्थापना र निर्माण भएको हो ।

मन्दिरको स्थापना र सञ्चालनका लागि स्थानीय भक्त महिलाहरू श्रीमती नेत्रकुमारी कार्कीले १० धुर र श्रीमती इन्द्रकुमारी कार्कीले ८ कट्ठा जमीन प्रदान गर्नुभएको छ । श्रीपूर्णब्रह्म शास्त्रीज्यूले प्रेरणा प्रदान गर्नुभएका यस क्षेत्रमा १२-१५ घर स्थानीय सुन्दरसाथहरू हुनुहुन्छ । हाल मन्दिर-सञ्चालक समितिका अध्यक्ष श्रीएमबहादुर कार्की हुनुहुन्छ ।

९९ श्रीकृष्णप्रणामी मन्दिर–त्रिवेणी

नवलपरासी जिल्ला त्रिवेणी गा.वि.स. वडा नं. १ त्रिवेणीस्थित यस मन्दिरको स्थापना वि.सं. २०१३ सालमा फलाहारी बाबा श्रीप्रेमदास साधुले आफ्नो १२ बिगहा जमीन अर्पण गरी गर्नुभएको हो ।

जीवनको पूवार्द्धदेखि नै यस धर्म-कार्यमा लाग्नुभएका ७० वर्षीय श्रीबाबा अझै पनि मन्दिर-निर्माण-कार्य पूरा गरी नसकेको बताउनुहुन्छ र उहाँ थकित भएझैँ देखिनुहुन्छ । शयौँ घर सुन्दरसाथहरू रहनुभएका यस क्षेत्रमा प्रचारक पं.श्रीलालदास ओझा (सूरदास) हुनुहुन्छ । प्रसिद्ध तीर्थस्थल त्रिवेणीमा रहेको यो मन्दिर र यसअन्तर्गत रहेका जमीनको उचित संरक्षण तुरुन्त गर्नुपर्ने देखिन्छ ।

✲ भेरी अञ्चल ✲

१०० श्रीकृष्णप्रणामी मन्दिर–भुरीगाउँ



बर्दिया जिल्ला न्यौलापुर गा.वि.स. वडा नं ५ भुरीगाउँस्थित यस मन्दिरको वि.सं. २०४८ सालमा शिलान्यास भै श्रीकलाधर गौलीको अध्यक्षता र सुन्दरसाथहरूका सहयोगमा निर्माण सम्पन्न हुन लागेको छ ।

मन्दिर-निर्माणका लागि श्रीप्रेमबहादुर थापा , श्रीमती महेश्वरी भण्डारी र श्रीतीर्थराज खनालले क्रमश: १० कट्ठा ४ कट्ठा र ३ कट्ठा जमीन प्रदान गर्नुभएको छ । बर्दिया जिल्लाका करीब ३०० घर सुन्दरसाथहरूको केन्द्रीय मन्दिरका रूपमा यो मन्दिर रहेको छ ।

✲✲✲

१०१ श्रीकृष्णप्रणामी मन्दिर–ठाकुरद्वार



बर्दिया जिल्ला ठाकुरद्वार गा.वि.स. वडा नं. ६ ठाकुरद्वारस्थित यस मन्दिरको वि.सं. २०५० सालमा श्रीदिलबहादुर पाण्डेको अध्यक्षता र अन्य सुन्दरसाथका सहयोगमा स्थापना भएको हो ।

यस मन्दिर–निर्माणका लागि श्रीशेरबहादुर राना दम्पति आफ्नो सम्पूर्ण सम्पत्ति १ बिगहा १२ कट्ठा जमीनसहित आफूहरू स्वयं पनि समर्पित हुनुभएको छ । स्थानीय प्रचारक श्रीनरबहादुर खँड्का लगायत यस क्षेत्रमा ८-१० घर सुन्दरसाथ हुनुहुन्छ ।

****

नेपाली भाषासेवी कृष्णप्रणामी साहित्यकार र उनका कृतिहरू

१. सन्त श्रीअमृतराज शर्मा (तिम्सिना)

उहाँको जन्म वि.सं.२००८सालमा इलाम जिल्लान्तर्गत शान्तिपुर-५ मा माता श्रीमती दिलबाई र पिता श्री विष्णुप्रसाद तिम्सिनाका साइँला सुपुत्रका रुपमा भएको हो । उहाँ माध्यमिक विद्यालय स्तरको शिक्षा श्री शनिश्चरे मा.वि. झापाबाट पूरा गरी महेन्द्र मोरङ बहुमुखी क्याम्पसबाट आई.एस्सी .को परीक्षा दिएर भौतिक शिक्षा भन्दा आध्यात्मिक विद्या नै महत्वपूर्ण (अध्यात्म विद्या विद्यानाम्) सोची श्री ५ नवतनपुरी धाम जामनगर जानुभयो त्याहाँ बसेर उहाँले वीतक,वाणी ,विराट ,चर्चनी आदिको शिक्षा हासिल गर्नुभयो । विशेष गहन अध्ययन र वाणी - वीतकको तालीम चाहिँ उहाँले पूज्य बाबाजी श्रीलक्ष्मीदासजी महाराजबाट प्राप्त गर्नुभएको हो । त्यसैले श्री ५ नवतनपुरी धामबाट प्रकाशित भएका अधिकांश धार्मिक पुस्तकहरू उहाँका समयमा उहाँले नै सम्पादन गरेको पाईन्छ ।

उहाँका कृतिहरू - (१) गुरुशिष्य संवाद - २०३७ मा प्रकाशित भएको छ जुन पुस्तकमा साँच्चा गुरुलाई चिनेर मात्र गुरु मान्ने र आत्मा -परमात्माको सम्बन्ध जान्ने उपदेश दिनुभएको छ । (२) हिन्दू धर्म रक्षक महामति प्राणनाथ २०३८ मा प्रकाशित भएकोछ । यसमा श्रीप्राणनाथजीको जीवनवृत्तसहित उहाँले क्रुर मुसलमान शासक औंरङ्गजेबको अत्याचारबाट हिन्दूहरूलाई मुक्त गर्न हिन्दूराजाहरूलाई आह्वान गर्नुभएको छ । हिन्दीमा पनि उहाँको “श्रीकृष्णप्रणामी धर्मका संक्षिप्त परिचय” नामको पुस्तक प्रकाशित छ । उहाँका दीक्ष-गुरु वेणुबाई भट्टराई माताजी हुनुहुन्छ । उहाँ धर्म प्रचारार्थ भारत र नेपालका विभिन्न ठाउँहरूमा र बेलायतमा समेत गई प्रचार-प्रसार गर्दै हुनुहुन्छ ।

◆◆◆

२. श्रीमतीइन्दु आचार्य (रेग्मी)

उहाँको जन्म वि.सं.२०१५ सालमा धरानमा माता श्रीमती नन्दकुमारी र पिता श्रीमुक्तिप्रसाद आचार्यकी पुत्रीका रूपमा भएको हो। उहाँले स्नातकोत्तर गरी हाल श्रीराघवराज रेग्मीसित दाम्पतय जीवनमा प्रवेश गर्नुभएको छ।

उहाँका कृतिहरू (१)"सृष्टिविज्ञान-वर्णन" श्रीरण छोडदासजीद्वारा हिन्दीमा लिखित पुस्तकको नेपालीमा अनुवाद गरी २०३५मा धरान मन्दिरबाट प्रकाशित गराउनुभएको छ। यसमा क्षर, अक्षर र अक्षरातीतको अर्थात् विराट्कै संक्षिप्त परिचय दिने काम भएको छ , (२) "सिद्धान्त शतक" २०३९सालमा नेपाली लोक-लयमा सय श्लोकमा रचना गरी शास्त्रप्रमाणका साथ श्रीकृष्णप्रणामी धर्मको परिचय दिने प्रयत्न गरिएको छ। उहाँका दीक्षा-गुरु गुरुमाता श्रीमती पवित्राबाई ढकाल हुनुहुन्छ। धार्मिक शिक्षा दीनदयाल अधिकारीबाट प्राप्त गर्नुभएको हो। हाल उहाँ काठमाण्डौमा पद्मकन्या क्याम्पसमा अध्यापनकार्य गर्दैहुनुहुन्छ।

३. ज्यो. श्रीइन्द्रप्रसाद आचार्य

उहाँको जन्म वि.सं. १९८९ मा धनकुटामा माता श्रीमती नरमाया र पिता श्रीज्योतिखर आचार्यका सुपुत्रका रूपमा भएको हो। उहाँको शिक्षा स्वाध्ययनबाटै प्राप्त भएको हो र ज्योतिर्विद्यामा राम्रो दखल छ।

उहाँको कृति "नेपाली प्रणामी साहित्य तारतम तत्त्व" वि.स. २०५० मा सिक्किम गान्तोकबाट प्रकाशित भएको छ। प्रस्तुत पुस्तकमा भजन र कविता आदि पद्यले श्रीकृष्णप्रणामी धर्मको र तारतम ज्ञानको राम्रो परिचय दिएको छ। उहाँका दीक्षा-गुरु गुरुजी मंगलदासजी महाराज हुनुहुन्छ। हाल उहाँ मोरङको इन्द्रपुर गा.वि.स. अन्तर्गत सलकपुरमा रहनुहुन्छ। उहाँको ज्योतिषसम्बन्धी ग्रन्थ पनि प्रकाशोन्मुख छ।

श्रीइन्द्रप्रसाद आचार्यकै अध्यक्षतामा श्री१०८गुरुजी मंगलदास महाराजका स्मृतिमा "मंगलस्मृति प्रतिष्ठान" नामक संस्थाको गठन र दर्ता समेत गरी उहाँकै सक्रियतामा विराटचोक नजिक करीव डेढ बिगहा सार्वजनिक (श्री५को सरकारको) जमीन सरकारबाट प्राप्त भएको छ ।

४. कवि श्रीईश्वरदास ओझा

उहाँको जन्म वि.सं. १९७१ मा धनकुटाको परेवादिनमा माता श्रीमती रेणुका र पिता श्रीशिवलाल ओझाका एक मात्र सुपुत्रका रूपमा भएको हो । उहाँ सानै उमेरदेखि धार्मिक साहित्यको अध्ययन र लेखनमा रुचि राख्नुहुन्थ्यो र बडो शान्त स्वभावका, दूरदर्शी र मिलनसार हुनुहुन्थ्यो ।

उहाँका कृतिहरू मध्ये (१)"धर्मोपदेशमाला" २०१२मा श्रीब्रह्मदास खतिवडा र उहाँका संयुक्त प्रयासमा प्रकाशित छन्दोबद्धरूपमा छ र यस पुस्तकले साँच्चि नै "उपदेश" गरेको छ । (२) "श्रीकृष्णतत्वामृत दर्शक" छन्दोबद्धरूपमा २०२२ मा प्रकाशित भयो । यस ग्रन्थको विशेषता के छ भने आरंभमा शास्त्रप्रमाण (संस्कृत श्लोक) मात्र रहेको प्रमाण-खण्ड छ,। त्यसपछि उपदेश-खण्ड र परमधाम-खण्डहरू नेपाली भाषामा शार्दूलविक्रीत छन्दमा छन् । ग्रन्थले अत्यन्त लोकप्रियता प्राप्त गरेको छ । (३) श्रीकृष्णभजनामृत २०२७ मा प्रकाशित भएकोछ । यस भजनसंग्रहमा विशेषतः लोक-लयमा आधारित यथार्थ र मार्मिक भजनहरू छन् । (४) "गीतामृत" २०३६ मा प्रकाशित भएको हो । यसमा संस्कृत र कोमलगीताका महत्त्वपूर्ण श्लोकहरूको चयन गरी आफूद्वारा टिप्पणी दिनुभएको देखिन्छ । ५) "श्रीभागवतरसामृत" २०४२ मा प्रकाशित भयो । यस पुस्तकमा श्रीमद्भागवत महापुराणका विभिन्न स्कन्धको सार झिकी तिनको सुललित शार्दूलविक्रीडित छन्दमा भावार्थ प्रस्तुत गर्नुभएको छ । श्रीओझाजीका दीक्षा-गुरु गुरुमाता श्रीमती भक्ताबाई गुरागाईं हुनुहुन्छ । उहाँको धामगमन २०४५साल ज्येष्ठ २१ गते इटहरी मुक्तिधाममा भयो । उहाँले मरणान्त अवस्थासम्म आफ्नो जीवन साहित्य-सेवामै समर्पित गरेको बुझिन्छ । उहाँका सन्तानसित सम्पर्क साध्न सके उहाँका अन्तिम घडीमा लेखिएका अप्रकाशित कृतिहरू पनि प्राप्त हुन सक्लान् ।

५. पं. श्रीकमलप्रसाद शर्मा आचार्य

उहाँको जन्म वि.सं. १९६०मा काभ्रेपलाञ्चोक जिल्लाको बल्थलीमा माता श्रीमती रुक्मिणी र पिता श्रीदीननाथ आचार्यका एक मात्र सुपुत्रका रूपमा भएको हो । उहाँ बाल्यकालमै माता-पिताविहीन भै तीर्थाटनमा भारत तिर निस्किनुभयो। उहाँले वाणी, वीतक, विराट्आदिको अध्ययन पूरागरी धर्म-प्रचारार्थ नेपाल फर्किएर बाँसबारी (चक्रपथ)मा एक प्रस्तावित मन्दिरमा पुजारीको काम गर्नुभयो ।

उहाँका कृतिहरूमध्ये श्रीमत्तारतम वाणीका सबै ग्रन्थहरूको नेपालीमा भावार्थ गर्नुभएको छ जसको शब्दार्थ चाहिँ सन्त मोहनमुकुन्दले गर्नुभएको हो । यी ग्रन्थहरूमा "षट्ऋतु", "प्रकाश" र "कलश " चाहिँ डा. छविलाल गजुरेलका संयोजकत्वमा प्रकाशित भैसकेका छन् । उहाँका वाणी-शिक्षाका गुरु परमहंस श्रीदयालदासजी महाराज हुनुहुन्छ । उहाँको २०४८ सालमा धामगमन भैसकेको छ ।

६ पं.श्रीकमलकृष्ण बज्गाईं

उहाँको जन्म वि.स. १९८२ मा काभ्रे पलाञ्चोक जिल्लाको नित्य चण्डेश्वरी गा.वि.सं.अन्तर्गत काभ्रेमा माता श्रीमती यशोदा र पिता श्रीगोपीलाल बज्गाईंका ज्येष्ठ सुपुत्रका रूपमा भएको हो । उहाँले बाल्यकालमै तीर्थाटन गर्दै गएर श्री ५ नवतनपुरी धाममा लामो समयसम्म बर्सा त्यहीं बाबाजी श्रीलक्ष्मीदासजी महाराज र अन्य सन्तबाट वीतक, वाणी, विराट् र चर्चनीको अध्ययन गर्नुभएको हो ।

उहाँले आफ्ना हातबाट करीब २५वटा "स्वरूप साहेब" लेख्नुभएको छ । (श्रीतारतम सागर प्रकाशित हुनथाल्नुभन्दा अगाडि यसरी नै लेखेर सिंहासनमा पधरावनी गर्ने चलन थियो) । उहाँले सामाजिक सेवाअन्तर्गत श्रीकृष्णप्रणामी मन्दिर-इमाडोल, डिल्ली बजार(काठमाण्डौं) टिकौली, जिरौना (चितवन) आदि स्थानहरूमा विशेष योगदान दिई धर्मप्रचारमा आफूलाई समर्पित गर्नुभएको छ ।

उहाँको कृति:-"श्रीकृष्णप्रणामी मन्दिरको संविधान"२०३३ सालमा प्रकाशित भएको छ । यस पुस्तकमा संस्थाको विधान र संप्रदायका साधु-सन्त र सुन्दरसाथहरूको नियम-नीति लेखिएको छ । उहाँका दीक्षा-गुरु सन्त श्रीयुगलदासजी महाराज हुनुहुन्छ र उहाँको धामगमन २०४३ साल मंसीर १६ गते भयो ।

७. पं.श्रीकृष्णकिशोर त्रिपाठी

उहाँको जन्म वि.सं. २००७ साल फाल्गुण १९ गते काभ्रे पलाञ्चोक जिल्लान्तर्गत कोशीदेखा गा.वि.स.वार्ड नं ५मा माता श्रीमती मखमली र पिता श्रीचन्द्रप्रसाद त्रिपाठीका ज्येष्ठ सुपुत्रका रूपमा भएको हो । उहाँको अध्ययन माध्यमिक स्तरसम्म स्थानीय विद्यालयमा पूरा भएको हो । त्यसपछि काठमाण्डौ र झापा समेतको सम्पर्क बाट श्रीनिजानन्दीय सिद्धान्तको प्रशस्त अध्ययन गर्नु भयो ।

उहाँको अभिरुचि साहित्य लेखनतर्फ विशेषरूपले रहेको हुँदा विभिन्न पत्र-पत्रिकामा लेखहरू प्रकाशित भएका पाइन्छन् । उहाँले श्रीकृष्णप्रणामी सेवा समितिको मुखपत्र "प्रणाम" पत्रको २०३७ सालमा सम्पादन गर्नुभएको छ । त्यस पछि "संञ्जीवनी तुलसी", "ज्योतिष दिग्दर्शन" पत्रिका र "राधाकृष्ण प्रेमको दिव्य माधुर्य" ग्रन्थको सम्पादन गर्नुभएको पाइन्छ । उहाँका दीक्षा-गुरु श्रीलक्ष्मीदास खतिवडा हुनुहुन्छ । हाल उहाँ काठमाण्डौंमा लागू औषधि अनुसंन्धान अधिकृतको रूमपा सरकारी सेवामा हुनुहुन्छ ।

८. सन्त श्रीकृष्णदास भट्टराई



उहाँको जन्म वि.सं. १९६६ सालमा काभ्रे पलाञ्चोक जिल्लाको होक्सेमा पिता श्रीधनीदास भट्टराईका एक मात्र सुपुत्रका रूपमा भएको हो । उहाँले सानै उमेरदेखि भारततर्फ लागी तीर्थाटन गर्दै संस्कृतमा मध्यमासम्म र वाणी, विराट्, वीतक, चर्चनी र संगीत-कलामा राम्रो अध्ययन गर्नुभएको थियो । उहाँ एक कुशल धर्मप्रचारक र आबाल्य ब्रह्मचारी हुनुहुन्थ्यो ।

उहाँका कृतिहरू (१) "अहिंसा परमो धर्मः" २०१० सालमा प्रकाशित छ जसमा विभिन्न शास्त्र-प्रमाणका साथ हिंसा (काटमार) गर्नुहुन्न भन्ने सन्देश पाइन्छ । (२)"पूर्णब्रह्म-परिचय"२०१४ सालमा प्रकाशित छ, यसमा श्रीकृष्णलाई नै पूर्णब्रह्म परमात्मा मानी प्रमाणसाथ कृष्णका त्रिधा लीलाको समेत राम्ररी विवेचना गरिएको छ । यी नेपाली पुस्तकहरू बाहेक उहाँले "सत्संग भजन वाटिका" नामक हिन्दी भजन-संग्रहको पनि सङ्कलन र सम्पादन गरी प्रकाशित गर्नुभएको छ । उहाँको धामगंमन इटहरीमा श्रीमती महेश्वराबाई पौडेलकहाँ रहँदा-बस्ता २०४१ पोष २४ गते भएको हो ।

९ श्रीकृष्णप्रसाद आचार्य

उहाँको जन्म कोशी अञ्चल, जिल्ला भोजपुरको हेलुंछा गा.वि.स. बाउनखर्क (मालबाँसे)मा वि.सं. १९९१ साल भाद्र १९ गते माता पद्मकुमारी र पिता देवीप्रसाद आचार्यका एक मात्र सुपुत्रका रूपमा भएको हो । उहाँ जन्मिएकै साल मंसीरमा उहाँका पिता परलोक हुनुभयो । बाल्यकालदेखि नै उहाँले मावलमा बसी बढ्नुभयो । उहाँ सर्वप्रथम जोसमनी सम्प्रदायमा दीक्षित हुनुभएको थियो । पछि झापा (महारानी झोडा) आएपछि श्रीकृष्णप्रणामीहरूको संगत गर्नुभई यही धर्म श्रेष्ठ रहेछ भनी यस धर्ममा प्रवेश गर्नुभयो । उहाँले स्वतन्त्र रूपले विभिन्न धर्म ग्रन्थको अध्ययन गरी ज्ञान प्राप्त गर्नुभएको हो ।

उहाँको कृति- "श्रीनिजानन्द-दिग्दर्शन" २०५५ सालमा प्रकाशित भएको छ । यस ग्रन्थमा श्रीकृष्णप्रणामी धर्मको सम्यक् परिचयका साथै सम्पूर्ण वीतक (जीवन वृत्तान्त)समाविष्ट छ । स्वतन्त्र रूपमा अध्ययन गरेका भरमा करीब २६०० श्लोक भएको विशालकाय ग्रन्थ (महाकाव्य) छन्दोबद्धरूपमा लेख्नु चान्चुने कुरा होइन । उहाँका दीक्षा-गुरु श्रीमती पवित्राबाई ढकाल हुनुहुन्छ । हाल उहाँको बसोवास महारानी -७, डोरामारी (प्रणामीनगर) झापा हो ।

१०. श्रीकृष्णमणि महाराज उप्रेती

उहाँको जन्म वि.सं. १९७२ श्रावण शुक्ल १३ रविवारमा तेह्रथुम जिल्ला अन्तर्गत इव(सिमले) मा माता श्रीमती राधाबाई र पिता गजाधर (प्रेमदास) उप्रेतीका ज्येष्ठ सुपुत्रका रूपमा भएको हो । उहाँ बाल्य कालमा आसाम गएर उतै-उतै तीर्थाटनमा निस्किनुभयो । तीर्थतिरै उहाँले संस्कृत, तारतम वाणी, वीतक, विराट्, चर्चनी, संगीत र आयुर्वेदको यथेष्ट अध्ययन गर्नुभयो । उहाँ आबाल ब्रह्मचारी र कुशल काव्यकार (कवि) हुनुहुन्थ्यो । उहाँ आफ्ना समयमा प्रसिद्ध सन्तका रूपमा चिनिने कर्मठ समाजसेवी हुनुहुन्थ्यो । उहाँले जीवनका अन्तिम कालसम्म श्रीकृष्णप्रणामी मन्दिर सतनाको महन्तका रूपमा कार्यभार सम्हाल्नु भयो ।

उहाँका कृतिहरूमध्ये पूजापाठमा वि.सं. २०१३ मा प्रकाशित श्रीमत्तारतम वाणीका प्रकरणहरू "प्रकटवाणी", "मंगलाचरण", "धामवर्णन" र "मूलमिलावा"को विभिन्न शास्त्रीय छन्दमा नेपालीमा गरिएका अनुवाद प्रसिद्ध छन् । यिनका अतिरिक्त नेपालीमा र हिन्दीमा धेरै भजनहरूको रचना गर्नुभयो जुन समाजमा प्रचलित छन् । उहाँ एक आयुर्वेदका कुशल चिकित्सक पनि हुनहुन्थ्यो साथै भजनहरू गाएर जनसमूहलाई खूबै मन्त्रमुग्ध पार्नुहुन्थ्यो । रूप-सौन्दर्य पनि परमात्माले प्रदान गरेकै थियो । उहाँका वाणी-तालीमका गुरु परमहंस दयालदासजी महाराज हुनुहुन्थ्यो । उहाँको धामगमन सतनामै २०२९ भाद्र शुक्ल ७ शुक्रवार भएको हो ।

११. श्रीखगेन्द्रप्रसाद सापकोटा

उहाँको जन्म २०१६ साल भदौमा इलाम जिल्लान्तर्गत चैनपुरे भन्ने ठाउँमा माता श्रीमती भागीरथा र पिता श्रीचेतनदास सापकोटाका ज्येष्ठ सुपुत्रका रूपमा भएको हो । उहाँले भारतको वाराणसीमा माध्यमिक तहसम्मको अध्ययन पूरा गरी झापाको मेची बहुमुखी क्याम्पस, भद्रपुरबाट स्नातक गर्नुभएको हो । २०४०सालदेखि उहाँले हिमालीपुकार, युगधारा ,युगान्तर,

युगसंदेश, सान्त्वना, जनध्वनि आदि समाचार-पत्रहरूमा पत्रकारिता गर्नुभएको हो । हाल नव स्वतन्त्रता साप्ताहिकको प्रधान सम्पादक रहनुभएको छ ।

उहाँले श्रीकृष्णप्रणामी धर्म र दर्शनलाई झल्काउने "महामति संदेश" र "प्रणामी संदेश" भन्ने त्रैमासिक पत्रिकाहरूको सम्पादन गर्नुभएको छ । उहाँका दीक्षा-गुरु श्रीजगन्नाथ सापकोटाज्यू हुनुहुन्छ ।

१२. पं. श्रीगंगाधर न्यौपाने

उहाँको जन्म लगभग वि.सं. १९६० मा लम्जुङ जिल्लान्तर्गत बलथुमको नयाँ गाउँमा माता श्रीमती सेमुषी र पिता श्रीश्रीदत्त न्यौपानेका ज्येष्ठ सुपुत्रका रूपमा भएको हो । उहाँ सानै उमेरमा जन्मभूमि छोडी तीर्थाटनका लागि निस्किनुभयो । आफ्नै गाउँका महात्मा श्रीधनीदासजी महाराज श्री ५ नवतनपुरीधामका गादीपति भएकाले केही वर्ष त्यहीं संस्कृत र वाणीको शिक्षा लिन प्रारम्भ गर्नु भई, पछि वनारसमा आई व्याकरणमा शास्त्री पास गर्नु भयो । शास्त्री-परीक्षा उत्तीर्ण गरी मातृभूमि र मातृभाषाकै सेवा गर्ने उद्देश्यले नेपाल आएपछि बडागुरुज्यूसित दर्शन-भेट गरी संस्कृत बोलेर आफ्नो विद्वताको परिचय दिंदा बडागुरु श्रीहेमराज पाण्डेज्यूले विद्वत्ताको कदर गर्दै उहाँलाई पुरस्कार प्रदान गर्नुभएको थियो ।

उहाँको कृति "निजानन्दपद्धति" वि.सं. १९८५ मा प्रकाशित भएको हो । सो पुस्तक सानै भए तापनि बडो विद्वत्तापूर्ण ढंगले संस्कृत भाषामा छन्दोबद्ध रचना गरी त्यसको नेपालीमा पनि भावार्थ लेख्नु भएकोछ । पुस्तकले निजानन्द संप्रदायको संक्षिप्त परिचय दिंदै लघु वीतकको काम गरेको छ । उहाँ आफ्ना समयका एक प्रकाण्ड विद्वान् हुनुहुन्थ्यो भन्ने कुरा उहाँद्वारा रचित स्तुतिपरक श्लोकहरूबाट थाहा हुन्छ । उहाँका दीक्षा-गुरु परमहंस श्रीदयालदास महाराज हुनुहुन्छ । उहाँको धामगमन वि.सं.१९८९ मा इन्दोरको आरोग्य भवनमा भयो ।

OOO

१३.पं. श्रीगंगाप्रसाद अधिकारी

उहाँको जन्म वि.सं. १९८४ साल माघ १४ गते काठमाण्डौको चावेलमा माता कौशलकुमारी र पिता गोपालप्रसाद अधिकारीका पुत्रका रूपमा भएको हो ।

उहाँले (१) "श्रीनिजानन्द धर्मपद्धति २००८मा, (२) "निजानन्द गीत" २००८मा (३)"श्रीनिजानन्द-गाथा" २०१६ मा, (४) "गोपीगीत" २०४९मा र (५) "श्रीकृष्ण-भजनसंग्रह" समेत पाँच पुस्तकहरूको रचना गरी प्रकाशित गर्नुभएको देखिन्छ । यी सबै पुस्तकहरू श्रीकृष्णभक्ति-धारामा गेय पद्यरूपमा रचिएका छन् । उहाँका धेरै जसो भजनहरू अति लोकप्रिय हुनाले यत्रतत्र कीर्तन मंडलीमा प्रचलित छन् । पुस्तकहरूको रचनाबाहेक उहाँ भागवत -कथावाचक विशिष्ट वक्ताका रूपमा पनि परिचित हुनुहुन्थ्यो र वि.सं. २०४४ मा ब्रह्मलीन हुनुभयो । उहाँका दीक्षा-गुरु श्रीयुगलदासजी महाराज हुनुहुन्छ ।

१४. श्रीगुरुदास खनाल

उहाँको जन्म वि.स.१९८१ साल ज्येष्ठ महीनामा खोटाङ जिल्लाको दिक्तेल गाँउमा माता श्रीमती देवमाया र पिता श्रीनन्दकिशोर खनालका सुपुत्रका रूपमा भएको हो । उहाँ एक कर्मकाण्डी ब्राह्मण तथा ज्योतिषीका रूपमा पहिलेदेखि नै परिचित हुनुहुन्छ । श्रीकृष्णप्रणमी धर्ममा प्रवेश गरेपछि उहाँले भूटानबाट यस धर्मको प्रचार-प्रसार शुरू गर्नुभयो र हालसम्म पनि गरिरहनुभएको छ । उहाँका कृतिहरू - (१) "भक्तको भण्डार" २०३४मा ग्वालपाडा, आसामबाट प्रकाशित भएको छ । यसमा संकृत, हिन्दी र नेपाली भषामा श्लोक, दोहा तथा भजनहरू संग्रहित र स्वरचित छन् ।(२) "भवसागर पार गर्ने डुङ्गा" २०४०मा प्रेमकुमार लाबर र प्रेमबाईद्वारा फुन्चुलिङ्ग भूटानबाट प्रकाशित भएको छ । यसमा पनि नेपाली र हिन्दीमा अन्य व्यक्तिले रचेका र स्वरचित दोहा, श्लोक र भजनहरू छन् । (३) "गोपी गीत" २०४० मा प्रकाशित भएको छ । यस पुस्तिकामा

श्रीमद्भागवतमा रहेका गोपीगीतको नेपाली अनुवादलाई उहाँले केवल सङ्कलन गर्नुभएको हो । यिनका अतिरिक्त पंचामृत र जिल्ला-अञ्चल पंचायतदर्शन नामक पुस्तिकाहरू पनि प्रकाशित भएको बुझिन्छ । उहाँका दीक्षा-गुरु सन्त श्रीद्वारिकादासजी महाराज (कट्टेल) हुनुहुन्छ । हाल उहाँ सिलिगुडी, सालुगाडामा रहनुहुन्छ ।

१५. श्रीगोविन्दप्रसाद ढकाल

उहाँको जन्म वि.सं १९९० मा तेह्रथुमको सुदापमा माता श्रीमती विष्णुमाया र पिता श्रीरंगलाल ढकालका सुपुत्रका रूपमा भएको हो । उहाँले विद्याध्ययन बनारसमा गरी प्रवेशिका परीक्षा उत्तीर्ण गर्नुभएको हो ।

उहाँका कृतिहरू (१) "गोविन्द मञ्जरी" (संस्कृत र नेपाली पद्यमा) २०४७ सालमा, र (२) "ब्रह्मदर्शनम्" (संस्कृत पद्यमा) २०४७मा प्रकाशित छन् । यी दुवै ग्रन्थमा श्रीकृष्णलाई उपास्य इष्टदेव मानी भक्तिरसको प्रवाह चलाएको पाइन्छ । यीबाहेक अरू आठ पुस्तकहरू अप्रकाशित छन् र ती पनि चाँडै प्रकाशित भई रसास्वादन गर्न पाउने आशा गरिन्छ । उहाँका दीक्षा-गुरु गुरुमाता श्रीमती पवित्राबाई ढकाल हुनुहुन्छ । हाल उहाँ धरानमै स्थायी रूपमा रहनुहुन्छ । प्रकाशोन्मुख "राधे -स्वरामृतम्" (कृष्णमहाकाव्य) र "निजानन्द जगद्गुरु" नामका दुई किताब छन् ।

१६. श्रीमती गौरी कुमाईं शिवाकोटी

उहाँको जन्म वि.सं. १९७२ मा कालेबुङमा माता श्रीमती भागीरथी र पिता श्रीहर्षलाल दीक्षितकी माइली सुपुत्रीका रूपमा भएको हो । उहाँ एक सम्पन्न परिवारमा जन्मिएर सुख-सयलमा हुर्किनुभएको र उस्तै सम्पन्न परिवारमा बी. डी. ओ. श्रीचन्द्रबहादुर शिवाकोटी (सी. बी कुमाई) सित विवाह भै पति-गृहमा पनि सुख-सयलमै जीवन बिताउँदै आउनुभएको छ । सांसारिक सुख मात्र

सुख होइन, वास्तविक सुख त आध्यात्मिक क्षेत्रमा प्रवेश गरी धर्ममय जीवन बिताउँदा मात्र प्राप्त हुनेरहेछ भन्ने ज्ञान गुरुजी श्रीमंगलदासजी महाराजबाट पाइसकेपछि उहाँकै सान्निध्यमा धेरै वर्षसम्म सत्संग गर्दै रहेर अन्ततोगत्वा उहाँ यस श्रीकृष्णप्रणामी धर्म (निजानन्द सम्प्रदाय)मा प्रविष्ट हुनुभयो । पछि परिवारका सम्पूर्ण सदस्य यस धर्ममा दीक्षित हुनुभयो । त्यसपछि गुरुजीका अन्तिम समयसम्म साथमै रहनुभयो ।

श्रीमती गौरी कुमाईले विशेष गरी धार्मिक साहित्यमा अभिरुचि लिई निकै कलमं चलाउनुभएको बुझिन्छ । गुरुजी मंगलदासजी महाराजको समाजमा विशेष रूपले परिचय दिने काम उहाँकै साहित्यबाट भएको छ । उहाँ गुरुजीका प्रमुख शिष्यहरूमध्ये एक हुनुहुन्छ । उहाँले नेपाली, हिन्दी दुवै भाषामा समान रूपले कलम चलाई श्रीकृष्णप्रणामी साहित्यका क्षेत्रमा ठूलो योगदान पुऱ्याउनुभएको छ ।

उहाँका कृतिहरू (१) "मंगलजीवन कथा" (नेपाली हिन्दी दुवै भाषामा) २०३६मा प्रकाशितभएको छ । यसमा आत्मा परमात्माको परिचय दिँदै गुरुको विशेष महत्व दर्शाउने उपदेशात्मक रचनाहरू छन् । (२) "मंगल पुष्पाञ्जलि" २०४२मा प्रकाशित भएको छ । यसमा गुरुजी मंगलदासजी महाराजको जीवनीका साथै उहाँका सेवामूलक कार्यहरूको लेखा-जोखा गरिएको छ । (३) "मंगल भजनसंग्रह" २०५२मा प्रकाशित छ । यसमा भजनहरूको संग्रह गरिएको छ । (४) "मन्दिर-दर्शन" २०५० मा हिन्दीमा प्रकाशित भयो । यसमा देश विदेशका नब्बेभन्दा बढी श्रीकृष्णप्रणामी मन्दिरहरूको चित्रसहित परिचय दिइएको छ । (५) "मंगल स्मृति" (नेपाली-हिन्दी) (६)"मंगल वचनामृत" (नेपाली र हिन्दीमा) २०२२ सालमा (७) मंगल उपदेश र (८) मंगल प्राणनाथ उपदेश पनि प्रकाशित छन् । यिनका अतिरिक्त अरू पनि धेरै पुस्तक-पुस्तिकाहरू लेख्नुभएको र अप्रकाशित नै रहेका बुझिन्छ । उहाँका दीक्षा-गुरु गुरुजी श्री १०८ श्री मंगलदासजी महाराज हुनुहुन्छ ।

१७. पं. श्रीचन्द्रप्रसाद सापकोटा

उहाँको जन्म विं. सं. १९६५सालमा सिक्किमको ठेकाबुङमा माता श्रीमती सीतादेवी र पिता श्रीनन्दीकेशर सापकोटाका सुपुत्रका रूपमा भएको हो । उहाँले संस्कृतको सामान्य अध्ययन गर्नुभएको हो र उहाँको ज्योतिष विद्यामा पनि दखल थियो ।

उहाँका कृतिहरू (१) "ज्ञान विनोद" र (२) "योगसागर" सवाईका रूपमा थिए भन्ने कुरा उहाँकै सुपुत्र पं.हिमकर शास्त्रीज्यूबाट थाहा हुनगयो । (३) "वैराग्य पुष्पाञ्जलि" २०४१मा श्रीकृष्णप्रणामी धर्मका प्रचारक र प्रखर वक्ता पं. हिमकर सापकोटाबाटै प्रकाशित भएको छ । यसमा शुरू-शुरूमा केही नेपाली आफ्नै रचनाका सिलोकहरू छन् र अरू हिन्दी र नेपाली भाषाका भजनहरू संकलित छन् । उहाँका दीक्षा-गुरु गुरुजी श्रीमंगलदासजी महाराज हुनुहुन्छ र २०१९ सालमा उहाँको धामगमन भयो ।

१८. श्रीचन्द्रमणि प्रसाईं



उहाँको जन्म वि.सं. २०१३ असोज ६ गते भारतको मणिपुरअन्तर्गत प्रसाईंबस्तीमा माता श्रीमती नैनादेवी र पिता श्रीटंकप्रसाद प्रसाईंका साहिँला सुपुत्रका रूपमा भएको हो । उहाँहरूले २०२३सालदेखि नेपाल प्रवेश गरेर मोरङ रंगेलीमा बसो वास गरेको हो । उहाँ नेपाल आएपछि नेपाली साहित्यमा अभि रुचि राखी साहित्यको अध्ययन,मनन र लेखनतर्फ लाग्नुभयो ।

उहाँका कृतिहरू (१) "युगज्योति" (खण्डकाव्य) २०४१ मा, (२) " विभो " (गद्य कविता-संग्रह) २०४४ मा, (३) " प्रियप्राण " (आत्मकाव्य) २०४५मा यी तीन काव्यहरू र (४) चन्द्रमणिका निबन्ध २०४७मा, (५) सूक्ष्म तरंग (निबन्ध-संग्रह) २०४८ मा र (६) चन्द्रमणिका सूक्तिहरू (सूक्ति संग्रह) २०५३ मा प्रकाशित भएकाछन् । अन्तिम "चन्द्रमणिका सूक्तिहरू" चाहिँ श्रीकृष्णप्रणामी धर्ममा आधारित छ । करीब एक दशकदेखि उहाँ पत्रकारितामा आबद्ध हुनुहुन्छ । उहाँका दीक्षा-गुरु पं. श्रीमुक्तिनाथ खनाल हुनुहुन्छ । हाल उहाँ मोरङको पथरी-९, शान्तिनगरमा बसोवास गर्न लाग्नुभएको छ ।

१९. डा. छविलाल गजुरेल

उहाँको जन्म वि.सं. १९९६ साल श्रावण २८ गते काठमाण्डौको कोटेश्वरमा माता श्रीमती नन्दकुमारी र पिता श्रीबालकृष्ण गजुरेलका सुपुत्रका रूपमा भएको हो । उहाँले रसायनशास्त्रमा स्नातकोत्तर उच्च शिक्षा हासिल गरी अमेरिकाबाट विद्यावारिधि गर्नुभएको हो । श्री ५ को सरकारको उच्च ओहदामा रही व्यस्त रहेता पनि उहाँले नेपाली प्रणामी साहित्यमा धेरै योगदान दिनुभएको छ । जस्तै "सवा- पूजा", तारतम सागरको नेपालीमा पूरै अनुवाद (शब्दानुवाद सन्त मोहनमुकुन्द र भावार्थ पं. कमलप्रसाद आचार्य) को संयोजन गरी रास, प्रकाश, षट्ऋतु र कलश प्रकाशित गरिसक्नुभएको छ जसका प्रकाशक श्रीरामगोविन्द महर्जन हुनुहुन्छ । अरू ग्रन्थहरू प्रकाशित हुन बाँकी छन् ।

उहाँका कृतिहरू (१) "शाश्वत सन्देश" मा सदगुरु देवचन्द्र महाराज र गाँगजी भाइबीचको प्रश्नोत्तरका रूपमा सम्पूर्ण प्रणामीय सिद्धान्त चिनाउने काम गर्नुभएको छ । (२) "महामति प्राणनाथका दिव्य सन्देश" श्रीप्राणनाथका महत्त्वपूर्ण चौपाईहरूको सङ्कलन र तिनको व्याख्या गरिएको छ । यी धार्मिक पुस्तकहरूका अतिरिक्त उहाँले वैज्ञानिक अनुसन्धान सम्बन्धी नेपाली तथा अंग्रेजी भाषामा धेरै पुस्तकहरू लेखी प्रकाशित गर्नुभएको बुझिएको छ । उहाँका दीक्षा-गुरु श्रीदीप्तजंग सिजापति हुनुहुन्छ ।

२०. श्रीटीकादत्त रिमाल

उहाँको जन्म वि.सं. १९८४ सालमा आसाम राँङशाली-साधुबस्तीमा माता श्रीमती राधादेवी र पिता श्रीकृष्णदास रिमालका सुपुत्रका रूपमा भएको हो । उहाँको शिक्षा-दीक्षा जन्मस्थलमै स्थानीय विद्यालयमा भएको हो । उहाँ बाल्यकालदेखि नै साहित्यमा अभिरुचि राख्नुहुन्थ्यो र धार्मिक साहित्यको विशेषरूपले अध्ययन, मनन र लेखनतर्फ लाग्नुभएको थियो ।

उहाँको कृति "मानवज्योति" २०१६ मा प्रकाशित भएको हो । यस पुस्तकले मानव-जीवनमा प्रकाश छर्ने काम गरेको छ र मानव जातिलाई कर्तव्यको बोध गराई आफ्नो गन्तव्य श्रीपरमधामको दिग्दर्शन गएको छ । उहाँको धामगमन २०४२ साल मंसीर कृष्ण तृतीयाका दिन भएको छ ।

२१. श्रीतारामान राई

उहाँको जन्म २००७ सालमा सिक्किमको च्याखुङमा माता श्रीमती जुरनफूल र पिता श्रीहाङजीत राईका सुपुत्रका रूपमा भएको हो । उहाँ सिक्किमका एक उच्च स्तरका राजनीतिक नेता हुनुका साथै धार्मिक गतिविधिमा पनि सक्रिय हुनुहुन्छ । उहाँ पटक-पटक सिक्किम- राज्यका मन्त्री पनि हुनुभयो र हाल सिक्किम सरकारका मुख्य मन्त्रीका निजी राजनीतिक सचिव तथा प्रमुख सल्लाहकार हुनुहुन्थ्यो ।

उहाँले सिक्किमबाट धर्म सभा मार्फत प्रकाशित हुने "प्राणनाथ-सन्देश" को सम्पादन गरी धार्मिक साहित्यको सेवा गर्नुभएको छ र पछिसम्म गर्नुहुने छ भन्ने आशा छ । उहाँका दीक्षा-गुरु श्रीलक्ष्मीदासजी हुनुहुन्छ । उहाँ सिक्किममा "च्याखुङहाउस"मै बसोवास गर्नुहुन्छ । हाल सिक्किम धर्मसभा मार्फत ब्रह्मसृष्टिहरूको धामगमन-पद्धति पनि प्रकाशित गरिएको छ ।

२२. डा. तिलक चैतन्य

उहाँको जन्म इलाम जिल्लाको बरबोटेमा माता श्रिमिती हेमकुमारी र पिता पं. श्रीभवानीशंकर सापकोटाका काइँला सुपुत्रका रूपमा भएको हो । तिलक चैतन्यज्यूको पूरा नाम तिलकप्रसाद सापकोटा हो । उहाँले गुरुजी श्री १०८ मंगलदासजी महाराज द्वारा संस्थापित श्रीप्राणनाथ संस्कृत महाविद्यालय, सिलिगुडी(बंगा)मा अध्ययन गरी सम्पूर्णानन्द विश्वविद्यालय, बनारसबाट संस्कृत साहित्यमा विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको हो । उहाँ श्रीकृष्णप्रणामी धर्मका शीर्षस्थ प्रचारक हुनुहुन्छ ।

उहाँका कृतिहरू (१) "अहिंसा परमोधर्म" २०४६मा प्रकाशित शास्त्रको प्रमाणसहित मन्दिरहरूमा बलि नचढाऊँ भन्दै हिंसाको विरोधमा छ । (२) "हमारे सन्त" (हिन्दी) २०४६मा प्रकाशित छ । यसमा केही भारतीय सन्तहरूको परिचय छ । (३) "संक्षिप्त संस्कार पद्धति"(नेपाली)२०५१मा प्रकाशित संस्कारसम्बन्धमा लेखिएको छ । (४)"के सबै धर्म एकै हुन् ?" (नेपाली) २०५२ सालमा प्रकाशित विभिन्न प्रकारको विवेचना गरी हिन्दूत्वको विशेषता दर्शाएको छ । (५) "प्राणनाथ सूक्ति" (हिन्दी) २०५२ सालमा प्रकाशित श्रीप्राणनाथजीका केही चौपाईहरूको व्याख्या गरिएको छ । (६)"आर्यसमाजका पंडित दिलारामलाई झटारो" (नेपाली) २०५३ सालमा प्रकाशित प्रणामी धर्मका विरोधी कुराहरूको झटारो हानी जवाफ दिइएको छ । " श्रीकृष्णलीला विमर्श" र "हिन्दूलाई कस-कसले झटारो हाने ?" नामक पुस्तक अप्रकाशित छन् । उहाँका प्रचार-क्षेत्र हुन् नेपाल, भारत, भूटान, बेलायत, अमेरिका, क्यानाडा आदि राष्ट्रहरू । उहाँका दीक्षा-गुरु श्रीमुक्तिनाथ खनाल हुनुहुन्छ । उहाँ प्रायः सिलिगुडीमा रहनुहुन्छ ।

२३. श्रीतुतुकाजी श्रेष्ठ

उहाँको जन्म वि.सं. २००० सालमा काभ्रे पलाञ्चोक जिल्लान्तर्गत बनेपा नगरमा माता श्रीमती पद्मकुमारी र पिता श्रीलालदास श्रेष्ठका कनिष्ठ सुपुत्रका रूपमा भएको हो । उहाँले घरमै प्रारंभिक शिक्षा अध्ययन गर्नुभएको हो । बाल्यावस्थामा श्रीयुगलादास महाराजबाट धार्मिक शिक्षा शुरू गरी तीर्थाटनका सिलसिलामा विभिन्न सन्तहरूबाट र काठमाण्डौमै आएर सन्त श्रीयुगलदासजी महाराजबाट वीतक,वाणी,चर्चनी र विराट् समेतको यथेष्ट अध्ययन गर्नुभएको छ ।

उहाँको कृतिं "ब्रह्मलीला प्रकाश" कम्प्युटरमा टाइप भई प्रकाशोन्मुख अवस्थामा छ । यस ग्रन्थमा श्रीकृष्णप्रणामी समाजको पूर्ण परिचय गराउने इतिहास समेटिएको छ । उहाँका दीक्षा-गुरु होक्सेका सन्त श्रीवृजदास महाराज हुनुहुन्छ ।

२४. परमहंस श्रीदयालदासजी महाराज तिम्सिना :- उहाँको जन्म वि.सं. १९१९ कार्त्तिक शुक्ल द्वितीयाका दिन पोखराको वैदाममा भएको हो । विशेष परिचय संतपरिचयका क्रममा दिइएको छ ।

परमहंस महाराजको "भक्ष्याभक्ष्य दर्पण" नामक पुस्तिका वि.सं. १९७६मा प्रकाशित भएको हो. र यसै कृतिले श्रीकृष्णप्रणामी धर्मको नेपाली भाषामा प्रकाशित पहिलो कृति हुने श्रेय पाएको छ । यस पुस्तिकामा मानिसले खान हुने र नहुने पदार्थको पद्यात्मक ढङ्गले सुन्दर विवेचना गरेको पाइन्छ ।

२५. श्रीदीनदयाल (दाताराम) महाराज अधिकारी

उहाँको जन्म वि.सं. १९९७ सालमा कालेबुङका लोले बस्तीमा माता श्रीमती नैनादेवी र पिता श्रीलालदास अधिकारीका खन्तरे (सातौं) सुपुत्रका रूपमा भएको हो । उहाँले कालेबुङ स्कूलबाट म्याट्रिक पास गरी त्यसपछि तीर्थमा रही संस्कृत तथा वाणी वीतक, विराट् र चर्चनीको गहन अध्ययन गर्नुभएको छ । उहाँ एक कुशल धर्म-प्रचारक र समाजसेवी चिन्तक हुनुहुन्छ । उहाँले नेपाल तथा भारतका विभिन्न स्थानमा श्रीप्राणनाथका दिव्य वाणीहरूको प्रचार-प्रसार गर्दै हाल बम्बईमा श्रीप्राणनाथ ज्ञान-केन्द्रको स्थापना गर्नुभएको छ ।

उहाँका कृतिहरू- (१) "विवरण पत्रको समीक्षा" २०३५सालमा प्रकाशित भएको छ । त्यसमा विवरण पत्र भन्ने पुस्तकमा प्रकाशित प्रणामी धर्मबारे लेखिएका कुराहरूको समीक्षा गरिएको छ । (२) "मोहजलका पाँच प्रकरण" २०३७ मा प्रकाशित भयो जहाँ श्रीमत्तारतम सागरको श्रीरास ग्रन्थका पहिलादेखि पाँचौं प्रकरणसम्मको नेपालीमा टीका गर्नु भएको छ । उहाँका दीक्षा-गुरु गुरुजी मंगलदासजी महाराज (कालेबुङ) हुनुहुन्छ । वर्तमानमा उहाँ उपर्युक्त श्रीप्राणनाथ ज्ञान केन्द्र बम्बईमा रहनुहुन्छ ।

२६. पु.श्रीदेवकृष्ण शर्मा तिम्सिना

उहाँको जन्म वि.स. २००४ सालमा काभ्रे जिल्ला दुङखर्कमा माता श्रीमती रत्नबाई र पिता श्रीनरहरि तिम्सिनाका सुपुत्रका रूपमा भएको हो । उहाँको अध्ययन स्वतन्त्र रूपमा भएको हो र उहाँले धार्मिक वाणी-वचनको प्रशस्तै अध्ययन गर्नुभएको छ ।

उहाँले श्रीनिजानन्द सम्प्रदमयका "सेवा-पूजा", "नित्य- पाठ" आदि हिन्दी पुस्तकहरूका साथै नेपाली भजन-संग्रहका पुस्तकहरू पनि प्रकाशित गर्नुभएको छ । भजनका पुस्तकहरूमा अरूका रचनाका साथै उहाँका स्वरचित भजन र सिलोकहरू पनि छन् । उहाँ धार्मिक साहित्य-प्रकाशनमा विशेष उत्साहित देखिनुहुन्छ । हाल उहाँ श्रीकृष्णप्रणामी मूलमन्दिर इमाडोलमा पुजारी हुनुहुन्छ । उहाँका दीक्षा-गुरु श्रीदिलदास तिम्सिनाजी हुनुहुन्छ ।

२७. श्रीदेवकृष्ण शास्त्री तिम्सिना

उहाँको जन्म वि.सं. १९९० साल असार १५ गते कालेबुङमा माता श्रीमती धनबाई र पिता श्रीकृष्णदास तिम्सिनाका एक मात्र सुपुत्रका रूपमा भएको हो । उहाँले सानै उमेरदेखि तीर्थ (श्री ५ नौतनपुरी) तिरै रहेर संस्कृतमा शास्त्रीसम्मको अध्ययन गर्नुभयो र पछि नेपालमा आई नेपालीमा एम्. ए. गर्नुभयो ।

उहाँका कृतिहरूमा (१) "श्रीकृष्णप्रणामी धर्मको केही मन्तव्य" २०२४ मा प्रकाशित छ जसमा श्रीकृष्णप्रणामी धर्मको छोटो परिचय छ । (२) "महाराज धर्मदासजीको पूर्व-यात्रा (सङ्कलन" २०२५मा प्रकाशित भयो जसमा महाराजजी श्री१०८ धर्मदासजीको यात्राविवरण विस्तृत रूपमा छ । (३) "श्रीकृष्णभक्ति तत्त्व" २०३१ मा प्रकाशित छ जसमा श्रीकृष्णभक्ति अर्थात् श्रीकृष्णप्रणामी धर्मको तत्त्व दर्शाइएको छ । यिनका अतिरिक्त उहाँले श्री ५ नौतनपुरी धाममा रहँदा त्यहाँबाट प्रकाशित "मेहेराज

चरित्र", "आनन्द सागर" र "निजानन्द चरितामृत"(दितीयावृत्ति) हिन्दी ग्रन्थहरूको सम्पादन गर्नुभयो । साथै केही समय नियमितरूपमा निस्किने "प्रणामी धर्मपत्रिका" को पनि सम्पादन गर्नुभयो । उहाँका दीक्षा-गुरु गुरुजी मंगलदासजी महाराज हुनुहुन्छ। हाल उहाँ का.प. जिल्लाको बनेपामा रहनुहुन्छ।

२८. श्रीदेवनारायण (दृपदास) प्रधान

उहाँको जन्म वि.सं १९६० सालमा दार्जीलिङको सुकेपोखरीमा पिता जंगवीर प्रधानका जेठा छोराका रूपमा भएको हो । उहाँ १९८० सालमा २० वर्षकै उमेरमा श्रीकृष्णप्रणामी धर्मसभा कालेवुङका महासचिव भई रहनुभयो । उहाँले करीब ५०वर्षसम्म उक्त महासचिवको पद सम्हाल्नुभयो र उहाँकै कार्यकालमा २०१५ सालमा दार्जीलिङमा स्वर्गीय श्री ५ महेन्द्रको सवारी हुँदा नेपालमा श्रीकृष्णप्रणामी धर्ममाथि अन्याय-अत्याचार भएबारे विन्तिपत्र चढाइएको थियो । उहाँका कृतिहरू (१) "मोक्षको सीँढी" २०१५ सालमा छापिई निःशुल्क वितरण भयो । सो पुस्तिका सानै भए पनि शास्त्र प्रमाणयुक्त र संसारबाट मोक्ष प्राप्त गराउने हुँदा लोक प्रिय भएको छ । (२) "दार्जीलिङमा श्रीकृष्णप्रणामी धर्म" २०४३ सालमा प्रकाशित छ । यस पुस्तकमा दार्जीलिङ जिल्लाभरिका विभिन्न स्थानमा र कालेबुङमा श्रीकृष्णप्रणामी धर्मको विस्तार कसरी भयो भन्ने विस्तृतरूपमा जानकारी पाइन्छ। उहाँको धामगमन मा भयो ।

२९. श्रीधर्मराज शास्त्री अधिकारी

उहाँको जन्म वि.स. १९९० साल मंसीर ५ गते लम्जुङ जिल्लान्तर्गत बल्थुमको नयाँ गाउँमा माता श्रीमती तिलबाई र पिता श्रीईश्वरीप्रसाद अधिकारीका ज्येष्ठ सुपुत्रका रूपमा भएको हो । उहाँ बाल्यकालमै श्री५नवतनपुरी धामतर्फ लागी उतैबाट विद्याध्ययन प्रारंभ गरेर बनारसबाट शास्त्री-परीक्षा उत्तीर्ण हुनुभयो । त्यसपछि उहाँले श्री ५ नवतनपुरीलगायत विभिन्न

धामहरूको भ्रमण गरी गहिरो अध्ययन गर्नुभएको हो । नेपलमा फर्किएर चितवनमा बसोवास गरी लामो अवधिसम्म शिक्षकं (प्रधानाध्यापक)को पेशा गर्दै सामाजिक सेवामा समेत संलग्न रहनुभयो । उहाँका तीर्थमा रहँदादेखि नै हिन्दी, संस्कृत र नेपाली भाषामा लेख, कविता र भजनहरू पत्र-पत्रिकामा प्रकाशित देख्न पाइन्थे । भजनहरू त निकै लोकप्रिय भई जन-जनमा गुन्जिरहेका छन् ।

उहाँका कृतिहरू (१)"कृष्णगीतिका"२०१९मा प्रकाशित भएको छ । यसमा हिन्दी र नेपाली भाषामा महत्वपूर्ण भजनहरू छन् ।(२)"कृष्णभजन"२०३७मा प्रकाशितभयो जसमा लोकप्रिय नेपाली भजनहरू छन् । उहाँका दीक्षा-गुरु श्रीभगीदत्त अधिकारी हुनुहुन्छ । उहाँको २०५१ साल आश्विन महीनामा धामगमन भयो ।

३०. श्रीधर्म भण्डारी

उहाँको. जन्म वि.स. २००६ साल चैत्र २८ गते इलाम जिल्लाको सुम्बेकमा माता श्रीमती डम्बरकुमारी र पिता श्रीटीकाराम भण्डारीका सुपुत्रका रूपमा भएको हो । इलामबाट एस्. एल्. सी. परीक्षा उत्तीर्ण गरी हाल इलाममै शिक्षणपेशामा कार्यरत हुनुहुन्छ ।

उहाँको कृति "स्थूल र सूक्ष्म जीवन" २०५० सालमा प्रकाशित भएको हो । यस पुस्तकमा स्थूल शरीरको बनावट र सूक्ष्म जीवनको वर्णन विराटका आधारमा (शास्त्रीय आधारमा) प्रस्तुत गरेको छ । उहाँका दीक्षा-गुरु गुरुजी मंगलदासजी महाराज हुनुहुन्छ ।

३१. डा.नीलप्रसाद तिम्सिना

उहाँको जन्म वि.सं.२००३सालमा तेह्रथुम अम्फुवामा माता श्रीमती जानुका देवी र पिता श्रीभीम -लाल तिम्सिनाका एक मात्र सुपुत्रका रूपमा भएको हो । उहाँले उच्च शिक्षा पटना विश्वविद्यालय (भारत)बाट र कर्मचारी व्यवस्थापनमा विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ । हाल उहाँ मेची क्याम्पसमा अध्यापन पेशामा संलग्न हुनुहुन्छ ।

उहाँका कृतिहरूमध्ये "महामति प्राणनाथ जीवन तथा दर्शन" २०४५ मा प्रकाशित धर्म र दर्शन सम्बन्धी छ जसमा निजानन्द सम्प्रदायको पूर्ण परिचय छ उहाँले महामति प्राणनाथजीका जीवनीमा प्रकाश पार्नुभै उहाँका दर्शनको विवेचना गर्नुभएको छ । उहाँ "नेपाल परिचय" भाग एक र भाग दुईका सह-लेखक पनि हुनहुन्छ । ती पुस्तकहरू पनि प्रकाशित भै नेपाल अधिराज्यका महाविद्यालयहरूका पाठ्यक्रममा समाविष्ट भैसकेका छन् । उहाँका दीक्षा-गुरु परमधामवासी श्री १०८ धर्मदासजी महाराज हुनुहुन्छ ।

३२.श्रीपद्मबहादुर अधिकारी

उहाँको जन्म वि.सं१९९०साल माघ ८ गतेका दिन काठमाण्डौको बाँसबारीमा माता श्रीमती डम्वरकुमारी र पिता कर्णेल श्रीसन्तबहादुर अधिकारीका माहिला सुपुत्रका रूपमा भएको हो । उहाँ एक कर्मचारी भएर पनि सक्रिय समाजसेवी र श्रीकृष्णप्रणामी धर्मका कट्टर अनुयायीका रूपमा समाजमा चिनिनु भएको थियो। उहाँले "श्रीकृष्णप्रणामी सेवा समिति"को स्थापना-कालदेखि नै लामो अवधिसम्म केन्द्रीय सचिवको कार्यभार सम्हाल्नु भएको थियो । उहाँले धेरै सामाजिक कार्यहरू गर्नुका साथै धार्मिक साहित्यतिर पनि कलम चलाउनुभएको छ ।

उहाँको कृति आनन्द सागरको नेपालीमा अनुवाद गरी "अष्टतरंग"नामले २०२६ सालमा प्रकाशित गर्नुभएको छ । उहाँका दीक्षा-गुरु गुरुजी मंगलदासजी महाराज हुनुहुन्छ । उहाँको धामगमन २०४७ सालमा भयो ।

३३. श्रीपूर्णब्रह्म शास्त्री महाराज वेदान्ताचार्य

उहाँको जन्म वि.सं. १९६५ सालमा लमजुङ जिल्लाको बल्थुम गैरीगाउँमा माता श्रीमती गौरी र पिता श्रीभक्तिदास अधिकारीका सुपुत्रका रूपमा भएको हो । उहाँ बाल्यकालमै शिक्षा आर्जनका लागि दीक्षा-गुरुसितै भारततर्फ लाग्नुभयो । श्री ५ पद्मावतीपुरी धाम ,श्री ५ महामंगलपपुरी धाम तथा श्री ५ नवतनपुरी धाममा गुरुजीसित तीर्थाटन

गर्दै पुग्नुभयो र उतै वाणी, वीतक, विराट, चर्चनी आदि सिक्नुपर्ने सबै विषयको गहिरो अध्ययन गरी अरू अध्ययनकालागि काशी (वाराणसी) आउनुभयो र साहित्यशास्त्री तथा वेदान्ताचार्य पूरा गर्नुभयो ।

उहाँ सन्तस्वभावका, कडा मिजासका, जाँगरिला, साहित्य प्रेमी, निर्भीक र आबाल ब्रह्मचारी व्यक्ति हुनुहुन्छ र स्वसिद्धान्तमा अत्यन्त कट्टर हुनुहुन्छ ।

उहाँका कृतिहरू:-(१) "सनातन धर्म र कण्ठी महिमा" २०१०मा प्रकाशित भयो । यसमा आसाममा शास्त्रार्थ भएको विवरण र तुलसी कण्ठीको महिमा छ । २) "झ्यालखानामा कृष्ण भक्ति" २०१० मा प्रकाशित भयो । यसमा नेपालमा राणाशासनकालमा श्रीकृष्णप्रणामी भक्तहरूले यो धर्म लिएबापत जेल-नेल भोगेका कुरा छन् । ३) "पूजापाठ" २०१३ मा प्रकाशित भएको छ । यसमा श्रीमत्तारतम वाणीका "निजनाम", "प्रकटवाणी", "मंगलाचरण", "धामवर्णन" र "मूल मिलावा"को आफैं संस्कृत भाषामा पद्यानुवाद गरी नेपाली र हिन्दीका पद्य-गद्य सहितको सम्पादन उहाँले नै गर्नुभएको छ । ४) "श्रीकृष्णप्रणामी मन्दिर सतना" २०२९ मा प्रकाशित भएको हो यसमा सतना मन्दिर र केही नेपालका कृष्णप्रणामी मन्दिरहरूको परिचयका साथै सतना मन्दिरकी संस्थापिका "सेनबाई" माता ,महन्त "कृष्णमणि" महाराजलगायत केही सन्तहरूको पनि परिचय छ । (५) "सेवार्चना" २०४९ मा प्रकाशित छ । यसमा संस्कृत नेपाली र हिन्दी भाषामा श्री परमात्माका स्तुति पदहरू छन् । (६) "पारायण-प्रसंग" २०५० मा प्रकाशित भएको छ । यसमा श्रीराधाकृष्ण प्रणामी मन्दिर धरानमा आयोजित ४०९ पारायणका प्रसंगलाई नै मुख्य विषय बनाइएको छ । उहाँले धरानको परिचयका सिलसिलामा केही राजनीतिका नेताहरूमाथि पनि व्यंग्य गर्नुभएकोछ र नेपालमा यस धर्मको इतिहालाई कोट्याउने प्रयास गर्नुभएको छ । उहाँका दीक्षा-गुरु परमहंस दयालदासजी महाराज हुनुहुन्छ । हाल उहाँ श्रीकृष्णप्रणामी मन्दिर सतनाका महन्तका रूपमा आसीन रहनुभएको छ ।

***

३४. कवि श्रीप्रेमदास उप्रेती "पीडित"

उहाँको जन्म वि.सं. १९९५ ज्येष्ठ २५ गतेका दिन नेपाल ताप्लेजुङको आमेगुदिन-९, फुङ्फुङ्मा माता श्रीमती धनमाया र पिता श्रीपरमानन्द उप्रेतीका ज्येष्ठ पुत्रका रूपमा भएको हो । उहाँले आसाम, मणिपुर र बंगालमा प्रबेशिका सम्म शिक्षा पूरा गर्नु भई नेपालमा आएर बी.ए. पास गर्नुभयो र स्वतन्त्ररूपले शास्त्रीय अध्ययन गर्नु भएको छ । साथै सानै उमेरदेखि साहित्यमा अभिरुचि लिई विविध विधामा २०१४ सालदेखि लेखन-कार्य आरम्भ गर्नुभएको हो ।

उहाँका प्रकाशित कृतिहरूमध्ये (१) "धामगीतिका" भजन संग्रह २०२७मा, (२) "वेणी चालिसा" लोकलयमा माईवेणी मेलामा काटमार भएको दृश्य देखेर २०२७मा (३) "षट्‌ऋतु"सद्‌गुरुका धामगमनमा महामतिले व्यक्त गर्नुभएका विरहवाणीको नेपाली पद्यमा रूपान्तर २०२९मा, (४) "पशु- पुकार" मान्छेले काटीखाने गरेका विभिन्न पशु-पञ्छीहरूका आ-आफ्ना पुकारको सँगालो विविध शास्त्रीय छन्दमा २०३१ सालमा, (५) "धामको ध्यान" ब्रह्ममुनि श्रीमुकुन्ददासजी महाराजको शब्दडोरीको र श्रीमुखवाणीका केही प्रकरणहरूको अनुवाद छन्दमै २०३२मा, (६) "दिव्यपाठ" श्रीमुखवाणीका परिक्रमा ग्रन्थअन्तर्गत सात घाट र प्रथम भोमदेखि दशौं चाँदनीसम्मका प्रकरणहरूको विविध छन्दमै पद्यानुवाद २०३२ मा, (७) "श्रीकृष्णप्रणामी धर्मदर्पण" करीब १७ शास्त्रीय छन्दमा रचित कृष्णप्रणामी धर्मसम्बन्धी महाकाव्य, जसलाई सम्प्रदायमा "वीतक" (नेपाली वीतक) भनेर जान्दछन् २०३३ मा प्रकाशित भएको छ । यस महाकाव्यमा कृ.प्र. धर्मको सैद्धान्तिक पक्ष र प्रवर्तक, प्रचारक र संरक्षक ब्रह्ममुनिहरूको जीवनी छ । (८) "प्रकट वाणी" श्रीमुखवाणीका प्रकाश हिन्दी ग्रन्थको अन्तिम प्रकरण प्रकटवाणीको मात्रिक छन्दमा पद्यानुवाद छ र २०३७ मा प्रकाशित भएको हो । प्रकटवाणीमा महामति प्राणनाथजीका सम्पूर्ण १८७५८ चौपाईहरूको सार ११२ चौपाईमा सूत्रवत् रहेको छ । (९) "चौरासी भजन" २०५१मा प्रकाशित यसमा धेरै नेपाली, केही हिन्दी, बंगाली र संस्कृत भाषामा भजनहरू संग्रहित छन् । यी भजनहरू भक्तिरसले ओत-प्रोत र लोकप्रिय छन्

अनि केही भजनहरू रेडियोमा पनि रेकर्ड भएका छन् । (१०) "कृष्णप्रणामी बनौं" २०५२ मा प्रकाशित भएको यो खण्डकाव्य हो र "कृष्णप्रणामी बनौ" शीर्षक (समस्यापूर्तिका रूपमा) राखी श्रीकृष्णप्रणामी धर्मका सारभूत कुराहरू प्रस्तुत गर्दै कृष्णप्रणमी बन्न सल्लाह दिइएको छ ।

यी प्रणामीय पुस्तकहरू बाहेक उहाँले, (१) "आमा" शोककाव्य २०२९ मा, (२) "खरेल-वंशावली" २०३४ मा र (३) श्रीमद्भगवद्गीता "प्रेमगीता" (छायानुवाद) २०४६ मा प्रकाशित गरिसक्नुभएको छ । उहाँका अप्रकाशित कृतिहरू पनि छन् । जस्तै (१) "श्रीरास" महामति प्राणनाथज्यूका तारतम सागरको पहिलो किताबको विविध ३६ छन्दमा पद्यानुवाद, (२) "श्रीरत्न-ज्योति"काव्यका रूपमा, (३) सद्विचार-सँगालो विभिन्न समयमा लेखेका प्रकाशित र अप्रकाशित करीब चौरासीवटा लेखहरूको संग्रह (कविको गद्यमा लेखिएको कृति चाहिँ यही मात्र ठहर्छ) र (४) "देश-प्रेम" कविता संग्रह । यस संग्रहमा वार्णिक, मात्रिक र रबड छन्दमा सयभन्दा बढी कविताहरू छन् र यिनले मानव जीवनका विविध पक्षको चित्रण गरेको छ । साथै उहाँले आफ्नै प्रधान सम्पादकत्वमा २०३५र २०३६मा "प्रवाह" नामको साहित्यिक पत्रिका पनि दुई अङ्कसम्म सम्पादित र प्रकाशित गर्नुभएको छ । साँच्चै भनौं भने म त उहाँलाई"आशुकवि"भन्न पनि हिच्किचाउँदिनँ किनभने उहाँ "लौ कविता लेख्नोस्" भनेमा तत्कालै जुन विषयमा र जानेका जुन छन्दमा पनि कविता बनाउन सक्नुहुन्छ । यस्तो खूबी उहाँलाई श्रीराजजीले प्रदान गर्नुभएको छ । उहाँका दीक्षा-गुरु भेटिया श्रीज्ञानदासजी महाराज (खतिवडा) हुनुहुन्छ । हाल उहाँ जिल्ला मोरङ, पथरी-९ शान्तिनगरमा रहनुभएको छ र शिक्षक-पेशामा कार्यरत हुनुहुन्छ ।

३५. श्रीबद्रीदास थापा (गोदार)

उहाँको जन्म वि.सं. २००१ सालमा काठमाण्डौको कलंकीमा माता श्रीमती माइली र पिता श्रीनारायणबहादुर थापाका सुपुत्रका रूपमा भएको हो । उहाँले सानै उमेरमा साधु-सन्तको संगत गरेर स्वाध्ययनबाटै शिक्षा प्राप्त गर्नुभएको हो ।

उहाँको कृति " भक्त-भजनावली " २०५१ सालमा

श्रीकृष्णप्रणमी युवा परिषद्द्वारा प्रकाशित भएको छ । प्रस्तुत भजनावलीमा भवसागरमा डुबेर दुःख पाइरहेका आत्माको प्रभु परमात्मासित अन्तर्पुकार देखाइएको छ । उहाँका दीक्षा-गुरु श्रीयुगलदासजी महाराज हुनुहुन्छ । उहाँ हाल कलंकीमै बसोवास गरेर रहनुभएको छ ।

३६. श्रीबलभद्र निरौला :- उहाँको जन्म वि.सं. १९७४ मा आसाम तेजपुर जिल्लाअन्तर्गत राङशालीमा पिता श्रीरविलाल निरौलाका सुपुत्रका रूपमा भएको हो । उहाँको शैक्षिक अध्ययन घरमै स्वाध्ययनका रूपमा भयो र धार्मिक क्षेत्रमा विशेष अध्ययन थियो साथै उहाँमा कवि-प्रतिभा प्रशस्त थियो ।

उहाँका कृतिहरू :-(१)"श्रीलालदास सुवेदारको जीवनी" २०१६मा प्रकाशित भएको हो । यस पुस्तकमा सिक्किमका श्रीकृष्णप्रणमी धर्मका स्तंभ मानिएका व्यक्ति बर्मेक-टोकलका श्रीलालदास बज्गाईं-परिवारको छोट्करी वंशावली उल्लेख छ । (२) "ओइलाएको फूल" २०३२ मा प्रकाशित भएको हो । यस पुस्तकमा श्रीकृष्णप्रणामी धर्म र यसको दर्शन बारेमा प्रकाश पारिएको छ । उहाँका यी दुवै पुस्तकहरू छन्दोवद्ध रूपमा लेखिएका छन् । उहाँको धामगमन २०४८साल पौष १ गते आफ्नै घरमा भयो ।

३७. पं. श्रीब्रह्मदास खतिवडा :- उहाँको जन्म वि. सं. १९७० मा ताप्लेजुङको तीनधारेमा माता श्रीमती हिमादेवी र पिता श्रीछविलदास खतिवडाका कनिष्ठ पुत्रका रूपमा भएको हो । उहाँ पनि युवा अवस्थामै धर्म-प्रचारार्थ भ्रमणशील हुनुहुन्थ्यो ।

उहाँले श्रीईश्वरदास ओझासित मिली संयुक्तरूपमा "धर्मोपदेश माला" लेख्नुभएको थियो, जुन वि. सं.२०१२ मा प्रकाशित भएको थियो । "धर्मोपदेश माला"ले साँच्चि नै धर्मको उपदेश गरी धेरैलाई धार्मिक र अहिंसाव्रती बनाएको छ । उहाँका दीक्षा-गुरु स्वपिता श्रीछविलदास खतिवडाज्यू नै हुनुहुन्छ ।

३८. ज्यो.बालकृष्ण तिम्सिना:- उहाँको जन्म वि.सं. १९८४ मा का.प. जिल्लाको कुपिनटारमा माता श्रीमती नर्वदा र पिता श्रीगजाधर तिम्सिनाका ज्येष्ठ सुपुत्रका रूपमा भएको हो । उहाँ एक कुशल ज्योतिषी र कवि-हृदयका भावुक भक्त हुनुहुन्छ ।

उहाँका कृतिहरू (१) "जीवन ज्योति भाषा श्लोक" २०२२ सालमा प्रकाशित भएको छ , जसमा गुरुको महत्त्व दर्शाउँदै मानवजीवनमा गुरुको अनिवार्य आवश्यकताको बोध गराएको पाइन्छ । (२) "विराट्पट दर्पण" २०४५सालमा प्रकाशित श्लोकबद्ध रूपमा छ । त्यसमा पातालदेखि श्रीपरमधामसम्मको वर्णन गरिएको छ । यिनका अतिरिक्त "स्वस्थानी भाषा श्लोक" २०२२ सालमा प्रकाशित गर्नुभएको बुझिएको छ । उहाँका दीक्षा-गुरु श्रीधनीदास सापकोटा (साधुबा) हुनुहुन्छ । हाल उहाँ नेपाल, रौतहट जिल्लाको डुमरिया गा.वि.स. वाड नं. २ नजरपुरमा स्थायी बसोवास गरी रहनुभएको छ ।

३९. श्री १०८ मंगलदासजी महाराज रिमाल :- उहाँको जन्म वि.सं. १९६५मा आसाम जि. दरङ्ग (हाल षोणितपुर) रांशाली बिहालीमा भएको हो । विशेष परिचय संतपरिचयका क्रममा दिइएको छ ।

उहाँले "क्षराक्षराक्षरातीत परिचय" नामक ग्रन्थ नेपाली भाषमा लेख्नुभएको छ । यस ग्रन्थमा पातालदेखि परमधामसम्म संपूण विराट्को विस्तृत विवरण शास्त्रीय प्रमाणका साथ दिएको हुँदा धेरै जानकारी पाइन्छ । यो नेपाली ग्रन्थ अत्यन्त उपयोगी र लोकप्रिय भएर "अक्षरातीत-परिचय" नामले २०१६मा दोस्रो संस्करण र पछि तेस्रो संस्करण समेत २०३४मा प्रकाशित भएको छ । यस बाहेक उहाँले हिन्दी भाषामा "आत्मपरिचय" नामक पुस्तकको पनि रचना गरी प्रकाशित गरेको पाइएको छ ।

४०. गुरुजी श्री १०८ मंगलदासजी महाराज उहाँको जन्म वि.सं. १९५३ साल आश्विन शुक्ल द्वादशीका दिन जि इलामको मेलबोटे (गोर्खे जगात) मा भएको हो । उहाँको पनि विशेष परिचय संतपरिचयका क्रममा दिइएको छ ।

उहाँले साहित्यतर्फ पनि कलम चलाउनुभएको देखिन्छ । जस्तै "आत्मसोपान" हिन्दी "अर्न्तदृष्टि" नेपाली र "प्रार्थनापुष्पाञ्जलि" (हिन्दी स्वरचना र सङ्कलन), "पशुपुकार" (नेपाली) र "मंगल-सूक्ति" (हिन्दी र नेपाली) यसरी गुरुदेवको साहित्यतर्फ पनि प्रगाढ अभिरुचि रहेको पाइएको छ ।

+++

४१. पं. श्रीमाणिकदास सापकोटा

उहाँको जन्म विं. सं. १९७५सालमा इलामको सिद्धिगाउँमा माता श्रीमती हरिमाया र पिता श्रीब्रह्मलाल सापकोटाका साइँला सुपुत्रका रूपमा भएको हो । उहाँ नेपालका राणाशासन-कालमा कृष्णप्रणामी धर्ममाथि अत्याचार भै धर्मावलम्बीहरू पक्डाउ परेर जेल जाँदा लगभग दुई वर्ष कारागारको जीवन बिताउनेहरूमध्ये एक हुनुहुन्छ । उहाँले कालेबुङमा श्रद्धेय मंगलदास गुरुजीका निकटतम सम्पर्कमा रही श्रीकृष्णप्रणामी धर्मको गहन अध्ययन गर्दै धेरै सामाजिक कार्यहरू पनि गर्नुभएको छ । कालेबुङ, इटहरी र धुलाबारीका मन्दिरहरूमा उहाँको विशेष योगदान छ ।

उहाँको कृति "तारतम ज्ञान माला" २०५०सालमा प्रकाशित भएको छ । उक्त पुस्तकमा श्लोकबद्ध रूपमा सुन्दर ढंगले श्रीपरमधामको वर्णन गरिएको छ । उहाँका दीक्षा-गुरु गुरुजी मंगलदासजी महाराज हुनुहुन्छ । उहाँ हाल श्रीकृष्णप्रणामी मन्दिर धुलाबारीको रेख-देख गर्दैहुनुहुन्छ ।

४२. श्रीमोहनानन्द शास्त्री सुवेदी

उहाँको जन्म वि.सं. २०१६ साल मा धनकुटा जिल्लान्तर्गत भीरगाउँमा माता श्रीमती यशोदा र पिता श्रीनन्दलाल सुवेदीका साइँला सुपुत्रका रूपमा भएको हो । उहाँको प्रारंभिक शिक्षा सलकपुरमा पूरा भै नेपालबाटै एस्. एल्.सी. समेत पूरा भयो । त्यसपछि श्रीसंपूर्णानन्द विश्व विद्यलय वाराणसीबाट संस्कृतमा साहित्याचार्य प्रथम श्रेणीमा उत्तीर्ण गर्नुभएको हो । यी विद्यालयीय पढाइका अतिरिक्त उहाँ श्री५पद्मावतीपुरी तथा श्री ५ नवतनपुरीधाममा रही वीतक,वाणी,विराट्, चर्चनी आदि धार्मिक विषयहरूको गहिरो अध्ययन गरेर धर्म-प्रचारमा लाग्नुभएको छ ।

उहाँका कृतिहरूः-(१) "युवाजागृति" २०५४ मा प्रकाशित भएको छ । यस पुस्तकमा नेपाली भाषा,भूषा,संस्कृति र धर्मका सम्बन्धमा युवा-युवतीवर्गमा मात्र

नभएर सम्पूर्ण जनसमूहमा चेतना दिने काम भएको छ । (२) "बालउपयोगी प्रवचनमाला भाग-१" २०५४मा प्रकाशित भएको छ । यस पुस्तकमा समाजका बाल-बालिकाहरूलाई उपयोगी शिक्षा-संदेश समाविष्ट छ । (३) "प्रश्नोत्तरमाला भाग-१" २०५४मा प्रकाशित भएको छ । यो पुस्तक सामान्य ज्ञान जस्तो प्रश्नोत्तरको रूपमा छ । (४) "प्राणघातक पाँच वस्तु" २०५४ मा नै प्रकाशित भएको छ । यसमा महामति प्राणनाथजीले "पञ्च वस्तु निषेध"भनी त्याज्य बताइएका पाँच कुराहरूले हानि पुऱ्याउने ब्यहोराको राम्रो विवेचन गर्नुभएको छ । यिनका अतिरिक्त विभिन्न धार्मिक पत्रिकाहरूमा उपयोगी लेखहरू हिन्दी, गुजराती र नेपाली भाषामा प्रकाशित पाइएका छन् । उहाँका दीक्षा-गुरु श्रीभक्तबाईं गुरागाईं माताजी हुनुहुन्छ ।

४३. सन्त श्रीमोहनप्रियाचार्यजी



उहाँको जन्म वि.सं. २०११ साल फाल्गुण २४ गते जि. इलाम अन्तर्गत सिद्धिगाउँमा माता श्रीमती विष्णुमाया र पिता श्रीमाणिकदास सापकोटाका साइँला सुपुत्रका रूपमा भएको हो । शिक्षा नेपाल धुलाबारीबाट एस्.एल्.सी. र कालेबुङ कलेजबाट सन् १९८१ मा बी.ए पास गर्नुभएको हो । उहाँ एक नेपालका सुपुत्र भैकन पनि श्रीकृष्णप्रणामी धर्मप्रचारका सिलसिलामा शिखर व्यक्तित्वमा गनिनुहुन्छ । उहाँको प्रचार क्षेत्र नेपाल, भारत भूटान मात्र नभएर बेलायत, अमेरिका आदि पाश्चात्य मुलूकहरू पनि भएका छन् । यसरी उहाँ अन्तर्राष्ट्रिय प्रचारक हुनुभएको छ । साहित्यतर्फ "मंगलसूक्ति" सङ्कलन र प्रकाशन तथा विभिन्न नेपाली, हिन्दी र अंग्रेजी भाषाहरूमा लेख निबन्धहरू प्रकाशित भएका छन् । उहाँ "राजविद्या" धार्मिक मासिक पत्रिकाको आदि-सम्पादक पनि हुनुहुन्छ । वर्तमान उहाँ श्री१०८ मंगलदासजी महाराजका स्थानमा, कालेबुङमा सुपूजित हुनुहुन्छ ।

४४. सन्त श्रीमोहनमुकुन्दजी महाराज

उहाँको जन्म वि.सं. १९६५ सालमा ओखलढुंगा जिल्लाअन्तर्गत रानीगाउँमा पिता श्रीरणध्वज राईका एक मात्र सुपुत्रका रूपमा भएको हो । उहाँ ५ वर्षका हुँदा आमाको मृत्यु भयो र केही कालपछि पिताको पनि देहान्त हुँदा असहाय भै घरबाट बाहिर निस्किनुभएछ, त्यसैले उहाँलाई आफ्नै आमाको नाम पनि थाहा हुनसकेन । उहाँको बाल्यकालको नाम डिकमान राई रहेछ ।

उहाँ केही ठूलो भएपछि रोजगारको खोजीमा दार्जीलिङको कालेबुङतिर जानुभएछ । त्यहीँ हरिदास सुब्बाका छत्रछायाँमा रही श्रीयुगलदासजी महाराजसित भेट र सत्संग हुँदा उहाँबाटै श्रीकृष्णप्रणामी धर्ममा दीक्षित हुनभयो । त्यसपछि अध्ययनका लागि तीर्थतर्फ लाग्नुभयो । उहाँले गुजरातको जामनगर (श्री५ नौतनपुरीधाम)मा संस्कृतमा मध्यमासम्म र श्रीतारतम वाणी, वीतक, चर्चनी, विराट् आदि सबै विषयको गहन अध्ययन गर्नुभयो । उहाँ एक आबाल ब्रह्मचारी कुशल प्रचारक र निर्भीक सन्तका रूपमा समाजमा चिनिनुहुन्छ । उहाँले रुमालमा लपेटेर राखिएका हस्तलिखित महामति प्राणनाथजीप्रणीत अमूल्य धर्मग्रन्थ स्वरूप साहेब छपाउने साहस गर्नुभै वि.सं.२०२२सालमा डा. माताबदल जायसवालको र सन्त श्रीछविलदास महाराज (अधिकारी) को सहयोग लिई इलाहाबादबाट प्रकाशित गर्ने क्रान्तिकारी कदम चालेर उक्त महाग्रन्थ सर्वप्रथम छपाई सर्वत्र सुलभ गराइदिनुभयो । यसका अतिरिक्त सोही महाग्रन्थको "तीस सम्बन्ध" "बडी पत्री" र "षट्ऋतु" आदि पनि इलाहाबादबाटै (हिन्दीमा) प्रकाशित गर्नुभएको पाइन्छ । उहाँले महाग्रन्थको नेपाली भाषामा शब्दानुवाद गरी पूरा गर्नुभएको छ र भावानुवाद चाहिँ पं. कमलप्रसाद आचार्यले गर्नुभएको हुँदा डा. छविलाल गजुरेलका संयोजकत्वमा रास,प्रकाश,षट्ऋतु र कलस ग्रन्थहरू प्रकाशित भैसकेका छन् जसका प्रकाशक श्रीरामगोविन्द महर्जन हुनुहुन्छ । सन्त मोहनमुकुन्दजी **वि. सं.२०५५ साल भद्र ३० गते दार्जोलिङको तकभरस्थित श्रीकृष्णप्रणमी मन्दिरमा नश्वर देह त्यागी परमधाम जानुभयो।**

४५. महाराज श्रीयुगलदासजी शर्मा :- उहाँको जन्म वि.स.१९५३ आश्विन शुक्ल द्वितीयाका दिन कालेबुङका इच्छे बस्तीमा माता श्रीमती सुन्दरबाई र पिता श्रीलक्ष्मणदास तिम्सिनाका साँइला सुपुत्रका रूपमा भएको हो । उहाँको अरू विशेष परिचय सन्त-परिचयका क्रममा दिएको छ ।

उहाँको कृति:-(१)"निष्कलङ्क दर्पण"२०३४मा प्रकाशित भएको हो । यसग्रन्थमा निजानन्द सम्प्रदयका संस्थापक र प्रचारक महापुरुषहरूको जीवनीका साथै श्रीकृष्ण-भक्ति र श्रीकृष्णप्रणामीय सिद्धान्तको सम्यक् परिचय छ । यो ग्रन्थ सम्प्रदायको नेपाली भाषामा गद्यमय"वीतक"हो । यस ग्रन्थका अतिरिक्त उहाँले"सेवा-पूजा"का गोटा लगायत अरू पनि धेरै हिन्दी र नेपाली पुस्तकहरूको सङ्कलन गरी प्रकाशित गर्नुभएको छ ।

४६.श्रीराजदास बादे श्रेष्ठ :- उहाँको जन्म वि.सं. १९६५साल कात्तिक महीनामा काभ्रे पलाञ्चोकको बनेपामा माता श्रीमती मोतीमाया र पिता श्रीभीमबहादुरका ज्येष्ठ सुपुत्रका रूपमा भएको हो । उहाँ वरिष्ठ राजनीतिक नेताका साथै श्रीकृष्णप्रणामी धर्मका पुस्तौं पुराना सिद्धान्तवादी र कर्मठ धार्मिक व्यक्ति हुनुहुन्थ्यो, जसले राणाशासन-कालकमा काभ्रे, फूलबारी आदि ठाउँमा पक्डाउ परेका सन्त युगलदासजी र अन्य सयौं भक्त सुन्दरसाथहरूलाई जेल- नेलबाट छुटाउने काममा ठूलो भूमिका खेल्नुभएको थियो ।

उहाँको कृति "प्रणामी समाज-पथ" २०१२ सालमा प्रकाशित भएको छ, जसमा श्रीकष्णप्रणामी धर्मका आद्य प्रचारक महामति श्रीप्राणनाथजीको प्रचार-शैली र नेपालमा यसको इतिहास तथा आश्रम खोल्ने र आश्रमको विधान बारे छोटो नमूना दिइएको छ । उहाँका दीक्षा-गुरु परमहंस दयालदास महाराज हुनु हुन्छ । उहाँको धामगमन २०१४साल चैत्र ११गते हवाईदुर्घटनामा भएको हो ।

४७. पं. श्रीराजप्रसाद ढुंगेल



उहाँको जन्म वि.सं. १९९७ साल आश्विन शुक्ल ७ (फूलपाती)कादिन जि.ओखलढुंगाको कुवापानी भन्ने ठाउँमा माता श्रीमती विष्णुमाया र पिता श्रीलक्ष्मीनारायण ढुंगेलका सुपुत्रका रूपमा भएको हो । उहाँका माता-पिताले सानै उमेरमा सिक्किम लिई जानुभएकोले प्राथमिक शिक्षा उतै प्राप्त गर्नुभयो । त्यसपछि बाल्य कालमै पं. हिमकर सापकोटाबाट श्रीतारतम मन्त्रको दीक्षा माता-पितासहित

ग्रहण गरी कालेबुङका गुरुजी. मंगलदासजी महाराजका सान्निध्यमा रही धर्मसम्बन्धी विशेष अध्ययन गर्नुभएको छ । उहाँले संपूर्णानन्द विश्वविद्यालयबाट साहित्यशास्त्री पास गर्नुभएको हो ।

उहाँका कृतिहरूमा (१) "मंगल परिवार" २०२६ सालमा पद्यमा गुरुजी मंगलदासजीका पुर्खादेखि लिएर उहाँको छोटो जीवनी भएको, (२) "चेतना" ई.सं. १९७१ सालमा गद्यमा, मानवमा आध्यात्मिक चेतना पलाउनुपर्छ भन्ने सम्बन्धमा, (३) "विवेक" २०४० मा पद्यमा कुनै पनि प्राणीको हत्या नगर्नु, विवेक पुऱ्याएर काम गर्नु भन्ने र (४) "मेरो दृष्टिमा" २०५१ मा गद्यमा आफूलाई लागेका तीता-मीठा अनुभवहरू व्यक्त गरिएको समेत गरी जम्मा चार कृतिहरू प्रकाशित भएका छन् । यिनका अतिरिक्त अप्रकाशित कृति पनि "तत्त्वज्ञान दर्शन" नामको रहेको बुझिएको छ । उहाँ श्रीकृष्णप्रणामी समाजका एक कुशल प्रचारक हुनुहुन्छ र हालको बसोवास मोरङको दुलारी-१ मा पर्दछ ।

४८ श्रीराजीदास अछामी

उहाँको जन्म वि.स. १९७४ असोज ४ गते बुधबार का.प.जिल्लाको काभ्रेमा माता श्रीमती माइली मैयाँ र पिता श्रीगोरे अछामीका एकमात्र सुपुत्रका रूपमा भएका हो । अछामीजी समाजका पिछडिएका (अछूत) जातिमा जन्मिएर पनि उच्च विचार राखी २०२२ सालमा यस श्रीकृष्णप्रणामी धर्मका सन्तहरूको संगत गरी धार्मिक (दीक्षित) बन्नुभएछ । आफू धार्मिक बनेपछि काठमाण्डौ आएर उहाँले पनि अछूतवर्गमा धर्मको निकै राम्रो प्रचार-प्रसार गर्नुभयो र अनुशासित तथा अहिंसक समाजको निर्माण गर्नुभयो । साहित्य क्षेत्रमा पनि उहाँले प्रवेश गर्नुभएको पाइन्छ ।

उहाँको कृति "उत्तम मणि" नामक पुस्तक पद्यमा २०४२ मा प्रकाशित भएको छ । यस पुस्तकमा श्रीकृष्ण नाम वा तारतम ज्ञान नै मानवका लागि उत्तम मणि हो भन्ने विचार प्रष्ट पारेको छ । उहाँका दीक्षा-गुरु सन्त श्रीयुगलालदास महाराज हुनुहुन्छ । उहाँको धामगमन २०४३ वैशाख शुक्ल द्वादशीका दिन काठमाण्डौमा भयो ।

४९.श्रीराजशरण अधिकारी :- उहाँको जन्म वि.सं.२००९ साल ज्येष्ठ २९ गते इलामको बतासेमा माता श्रीमती लीलामाया र पिता श्रीरघुनाथ अधिकारीका सुपुत्रका रूपमा भएको हो । उहाँले नेपालको झापा बुधवारेबाट एस्. एल्. सी. उत्तीर्ण गरी भारतका श्री ५ नवतनपुरीधाम तथा अन्य तीर्थस्थलहरूमा रही वाणी र वीतकहरूको अध्ययन गर्नुभएको छ ।

उहाँको कृति "निजानन्द भजन माला"२०३३ सालमा र पुन: २०४० मा प्रकाशित भएको हो । यस पुस्तकमा भक्तिरसले भरिएका धेरै भजनहरू संग्रहित छन् । उहाँका दीक्षा-गुरु पं.श्रीश्यामशरण ओस्तीज्यू हुनुहुन्छ ।

५० श्रीरामप्रसाद प्रसाईं

उहाँको जन्म वि.सं. २००१ सालमा जिल्ला पाँचथरअन्तर्गत मुक्कुरा गा. वि. स. वडा न. ७ को पीपलबोट भन्ने ठाउँमा माता श्रीमती जानुकादेवी र पिता श्रीजयप्रसाद प्रसाईंका माइला सुपुत्रका रूपमा भएको हो । उहाँले स्वप्रयासबाट प्रशस्त धर्मग्रन्थहरूको र ज्योतिष विद्याको अध्ययन गर्नुभएको छ । उहाँ सामाजिक सेवा कार्यमा सदा सक्रिय एक कर्मठ व्यक्ति हुनुहुन्छ ।

उहाँको कृति "निजानन्द भावना पुष्प" २०५५मा प्रकाशित भएको छ । यस पुस्तकमा श्रीमुखवाणीका र अन्य धर्मशास्त्रका वाणी (श्लोक र चौपाई)हरूको अनुवाद गर्नुका साथै कतिपय आफ्नै मौलिक रचनाहरू समेत गरी सङ्कलन गर्नुभर्एको छ । उहाँका दीक्षा-गुरु श्रीतुलसीदास कोइराला हुनुहुन्छ । हाल उहाँ काठमाण्डौंमा ज्योतिषी पेशामा संलग्न हुनुहुन्छ ।

५१. प्रा.लक्ष्मीकान्त शर्मा (दहाल)

उहाँको जन्म वि.स. १९९०मा इलाम जिल्लाको चैनपुरे ग्राममा माता श्रीमती भागीरथा र पिता श्रीजमुना-दास दहालका एक मात्र सुपुत्रका रूपमा भएको हो । उहाँ बाल्यावस्थामै पिताका साथ तीर्थयात्रामा निस्किनुभयो । श्रीपद्मावतीपुरी धाम, पन्नास्थित श्रीप्राणनाथ विद्यालयबाट प्राथमिक शिक्षा पूरा गरेर वाराणसी हिन्दु विश्वविद्यालयबाट

बी.ए. तथा साहित्याचार्य-परीक्षामा समुत्तीर्ण हुनुभयो । त्यसपछि उहाँले त्रिभुवन विश्वविद्यलय नेपालबाट नेपालीमा एम्.ए. गर्नुभयो । पछि साहित्यमा "विद्यावारिधि" उपाधि पनि प्राप्त गर्नुभएको छ ।

धार्मिक क्षेत्रमा पनि उहाँले वीतक,वाणी,विराट् र चर्चनीसमेतको गहन अध्ययन गर्नुभएको छ । उहाँ लेखक तथा कविहृदयका साहित्यकार हुनुहुन्छ । उहाँका लेख तथा कविताहरू प्रणामी धर्म पत्रिकामा करीब ४० वर्ष पूर्वदेखि प्रकाशित देख्न पाइन्छ । २०२३तिर उहाँले "उज्यालो"नामक त्रैमासिक धार्मिक पत्रिका श्रीकेशवप्रसाद आचार्यका सहसम्पादनमा आफू प्रधान सम्पादक भएर केही अंक प्रकाशित गर्नुभयो ।

उहाँको कृति:-"निजानन्दकथामृत" २०२४ सालमा प्रकाशित भएको छ । यो पुस्तक गद्यमा लेखिएको नेपाली वीतक हो । यसमा विद्वान् लेखक महोलयले श्रीनिजानन्द सम्प्रदायको संक्षेपमा पूर्ण वृत्तान्तको उल्लेख गरी गागरमा सागर भर्ने काम गर्नुभएको छ । यस धार्मिक ग्रन्थका अतिरिक्त उहाँले "गोरखाको सवाई" र "परिचय"भन्ने दुई काव्यको पनि रचना गरी प्रकाशित गर्नुभएको पाइन्छ । उहाँका दीक्षा-गुरु श्रीमती सेनबाई माताजी हुनुहुन्छ । हाल उहाँ उत्तर बङ्ग विश्वविद्यालयमा नेपाली विभागको प्रमुख पदमा रहनुभएको छ ।

५२. श्रीलक्ष्मीकान्त शर्मा निरौला :- उहाँको जन्म वि.सं.२००७ सालमा आसाम शोणितपुर जिल्लान्तर्गत रांशाली बटियामारीमा माता श्रीमती चन्द्रबाई र पिता श्रीबलभद्र निरौलाका सुपुत्रका रूपमा भएको हो । प्रारंभिक शिक्षा स्थानीय पाठशालामा सम्पन्न भयो र हिन्दीमा "प्रवीण" गर्नुभएको हो । उहाँ भाइमा कान्छा हुनहुन्छ । जम्मा दुई भाइ र दिदी बहिनीहरू चार जना रहेछन् ।

उहाँका धार्मिक लेखादि पहिलेदेखि नै पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको बुझिन्छ । २०४१ सालमा "निजानन्द प्रदीप"नामको धार्मिक पत्रिका उहाँकै सम्पादनमा प्रकाशित भएको हो ।"पूर्वाञ्चल श्रीकृष्णप्रणामी धर्म-परिषद्"नामक संस्थाद्वारा प्रकाशित यस पत्रिकामा आसाम क्षेत्रका श्रीकृष्णप्रणामी धार्मिक संस्थाहरूको गतिविधि र प्रगतिको उल्लेख पाइन्छ । साथै केही लेखक - कविहरूका धार्मिक लेख-कविताहरू प्रकाशित छन् । श्रीनिरौलाजी हाल आसाममै हुनुहुन्छ ।

५३. श्रीवंशीदास थेबे :- उहाँको जन्म वि.सं १९८४ सालमा जि. ताप्लेजुङ आमेगुदिन-७, लासामा माता श्रीमती सुखरानी र पिता श्रीकीर्तिमान थेबेका सुपुत्रका रूपमा भएको हो । श्री थेबेजीको बाल्यकालको नाम नरध्वज थेबे हो र यही नामबाट साहित्यिक यात्रा शुरू गर्नुभएको बुझिन्छ ।

उहाँको सर्वप्रथम कृति लोकलयमा लेखिएको गीति काव्य "दिल लहरी" (२००६) हो । त्यसपछि आर्यसमाजमा प्रवेश गरी "वैदिक सत्संगको महिमा", "लक्ष्मी विनयमाला" र "नारी उपदेशरत्न" समेत तीन पुस्तकहरूको रचना गर्नुभयो । यस श्रीनिजानन्द सम्प्रदायमा प्रवेश गरेपछि "महा प्रभु मार्गदर्शन" र "ज्ञान ज्योति" नामका पुस्तकहरूको रचना गरी प्रकाशित गर्नुभयो । यसरी जम्मा छवटा साना-ठूला पुस्तकहरूको रचना गरेर उहाँले नेपाली साहित्यको सेवा गर्नुभएको देखिन्छ र आरम्भका दुईवटा पद्यमा र अरू चारवटा गद्यमा छन् ।

२०१३ सालमा उहाँ मणिपुरका यात्रामा निस्किनुभयो र त्यहाँ गएर पनि नेपाली समाजको नेतृत्व गरी २३ वर्षसम्म समाज-सेवामा संलग्न रहनुभयो । २०३६ सालमा थेबेजी पुनः जन्मभूमि नेपालमा आउनुभयो । वर्तमान उहाँ बारा जि.अन्तर्गत इनरुवा सिराहा गा.वि.स वार्ड नं ९ कंचनपुर भन्ने ठाउँमा घरवास गरी बस्नुभएको छ उहाँका श्रीकृष्णप्रणामी धर्मका दीक्षा-गुरु पं.श्रीमुक्तिनाथ खनाल हुनुहुन्छ ।

५४. सुश्री वसन्तप्रभा "तेलैजा"

उहाँको जन्म वि.सं. १९८६को पौष महीनामा कालेबुङ कमलकुटीरमा माता श्रीमती मनमाया र पिता श्रीनरबहादुर गुरुङकी सुपुत्रीका रूपमा भएको हो । उहाँको शिक्षा बालिका विद्यालयमा म्याट्रिक (एस.एल.सी.) पास हो । उहाँ धेरै कालसम्म प्रणामी बालिका विद्यालयमा शिक्षण-पेशामा संलग्न रहनुभयो र साथै सामाजिक कार्यमा पनि अत्यन्त परिश्रमपूर्वक खट्नुभयो । उहाँ पनि गुरुजीकै सान्निध्यमा धेरै कालसम्म अर्थात् गुरुजीका अन्तिम अवस्थासम्म रहनुभएको हो ।

उहाँका कृतिहरू (१) "सिन्धीवाणी" (नेपाली पद्यमा अनुवाद) २०३१मा प्रकाशित हो । यसमा महामति प्राणनाथजीका सिन्धी वाणीका सबै प्रकरणहरूको नेपालीमा पद्यानुवाद गरिएको छ । (२) "भजनावली" २०२७ सालमा प्रकाशित भएको हो । यसमा विभिन्न सन्तद्वारा रचित भजनहरू आफ्ना परमधामवासी पिता श्रीनरबहादुर (निश्चलदास) गुरुङका स्मृतिमा संग्रह गरी छपाउनुभएको छ । (३) "सामान्य ज्ञान" २०४३ सालमा र (४) "मंगल संस्मरण" २०५० सालमा प्रकाशित भयो यस पुस्तकमा गुरुजी मंगलदासजी महाराजद्वारा उपदेशित वचनहरू संस्मरणका रूपमा उद्धृत गरी सङ्कलन गर्नुभएको छ । उहाँका दीक्षा-गुरु गुरुजी श्रीमंगलदासजी महाराज हुनुहुन्छ ।

५५. श्रीमती शान्तिसिंह कट्टेल

उहाँको जन्म वि.सं. १९९० ज्येष्ठ महीनामा दार्जीलिङमा माता गौरी कुमाईं र पिता श्रीचन्द्रबहादुर (सी.बी.) कुमाईं शिवाकोटीकी जेठी सुपुत्रीका रूपमा भएको हो । उहाँको दार्जीलिङमै म्याट्रिकसम्मको शिक्षा हासिल भएपछि श्रीतीर्थबहादुर सिंह कट्टेलसित विवाह पनि भयो । उहाँ गुरुजी मंगलदासजी महाराजकी अत्यन्त निकटतम भक्त र लामो समय अर्थात् गुरुजीका अन्तिम अवस्थासम्म गुरुजीकै सान्निध्यमा रहने श्रद्धालु शिष्या हुनुहुन्छ । उहाँ सानै उमेरदेखि साहित्यमा रुचि राख्नु हुन्थ्यो र कलम पनि चलाउनुहुन्थ्यो । त्यसैले उहाँले आफ्नो साहित्यिक उपनाम "राही" राख्नुभयो । साहित्यसेवाका अतिरिक्त उहाँ अन्य सामाजिक कार्य तथा धर्म प्रचार-प्रसारमा पनि अति सक्रिय हुनुहुन्छ ।

उहाँको कृति "मंगल उपदेश-पत्र" २०२१सालमा उपनाम "राही"बाट नेपाली र हिन्दी भाषामा प्रकाशित भएको छ । यस पुस्तकमा गुरुजीले समय-समयमा श्रीसुन्दरसाथहरूलाई लेखेका पत्रहरूको सङ्कलन र संपादन गरिएको छ । यसका अतिरिक्त विभिन्न पत्र-पत्रिकाहरूमा नेपाली तथा हिन्दी भाषामा प्रशस्त लेख-रचनाहरू प्रकाशित छन् । उहाँ श्रीबाईजूराज संघकी अध्यक्ष्या पनि हुनुहुन्छ । उहाँका दीक्षा-गुरु गुरुजी मंगलदासजी महाराज नै हुनुहुन्छ ।

५६. श्रीश्यामदास प्रसाईं

उहाँको जन्म वि.स. २००७ साल मंसीर १गते जिल्ला ताप्लेजुङअन्तर्गत सिनाममा माता श्रीमती नैनादेवी र पिता श्रीटंकप्रसाद प्रसाईंका ज्येष्ठ सुपुत्रका रूपमा भएको हो । शिक्षा का हकमा सानैउमेरमा भारतको मणिपुर राज्यमागई माध्यमिक स्तरसम्मको शिक्षा उतै पूरा गर्नुभयो र हिन्दीमा प्रकाशित हुने"प्रणामी धर्म पत्रिका","परमधाम" र नेपाली "उज्यालो" मा उहाँका सुमधुर काव्य (भजन)हरू प्रकाशित भएका छन् ।

उहाँका कृति:-"श्रीप्रणामी भजन-लहरी" २०५४ मा प्रकाशित भएको छ । यस भजन-लहरीमा श्रीकृष्ण परमात्माप्रति समर्पित भई यस भवसिन्धुबाट पार लगाउनुहोस् भनी गरिएका आर्त-पुकारहरू संकलित छन् । साथै सम्पूर्ण आत्माहरूलाई श्रीसद्गुरु देवचन्द्रजी र महामति श्रीप्राणनाथजीद्वारा दिएका दिव्य सन्देशहरू हृदयंगम गरी जागृत होऊ भनी सल्लाह दिएको छ र सात्विक आहार-विहार गर्न जोड दिएको छ । यसभन्दा अघि पनि उहाँले यही नाममा हिन्दी भाषामा रचना गरी भजन-संग्रह २०२७ सालमा प्रकाशित गर्नुभएको थियो । उहाँका दीक्षा-गुरु पं.श्रीमुक्तिनाथ खनालज्यू हुनुहुन्छ । श्रीगुरुजीले श्रीकृष्णप्रणामी मन्दिर प्रसाईंबस्ती, मणिपुरमा दीक्षा दिनुभएको हो । श्री प्रसाईंजी हाल काठमाण्डौमा रही स्वतन्त्र व्यवसाय गरिरहनुभएको छ ।

५७. श्रीसुरेन्द्र पौडेल "आनन्द"

उहाँको जन्म वि.सं. २०१० सालमा काठमाण्डौको बाँसबारी (चक्रपथ) मा माता श्रीमती मंगलादेवी र पिता श्रीराजबहादुर पौडेलका कनिष्ठ सुपुत्रका रूपमा भएको हो । उहाँले सानै उमेरमा तीर्थाटनमा निस्किई श्री ५ नौतनपुरी धाममा रहेर धेरै वर्षसम्म निजानन्द प्रिण्टिङ्ग प्रेसमा काम गर्नुभयो र आफ्नो धार्मिक अध्ययन पनि बढाउनुभयो । त्यस अवधिमा उहाँले हिन्दी, नेपाली र गुजराती पत्र-पत्रिका र पुस्तकहरूको सम्पादन पनि गर्नुभयो । उहाँले सम्पादन गरेका हिन्दी पुस्तकहरू "धरम करम" (काव्य संग्रह) २०३३ मा र पं. श्रीकृष्णदत्त शास्त्रीद्वारा

लिखित "सम्प्रदाय सिद्धान्त" २०३६मा प्रकाशित भएका छन्। अरु पुस्तकाकारमा निकालेको हिन्दी पुस्तकहरू यस प्रकारछः- "मानव आचार संहिता" २०५३।

उहाँका नेपाली कृतिहरूमा परम मानव धर्म -२०५४, हितोपदेश (नेपालीमा अनुवाद) - २०५४ छन्। यही २०५३ सालदेखि आफ्नै सम्पादन र प्रकाशनमा आफ्नै निवासबाट "परमार्थ"नामक धार्मिक पत्रिका निकाल्दैहुनुहुन्छ। प्रस्तुत पत्रिकाले जनमानसमा अहिंसा र सदाचारको सन्देश पुऱ्याउँदछ। उहाँका दीक्षा-गुरु श्रीयुगलदास महाराज हुनुहुन्छ। उहाँ अहिले आफ्नै जन्मस्थानमै हुनुहुन्छ।

५८. पं.श्रीसूर्यभक्त सापकोटा

उहाँको जन्म वि.सं. १९८५ मंसीर ६ गते इलाम जिल्लाअन्तर्गत गोर्खे-४मकरजुङमा माता श्रीमती लीलावती र पिता श्रीयज्ञनिधि सापकोटाका साइँला सुपुत्रका रूपमा भएको हो। उहाँले भारतका वृन्दावन,बनारस आदि तीर्थस्थलमा भ्रमण गरी श्रीमद्भागवतको अध्ययन तथा श्रीमत्तारतम वाणीको स्वाध्ययन गर्नुभएको हो। उहाँ श्रीकृष्णप्रणामी धर्मका एक भागवत-वक्ता तथा प्रचारक हुनुहुन्छ।

उहाँको कृति "संन्यासको विधान" २०५१ सालमा प्रकाशित भएको छ। यस पुस्तकमा वेदोपनिषद्का प्रमाणसहित असल संन्यासी र उसको संस्कार-पद्धति कस्तो हुन्छ भन्ने तथ्य दर्शाइएको छ। उहाँका "हिन्दु दिग्दर्शन" र "श्रीकृष्ण तथा ओम दिग्दर्शन" अप्रकाशित पुस्तकहरू पनि छन्। उहाँका दीक्षा-गुरु पं. हिमकर शास्त्रीज्यू हुनुहुन्छ। उहाँ झापाको बुधवारेमा रहनुहुन्छ।

५९. श्रीस्वदेशानन्द

उहाँको जन्म वि.सं. २०२१ साल असोज १४ गते भारत, नागाल्याण्ड डिमापुरको गोलाई बस्तीमा माता श्रीमती चन्द्रकला र पिता श्रीरघुनाथ रेग्मीका सुपुत्रका रूपमा भएको हो। उहाँको बाल्यकालको नाम कमलप्रसाद रेग्मी हो। उहाँ हिन्दू धर्मका एक प्रखर वक्ता र कुशल प्रचारक हुनुहुन्छ।

उहाँका कृतिहरू (१)"हिन्दूत्व माथि राजनैतिक आक्रमण" २०५१ सालमा प्रकाशित भएको छ । (२) "ब्रह्मणवाद र मंगोलवाद हिन्दूत्वको लागि अभिशाप" २०५२ मा प्रकाशित भयो । यसमा जातीय भेदभाव र रूढीवादी कर्मकाण्डको विरोध गर्दै हिन्दू संस्कारभित्र रहेका विकृतिहरूलाई पूर्णरूपले हटाउनुपर्छ भन्ने कुरा शास्त्रीय प्रमाणसहित प्रस्तुत गर्नुभएको छ । यिनका अतिरिक्त "नेपाली धर्म संहिता" नामक पत्रिकाको पनि उहाँले सम्पादन तथा प्रकाशन गर्नुभएको छ । उहाँका दीक्षा-गुरु सन्त श्रीसदानन्दजी महाराज हुनुहुन्छ । हाल उहाँ श्रीकृष्णप्रणामी मन्दिर सिलिगुडी प्रणामीनगरमा हुनुहुन्छ ।

६०.श्रीज्ञानदास श्रेष्ठ "राजयोगी"

उहाँको जन्म वि.सं.१९९०साल असार ५गते का.प. जिल्लाकै बनेपामा माता श्रीमती पद्मबाई र पिता श्रीलालदास श्रेष्ठका साइँला सुपुत्रका रूपमा भएको हो । उहाँले सानै उमेरदेखि तीर्थतिरै रहेर वाणी, वीतक, विराट् र चर्चनीको गहिरो अध्ययन गर्नुभएको हो । अध्ययनपछि नेपालमा आएर धर्म-प्रचारमा संलग्न रहँदै आउनु भएको छ ।

उहाँका कृतिहरू (१) "परमधाम परिक्रमा" (पद्यमा) २०२९सालमा, (२) "प्राणनाथ भजनमाला" (पद्यमा) २०३०मा, (३) "तारतम सागरको फूल्" (पद्यमा), (४) सेवापूजा (भावानुवाद) २०३९सालमा प्रकाशित भएकाछन् । यी सबै पुस्तकहरूमा निजानन्द सप्रदाययको प्रचार-प्रसार गर्ने र सिद्धान्त दर्शाउने लक्ष्य लिएको बुझिन्छ । उहाँका दीक्षा-गुरु श्रीवृजदास वज्गाई हुनुहुन्छ । वर्तमान बनेपामै उहाँको बसोवास छ ।

उपर्युक्त महानुभावहरूका अतिरिक्त यसै सम्प्रदायका विषयमा एक महत्वपूर्ण पुस्तक लेख्ने लेखक हुनुहुन्छ जसको परिचय प्राप्त हुन सकेन, केवल नाम प्राप्त भएको छ, जस्को नाम पं.श्रीमीननाथ अधिकारी हो । पं.श्रीमीननाथ अधिकारीले "पशु-पुकार र अहिंसा"नामको पुस्तक छन्दोबद्ध (सिलोक) मा वि.सं. २०५०मा प्रकाशित गर्नुभएको छ । यस पुस्तकमा हामीलाई नकाट, नमार, हामीमाथि दया गर भन्ने पशुहरूको मानव जातिसमक्ष पुकार गरेको ब्यहोरा पाइन्छ । साथै "अहिंसा"व्रतमा रही भक्ति-भाव राख्नमा जोड दिएको छ ।

माथिका सम्प्रदाय सम्बन्धी पुस्तक पुस्तिका लेख्ने श्रीकृष्णप्रणामी साहित्यकारहरू बाहेक वरिष्ठ विद्वान् सम्माननीय डा. स्वामी प्रपन्नचार्यज्यू पनि समय-समयमा विभिन्न पत्र-पत्रिकामा प्रणमी धर्मसम्बन्धी शोधमूलक लेखहरू लेख्नुका साथै सम्प्रदायका माङ्गलिक महोत्सवहरूमा समेत सम्मिलित भई पथ-प्रदर्शन गर्दै आउनुभएको छ र प्रथम मंगल पुरस्कारद्वारा सम्मानित हुनुभएको छ ।

समय-समयमा भजनहरूको रचना गर्ने र लेख-कवितादि विभिन्न पत्र-पत्रिकामा प्रकाशित गर्ने नेपाली श्रीकृष्णप्रणामी लेखक-कविहरू समाजमा सयकडौं हुनुहुन्छ । यहाँ खोजी गर्दा भेटेसम्म विद्वान् लेखक-कविहरूको नाम उल्लेख गरेको छु । जस्तै :-

१.	श्रीभीम शर्मा फुँयल	इटहरी, सुनसरी
२.	श्री केशवप्रसाद आचार्य	विराटनगर मोरङ्ग
३	श्रीरत्नदास लामीछाने "रतनसखी"	सिंग्रिमताम, दार्जेलिङ
४	श्रीबलीदास बस्नेत	सुनाकोठी, ललितपुर
५	श्रीबसन्तदास बस्नेत	मदिराहाट, जलपाईगुडी
६	श्रीभीमप्रसाद खरेल	मदिराहाट, जलपाईगुडी
७	श्रीप्रभात खरेल	मदिराहाट, जलपाईगुडी
८	श्रीगजेन्द्र खरेल	मदिराहाट, जलपाईगुडी
९	श्रीश्याम खरेल	श्रणामती, झापा
१०	श्री भोजराज खरेल	थर्पु, सिक्किम
११	श्रीकमलप्रसाद अधिकारी	गान्तोक सिक्किम
१२	श्रीलीलाप्रसाद सापकोटा	धुलाबारी, झापा
१३	श्रीलोकनाथ दहाल	बुधबारे, झापा
१४	शास्त्री प्रेम घिमिरे	इटहरी, सुनसरी
१५	शास्त्री प्रकाशचन्द्र घिमिरे	जामनगर, गुजरात
१६	श्रीबसन्त उप्रेती	सिलिगुडी, दार्जेलिङ
१७	श्रीचन्द्रकौशिक रेग्मी	सिलिगुडी, दार्जेलिङ
१८	श्रीदाताराम रिजाल	धुलाबारी,झापा
१९	श्रीगोकुल क्षेत्री	राङशाली, आसाम
२०	श्रीगोपाल ढुंगेल	राङशाली, आसाम
२१	श्रीश्यामकिशोर कट्टेल	सुक्लाई, आसाम

२२	श्रीरुद्रमणि प्रधान	कालेबुङ- दार्जीलिङ
२३	श्रीखुबीलाल शर्मा	राङशाली, आसाम
२४	श्रीमदन रिजाल	राङशाली, आसाम
२५	श्रीमंगलचन्द्र शर्मा कट्टेल	तेजपुर, आसाम
२६	श्रीतारतमज्योति (आचार्य)	सूरत, गुजरात
२७	श्रीकमलप्रसाद उपाध्याय काफ्ले	
२८	श्रीपारसमणि(ठाकुर) सुवेदी पन्ना	मध्य प्रदेश
२९	श्रीशरणानन्द दहाल	कालेबुङ, दार्जेलिङ
३०	श्रीप्रेमकुमार बस्नेत	कालीझोडा, दार्जेलिङ
३१	श्रीसुजित थापा	मङपु, दार्जेलिङ
३२	श्रीललित राई	पेशोक, दार्जेलिङ
३३	श्रीकिरण गुरुङ	मङमाया, दार्जेलिङ
३४	श्रीएच. उपाध्याय(पं.हेमलाल लुईटेल)	सिलिगुडी, दार्जेलिङ
३५	श्रीदिवाकर "बेहोशी"	जिङलाम, दार्जेलिङ
३६	श्रीमधुसुदन सुब्बा "प्यासी"	तकभर, दार्जेलिङ
३७	श्रीदेवराज खनाल "अनुरागी"	कालेबुङ, दार्जेलिङ
३८	श्रीराधेश्याम सापकोटा "वैरागी"	धुलाबारी, झापा
३९	श्रीगणेश आचार्य "भुत्लुङ"	राजघाट, मोरङ
४०	श्रीमुक्ति गौतम	प्रसाई बस्ती, मणिपुर
४१	श्रीअविचन्द्र घिमिरे	प्रसाई बस्ती, मणिपुर
४२	श्रीभवानी घिमिरे	सुक्लाई, आसाम
४३	श्रीझुमर सापकोटा	सुक्लाई, आसाम
४४	श्रीओमप्रकाश उप्रेती	सूरत, गुजरात
४५	श्रीगोपाल प्रसाद अधिकारी	श्रणामती, झापा
४६	श्रीमेघ बस्नेत	शनिश्चरे, झापा
४७	श्रीज्ञानदास खतिवडा	जिरौना, रौतहट
४८	श्रीछवीलदास खतिवडा	मदारीहाट जल्पाईगुडी
४९	श्रीटहलदास कट्टेल भारद्वाज	चारपाने, झापा
५०	श्रीतेजेन्द्र उपाध्याय	शिलापत्थर, आसाम
५१	श्रीटहलकिशोर ब्रह्मचारी नेउपाने	सिलिगुडी, दार्जेलिङ
५२	श्रीचन्द्रप्रसाद नेउपाने	पृथ्वीनगर, झापा

५३	श्री तिलकराज पौडेल	काठमाण्डौ
५४	श्रीनवलकिशोर पन्त	काठमाण्डौ
५५	श्रीसुरेन्द्र दाहाल"सौरभ"	नजरपुर, रौतहट
५६	श्रीश्याम दाहाल	नजरपुर, रौतहट
५७	श्रीकृष्णमणी दाहाल	सिमरा, बारा
५८	श्री लक्ष्मण सत्याल	वानेश्वर, काठमाण्डौ
५९	श्रीबद्रीबहादुर कार्की	भक्तपुर
६०	श्रीकृष्णप्रसाद सापकोटा	नजरपुर, रौतहट
६१	श्रीमती वर्षा खाती	काठमाण्डौ
६२	श्रीमाधव प्रसाद पोखेल	काठमाण्डौ
६३	शास्त्री हिमकर सापकोटा	धुलाबारी, झापा
६४	श्रीकृष्णगोविन्द ओझा	इटहरी, सुनसरी
६५	श्रीप्रेमदास उपाध्याय घिमिरे	भद्रपुर, झापा
६६	श्रीतिलक प्याकुरेल	भद्रपुर, झापा
६७	रुद्रमणी प्रधान	कालेबुङ, दार्जेलिङ
६८	श्रीजगत बहादुर सुब्बा	कालेबुङ, दार्जेलिङ
६९	श्रीपशुपति शर्मा मैनाली	सुक्लाई, आसाम
७०	श्रीअर्जुन पौडेल	बैगुनधुरा, झापा
७१	श्री विनोद कुमार शर्मा भट्टराई	अत्तरिया, कञ्चनपुर
७२	श्रीगुरुप्रसाद दहाल	मादी, संखुवासभा
७३	श्रीश्यामानन्द ब्रह्मचारी खतिवडा	सिलिगुडी, दार्जेलिङ
७४	पं.श्रीभवानी शंकर सापकोटा	बरबोटे, इलाम
७५	श्री के.एन्. अधिकारी	कालेबुङ, दार्जेलिङ
७६	श्रीभीम प्रणामी, कालेबुङ	कालेबुङ, दार्जेलिङ
७७	श्रीमहेन्द्र अधिकारी	कालेबुङ, दार्जेलिङ
७८	श्रीदीर्घराज भारद्वाज	कालेबुङ, दार्जेलिङ
७९	पु.श्रीहंसदास प्रणामी (गौतम)	सिलिगुडी, दार्जेलिङ
८०	श्रीनवराज शर्मा पौडेल	सिलिगुडी, दार्जेलिङ
८१	श्रीघनश्याम फुयल	इटहरी, सुनसरी
८२	श्रीशरण गुरुङ घोण्डे	कालेबुङ, दार्जेलिङ
८२	श्रीहरिप्रसाद तिम्सिना	हेटौडा नेपाल
८४	श्री सी.पी. शर्मा	कालीमाटी, काठमाण्डौ

८५	श्रीटीकनाथ धिताल	लिङसे
८६	पं. श्रीटीकानन्द उपाध्याय नेपाल	श्री५नवतनपुरी धाम, जामनगर
८७	शास्त्री हरिप्रसाद शर्मा आचार्य	श्री५नवतनपुरी धाम, जामनगर
८८	शास्त्री कुवेरदत्त शर्मा गुरागाई	श्री५नवतनपुरी धाम, जामनगर
८९	डा. सिद्धिराज निरौला	जामनगर, गुजरात
९०	डा. भगीराज निरौला	जामनगर, गुजरात
९१	डा.भगीरथगौतम (गुरुशरणदास)	जामनगर, गुजरात
९२	शास्त्री जगतप्रसाद बराल	जामनगर, गुजरात
९३	शास्त्री कृष्णप्रसाद आचार्य	जामनगर, गुजरात
९४	श्रीखगेन्द्रनाथ कट्टेल	बम्बई
९५	श्रीमोहनप्रसाद ओझा	पन्ना म.प्र.
९६	श्रीरामप्रसाद शर्मा घोरसाई	हेटौंडा
९७	श्रीश्याम घिमिरे	वीरगञ्ज
९८	श्रीजीवन सापकोटा	धुलावारी, झापा
९९	श्रीधुब्रप्रसाद आचार्य	पोखरिया, मोरङ
१००	श्रीदौलथ बस्नेत	मिरिक , दार्जीलिङ
१०१	श्रीमती डम्बरकुमारी पौडेल	ग्वान्द्राङ
१०२	श्रीश्यामकिशोर कट्टेल	राङशाली , आसाम
१०३	श्रीरामकिशोर कट्टेल	सुक्लाई, आसाम
१०४	श्री हरिप्रसाद बज्गााई	
१०५	पं. श्रीनवलकिशोर आचार्य	सलकपुर, मोरङ
१०६	श्रीशंकर शास्त्री	हरिद्वार
१०७	श्रीभुपेन्द्र अधिकारी	देहरादुन
१०८	श्रीहरिप्रसाद कोईराला	कालेबुङ, दार्जीलिङ

उपर्युक्त श्रीकृष्णप्रणामी धर्मका बारेमा कलम चलाँउने महानुभावहरूका अतिरिक्त स्वतन्त्र रूपमा साहित्यिक पुस्तक-पुस्तिकाहरू प्रकाशित गर्ने श्रीकृष्णप्रणामी कवि-लेखकहरू पनि हुनुहुन्छ उहाँहरूको छोटो परिचय निम्न बमोजिम छ ।

श्रीकृष्णप्रणामी स्वतन्त्र साहित्यकार र उनका कृतिहरू

१.श्रीकृष्णप्रसाद खतिवडा

उहाँको जन्म वि.सं. २००६पौष ८ गते जिल्ला सिन्धुपाल्चोकअन्तर्गत भोटेचौर गा.वि.स. वडा नं ७ का सुन्दरज्योतिष गाउँमा माता श्रीमती दुर्गादेवी र पिता श्रीखगेन्द्रप्रसाद खतिवडाका काइँला सुपुत्रका रूपमा भएको हो । उहाँले माध्यमिक स्तरको शिक्षा श्रीजालपादेवी मा.वि. मा पूरा गरी शाहीसेनामा भर्ना भएर सैनिक शिक्षालयबाट प्रथम श्रेणीमा आई.ए.गर्नुभएको हो ।

उहाँले धर्मशास्त्रहरूको गहिरो अध्ययन गर्नुभएको छ र लेखन कार्यमा पनि समय-समयमा कलम चलाउनुभएको छ । हाल उहाँले "अष्टावक्र गीता"को छायानुवाद गरी २०५५ मा प्रकाशित गर्नुभएको छ । उहाँ विशेष सामाजिक सेवामा रुचि राख्नुहुन्छ र हाल श्रीकृष्णप्रणामी सेवा सम्मितिको केन्द्रीय अध्यक्ष पनि उहाँ नै हुनुहुन्छ । वर्तमानमा श्रीनवतन धामको संस्थापक अध्यक्ष पदमा रही निर्माण-कार्य गर्न गराउन उहाँ तन, मन र धनसहित लागिपर्नु भएको छ । उहाँका दीक्षा-गुरु श्रीऋषीश्वर घिमिरे हुनुहुन्छ ।

२.श्रीचन्द्रकिशोर (सी.के) श्रेष्ठ

उहाँको जन्म वि.सं. २००४ साल ज्येष्ठ महीनामा दार्जीलिङ जिल्लान्तर्गत कालेबुङमा माता जयवन्ती रूथ र पिता श्रीएस्.एन् श्रेष्ठका सुपुत्रका रूपमा भएको हो । उहाँले बी.एस्सी. र बी. टी. मम्मको शिक्षार्जन गरी केही वर्षसम्म शिक्षक भै सेवा गर्नुभयो । त्यसपछि उहाँ केही काल राजनीतिमा पनि सक्रिय रहनुभएको बुझिन्छ तर उहाँको प्रमुख विषय साहित्य र पत्रकारिता नै हो । नाटकमा उहाँद्वारा रचित नाटकहरू "मुगल साम्राज्यमा एक दिन", "अनि भालेमुंग्रो रुन्छ", "मलाई सब थाहा छ", "हाम्रो लब्स्टोरी" , "अन्धाले सपना देख्छ के?" आदि आफ्नै निर्देशनमा मञ्चन गरिसक्नुभएको छ । नेपाली फिल्म

क्षेत्रमा उहाँले कथा, पटकथा, संवाद र गीत लेख्नुभएको छ । "नयाँ बिहानी" (टेलिफिल्म) र तृष्णा (फिचर फिल्म) उहाँका चलचित्रका कृतिहरू हुन् । तृष्णाका गीतहरू उहाँकै हुन् ।

नेपाली पत्रकारितामा उहाँ एक अब्बल दर्जाका पत्रकार हुनुहुन्छ । उहाँले "अब" (पाक्षिक), "हिमाली बेला", "आराधना" आदि लोकप्रिय पत्रिकाहरूको सम्पादन गर्नुभएको छ । उहाँका प्रकाशित साहित्यहरूमा "नारद उवाच", "दार्जीलिङमा भानुजयन्तीको नाकनिक" र "हाम्रो लब्स्टोरी" आदि हुन् ।

श्रीसी.के. श्रेष्ठ एक विशिष्ट कवि र असल प्रवक्ता पनि हुनुहुन्छ । हास्य व्यंग्यकार र वाक्पटु श्रीश्रेष्ठ समाजसेवा, साहित्य र संस्कृति प्रति हुरुक्कै भई साम्प्रदायिक सद्भावना चाहनुहुन्छ ।

श्रीश्रेष्ठ भारतीय नेपाली राष्ट्रिय परिषद्मा सचिव हुनुहुन्छ र नेपाली भाषाको संवैधानिक मान्यताको मागको संघर्षलाई सफल लुल्याउने भाषासंग्रामी वरिष्ठ योद्धाहरूमध्ये एक हुनुहुन्छ । नेपाल (काठमाण्डौ) मा भएको प्रथम चलचित्र प्रतियोगितामा तृष्णा चलचित्रमा १९९२को सर्वश्रेष्ठ पटकथाकारका रूपमा समेत उहाँ पुरस्कृत हुनुभएको छ । उहाँका दीक्षा-गुरु गुरुजी श्रीमंगलदासजी महाराज हुनुहुन्छ र हाल उहाँ तोपखाना कालेबुङमा रहनुहुन्छ ।

३. श्रीजगदीशचन्द्र खरेल

उहाँको जन्म वि.स. १९९४ मा दार्जीलिङ जिल्लान्तर्गत पोख्रेबुङ बस्तीमा माता श्रीमती सुभद्रा खरेल र पिता श्रीअगमदास खरेलका ज्येष्ठ सुपुत्रका रूपमा भएको हो । उहाँले माध्यमिक स्तरसम्मको शिक्षा आर्जन गरी केही वर्ष शिक्षक पेशा अपनाउनुभयो । उहाँका धार्मिक कृतिहरू पुस्तकाकारमा प्रकाशित नभए तापनि उहाँद्वारा विरचित प्रशस्त भजन तथा लेखहरू प्रणामी समाजमा लोकप्रिय भएका छन्, उहाँ स्वयं कलाकार पनि हुनुहुन्छ ।

धार्मिक कृतिहरूका अतिरिक्त उहाँका स्वतन्त्र साहित्यिक कृतिहरू विभिन्न पत्र-पत्रिकाहरूमा अघिदेखि नै कथा, कविता र नाटकका रूपमा

प्रकाशित भएका छन् । उहाँले आफू प्रधान सम्पादक भएर डूवर्सबाट "हाम्रो ध्वनि" र "पसीना" साहित्यिक सङ्कलन पनि प्रकाशित गर्नुभएको थियो । उहाँका दीक्षा-गुरु ब्रह्मलीन गोस्वामी श्रीसदानन्दजी महाराज(लालवावु मिश्र) हुनुहुन्छ । वर्तमान उहाँ बंगाल, जलपाईगुडी जिल्लाको मदारीहाटअन्तर्गत पूर्व खरेलबाडी, अगमनगरमा स्वतन्त्र पेशा (खेती) गरी बस्नुभएको छ ।

४. श्रीतिलकराज शर्मा पौडेल

उहाँको जन्म वि.सं.. २०११ साल आश्विनमा तनहूँ जिल्लान्तर्गत माता श्रीमती रत्नमाया र पिता श्रीजीवननाथ पौडेलका सुपुत्रका रूपमा भएको हो । उहाँले एम्.ए (स्नातकोत्तर) सम्म अध्ययन गर्नुभएको छ । उहाँ २०२८ सालदेखि हास्य व्यंग्यात्मक निवन्धलेखनमा लाग्नुभएको आधुनिक पुस्ताका क्रियाशील निबन्धकार हुनुहुन्छ । श्रीकृष्णप्रणामी धर्मसन्दर्भमा उहाँका लेख, कविता र भजन पत्र-पत्रिकामा प्रकाशित छन् । स्वतन्त्ररूपमा उहाँको आफ्नै दखल भएको हास्य व्यंग्य विधामा "पार्टी खोल्ने धुनमा" हास्य व्यंग्य संग्रह २०५२को गाईजात्राका सन्दर्भमा प्रकाशित भएको छ । स्वधर्मका बारेमा पनि पुस्तकहरू छपाउनुहोला भनी श्रीतिलकजीसित हामी आशा राख्तछौं । उहाँका दीक्षा-गुरु श्रीवृन्दावन सुवेदी हुनुहुन्छ र हाल उहाँ शहीद स्मृति बहुमुखी क्याम्पस रत्ननगर, चितवनमा सह प्रशासक पेशामा हुनुहुन्छ ।

५. श्रीतुलसीदास श्रेष्ठ

उहाँको जन्म वि.सं.१९९५साल मंसीर८ गते इलाम जिल्लान्तर्गत शान्तिपुरमा माता श्रीमती जानुकादेवी र पिता श्रीरामनारायण श्रेष्ठका सुपुत्रका रूपमा भएको हो । उहाँले दार्जीलिङको टर्नबुल हाईस्कूलमा माध्यमिक स्तरको शिक्षा पूरा गर्नुभएको हो । त्यसपछि नेपालमै रहेर शिक्षक पेशामा लगभग ३५ वर्ष काम गर्नुभई हाल अवकाश प्राप्त गरेर बस्नुभएको छ ।

उहाँले पुस्तकाकारमा "एकशिक्षक" (उपन्यास) २०३५मा र "अतीत दोहोरिन्छ" (कथा) २०५०मा प्रकाशित गर्नुभएको छ । यी पुस्तकका अतिरिक्त मुक्तक लेख र भजनहरू पनि पत्रपत्रिकामा प्रकाशित भएका छन् । उहाँका दीक्षा-गुरु पं.हिमकर सापकोटाज्यू हुनहुन्छ । हाल उहाँ सुरुङ्गामा रहनुभएको छ ।

६. श्रीतुलसीराम शर्मा "कश्यप":

उहाँको जन्म वि.स. १९९६ साल माघ महीनामा पूर्व सिक्किमको छुजाचेनअन्तर्गत पामबस्तीमा माता श्रीमती कौशल्यादेवी र पिता श्रीचन्द्रलाल शर्मा अधिकारीका काइँला सुपुत्रका रूपमा भएको हो । उहाँले प्रारंभिक शिक्षा रंगेलीमा शुरू गरी नाम्चीमा माध्यमिक स्तरको शिक्षा पूरा गरेर उत्तर बङ्गाल विश्वविललयबाट बी. ए. उत्तीर्ण गर्नुभएको हो । उहाँ सिक्किमका राजनीतिमा विधान सभाका सभामुख र मन्त्रीसम्म हुनुभयो ।

उहाँले श्रीकृष्णप्रणामी धर्मका बारेमा कुनै पुस्तक लेख्नुभएको पाइँदैन तापनि स्वतन्त्र साहित्यका रूपमा महाकाव्यहरू, खण्डकाव्य, उपन्यास, कथा, कविता आदि धेरै पुस्तक पुस्तिकाहरू लेखी प्रकाशित गर्नुभएको छ । जस्तै १. आँकुरा(कवितासंग्रह)ई.१९६५, २. संसार यस्तै रहेछ (कथासंग्रह) ई.१९६६, ३. कलाकमल (खण्डकाव्य) ई १९६७, ४. जन्मभूमि (महाकाव्य) ई. १९८६, ५. तस्वीर (कथासंग्रह) ई. १९८७, ६. संकल्प (उपन्यास) ई.१९८८, ७. आमा (महाकाव्य) ई. १९८८ ८.ऋतुराग (खण्डकाव्य ई १९८९, ९.स्वर्गमा नेहरू (नाट्य लेख) ई. १९८९, १०. अनुराग (खण्डकाव्य) ई. १९९०, ११. कल्पना (नि.सं) ई. १९९१, १२. साँझदेखि साँझसम्म (नाटक), १३. मन्थन (महाकाव्य) ई. १९९३ । यसरी उहाँले नेपाली साहित्यको ढिकुटी भर्न धेरै सधाउ पुऱ्याउनुभएको छ । उहाँको "आमा" महाकाव्य दिल्लीको "साहित्य अकादमी" पुरस्कार प्राप्त गर्न सफल भएको छ । यस प्रकार तीन-तीन महाकाव्य सहित दर्जनौं पुस्तकका लेखक कवि कश्यपज्यूका कलमले स्वधर्म सम्बन्धमा भने कुनै पुस्तक लेख्न भ्याएन । उहाँका दीक्षा-गुरु श्रद्धेय गुरुजी मंगलदासजी महाराज हुनुहुन्छ । उहाँको धामगमन २०५४ माघ २६ गतेका दिन भयो ।

७. क्याप्टेन दलबहादुर सिंह

उहाँको जन्म वि.सं. १९७१मा कात्तिक १५ गते ललितपुर जिल्लाअर्न्तगत कुपण्डोलमा माता श्रीमती नरमाया र पिता श्रीटीकाराम सिंहका सुपुत्रका रूपमा भएको हो । उहाँले प्राथमिक शिक्षा दार्जिलिङको ईशाई मिशनबाट आरम्भ गरी म्याट्रिक पास गर्नुभयो । त्यसपछि सैनिकमा भर्ना भै अध्ययन जारी राख्दै क्याम्ब्रिजसम्म पढ्नुभयो । साथै यसै जागीरमा क्याप्टेनसम्म हुनुभयो । पछि जागीरबाट अवकाश लिई नेपालमा आएर शिक्षक पेशामा बूढानीलकण्ठ बोर्डिङ्ग स्कूलमा एक दशकसम्म काम गर्नुभयो । यसै बीचमा सामाजिक सेवामा पनि उत्तिकै संलग्न रही धेरै ठाउँमा विद्यालयहरूको स्थापना गर्नुभयो ।

उहाँले साहित्यिक क्षेत्रमा पनि कलम चलाएको पाइन्छ । विभिन्न पत्र-पत्रिकामा लेख-रचनाहरू प्रकाशित गर्नुका साथै दुईवटा पुस्तक समेत प्रकाशित गर्नुभएको छ ।१."त्रिरत्न"र २."नारीरत्न"नामका पुस्तकहरू छन् । उहाँका दीक्ष-गुरु गुरुजी श्रीमंगलदासजी महाराज हुनुहुन्छ । हाल उहाँ जन्मस्थलमै हुनुहुन्छ ।

८. श्रीमोहन दुखुन

उहाँको जन्म वि.सं. २००१ सालमा बंगालको कालेबुङअन्तर्गत पैयुँ बस्तीमा माता श्रीमती हस्तमाया र पिता श्रीजसबहादुर दुखुन (राई) का सुपुत्रका रूपमा भएको हो । उहाँको शिक्षा बी.ए , एल्. एल्. बी. हो र पेशा वकील (अधिवक्ता) हो । राजनीतिक क्षेत्रमा उहाँ पश्चिम बंगालको एम्.एल्. ए (विधायक) पनि हुनुभयो । श्रीदुखुनजीले पनि स्वतन्त्र रूपमा महाकाव्य लगायत निकै पुस्तकहरूको रचना गर्नुभएको छ । १.मन्दाकिनी (महाकाव्य) ई.१९८५,२. अन्तर जलन, ३. प्रेम एउटा अभिशाप, ४.मिलनको त्यो साँझ,५.चाँद नरहेको पूर्णिमा, ६.कर्तव्यता, ७.बौरा, ८.वश्वलाई शान्तिको गीत,९.परिवर्तन,१०. नागबेली इत्यादि । उहाँले पनि श्रीकृष्णप्रणामी धर्मसम्बन्धी पुस्तक लेख्न आजसम्म फूर्सद पाउनुभएको छैन । उहाँका दीक्षागुरु श्री माताजी प्रभावतीज्यू हुनुहुन्छ ।

९. श्रीमोहनप्रसाद घिमिरे

उहाँको जन्म वि.स.२००० साल ज्येष्ठ१६गते इलाम जिल्लान्तर्गत शान्तिपुर गाउँमा माता नैनकला र पिता मनोरथ घिमिरेका काइँला सुपुत्रका रूपमा भएकोहो ।उहाँले प्राथमिक शिक्षा-अध्ययन फुटुक गाउँको विद्यालयमा आरंभ गरी पछि बनारसबाट आई.ए.उत्तीण गर्नुभएको हो। उहाँ श्रीकृष्णप्रणामी धर्मका अनुयायी कवि हुनुहुन्छ। उहाँले २०१८ सालतिर शिक्षण पेशा पनि गर्नुभयो। उहाँ सानै उमेर देखि साहित्यतर्फ रुचि राखी कविता लेख्नुहुन्थ्यो र छन्दोबद्ध कविता लेख्न बढी रुचाउनुहुन्छ।

उहाँले "झापा अर्जुनधारा धाममहिमा"२०५४साल मकर संक्रान्तिमा प्रकाशित गर्नुभयो । साथै "पराग वसन्त "२०५४ का वसन्त पञ्चमीमा प्रकाशित भएको छ। उहाँका श्रीकृष्णप्रणामी धर्मसम्बन्धी र स्वतन्त्र लेख कविताहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका पाइन्छन् । उहाँका दीक्षा-गुरु शास्त्री श्रीव्रजदासजी पोखरेल हुनुहुन्छ। हाल उहाँ झापा शनिश्चरेमा रहनुभएको छ।

१०. श्रीराधावल्लभ उपाध्याय सापकोटा :उहाँको जन्म वि.सं. २००४ साल चैत्र२९गते पोखरास्थित माषबार(बैदाम)मा पिता श्रीपशुपति सापकोटाका सुपुत्रका रूपमा भएको हो । उहाँ पुस्तौंदेखि श्रीकृष्णप्रणामी हुनुहुन्छ र बाल्यकालमै सम्प्रदायका प्रमुख तीर्थस्थानहरू घुम्दै श्री५नवतनपुरीधाममा गएर अध्ययन गर्दैरहन लाग्नुभयो । उतै शास्त्री-परीक्षा उत्तीर्ण गरी केही वर्ष "प्रणामी धर्मपत्रिका"को सम्पादक पनि हुनुभयो। संस्कृत र हिन्दीमा भारतमै एम्.ए.उत्तीर्ण गरी नेपालमा आएर नेपालीमा समेत एम्.ए.गर्नुभयो। यसरी एम्.ए.त्रयगरेर श्रीराधा वल्लभजी श्रीपृथ्वीनारायण क्याम्पस पोखरामा सह प्राध्यापक भै अध्यापन गर्नुहुन्थ्यो।

उहाँले एक कुशल शिक्षक भएबापत महेन्द्र विद्याभूषण पदक पनि पाउनुभएको थियो । उहाँ विद्यावारिधि (पी.एच्. डी.) गर्ने सिलसिलामा काठमाण्डौ बस्ता वि.सं. २०४५ मा परमधाम जानुभयो।

उहाँको कृति "समाज भाषा विज्ञान" नामक भाषासम्बन्धी पुस्तक २०४३ मा प्रकाशित भएको छ । उहाँका गुरु श्रद्धेय बाबाजी श्रीलक्ष्मीदास घिमिरे हुनुहुन्छ।

११. श्रीविष्णुप्रसाद सापकोटा

उहाँको जन्म वि.सं. २००५ मा दक्षिण सिक्किमअर्न्तगत तुरुङ बस्तीमा माता श्रीमती पवित्रादेवी र पिता श्रीरघुनाथ सापकोटाका माइला सुपुत्रका रूपमा भएको हो । उहाँ बी.ए. बी.एड्. उत्तीर्ण गरी हाल सिक्कममै शिक्षक पेशामा कार्यरत हुनुहुन्छ र विभिन्न पत्र-पत्रिकामा लेख रचनाहरू प्रकाशित भएका छन् ।

उहाँले "मगन्ते" नामको हास्य व्यंग्यत्मक पुस्तक लेखी ई.सन् १९८४ मा प्रकाशित गर्नुभएको छ । उहाँका दीक्षा-गुरु श्रीराधाकृष्ण भट्टराई हुनुहुन्छ । हाल उहाँ सिक्किमको रानीपुलमा रहनुहुन्छ ।

१२. ज्ञानेन्द्र गदाल

उहाँको जन्म वि.सं. २०२० साल माघ ३ गते इलाम जिल्लाअर्न्तगत फिक्कल गा.वि.स. वडा नं. ६ फिक्कल बजारमा माता श्रीमती भक्तकुमारी र पिता श्रीचन्द्रबहादुर गदालका सुपुत्रका रूपमा भएको हो । उहाँले फिक्कलबाटै शिक्षा प्राप्त गर्न शुरू गरी त्रि.वि.विबाट स्नातकोत्तर (एम्. बी. ए.) को डिग्री प्राप्त गर्नु भएको छ । उहाँ एक भावुक कवि हुनुहुन्छ र उहाँको एउटा "आँखी झ्यालैमा " भन्ने गीत एल्बम प्रकाशित भएको छ । साथै अर्को एक आधुनिक गीत-संग्रह "मलाई छुने मन" भन्ने पुस्तक पनि २०५५ सालमै प्रकाशित हुँदैछ । उहाँले कविता तथा गीतहरूको रचना गरेवापत पटक-पटक विभिन्न पुरस्कारहरू र उत्कृष्ट गीत-रचनाका लागि उत्कृष्ट (प्रथम) पुरस्कार समेत प्राप्त गर्नुभएको छ । हाल उहाँ रेडियो नेपालको जागीरमा कार्यरत हुनुहुन्छ । उहाँका दीक्षा-गुरु पं. श्रीचरणदास शिवाकोटी हुनुहुन्छ ।

प्रणाम

ग्रन्थ-लेखनका लागि हेरिएका सन्दर्भ-सामग्रीहरू

१ श्रीतारतम सागर (स्वरूप साहेब) - महामति प्राणनाथजी महाराज

२ श्रीवीतक ग्रन्थ - श्रीलालदासजी महाराज

३ श्रीप्राणनाथजी और उनका साहित्य - डा.राजबाला सिडाना

४ श्रीनिजानन्द चरितामृत - पं.श्रीकृष्णदत्त शास्त्री

५ श्रीकृष्णप्रणामी धर्मदर्पण - कवि श्रीप्रेमदास उप्रेती "पीडित"

६ श्री निष्कलङ्क दर्पण - स्वामी युगलदास शर्मा

७ श्रीपीताम्बर प्रबन्ध - श्रीचरणदास साहू

८ झ्यालखानामा कृष्णभक्ति - श्रीपूर्णब्रह्म शास्त्री

९ विज्ञान सरोबर - पं.श्रीकृष्णदास शास्त्री

१० अक्षरातीत परिचय - महाराज श्रीमंगलदास रिमाल

११ धर्मतत्त्व मीमांसा - (प्र.) सत्संग प्रेममण्डली, झापा

१२ श्रीकृष्णप्रणामी धर्मका संक्षिप्त परिचय - श्रीअमृतराज शर्मा

१३ दार्जीलिङमा प्रणामी धर्म - श्रीदेवनारायण(दृपदास) प्रधान

१४ श्रीकृष्णप्रणामी मन्दिर-सनता - श्रीपूर्णब्रह्म शास्त्री

१५ पारायणप्रसंग - श्रीपूर्णब्रह्म शास्त्री

१६ धर्मसमन्वय उद्गाता महामति प्राणनाथ -डा.कमला शर्मा

१७ पुरातत्त्व विभागमा र अन्य विभिन्न मन्रिहरूमा रहेका हस्तलिखित कुलजमस्वरूप (तारतम सागर)

१८ २००२ साल कार्तिक २९ गते जनरल हरिशम्शेर ज.ब.रा.ले गरेको मुद्दा फैसलाको मिसिल ।

१९ सम्बन्धित जेलवासी व्यक्तिहरूको र बूढा-पाकाहरूको भनाइ-सुनाइ ।

२९४.५
शि ६९४ मी
Acc No 26198

नेपाल
सुदूर पश्चिमाञ्चल
मध्यपश्चिमाञ्चल
पश्चिमाञ्चल
मध्यमाञ्चल
पूर्वाञ्चल
भा र त
संकेत संग्रह
सिमाना
अन्तर्राष्ट्रिय, विकास क्षेत्र, अंचल, जिल्ला
सहरमुकाम
राजधानी, विकासकेन्द्र, अंचल, जिल्ला
सडक
राजमार्ग, सडक, हिउँदेसडक, निर्माणाधिन
नदी,ताल, चुचुरो, भञ्ज्याङ
श्रीकृष्णप्रणमी मन्दिर

** लेखक परिचय **

नाम :- टहलदास शिवाकोटी "यात्री"

जन्म :- २०१६ साल फल्गुण ३ गते सोमबार, बिहान सूर्योदयमा ।

जन्मस्थान :- जि. ताप्लेजुङ, सिकैंजा-८ साङ्माग (फावाखोला) ।

माता-पिता :-श्रीमती अमृताबाई र श्रीखड्गप्रसाद शिवाकोटी ।

वर्तमान ठेगाना :- जि.झापा, महारानीझोडा-८, प्रणामीनगर ।

प्रकाशित कृतिहरू

क) छोटीवृत्त नेपालीमा अनुवाद- (२०५०)

ख) निजानन्दीय सामान्यज्ञान -(२०५०)

ग) सचित्र धामवर्णन -(२०५३)

घ) नेपाली नित्यपाठ (संयोजन) -(२०५४)

ङ) श्रीकृष्णप्रणामी धर्म नेपाली परिवेश (प्रस्तुत)

यात्रा :- २०४५ सालमा नेपाल अधिराज्यको पदयात्राका साथै छिमेकी राष्ट्रहरूको पनि यात्रा गरिसकेको ।

अभिरुचि :- भ्रमण गर्ने र पुरातात्त्विक कुराहरूको खोज-शोध गर्ने र समाजसेवा आदि ।